ISSN 2705-4454
9 772705 445004

३२०

# भक्तपुर मासिक

Bhaktapur Monthly
चैत्र २०७९




## भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगिता - २०७९

- भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा सम्पन्न
- कार्यक्रमविहीन गठबन्धनमा सत्ताको भाँडभैलो निरन्तर भइरहने
- जसको मौलिकता गुम्छ उसले सबथोक गुमाएको हुन्छ
- माओवादीहरूले कथित जनयुद्धको कहिले आत्मआलोचना गर्ने ?
- सम्पत्ति शुद्धीकरणमा प्रतिगमन
- ऐतिहासिक पृष्ठभूमिमा श्री तलेजु भवानी
- विश्वकर्मा आगमछेँ र तौलाछेँ गणेश द्य:छेँको चर्चा
- समावेशीताको व्यवस्था र राजनैतिक बेइमानी
- पृथ्वीको आयुबारे केही ऐतिहासिक जानकारी
- इतिहास रच्ने नेपाली आरोहीहरू
- भक्तपुर नपाका गतिविधि



भक्तपुर नपाको सम्पन्न १३ औं नगरसभामा प्रस्ताव पारित गर्दै
नगर सभासद्हरु । (फागुन २५ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा प्रसिद्ध बिस्केट
जात्रा सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सरोकारवालाहरुसँगको बैठक
(चैत १२ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì$)⭑cÆ %⭑g};⫮!$#⭑lj-;⫮@)&(r}]⭑A.D.2023

**कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन**

**फोन नं. : ०१-६६१३०४३**

**email : bhaktapurmasik@gmail.com**

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**'युद्धको लागि तयार सेनासँग भन्दा पनि बैंकिङ्ग संस्थासँग डराउनुपर्छ ।'– थोमस जेफर्सन**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा सम्पन्न | – | ३ |
| २) | कार्यक्रमविहीन गठबन्धनमा सत्ताको भाँडभैलो निरन्तर भइरहने | नारायणमान बिजुक्छेँ | ४ |
| ३) | जसको मौलिकता गुम्छ उसले सबथोक गुमाएको हुन्छ | सुनिल प्रजापति | ६ |
| ४) | माओवादीहरूले कथित जनयुद्धको कहिले आत्मआलोचना गर्ने ? | विवेक | ८ |
| ५) | सम्पत्ति शुद्धीकरणमा प्रतिगमन | गौरीबहादुर कार्की | १० |
| ६) | असल र इमानदार नेतृत्व तयार गर्न स्काउट तालिम आवश्यक | सुनिल प्रजापति | १२ |
| ७) | ऐतिहासिक पृष्ठभूमिमा श्री तलेजु भवानी | ओम धौभडेल | १३ |
| ८) | नमुनाका घरहरू विश्वकर्मा आगमछेँ र तौलाछेँ गणेश द्यःछेँको सङ्क्षिप्त चर्चा | विगोल | १९ |
| ९) | समावेशीताको व्यवस्था र राजनैतिक बेइमानी | समीर | २३ |
| १०) | शिक्षासेवी तथा भाषासेवी माणिकलाल श्रेष्ठप्रति एक स्मृति | न्हुछेरत्न बुद्धाचार्य | २५ |
| ११) | पृथ्वीको आयुबारे केही ऐतिहासिक जानकारी | विष्णुभक्त राजचल | २६ |
| १२) | वडाकार्यालय र जनप्रतिनिधिलाई दिएको वचन तपाईंले बिर्सनुभयो | कुशल | ३० |
| १३) | अन्तर नगर ख्वो ख्वो र खेलाडी | श्यामकृष्ण खत्री | ३२ |
| १४) | इतिहास रच्ने नेपाली आरोहीहरू | प्रस्तुति : वन्दिता | ३४ |
| १५) | समालोचनाया सिद्धान्त (१३) | प्रो. माणिकलाल श्रेष्ठ | ४३ |
| १६) | अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस | – | ४६ |
| १७) | सञ्चारमाध्यममा भक्तपुर नपा | – | ४८ |
| १८) | राष्ट्रिय जनगणना २०७८ : सङ्क्षिप्त जानकारी | – | ५१ |
| १९) | **भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगिता** | – | ५४ |
| २०) | **पर्यटन प्रवर्द्धन गर्न दुईदिने 'भक्तपुर घरेलु उत्पादन मेला'** | – | ६५ |
| १९) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ६७ |
| २०) | भक्तपुर नगरपालिका गतिविधि | – | ८२ |
| | क) शैक्षिक गतिविधि | – | ९५ |
| | ख) शिशु स्याहार | – | १०२ |
| | ग) स्वास्थ्य सेवा | – | १०३ |
| २१) | विविध समाचार | – | १०८ |
| २२) | अनुभवको आदान–प्रदान | – | १२१ |
| २५) | प्रगतिशील भजन प्रतियोगिता र भक्तपुर घरेलु उत्पादन मेला (सम्पादकको पृष्ठ) | – | १२८ |

**साथमा** :

बसिबियाँलो – १८/ प्रेरणीय – २५/ नवयुवकसँग अपिल – ५३/ जीवन–आचरण – ८१/ सङ्क्षेपमा – १२२/ हाम्रो स्वास्थ्य – १२३/ विश्वमा कोभिड – १९ को स्थिति–१२४/ ख्वप अस्पतालको प्रगति – १२६/ पर्यटक तथ्याङ्क – १२७/ रङ्गीन पृष्ठ–५७–६४ ।

# भक्तपुर नगरपालिकाको तेह्रौँ नगरसभा सम्पन्न

## तीन कार्यविधि, तीन निर्देशिका र दुई विनियम पारित

भक्तपुर नगरपालिकाको तेह्रौँ नगरसभा फागुन २५ गते सम्पन्न भएको छ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको नगरपालिकाको नगरसभाको आठौँ बैठकले भक्तपुर नगरपालिका **घर-जग्गा बहाल व्यवस्था निर्देशिका, २०७९** र भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिइने **पोशाक सुविधासम्बन्धी निर्देशिका, २०७९** सर्वसम्मतिले पारित गऱ्यो।

बैठकले कडा रोग लागेका नगरवासीहरूलाई **स्वास्थ्य उपचार अनुदान दिनेसम्बन्धी निर्देशिका २०७५, काठ, ईँटा, झिँगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५**, भक्तपुर नगरपालिकाको **शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५**, भक्तपुर नगरपालिका **आदर निकेतन सेवा सम्बन्धी ऐन २०७७** र भक्तपुर नगरपालिकाको **शिक्षा ऐन, २०७४ संशोधन** प्रस्ताव पारित गरेको छ।

आज पारित विभिन्न निर्देशिकामाथि भएको छलफलमा सभासद्‌हरू नारायणप्रसाद त्वानाबासु, गोविन्द दुवाल, सिद्धिराम अवालले जिज्ञासा राख्नुभएको थियो भने निर्देशिकामाथि सभासद्‌हरूबाट प्राप्त जिज्ञासाबारे विधायन समितिका संयोजक हरिराम सुवालले प्रष्ट पार्नुभएको थियो।

२०७९ माघ २३ गतेबाट सुरु भएको भक्तपुर नपाको तेह्रौँ नगरसभाले भक्तपुर नगरपालिका (नगर कार्यपालिका तथा समिति) को **बैठक सञ्चालनसम्बन्धी कार्यविधि २०७९**, भक्तपुर नगरपालिका, **युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको निर्देशिका २०७९**, भक्तपुर नपा, **बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि २०७९**, भक्तपुर नपाद्वारा सञ्चालित **ख्वप कलेज अफ लको प्रस्तावित विनियम २०७९**, भक्तपुर नगरपालिका, **सुधारिएको शवदाह गृह सञ्चालन कार्यविधि २०७९**, भक्तपुर नगरपालिका **सहकारी नियमावली २०७९**, भक्तपुर नगरपालिका घर-जग्गा बहाल व्यवस्था निर्देशिका, २०७९, भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूलाई दिइने पोशाक सुविधा सम्बन्धी निर्देशिका २०७९ गरी जम्मा ३ ओटा कार्यविधि, ३ ओटा निर्देशिका, १ ओटा नियमावली र १ ओटा विनियम पारित गरेको छ।



नगरसभा सफलतापूर्वक सम्पन्न भएकोमा सभाध्यक्ष प्रजापतिले उद्‌घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, राजनैतिक तथा सामाजिक अगुवा, बुद्धिजीवी, मजदुर, उद्योगीका साथै नगरसभा अवधिभर सहयोग गर्ने जनप्रतिनिधि र कर्मचारीलगायतमा धन्यवादज्ञापन गर्नुभयो।

# कार्यक्रमविहीन गठबन्धनमा सत्ताको भाँडभैलो निरन्तर भइरहने - अध्यक्ष बिजुक्छेँ



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सरकार कुनै नीति तथा कार्यक्रमको आधारमा नभई पदीय भागबन्डाको आधारमा बनेको हुनाले वर्तमान सत्ता गठबन्धनको भविष्य लामो नभएको बताउनुभएको छ ।

आफ्नै निवासमा 'श्रमिक' साप्ताहिक, 'मजदुर' दैनिक र 'एभरेष्ट नेपाल टेलिभिजन' का पत्रकारहरूसित चैत ६ गते समसामयिक राजनीतिक विषयमा कुराकानी गर्नुहुँदै उहाँले भागबन्डाको आधारमा नभई नीति र विज्ञताको आधारमा मन्त्री नियुक्ति गरेमा मात्र सरकारले केही गति लिनसक्ने बताउनुभयो ।

उहाँले सत्ता साझेदार दलहरूमा देशलाई सही दिशामा लाने र उन्नति गर्नेबारे कुनै चासो नै नरहेको र नीति तथा कार्यक्रमहीन गठबन्धन बन्ने र भत्कने क्रम रहेको हुनाले सत्ताको भाँडभैलो आज पनि रहेको र भोलि पनि रहने प्रस्ट पार्नुभयो ।

राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा नेमकिपाले भाग नलिएको बारे सोधिएको प्रश्नको जवाफमा अध्यक्ष बिजुक्छेँले नेमकिपा गणतन्त्रवादी पार्टी रहेको र समाजवादी गणतन्त्रको पक्षमा रहेको बताउनुहुँदै राष्ट्रपतिको निर्वाचन व्यक्तिको चयनमात्र नभई उम्मेदवारका प्रस्तावक र समर्थक दलहरूको नीतिसित नेमकिपाको मेल नभएको हुँदा निर्वाचनमा भाग नलिएको प्रस्ट पार्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'राष्ट्रपति उम्मेदवारी दिएका दलहरूसित हामीले देश हितविपरीतको एमसीसी सम्झौता र नागरिकता विधेयक खारेजीको विषय उत्थान गर्दा कुनै जवाफ नआएकोले हामीले मतदान नगरेका हौँ ।'

उहाँले शासक दलहरूले राष्ट्रपति उम्मेदवार बन्नका लागि प्रस्तावक र समर्थक सांसदको सङ्ख्या बढाएर प्रजातान्त्रिक अधिकारलाई नियोजन गरेको बताउनुभयो ।

राष्ट्रपति र उपराष्ट्रपतिहरू संवैधानिक र सेरेमोनियल भनिए तापनि राष्ट्रको अभिभावकको महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूको खर्च घटाएर जनताको हितमा खर्च गर्नु राम्रो हुने बताउनुभयो । राष्ट्रपतिको सवारी र सुरक्षा व्यवस्था गृहमन्त्रालयको अधिकार र निर्णयअनुसार हुने हुनाले त्यसमा राष्ट्रपति र उपराष्ट्रपतिलाई मुछ्न नहुने उहाँले बताउनुभयो ।

सांसदहरू हाजिर गर्ने र सदनमा नबस्ने प्रवृत्ति किन देखिएको होला भनी सोधिएको प्रश्नमा अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'कतिपय सांसदहरू गैरराजनीतिक पृष्ठभूमिबाट आएका हुनाले देशको राजनीति, सामाजिक र आर्थिक स्थिति र नीतिबारे चासो नै राखेनन् । राजनीतिक सचेतता देखिएन । शासक दलहरूले आफ्ना सांसदहरूलाई राजनीतिक संस्कार, नैतिकता र जिम्मेवारीको शिक्षा दिन सकेनन् ।'

प्रजातन्त्र र गणतन्त्र आइसकेर पनि देशको उन्नति नहुनुमा देशको राजनीतिक व्यवस्था र सरकारका नीतिहरू सही नभएको उल्लेख गर्नुहुँदै उहाँले राजनीतिक व्यवस्था सही भए देशको आर्थिक विकास हुन लामो समय नलाग्ने स्पष्ट पार्नुभयो ।

उहाँले देश परनिर्भर हुनु, देशमा रोजगारी नहुनु र युवा जनशक्ति विदेश पलायन हुन बाध्य हुनुमा आजसम्मका सरकारहरू जिम्मेवार भएको प्रस्ट पार्नुहुँदै देशलाई परनिर्भर बनाउनमा निजीकरणको नाममा सबै उद्योगधन्दा बन्द गर्ने र विदेशीको हातमा सुम्पने कार्यमा नेपाली काङ्ग्रेसको सरकार सबैभन्दा बढी दोषी भएको बताउनुभयो ।

अन्तर्राष्ट्रिय राजनीतिको अस्थिरताको प्रसङ्गमा

सोधिएको प्रश्नको जवाफमा अध्यक्ष बिजुक्छेँले त्यसमा संरा अमेरिका र उसका पिछलग्गू सरकारहरू जिम्मेवार भएको बताउनुभयो । साम्राज्यवाद रहेसम्म संसारमा शान्ति र स्थिरता नहुने उहाँले स्पष्ट पार्नुभयो ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्धअपराधीको अभियोग लगाउनुलाई संरा अमेरिका र पश्चिमा देशहरूको संयुक्त राष्ट्र सङ्घलाई विघटन गर्ने र तेस्रो विश्वयुद्ध सुरु गर्ने नियत हुनसक्ने उहाँले औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'रुसी राष्ट्रपति कुनै सानो देशका शासक होइनन् । उनी संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को भिटो शक्ति प्राप्त पाँच स्थायी सदस्यमध्येको एक राष्ट्रका राष्ट्रपति हुन् । अमेरिकी राष्ट्रपति र पश्चिमा देशहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई अगाडि सारेर रुस र चीनलगायत देशलाई बिच्काउने र पछि संयुक्त राष्ट्र सङ्घलाई नै विघटन गर्ने चाल हुनसक्छ । जर्मनी, इटालीलगायतले पहिलो विश्वयुद्धपछि गठन भएको लिग अफ नेसन छोडेपछि वा विघटनको अवस्थामा पुगेपछि दोस्रो विश्वयुद्ध गर्ने स्थिति निर्माण गरेका थिए । अहिलेको रुस–युक्रेन युद्धलाई रुसी आक्रमण भनी बुझ्नु गलत हो, रुसविरुद्ध पश्चिमा राष्ट्रहरू र नाटोले उत्पन्न गरेको सुरक्षा धम्कीको प्रतिकारमात्र हो । संरा अमेरिका र नाटोले जेलेन्स्कीलगायत आफ्ना प्यादाहरू पाएको र युक्रेनको काँधमा बन्दुक राखेर रुसविरुद्ध प्रहार गर्न पाइरहेको अवस्था हो । सम्भवतः जेलेन्स्कीका सबै सल्लाहकारहरू अमेरिकी वा अमेरिका परिचालित भेटिएमा कुनै आश्चर्य हुनेछैन । युद्ध लम्बिनु र आपसी हितको सम्झौतामा पुग्न नसक्नुमा पश्चिमा देशहरूको युक्रेनलाई हतियार र आर्थिक सहायता दिइराख्ने कदम नै कारण रहेको छ । नेपालमा पनि एमसीसी सम्झौताको आडमा भोलि चीनमाथि घेराबन्दी गर्नका लागि कुनै पनि बेला अमेरिकी सेना नेपाल आउन सक्छ । नेपाल युद्धभूमि बन्न सक्छ । यस्तो खतरा बुझ्दै नबुझी वा बुझ पचाएर नेपालका शासक दलहरूले एमसीसी सम्झौतामा हस्ताक्षर गरे र संसद्बाट पारित गरे ।'


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु १५००।– नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।– नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु १५००।– को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु १८००।– (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# जसको मौलिकता गुम्छ उसले सबथोक गुमाएको हुन्छ



– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

पुरातत्त्व विभागले भक्तपुर नगरपालिकालाई पनि यस कार्यक्रममा आमन्त्रण गरेर केही कुरा राख्ने अवसर दिनुभएकोमा म सांस्कृतिक नगर भक्तपुरको तर्फबाट पुरातत्त्व विभागका महानिर्देशकज्यू लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। सर्वप्रथम बैठकको पूर्ण सफलताको निम्ति शुभकामना व्यक्त गर्दछु।

२०७२ सालको भूकम्प गएको ७ वर्ष बित्यो। यस अवधिमा धेरै निजी घरहरू र सम्पदाहरू बने, अझै कयौँ घर र सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार गर्न बाँकी छन्। बैठकले भूकम्पबाट क्षतिग्रष्ट बाँकी सम्पदाहरूको पुनःनिर्माणको विषयमा केन्द्रित भएर छलफल गर्ने र व्यवस्थित योजना तयार गरी शिघ्र पुनःनिर्माणको लागि अगाडि बढ्न मार्ग स्पष्ट गर्ने आशा गर्दछु।

हामी विश्व सम्पदा सूचीमा सूचिकृत नगरहरूबाट यहाँ प्रतिनिधित्व गर्दैछौँ। विश्व सम्पदामा सूचिकृत काठमाडौँ दरबार क्षेत्र, बौद्ध, ललितपुर दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, चाँगुनारायण मन्दिर क्षेत्र भएका स्थानहरूबाट प्रतिनिधित्व गर्न पाउँदा हामीलाई खुशी लाग्छ। यति छोटो दूरीमा यति धेरै विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाहरू भएको ठाउँ विश्वमा सायदै होलान्। तापनि हाम्रा सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्वारतर्फ केन्द्रीय सरकारको उचित ध्यान नपुग्नु विडम्बनाको कुरा हो।

तीव्र गतिमा भइरहेको जनसङ्ख्या वृद्धि, अनियन्त्रित सहरीकरण र आधुनिक विकास निर्माण सम्पदा संरक्षणको निम्ति चुनौती बन्दैछ। सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी एकीकृत योजना बनाएर अघि बढेमा मात्रै हाम्रा सबै सम्पदाहरू व्यवस्थित रूपमा संरक्षण गर्न सम्भव हुन्छ। म भक्तपुरबाट प्रतिनिधित्व गर्दैछु। भक्तपुर २०७२ सालको भूकम्पबाट धेरै धनजनको क्षतिभएको जिल्लामध्ये एक हो। भक्तपुर नगरपालिकामा पूर्ण र आंशिक गरी करिब ८ हजार निजी घरहरू र १३० ओटाभन्दा बढी सम्पदा क्षति भएको थियो।

भूकम्पबाट क्षत विक्षत अवस्थामा २०७४ सालको स्थानीय निर्वाचनमा हामी निर्वाचित भयौँ। सम्पदा संरक्षणलाई प्राथमिकतामा राख्दै क्षतिग्रस्त सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धारलाई अगाडि बढायौँ। हाम्रो ५ वर्षको कार्यकालमा १२४ ओटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धार कार्य लगत इस्टमेटभन्दा निकै कम खर्चमा सम्पन्न भयो। हामीले स्थानीय उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोगलाई जोड दिँदै मौलिक प्रविधिबाट स्थानीय जनसहभागितामा पुनःनिर्माण कार्य गर्दै आयौँ। यसले सम्पदाहरूप्रति जनताको अपनत्व हुने, निर्माण कार्य गुणस्तरीय हुने, मौलिक सीप र प्रविधिको संरक्षण हुने तथा स्थानीय जनताले रोजगारी पाउने हुँदा यो निर्माण शैली नै सम्पदा पुनःनिर्माणको उपयुक्त विकल्प हो भन्ने हाम्रो निष्कर्ष हो। भक्तपुर नगरपालिकाले यस शैलीलाई निरन्तरता दिँदै आएको छ। ठूल्ठूला भूकम्पबाट पनि नभत्केको उपत्यकाको सबभन्दा अग्लो ५ तले मन्दिर ३२० वर्षदेखि जस्ताको तस्तै ठडिएर रहनु हाम्रो मौलिक प्रविधिको उत्कृष्टताको उदाहरण हो।

महत्त्वपूर्ण सम्पदा पुनःनिर्माण वा जीर्णोद्धार अघि विज्ञ टोलीबाट सम्पदाको ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वबारे अध्ययन प्रतिवेदन र प्राविधिकहरूबाट अलग्गै प्राविधिक प्रतिवेदन तयार गर्ने र त्यसपछि मात्रै पुनःनिर्माण कार्यलाई अगाडि बढाउने गर्दै आएका छौँ। यसबाट प्राचीन प्रविधिबारे नयाँ पुस्तालाई जानकारी प्राप्त हुने र सम्पदा संरक्षणमा मदत पुग्ने हाम्रो विश्वास छ।

भक्तपुर नपाले मूर्त सम्पदाहरूका साथै अमूर्त सम्पदाहरूको संरक्षणमा पनि उत्तिकै ध्यान दिइरहेको छ। हरेक वर्ष विभिन्न सांस्कृतिक विधाको प्रतियोगिताको आयोजना, सांस्कृतिक गुरुहरूको सम्मान र विभिन्न सांस्कृतिक समूहहरूलाई आर्थिक अनुदानको व्यवस्था यसका उदाहरणहरू हुन्।

हाम्रो भाषा र संस्कृतिको महत्त्वबारे नयाँ पुस्तालाई बुझाउनु पनि हाम्रो महत्त्वपूर्ण काम हो। त्यसको लागि



स्थानीय पाठ्यक्रम बनाई लागू गर्‍यौं । भाषा र संस्कृतिबारे नयाँ पुस्तालाई अध्ययन, अध्यापन गराएनौं भने त्यो लोप भएर जानेछ । कुनै भाषा वा संस्कृति लोप हुनु भनेको राज्यको सम्पत्ति समाप्त हुनु हो । त्यसको संरक्षण र सम्बर्द्धन गर्नु सबैको साझा जिम्मेवारी हो । पुरातत्त्व विभागले यसबारे बिशेष पहल गर्नु आवश्यक छ । नेपाल सरकारले पालिका स्तरमा भाषा र संस्कृति सम्बन्धी सङ्ग्रहालय बनाउनेतर्फ ध्यान दिनु जरुरी छ ।

उचित संरक्षणको अभावमा हाम्रा थुप्रै सम्पदाहरू लोप भए, अझै कयौं सम्पदाहरू लोपोन्मुख अवस्थामा छन् । हरेक सम्पदाको आ–आफ्नै ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्व हुन्छ । काठमाडौं उपत्यकामा अवस्थित लिच्छविकालीन र मल्लकालीन संस्कृति र सम्पदाहरू विश्वस्तरीय छन् । भक्तपुरको चाँगुनारायण, पाँचतले मन्दिर, पचपन्न झ्याले दरबार, सुनढोका वास्तुकलाको दृष्टिले अनुपम उदाहरणहरू हुन् । त्यसका अवलोकनका लागि हरेक वर्ष विश्वका लाखौं पर्यटकहरू नेपाल आउने गर्छन् । पर्यटन क्षेत्रको विकासमा सम्पदाहरूको उल्लेखनीय भूमिका रहेको हामीले बिर्सनु हुँदैन ।

त्यस्ता महत्त्वपूर्ण सम्पदाहरूको पुनःनिर्माण वा जीर्णोद्धार ठेक्कामार्फत गराइँदा त्यसको मौलिकता हराउन सक्छ । ठेकेदारले सम्पदाको मूल्य र महत्त्व बुझ्दैन वा बुझ्न चाहँदैन । उसले नाफालाई मात्रै ध्यान दिन्छ । ठेकेदारको नाफासँग हाम्रा सम्पदाहरूको महत्त्व साट्न मिल्दैन । त्यसैले कुनै पनि सम्पदा पुनःनिर्माणको काम स्थानीय जनतामार्फत गर्ने कानुनी बन्दोबस्त हुनु आवश्यक छ । अहिले प्रचलित आर्थिक ऐन, नियमहरू सम्पदा पुनःनिर्माणको लागि बाधक बनिरहेका छन् ।

पुरातात्त्विक क्षेत्रहरूको अध्ययन, अनुसन्धानलाई जारी राख्नुपर्छ । सिन्धुघाटी, हरप्पा र मोहन्जोदाडोको पुरातात्त्विक उत्खननले प्राचीन कालमा त्यहाँ कस्तो नगर योजना थियो, तत्कालीन वास्तुकला र कलाको विकास, आर्थिक र सामाजिक जीवन तथा धार्मिक अवस्था कस्तो थियो भनी बुझ्न सजिलो भए झैं काठमाडौं उपत्यकाका लिच्छविकालीन र मल्लकालीन सम्पदाहरूको अध्ययन अनुसन्धानले नयाँ नयाँ तथ्यहरू पत्ता लगाउन मदत गर्नेछ । हाम्रो ध्यान त्यसतर्फ केन्द्रित हुनु आवश्यक छ ।

भक्तपुर दरबार क्षेत्रमा अवस्थित कला सङ्ग्रहालय रहेको न्ह्यकं झ्या दरबार अझै पुनःनिर्माण हुन सकेको छैन । त्यसबारे थुप्रै प्रश्नहरू उठ्ने गरेका छन् । प्राप्त प्रमाणको आधारमा मल्लकालीन शैलीमा बनाउनमा भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग र संस्कृति मन्त्रालयको संयुक्त बैठकले मिति २०७५।४।८ मै निर्णय गरिसकेको थियो । युनेस्कोको अनुमति नभएको भन्दै पुनःनिर्माणको काम कहींबाट पनि अगाडि बढेको देखिएन किन ? देशको सम्पदाप्रति पुरातत्त्व विभागले चासो लिएर पुनःनिर्माणको काम अगाडि बढाउनु पर्ने होइन ? सबै काम स्थानीय तहले गर्ने हो भने पुरातत्त्व विभागको औचित्यमाथि पनि प्रश्न उठ्छ । दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, गुठी संस्थानलाई स्थानीय तह अन्तर्गत राख्न सकेमा काम छिटोछरितो गर्न सकिन्छ ।

अहिले नेपालमा विदेशी संस्कृतिको प्रभाव बढ्दै गएको छ । मौलिकताको संरक्षण गर्न संस्कृतिको नाउँमा हुने वैदेशिक हस्तक्षेप रोक्नु हाम्रो लागि ठूलो चुनौती बनेको छ । सुधारको नाउँमा गरिएका कतिपय कामले हाम्रो मौलिकतालाई ठाडै चुनौती दिएको छ । मौलिकता हाम्रो पहिचान हो । जसको मौलिकता गुम्छ उसले सबथोक गुमाएको हुन्छ । त्यसैले मौलिक सम्पदा र संस्कृतिको महत्त्व बोध गराउने, त्यसप्रति निष्ठा जगाउने र मौलिक संस्कृति र सभ्यताबारे विद्यालय, कलेजको पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता छ ।

सम्पदा पुनःनिर्माण र जीर्णोद्धारका लागि सहज काठ उपलब्ध गराउने, जनसहभागितामा सम्पदाहरूको पुनःनिर्माणको लागि आवश्यक ऐन नियमको बन्दोबस्त गर्ने, तिनै तहका सरकारहरूबीच समन्वयको संयन्त्र निर्माण गर्ने र स्थानीय सीप र प्रविधिबारे सघन तालिमको बन्दोबस्त गर्ने तथा परम्परागत शैलीमा घर निर्माण गर्नेलाई अनुदानको व्यवस्था गर्ने कानुनी बन्दोबस्त गर्न सके हाम्रा सम्पदाहरू संरक्षणमा सहयोग पुग्ने छ ।

भक्तपुर नपाले सम्पदा पुनःनिर्माणमा आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शितालाई ध्यानमा राखी काम गर्दै आएको छ । आवश्यकताअनुसार जनशक्ति तयार गर्न सिकर्मी, डकर्मी, लोहँकर्मीहरूको नियमित तालिमको व्यवस्था गर्दै आएको छ । त्यसैगरी पुरानो नगर क्षेत्रभित्र मौलिक शैलीमा घर बनाउने घर धनीहरूलाई काठ, इँटा र झिँगटीमा लाग्ने खर्चको ३५ प्रतिशत अनुदान प्रदान गर्दै ➲

# माओवादीहरूले कथित जनयुद्धको कहिले आत्मआलोचना गर्ने ?

**विवेक**

मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्रमा लेख्नुभएको छ, 'अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्ग सङ्घर्षको इतिहास हो' । पछि उहाँहरूले त्यसलाई सच्याएर 'आदिम साम्यवादी समाजको विनाशपछि' भनी थप्नुभयो ।

उहाँहरूले सामन्तवादी समाजको गर्भबाट पुँजीवादी समाजको विकास हुने र पुँजीवादी व्यवस्थाको अन्त्य सर्वहारा वर्गको सशस्त्र सङ्घर्षबाट हुने तथ्य सार्वजनिक गर्नुभयो । पुँजीपति वर्ग र सर्वहारा वर्ग एक अर्काका वर्ग शत्रु हुने भएकाले एकले अर्कोलाई सिध्याउन निरन्तर प्रयत्नरत रहन्छन् । साम्यवादी समाजको स्थापना नभएसम्म यस्ता वर्ग सङ्घर्षहरू चलिरहन्छन् ।

जब राजनैतिक पार्टीहरूमा वर्ग सङ्घर्षको भावना समाप्त हुन्छ, तब कम्युनिस्ट पार्टीले सर्वहारा वर्गको नेतृत्व गर्न सक्दैन र त्यस्तो पार्टी कम्युनिस्ट हुन पनि सक्दैन । पुँजीपति वर्गले सर्वहारा वर्गमा रहेको वर्ग सङ्घर्षको भावनालाई समाप्त पार्ने कोसिस गरिरहेको हुन्छ । सशस्त्र सङ्घर्षबाट पुँजीवादको सत्ता पल्टाउने विचारको अन्त्य हुनु भनेको पुँजीवादसँग आत्मसमर्पण गर्नु हो । आफ्नो वर्गीय स्वार्थमा धक्का पुगेपछि पुँजीपति वर्ग निर्ममतापूर्वक दमनमा उत्रिन्छ । विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा चिली, इन्डोनेसियालगायतका घटनाहरूले त्यही देखाउँछ ।

आफूलाई कम्युनिस्ट पार्टी दाबी गर्ने नेपालका एमाले, माओवादीजस्ता पार्टीका नेताहरूले कम्युनिस्ट पार्टीको नाउँमा पुँजीपति वर्गको नेतृत्व गरिरहेका छन् र पुँजीवादीहरूको प्रशंसामा रमाइरहेका छन् । पुँजीवादी सरकारमा जानको निम्ति सिद्धान्त र विचार त्याग्ने र पुँजीपति वर्गसँग घाँटी जोड्दै छन् । उनीहरू शत्रु र मित्रबीचको फरक नछुट्याएर वर्ग समन्वयको आधारमा अघि बढ्दै छन् । तब प्रश्न उठ्छ, अहिले एमाले र माओवादीको वर्ग शत्रु को हो ?

विश्व सर्वहारा वर्गका महान् गुरु का. माओ त्सेतुङले एक पटक भन्नुभएको थियो, 'दुश्मनले विरोध गर्नु नराम्रो कुरा होइन, यसले दुश्मन र हाम्राबीच स्पष्ट विभाजनको रेखा कोरेको हुन्छ ।' चिनियाँ जनताको जापानविरोधी फौजी र राजनैतिक कलेज स्थापनाको तेस्रो वार्षिक दिवसको अवसरमा आयोजित कार्यक्रममा २६ मई १९३९ का दिन का. माओले उक्त कुरा बताउनुभएको हो । शत्रुले जति चर्को विरोध गर्छ, क्रान्तिकारी पार्टी उति नै सही ठाउँमा हुन्छ भन्ने उहाँको भनाइको सार हो । माओको भनाइ अहिले पनि त्यतिकै सही र सान्दर्भिक छ । यसलाई क्रान्तिकारीहरूले सधैँ आत्मसात् गर्नु आवश्यक छ ।

नेपालको राजनैतिक डबलीमा अहिले नाङ्गो नाच भइरहेको छ । सरकारमा जाने राजनैतिक दलहरू कुन विचार, सिद्धान्त वा दर्शनको आधारमा चलिरहेका छन्, स्पष्ट छैन । शासकहरू सबैले आफ्नो फाइदामात्र हेर्ने गरेका छन् । सत्तामा टिकिरहन पैसा, गुण्डा र शासन संयन्त्रको दुरुपयोग गरिरहेका छन् । गलत प्रवृत्तिको सशक्त विरोध होला भन्ने डरले सामन्तवादी र पुँजीवादीहरू बरोबर सम्झौता गरी जनतालाई धोका दिइरहेका छन् । पछिल्लो चरणमा सरकार गठन र राष्ट्रपति निर्वाचनमा शासक दलहरूबीच यस्तै सम्झौताहरू भए । मजदुर र किसानको प्रतिनिधित्व गर्ने दलहरूलाई उठ्न नदिन प्रतिक्रियावादीहरू यस्ता विभिन्नखाले चालबाजी गर्छन् । जनता यस्ता घटनाहरूबाट सचेत हुन आवश्यक छ ।

माओवादी अध्यक्ष 'प्रचण्ड' एमाले गठबन्धनबाट अलग भएर नेकासमेतको आठ दलीय गठबन्धनमा पुगेपछि नेकाका महामन्त्री गगन थापाले 'प्रचण्ड'को मुक्तकण्ठले प्रशंसा गरे । उनले भने, 'प्रचण्डजीले प्रधानमन्त्री पाउनकै लागि मात्र भए एमालेसँगको गठबन्धन छोड्नै पर्दैनथ्यो । एमालेसँगको गठबन्धन नछोडेको भए पनि राष्ट्रपति एमालेले नै पाउने हो । अहिले बनेको गठबन्धनमा राष्ट्रपति नेकाले

➲ आएको छ ।

भक्तपुरको प्राचीन सहरी क्षेत्रभित्र स्थानीय जनताले मात्र घर जग्गा किनबेच गर्न सक्ने कानूनी बन्दोबस्त गर्न खोज्यौँ । तर त्यसको लागि अदालत बाधक बन्यो । देशका महत्त्वपूर्ण सम्पदाहरूको संरक्षण गर्न सम्पदा रहेको महत्त्वपूर्ण क्षेत्रका जग्गा किनबेचमा रोक लगाउने कानुनी बन्दोबस्त गर्न र काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न आवश्यक पहल गर्न पनि अनुरोध गर्दछु ।

*(काठमाडौँ उपत्यका विश्व सम्पदा स्थलको संरक्षण एवं व्यवस्थापन विषयमा २०७९ चैत्र ९ गते भएको इन्टरनेसनल साइन्टिफिक कमिटी बैठकको उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

पायो । यहाँनिर सहीलाई सही र गलतलाई गलत भन्नुपर्छ ।' थापाको प्रशंसामा 'प्रचण्ड' मख्ख छन् । नेकाले आफूलाई खाल्डोमा पु¥याउँदै गरेको 'प्रचण्ड'ले चाल पाएकै छैन । जब उनले चाल पाउँछन्, त्यसबेला उनी त्यहाँबाट उम्कन सक्ने छैनन् ।

माओवादीको घोरविरोधी गगन थापाले प्रशंसा गर्नुको अर्थ हो – नेका र माओवादीबीच अब कुनै वैचारिक भिन्नता छैन । माओवादीलाई विरोध गर्नुपर्ने आवश्यकता छैन । नेका जुन बाटोमा छ अब माओवादी पनि त्यही बाटोमा आइपुग्यो ।

आजभन्दा डेढ दशक अघिसम्म माओवादी र नेकाबीच ठूलो शत्रुता थियो । नेका सरकारले 'प्रचण्ड', बाबुरामलगायत माओवादी नेताहरूको टाउकाको मूल्य तोकेको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले 'प्रचण्ड र बाबुरामको टाउको झोलामा लिएर आऊ, झोलाभरि पैसा लिएर जाऊ' भनी सार्वजनिक घोषणासमेत गरेका थिए ।

अहिलेको सन्दर्भमा माओवादी वैचारिक रूपमा नेकाकै कोटीमा झरिसकेको छ । माओवादीले सर्वहारा वर्गको नेतृत्व गर्न सकेन । कम्युनिस्ट विचार र सिद्धान्तको रक्षा गर्न ऊ असफल भयो । माओवादीको नाउँमा उसले जनतालाई झुक्याउने काम ग¥यो । शोषक र शोषित वर्ग सँगै रहनै सक्दैनन्, सँगै बस्ने प्रयास गर्नु भनेकै शोषित वर्गले थप शोषणको पीडा सहनु हो । यो अवस्थामा माओवादी सशस्त्र सङ्घर्षको औचित्यमाथि प्रश्न उठ्छ । माओवादीले जनयुद्धको नाउँमा गरेका हत्या, हिंसा र तोडफोड गलत थियो भनेर कहिले आत्मआलोचना गर्ने ?

नेपालमा सामन्तवादलाई जरैदेखि उखेल्न कम्युनिस्ट पार्टीहरू र नेकाजस्ता पुँजीवादी पार्टीहरू मिलेर सङ्घर्ष गरे । २०४६ साल र २०६२/०६३ को आन्दोलन सामन्तवादलाई निर्मुल पार्नकै लागि भएका आन्दोलनहरू थिए । आन्दोलनको सफलतापश्चात् कम्युनिस्ट क्रान्तिकारीहरू र पुँजीवादी पार्टीहरू फेरि आ–आफ्नै बाटो लागे र लाग्दै छन् ।

सामन्तवादी र पुँजीवादीहरू अहिलेकै शासन व्यवस्थाको आयु लम्ब्याउन चाहन्छन् भने क्रान्तिकारी पार्टीहरू पुँजीवादी व्यवस्थालाई ध्वस्त पारेर नयाँ राजनैतिक व्यवस्था समाजवादको लागि सङ्घर्ष गर्दै छन् । अहिलेका विभिन्न धोका, बेइमानी र विश्वासघाती घटनाहरू पुँजीवादी व्यवस्थाको आयु लम्ब्याउने चालबाजीहरू हुन् ।

नेपाल मजदुर किसान पार्टी पुँजीवादी पार्टीहरूको विरुद्ध सम्झौताहीन सङ्घर्ष गर्दै छ । सङ्ख्यात्मक रूपमा ठूलठूला पार्टीहरूले गरेका अनैतिक, सिद्धान्तहीन र व्यक्तिगत वा दलगत स्वार्थका लागि गरेका हरेक कामको विरुद्ध नेमकिपाले सशक्त विरोध गर्दै आएको छ । त्यसैले तिनीहरू नेमकिपालाई सानो पार्टी, निश्चित क्षेत्रमा मात्रै फैलिएको सङ्कीर्ण पार्टी भनी हेलाहोचो गर्ने, घृणा गर्ने गर्छन् । पुँजीपति वर्गले नेमकिपाको जति विरोध गर्छ त्यति नेमकिपा सैद्धान्तिक, वैचारिक र व्यावहारिकरूपमा सही ठाउँमा छ भन्ने कुरा बुझ्न आवश्यक छ ।

नेमकिपाले देशघाती नागरिकता विधेयक, एमसीसी सम्झौता र एसपीपीको निरन्तर विरोध गर्दै सार्वभौमिकताको रक्षाको पक्षमा आवाज उठाउँदै आएको छ । ती विधेयक र सम्झौताहरू सरकारमा जाने सबै पार्टीहरूले मिलेर प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरेका थिए । नेमकिपा एक्लैले सशक्त विरोध गरिरहेको हुँदा उनीहरू अहिले नेमकिपालाई विरोधको निशाना बनाइरहेका छन् ।

मुख्य शत्रु को हो भने स्पष्ट नभएसम्म कुनै पनि राजनैतिक पार्टीले उपलब्धि हासिल गर्न सक्दैन । वास्तवमा नेपाली जनतालाई सयौँ वर्षदेखि दमन, शोषण, अन्याय–अत्याचार गरी जनतामाथि शासन गर्दै आएका सामन्त र सर्वहारा वर्गको नाउँमा सरकारमा गएर भ्रष्टाचार गर्नेहरू हाल नव धनाढ्यका रूपमा विकास भइरहेका छन् । तिनीहरू जनताका शत्रु हुन् । तिनीहरूको नियन्त्रणबाट सत्ता खोस्नका लागि क्रान्तिकारीहरू निरन्तर सङ्घर्षरत रहन आवश्यक छ ।

वर्ग शत्रुले जब कमजोर भएको अनुभव गर्छ तब पुँजीपति वर्गले पछि उठ्नै नसक्ने गरी दबाउँछ । 'प्रचण्ड'ले आजभन्दा ३ वर्ष अघि '५ हजार हत्याको जिम्मा म लिन्छु' भनी दिएको अभिव्यक्तिलाई लिएर सर्वोच्च अदालतले मुद्दा दर्ता गर्न आदेश दिनुको अर्थ पनि यही हो । यस घटनाले 'प्रचण्ड'लाई पक्कै झस्काएको हुनुपर्छ । दा¥हा र नङ्ग्रा नभएको बाघलाई कसले पो टेर्छ ?

सामन्तवाद र पुँजीवाद नेपाली जनताका आन्तरिक शत्रु हुन् भने भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद बाह्य शत्रु हुन् । भारतले नेपालको जलस्रोतलगायत प्राकृतिक स्रोतसाधन, उद्योगधन्दा, जडीबुटी सम्पूर्णमा नियन्त्रण जमाउँदै छ । खाद्य पदार्थ, कपडा, फलफूल, औद्योगिकीकरणका लागि चाहिने सबैजसो सामान उसको नियन्त्रणमा छ । कृषि प्रधान देशमा गत वर्ष साढे ३ खर्बभन्दा बढीको कृषिजन्य वस्तु र ३ खर्बभन्दा बढीको पेट्रोलियम पदार्थ आयात गर्नु परेको तीतो यथार्थ हाम्रोसामु छ । नेपालमा कुनै पनि क्षेत्रमा आत्मनिर्भर हुन नदिने भारतीय विस्तारवादको नीति नै नेपाली जनताको लागि सबैभन्दा घातक पक्ष हो ।

*(फाल्गुण २७, २०७९)*

# सम्पत्ति शुद्धीकरणमा प्रतिगमन



गौरीबहादुर काकी

*पहिले सहकारी विधेयक दर्ता हुँदा सहकारी संस्थाको नियमन फितलो बनाउन सत्तापक्ष र विपक्ष दुवैतिरका सांसदले करिब ६०० ओटा संशोधन प्रस्ताव गरेका थिए । अहिले सम्पत्ति शुद्धीकरण सम्बन्धी विधेयकका विभिन्न प्रावधानलाई अझ खुकुलो र फितलो बनाउन संशोधन प्रस्ताव गरिएको छ ।*

सम्पत्ति शुद्धीकरण गराउने मामिलामा नेपाल अग्रणी ठहरिएको छ। सम्पत्ति शुद्धीकरण सम्बन्धी विभिन्न कानुन नबनेकामा र विद्यमान कानुनको पनि प्रभावकारी कार्यान्वयन नभएकामा नेपाललाई ग्रे लिस्टमा राख्न एसिया प्रशान्त समूह (एपीजी) ले सिफारिस गरेको छ।

सम्पत्ति शुद्धीकरणको निगरानी राख्ने विश्व संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) अन्तर्गतको एपीजीले मंसिरमा नेपालको अध्ययन अनुगमन गरेको थियो।

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईका पालामा नेपाललाई कालो सूचीमा पर्ने अवस्थाबाट बचाइएको थियो। त्यसका लागि विभिन्न ऐन बनाइए। सम्पत्ति शुद्धीकरण ऐनलाई पनि संशोधन गरेर नियमनकारी प्रावधान कडा बनाइयो। तर कार्यान्वयनमा कमजोरीले काम हुन सकेन। राम्राराम्रा नीति बनाउन, कानुन बनाउन, सिद्धान्तका कुरा गर्नमा हाम्रो देश माहिर छ भनिन्छ; कानुन कार्यान्वयन र सुशासन कायम गर्नमा भने उदासीन मानिन्छ।

नेपालमा सरकार नै कानुन उल्लङ्घन गर्नमा दत्तचित्त रहँदै आएको छ। कतिपय अवस्थामा कानुन मिचेरै भ्रष्टाचार र कुशासनमा उन्मुख भएको पाइन्छ। भूमिसम्बन्धी ऐनमा संशोधन गरेर हदबन्दीभन्दा बढीको सरकारी जग्गा उद्योग चलाउनेलाई सट्टापट्टा वा बिक्री गर्न, धितो राख्नलगायतमा छुट दिइयो। नेपाल ट्रस्ट ऐनमा संशोधन गरेर गोकर्ण रिसोर्टको सरकारी जग्गा लिज अवधि सकिनुभन्दा पाँच वर्षअगाडि नै बिनाप्रतिस्पर्धा फेरि यती ग्रुपलाई नै दिइयो। **सरकारका यी दुई कार्यलाई कानुनी डकैती भनिन्छ।** कानुन बनाई राष्ट्रिय सम्पत्ति दोहन गरेर भ्रष्टाचार गरियो। तत्कालीन केपी ओली सरकारका पालामा सुरु भएको यस्तो कानुनी डकैतीलाई अघिल्लो गठबन्धनको शेरबहादुर देउवा सरकार र माओवादी केन्द्रका अर्थमन्त्रीले समर्थन मात्र गरेनन्, कार्यान्वयन गर्न बजेट वक्तव्यको ८१ बुँदामा समावेश नै गरे।




जालसाजी, कीर्ते, धोकाधडीबाट अछामका पृथ्वीबहादुर शाहको समूहले अमेरिकाबाट ल्याएको रकम अमेरिकी कानुनी निकाय फिनसेनले फिर्ता मागेको थियो। राष्ट्र बैंकको वित्तीय जानकारी एकाइले रोक्का राखेको त्यो रकम शाहलाई फिर्ता गर्न तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले लिखित आदेश दिए। अनुसन्धानका क्रममा रहेको रकम फिर्ता नगरेकामा देउवा सरकारले **राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन नै गर्‍यो।**

त्यस्तै, हतियार खरिद लगायतका बिचौलिया दीपक भट्टको खातामा जगदम्बा स्टिल्सबाट ८५ करोड रूपैयाँ जम्मा भयो। कुनै कारोबारबिना यसरी रकम ओसारपसार हुनु नै सम्पत्ति शुद्धीकरण आकर्षित हुने मामिला हो। पहिले अजेयराज सुमार्गीले कानुनविपरीत नेपाल भित्र्याएको अर्बौं रूपैयाँ सम्बन्धी छानबिन अझै टुङ्गिएको छैन। सर्वोच्च अदालतले **अन्तरिम आदेशबाटै रोक्का रकम फुकुवा** गराइदियो।

अहिले सम्पत्ति शुद्धीकरणका कतिपय प्रावधानलाई राज्यले नै वैध मानेको र वैध बनाउन विधेयक पेस गरिरहेको छ। नेपाल ग्रे लिस्टमा परेमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकलगायतले ऋण तथा आर्थिक सहायता नियन्त्रण गर्ने, अनुदान र सहायता बन्द गर्ने सम्भावना पक्का नै छ। **ग्रे लिस्टबाटै नसुधिए नेपाल कालो सूचीमा परेर विश्वव्यापी नाकाबन्दीको सिकार हुनेछ।**

देश यसरी जोखिमतिर उन्मुख भइरहँदा पनि सरकार र नेताहरूलाई भने कुनै चिन्ता छैन। यो अवस्था उत्पन्न गर्ने

पनि सरकार र यिनै नेता नै हुन्। जनताले यस्तो गरेका त होइनन्। नेपाल सरकारले गरेका कामकारबाहीलाई विश्वले निगरानी गरिरहेको हुन्छ भन्नेतिर हाम्रा नेताहरूले सोच्नुपर्ने हो।

गत मंसिरमा एपीजीले नेपालको अध्ययन गरेपछि सरकारले विभिन्न कानुन संशोधनको विधेयक पेस गरेको थियो। कार्यदलको दबाब र सम्पत्ति शुद्धीकरण सम्बन्धमा कालो सूचीमा पर्नबाट बच्न १५ ओटा ऐन संशोधनको प्रक्रिया देउवा सरकारले नै सुरु गरेको थियो। राष्ट्रिय सभाका अध्यक्षको असहयोगमा ऐन आउन सकेन। डन, माफिया र कर्पोरेट व्यवसायीहरूले नै राष्ट्रिय सभाका अध्यक्षलाई प्रयोग गरेर ऐन संशोधनको प्रक्रिया तुहाइदिए।

सम्पत्ति शुद्धीकरण लगायतका अवैध धन्दामा अपराधीहरूले नेताहरूलाई दुरूपयोग गर्दै आइरहेका छन्। अवैध सम्पत्तिका लागि नेताहरू बिकिरहेका छन्। गत माघ २७ गते फास्ट ट्र्याकबाट सम्पत्ति शुद्धीकरण सम्बन्धी १९ ओटा कानुन संशोधन गर्न सरकारले संसद्मा विधेयक दर्ता गरेको छ।

सम्पत्ति शुद्धीकरण ऐनको दफा २८ मा 'सम्पत्तिको स्रोत खुलाउनुपर्ने' प्रावधान छ। यो दफामा पूरै संशोधन ल्याइएको छ। अहिलेको संशोधनले उपदफा (६) र (७) अनुसार स्रोत खुलाउन नसकेको वा सम्बद्ध कसुर वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चल्ने अवस्था नदेखिएमा चालु आर्थिक वर्षको आय मानी अधिकतम कर निर्धारण गरेर असुल गर्ने प्रावधान राखेको छ। यो प्रावधानबाट अवैध र स्रोत नखुलेको सम्पत्ति – २० लाखभन्दा बढी वैध आय भएका इमानदार करदातालाई लाग्नेजत्तिकै – ३६ प्रतिशत कर तिरेर वैध बनाउन पाउने कानुनी बाटो मिल्नेछ। **यसरी अवैध रूपमा कमाएको र कर नतिरी लुकाएर राखेको सम्पत्तिमा कुनै दण्ड, सजाय, जरिवानासमेत लाग्नेछैन।** यो प्रावधान चोरलाई चौतारी हुनेछ। अवैध सम्पत्ति कमाउनेलाई नेपाल स्वर्गमै परिणत हुने कानुनी व्यवस्था हुन गइरहेको छ।

सर्वोच्च अदालतका तीन जना न्यायाधीशको विशेष इजलासबाट स्वयं कर निर्धारण स्किममा पेस गरेको कागज र प्रमाण सम्बन्धमा सम्पत्तिको स्रोत देखाउनुपर्ने, गोप्य नरहने, स्रोत नखुलेको सम्पत्ति अवैध हुने, आपराधिक आम्दानी हुने भनी व्याख्या भएको छ *(कमलेश द्विवेदीविरुद्ध प्रधानमन्त्रीसमेत, नेकाप, २०६७, अङ्क ९ नि.नं. ८४५२)*। त्यसैले अहिले स्रोत नखुलेको सम्पत्ति कर तिरेर वैध बनाउने कार्य सम्पत्ति शुद्धीकरण प्रणालीको विपरीत हुन जान्छ।

दफा ९ मा रहेको 'वित्तीय जानकारी एकाइ' लाई परिवर्तन गरिएको छ, जुन अब स्वायत्त निकायका रूपमा रहनेछ। यो एकाइ अब नेपाल राष्ट्र बैंकको अधीनमा नरहने भएको छ। पहिले कार्यात्मक रूपले स्वायत्त तथा स्वतन्त्र एकाइका रूपमा राष्ट्र बैंकमा थियो; अब राष्ट्र बैंकको होइन, सरकारको अधीनमा रहने भयो। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले झैँ कुनै अर्थमन्त्री वा प्रधानमन्त्री वा सरकार चलाउनेले दिएको आदेश मान्नुपर्ने बाध्यात्मक स्थिति पार्न नै सरकार अधीनमा ल्याइन लागेको हो। यसको स्वतन्त्रता हरण भएपछि अब सम्पत्ति शुद्धीकरणमा नेपाल 'ग्रे लिस्ट' मा मात्र होइन, कालो सूचीमै पर्ने बाटो खुलाइँदै छ। यो एकाइ पूर्ण सरकारी पनि होइन, राष्ट्र बैंक अधीनको पनि होइन, यो ऐन अन्तर्गतको छुट्टै निकाय हुनेछ। अर्थात्, झन् अन्योल उत्पन्न गरिन लागेको छ।

संशोधन विधेयकका विभिन्न प्रावधानबाट अवैध सम्पत्तिलाई वैध बनाउन खोजिएको छ। सरकारले नै सम्पत्ति शुद्धीकरणलाई कानुनी बाटोबाट वैध गराउन खोजेपछि देखावटी ऐन संशोधन गरे पनि नेपाल ग्रे लिस्टमा पर्नेमा शंका छैन। सम्पत्ति शुद्धीकरण गराउनमा संसद्मा रहेका दलहरू नै सक्रिय भएर लागे। **एक त विधेयक नै अवैध सम्पत्तिलाई वैध बनाउने गरी आएको छ, अर्कातिर ल्याइएका नियमनकारी केही प्रावधानलाई पनि खुकुलो पार्न सत्तापक्ष र विपक्ष दुवैतिरका सांसदहरूले संशोधन प्रस्ताव गरेका छन्।** पहिले सहकारीको विधेयक दर्ता हुँदा पनि सहकारी संस्थाको नियमन फितलो बनाउन सत्तापक्ष र विपक्ष दुवैतिरका सांसदले करिब ६ सयओटा संशोधन प्रस्ताव गरेका थिए। अहिले पनि सम्पत्ति शुद्धीकरण सम्बन्धी विधेयकका विभिन्न प्रावधानलाई अझ खुकुलो र फितलो बनाउन संशोधन प्रस्ताव गरिएको पाइन्छ।

यस्तै, सहकारी ऐनको विकृतिलाई हटाउन २५ करोड रूपैयाँभन्दा बढीको सेयर पुँजी र वार्षिक ५० करोड रूपैयाँभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋण सहकारीको नियमन तथा सुपरिवेक्षण राष्ट्र बैंकले गर्ने र एक व्यक्तिले २५ लाखभन्दा बढी रकम बचत गर्न नपाउने प्रावधान राखिएकामा ३६ ओटा संशोधन प्रस्ताव आएका छन्। नियमन राष्ट्र बैंकले नभई अहिलेजस्तै फितलो छुट्टै निकायबाट हुनुपर्ने माग सांसदहरूको छ। एउटै कम्पनीले एकभन्दा बढी क्यासिनो सञ्चालन गर्न नपाउने पर्यटन ऐनको प्रावधान खारेज गर्न पनि माग भएको छ।

सम्पत्ति शुद्धीकरणका सम्बन्धमा नेपाललाई अन्तर्राष्ट्रिय ग्रे लिस्टबाट बचाउन ल्याइएको विधेयकका कतिपय प्रावधान नै प्रतिगामी भएकोतिर कुनै दल र नेताको ध्यान जान सकेको छैन। ल्याइएका प्रावधानहरू पनि फितलो बनाउन सांसदहरू उन्मुख भएका छन्।

एपीजीको नेपाललाई ग्रे लिस्टमा राख्ने प्रतिवेदन आएका सन्दर्भमा पेस भइरहेका विधेयकहरूका प्रतिगामी प्रावधान हटाउनेतिर विधायिका उन्मुख हुनुपर्छ। नेपाललाई कालो सूचीमा पर्नबाट जोगाउन विधायकहरू व्यक्तिगत र दलीय स्वार्थबाट माथि उठ्न सक्नुपर्छ। **अन्यथा नेपाल आपराधिक र भ्रष्ट राज्यमा परिणत हुन बेर लाग्नेछैन।**

(कार्की विशेष अदालतका पूर्वअध्यक्ष हुन्।)

कान्तिपुर, फागुन २२, २०७९ बाट

# असल र इमानदार नेतृत्व तयार गर्न स्काउट तालिम आवश्यक

– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका



भक्तपुर नगरपालिकामा पनि नगर स्काउटको गठन भइसकेको छ । नगर स्काउटको संरक्षकमा नगर प्रमुख र अध्यक्षमा उपप्रमुख रहने व्यवस्था छ । नगर स्काउटको गठनपछि भक्तपुर नगरपालिका भित्रका सबै विद्यालयहरूमा स्काउट गठन गर्ने तयारी गर्दै छौं ।

भक्तपुर नगरमा हाल ९२ ओटा विद्यालयहरू सञ्चालनमा छन् । यसअघि हामीले स्काउट प्रशिक्षकहरूलाई तालिम दिइसकेका छौं ।

असल, देशभक्त र इमानदार नागरिक तयार गर्ने हाम्रो उद्देश्य हो । आजका युवा–विद्यार्थीलाई राम्रो शिक्षा दिनुका साथै अनुशासित, इमानदार र नैतिकवान बनाउन सकेमात्रै भोलि देशले कुशल नेतृत्व पाउनेछ । देशको लागि असल र इमानदार नेतृत्व तयार गर्न स्काउट तालिमले मद्दत पुऱ्याउने हाम्रो विश्वास छ ।

सङ्कटमा विचलित नभई संयमतापूर्वक काम गर्ने, सधैं अरूको भलाइको निम्ति चिन्तन गर्ने र स्वयम्सेवी भावनाले काम गर्ने नै स्काउटको महत्त्वपूर्ण पक्ष हो । यस कुरालाई ध्यानमा राखी भक्तपुर नगरपालिकाले स्काउटका साथीहरूसँग समय–समयमा छलफल र अन्तरक्रिया गर्दै काम गर्दै आएको छ ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीको बेला भक्तपुर नगरपालिकामा यहाँका स्काउटका मित्रहरूले गरेको काम उल्लेखनीय छ । नगरपालिकाको आह्वानमा भएको सरसफाइ, प्रचारप्रसार एवम् सङ्क्रमितहरूको घरघरमा गएर औषधी वितरण, खाना पुऱ्याउने काममा उहाँहरूले सहयोग गर्नुभयो । आफ्नो ज्यानलाई भन्दा अरूको ज्यान जोगाउन मद्दत गर्नुभयो । त्यो काम अत्यन्त प्रशंसनीय छ । चाडपर्व जात्राको बेला भक्तपुर स्काउटले निरन्तर सहयोग गर्दै आएको यहाँहरूलाई जानकारी गराउन चाहन्छौं ।

भक्तपुर देशकै सानो नगरपालिका हो । तर यहाँ विश्व सम्पदा सूचीमा सूचिकृत दरबार क्षेत्र अवस्थित छ । नेपालकै अग्लो प्रसिद्ध ५ तले मन्दिर, ५५ झ्याल दरबार, सुनढोका, मयूर झ्याल वास्तुकलाका दृष्टिले उत्कृष्ट नमुनाहरू यहाँ छन् । आज यहाँहरूले त्यसको अवलोकन गर्नुहुनेछ । दरबार क्षेत्र, टौमढी र दत्तात्रय क्षेत्र पर्यटकीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण स्थानहरू हुन् । यहाँ वर्षको लाखौं पर्यटकहरूले भ्रमण गर्छन् । उहाँहरूले तिर्नुभएको पर्यटन शुल्कबाट सम्पदाहरूको संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइलगायत विकास निर्माणको काममा खर्च गर्दै आएका छौं ।

नगरपालिकाले आफ्नै स्वामित्वमा ८ ओटा कलेज, १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएको छ । वडा वडामा स्वास्थ्य केन्द्र, घरघरमा नर्स सेवा, सबैको लागि उच्च शिक्षाको अवसर प्रदान गर्न शैक्षिक ऋण प्रदान गर्दै शिक्षा र स्वास्थ्यमा देशको उत्कृष्ट सेवा दिने नगरपालिकाको रूपमा विकास गर्दैछौं । इमानदारीपूर्वक जनताको सेवा गर्ने नै हामी जनप्रतिनिधिहरूको साझा प्रतिबद्धता हो ।

मौलिक सीप र प्रविधिलाई जोगाउँदै पुरातात्त्विक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका क्षेत्रहरूको अध्ययन, अनुसन्धान र उत्खनन गर्दै प्राचीन भक्तपुर नगरको सम्पदाहरूलाई जीवन्त राख्ने प्रयास गर्दै आएका छौं । यहाँका मूर्त र अमूर्त कला–संस्कृतिको संरक्षण हाम्रो प्राथमिकताको विषय हो । हामी आत्मनिर्भरतालाई विश्वास गर्छौं र त्यसैअनुरूप काम गर्दैछौं ।

हामी नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित प्रतिनिधिहरू हौं । नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी हो । यस पार्टीको नेतृत्व नेपालका वरिष्ठ राजनीतिज्ञ का. नारायणमान बिजुक्छें (रोहित) ले गर्दै आउनुभएको छ । भक्तपुर नगरमा १० ओटा वडाहरू छन् । ती सबै वडामा नेपाल मजदुर किसान पार्टीका साथीहरू निर्वाचित भएका छौं । पार्टी अध्यक्ष का. रोहितले भक्तपुरको भविष्यको बारे कल्पना गर्दै 'सय वर्षपछिको भक्तपुर' पुस्तक लेख्नुभएको छ । आजभन्दा २० वर्षअघि लेख्नुभएको उक्त पुस्तकमा उहाँले यो नगर 'बिहान हेर्दा प्राचीन सहर जस्तो, दिउँसो विश्वविद्यालय जस्तो र राती प्राचीन लुगा लगाएको सुन्दरी जस्तो देखिने र विश्वकै आकर्षक नगर बन्ने' कल्पना गर्नुभएको छ । हामी यही पुस्तकलाई आधार बनाउँदै भक्तपुर नगरको पुनःनिर्माण गर्दैछौं । प्राचीन नगरको स्वरूपलाई बचाइराख्ने कोसिस गर्दछौं ।

आज भक्तपुरका महत्त्वपूर्ण क्षेत्रहरूको अध्ययन, अवलोकन गरेर रमाइलो गर्नुहोस् । तपाईंहरूको दिन सुखी रहोस् । कुनै असहज भएमा हाम्रा साथीहरूले तपाईंहरूलाई सहयोग गर्नुहुनेछ । पछि फेरि भेट्ने आशाका साथ पुनः स्वागत गर्छु । धन्यवाद ।

*(नेपाल स्काउटको आयोजनामा भएको छैटौं एसिया प्रशान्त क्षेत्रीय मेसेन्जर अफ पिस राष्ट्रिय संयोजकहरूको सम्मेलनमा भाग लिन विभिन्न देशबाट आउनुभएका स्काउट प्रतिनिधिहरूलाई २०७९ चैत १३ गते स्वागत कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

# ऐतिहासिक पृष्ठभूमिमा श्री तलेजु भवानी



ओम धौभडेल

एकताका लामोसमयसम्म विशाल नेपाल मण्डलको राजधानी बन्ने सौभाग्य पाएको तत्कालीन भक्तपुरको वन्दे लायकूवाने (लायकू), ब्रम्हपुर लायकू (बलंपु), त्रिपुर लायकू पछि वर्तमान लायकू मुख्य प्रशासकीय, राजनैतिक, धार्मिक, सांस्कृतिक केन्द्र बनेको देखिन्छ। वर्तमान लायकूको विकास पछाडि ने.सं. ४४४ (वि.सं. १३८१) मा सिम्रौन गढबाट ल्याइएको तलेजु भवानीको स्थापना प्रमुख मानिएता पनि यसको पछाडि नेपाल मण्डलका अन्तिम शासक यक्ष मल्लको ठूलो देन रहेको छ। उनले वर्तमान ५५ झ्याल दरबारको जग शिलान्यासदेखि यक्षेश्वर महादेवको मन्दिर तथा चार धामका मन्दिरहरू जस्ता सम्पदाहरू यहाँ निर्माण गरेपछि नै यो लायकू पछि गएर विशाल नेपाल मण्डलकै एक महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक लायकू बन्न पुग्यो। र यहाँ स्थापित तलेजु भवानी त्यस्तो एउटा महत्त्वपूर्ण इष्टदेवी बन्न पुग्यो कि मानदेव प्रथमले मान्दै आएको इष्टदेवी मन्मानेश्वरीदेवी तथा नान्यदेवदेखि मान्दै आएको इष्टदेवी दुमाजुदेवी समेत यही तलेजु भित्र स्थापना हुन पुग्यो र एउटा मौलिक तलेजु संस्कृतिको प्रारूप बन्यो। यता ने.सं. ६०२ (वि.स.१५४०) मा यक्षमल्लको निधन पछि रत्न मल्लले अलग्ग कान्तिपुर राज्यमात्र स्थापना गरेनन्, राज्यसँग अलग्गै तलेजु भवानी समेत स्थापना गर्न पुगे। यसबाट तलेजु भवानी कति हदसम्म महत्त्वपूर्ण थियो, अनुमान गर्न सकिन्छ। पछि गएर नेपाल मण्डल भित्रका साना ठूला राज्यहरू जस्तै कान्तिपुर, ललितपुर, मध्यपुर थिमी, बोडे, नगदेश, पनौती, बनेपा, नुवाकोट, दोलखा, साँखु, टिष्टुङ, पालुङ, कीर्तिपुर, चापागाउँ, देवपाटन आदि ठाउँहरूमा मात्र नभई तिब्बतको भाखोर भन्ने ठाउँमा समेत तलेजु भवानीसहितको लायकू बन्न पुग्यो। यसरी नेपाल मण्डल भित्र तथा बाहिर जतासुकै र जतिसुकै ठाउँहरूमा तलेजु भवानीको स्थापना गरिएको भएतापनि सबैभन्दा प्राचीन अनि मूल तलेजु भवानी भक्तपुर लायकूकै तलेजु भवानी हो भन्ने प्रमाण यथेष्ट छ।



भक्तपुरमा श्री तलेजु भवानीको स्थापना कसले कहिले गरे भन्नेबारे विभिन्न वंशावली तथा टिपोटहरूमा उल्लेख भएको पाइन्छ। ती वंशावली एवम् केही टिपोटहरूलाई यथास्थानमा छाडी ऐतिहासिक प्रमाणलाई नै आधार मान्ने हो भने प्राण मल्लले ने.सं. ६६५ मा पाँचओटा सुनको गजुरसहितको श्री तलेजु आगमछेँ निर्माण गरेको इतिहास छ। यसैबीच ने.सं. ६६६ मा कान्तिपुरका राजा नरेन्द्र मल्लले ६ ओटा सुनको गजुर थपेपछि श्री तलेजु भवानीको आगमघरमा ११ ओटा गजुर हुन पुग्यो। यहाँ एकातिर पुस्तैनी राज्य त्रिपुर माथि कान्तिपुरको पनि हक रहेको तथा भक्तपुरको श्री तलेजु नै मूल रहेको हुँदा कान्तिपुरका राजा नरेन्द्र मल्लले श्री तलेजु आगममा ६ ओटा गजुर चढाएको देखिन आउँछ। प्राण मल्ल पछि भक्तपुरमा विश्व मल्ल राजा बनेको भएतापनि उनी अलि कमजोर प्रवृत्तिका हुँदा श्री तलेजुमा कुनै कृति राखेको देखिँदैन। तर, उनै विश्व मल्लका भाइ जीत मल्लले ने.सं. ६७३ भाद्र बदि सप्तमीको दिन श्री तलेजु भवानी आगमछेँमा सुनको झ्याल राख्न लगाई सो को अभिलेख समेत राख्न लगाए। यता विश्व मल्ल कमजोर प्रवृत्तिको हुँदा उनी जीवित छँदै ने.सं. ६७९ आश्विनमा उनकै पत्नी गंगादेवीले विश्व मल्ललाई हटाई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्ललाई अगाडि ल्याई आफूले सत्ता सम्हालिन्। यसैबीच उनले ने.सं. ६८७ चैत्रकृष्ण अमावस्याको दिन श्री तलेजु भवानीकहाँ दीक्षा लिए। महिला भएर श्री तलेजु भवानी कहाँ दीक्षा लिएको सो घटना यतिविधि उग्र बन्न पुग्यो कि कान्तिपुरका राजा नरेन्द्र मल्लले भक्तपुर अन्तर्गतको साँखु, नाला, पनौती, चाँगु लगायतको ठाँउहरूमा आक्रमण गरे। यतिले नपुगी गंगा देवीले दीक्षा लिएको समयमा ग्रहण नै

नलागेको हुँदा उक्त दीक्षा पूर्ण नभएको ठहराइयो। यसबाट शिक्षा लिँदै गंगादेवीले ने.सं. ६९० माघ बदि ग्रास सूर्यग्रहणको अवसरमा आफ्ना दुई छोराहरू त्रैलोक्य मल्ल र त्रिभुवन मल्ल सहित विश्वराम जोशीलाई श्री तलेजु भवानीमा दीक्षा दिने काम भयो। मल्ल राजपरिवारले ग्रहणको मुहुर्त निकाल्ने ज्योतिषीको कारण ग्रहण नभएको बखत दीक्षा लिने काम भएर भक्तपुरको बेइज्जती हुनपुग्यो। यो घटना नदोहोरिउन् भनेर ने.सं . ६९० को सूर्यग्रहणको अवसरमा ज्योतिष हेर्ने विश्वराम जोशीलाई पनि सँगै दीक्षा लिन लगाइयो। यसबेला दीक्षा लिएका त्रिभुवन मल्लले ने.सं. ७०६ फागुनमा श्री तलेजु भवानी विराजमान आगमछँमा तोरणसहित अभिलेख राख्न लगाए। तत्कालीन समयमा राजापछि जेठो छोरो राजा बन्ने परम्परा रहिआएकोमा राय मल्ल राजा छँदाछँदै उनका भाइ रत्न मल्लले श्री तलेजु भवानीको मन्त्र सुन्नु पछाडि आफू स्वयम् राजा बन्न खोज्नु हो। नभन्दै उनी कान्तिपुरका राजा बने। यता भक्तपुरका अर्का राजा प्राण मल्लको समयमा उनका भाइ जीत मल्लले श्री तलेजुमा सुनको झ्याल राख्नुको आसय पनि यही नै हो। त्यति मात्र हैन, त्रैलोक्य मल्लको समयमा उनका भाइ त्रिभुवन मल्लले श्री तलेजुमा दीक्षा लिनु अनि श्री तलेजु आगमछँमा तोरण चढाउनु पनि धेरै हदसम्म मिल्दोजुल्दो हुन आउँछ। भक्तपुरका राजाहरूमा जर्गज्योर्ति मल्ल पहिलो राजा हो जसले श्री तलेजु भवानी प्रति विशेष ध्यान दिए। उनले ने.सं. ७४९ जेष्ठकृष्ण अमावस्याको दिन श्री तलेजु भवानी विराजमान भएको मूलचोकमा तुलादान गरी ढुङ्गाको खम्बासमेत राखे। त्यस्तै ने.सं. ७५१ वैशाख शुक्ल तृतियाका दिने श्री तलेजु भवानी विराजित मूलचोकमा 'चाक मता' राखे। त्यस्तै उनले श्री तलेजु भवानी रहेको दक्षिणी मूल आगमछँको दाहिनेबाट दोस्रो टुँडालमा आफ्नो मूर्तिसहित अभिलेख राख्न लगाए। यसबाहेक, उनले श्री तलेजु भवानी भित्र श्री कुमारी रहने कुमारी चोकसहित विभिन्न चोकहरू थप्ने कार्य गरे। जर्गज्योर्ति मल्लपछि उनका जेठा छोरा नरेश मल्ल भक्तपुरका राजा बने। भक्तपुरको मल्लकालीन इतिहासमा अत्यन्त छोटो समयमात्र राजा बनेका नरेश मल्ल कमजोर शासकको रूपमा चित्रण गरिएको छ। तत्कालीन समयमा कान्तिपुरमा प्रताप मल्ल र पाटनमा सिध्दिनरसिंह मल्ल भन्दा भक्तपुरका नरेश मल्ल हरेक क्षेत्रमा कमजोर रहे पनि श्री तलेजु भवानीको सन्दर्भमा उनी कहिल्यै बिर्सन नसकिने राजाको रूपमा लिनुपर्छ। आफू राजा भइसकेपछि उनले ने.सं. ७७५ मा श्री तलेजु भवानी रहेको दक्षिणतर्फको मूल आगमछँमा सुनको आँखीझ्याल राख्न लगाए। त्यस्तै, ने.सं. ७६१ मा सोही आगमछँको द्वारको दायाँ बायाँ सुनको मानव कदका लक्ष्मीका मूर्तिहरू सहित सुनको पातामा अक्षर कुँदाई राख्न लगाए। यसले श्री तलेजु भवानी रहेको दक्षिणी मूल आगमछँ अति भव्य बनेको छ। ने.सं. ७६३ मा नरेश मल्लको मृत्यु हुँदा उनका छोरा जगतप्रकाश मल्ल ५ वर्षका मात्र थिए। सानै उमेरमा राजा बनेका जगतप्रकाश मल्लले केही वर्षसम्म श्री तलेजु भवानीप्रति ध्यान दिन सकेनन्। तर, ने.सं. ७७४ मा जगतप्रकाश मल्लले श्री तलेजु भवानीको मूल आगमछँको बिग्रेको ११ ओटा सुनको गजुर र छानाको पुनः निमार्ण भयो। जतिबेला उनी १६ वर्षका नवयुवक थिए। उनले ने.सं. ७८२ मार्गशुक्ल षष्ठिको दिन श्री तलेजु भवानी रहेको मूल चोकको आग्नेय कोणमा स्नेह मण्डप नामको डबली बनाई श्री तलेजु भवानीलाई समर्पण गरे। साथै श्री तलेजु भवानीको पूजापर्वको लागि प्रशस्त जग्गाजमिन सहित गुठीको ब्यवस्था गरेको अभिलेखमा 'भक्तपुरमा सुनको छत्र समेतको एघारओटा सुनको जलपदार गजुर, जलपदार छाता, तोरण, झ्याल, ढोका, देवीका मूर्तिहरू र राशी नक्षत्र आदिका अनेकन मूर्तिहरूले जगमग भएको स्वर्गलाई पनि माथ गर्ने ज्यादै राम्रो मन्दिरमा रहनु भएका आफ्ना श्री श्री श्री इष्टदेवता' भनी उल्लेख गरेका छन्। त्यस्तै, उनले ने.सं. ७८८ मा श्री तलेजु भवानी विराजमान हुनु भएको दक्षिण आगमछँको बायाँतिर एउटा स्वर्णपत्रमा श्री तलेजु भवानीको मोहनी ताका द्यःक्वाँहा विज्याके (श्री तलेजु भवानी तल सवारी) देखि द्यःथाँहा विज्याके (श्री तलेजु भवानी माथि सवारी) सम्ममा गर्नुपर्ने विधिविधान लगायत पूजापर्वबारे उल्लेख छ। त्यस स्वर्णपत्रको सुरुमै श्री तलेजु भवानीलाई सम्बोधन गर्नेक्रममा 'भक्तपुरको एउटा विचित्रको स्वर्गको भन्दा अधिक मनोहर प्रासाद (दरबार) की देवी' भनी उल्लेख गरेको छ। यहाँ श्री तलेजु भवानी रहेको मनोहर प्रासादले सोही वर्ष बनाउन लगाएको नौ तले बसन्तपुर दरबारलाई इंगित गरेको देखिन आउँछ। उनले ने.सं. ७९२ भलभलअष्टमीको दिन श्री तलेजु भवानीलाई प्रिती गरी पहिलेदेखि बिग्रीराखेको सदाशिव चोक (भैरव चोक) जीर्णोध्दारको क्रममा आफू र आफ्ना प्रिय मन्त्री चन्द्रशेखर सिंहको सालिग राख्न लगाए।

जगतप्रकाश मल्लको मृत्युपछि उनका जेठा छोरा जितामित्र मल्ल भक्तपुरको राजा बने। जितामित्र मल्ल त्यस्ता शासक हुन् जसले आफ्नो शासनकालको सुरुदेखि अन्तसम्म श्री तलेजु भवानीप्रति आस्था जनाउने कार्य गरे। उनले श्री तलेजु भवानी रहेको मूलचोक भन्दा पश्चिमको

कुमारी चोक एउटा सिङ्गार्न ने.सं. ७९७ देखि ने.सं. ८१२ अर्थात् १५ वर्ष समय लगाएकोबाट यसको पुष्टि हुन्छ। उनले ने.सं. ७९८ मा श्री तलेजु भवानीलाई चढाउन रोटी सम्बन्धमा एउटा स्वर्णपत्र राख्न लगाए। जसबाट श्री तलेजु भवानीलाई चढाएको रोटीमध्ये ४० थान रोटीमात्र बिक्री गर्न पाउने नियम रह्यो। उनले ने.सं. ७९६ मा हालको ङयङापा झ्य् दरबारदेखि पहिले भक्तपुर नगरपालिका बसेको भवनसम्मको 'एल' आकारमा कौसी, चोक, बगैंचासहितको थन्थु दरबार बनाए। यसबाट भक्तपुर लायकूको माथिल्लो भेगले पूर्णता पायो। श्री तलेजु भवानीलाई दक्षिण पूर्वतर्फबाट समेत भव्य दरबारले घेरिनुका साथै श्री तलेजु भवानी अझ सुरक्षित हुन पुग्यो।

श्री तलेजु भवानीको दैनिक पूजाआजाको लागि शुध्द जलको अभाव भएपछि ने.सं. ८०३ ज्येष्ठ शुदि षष्ठिमा नगरकोटको महादेव पोखरीदेखि राजकुलो बनाई भक्तपुर लायकूभित्र श्री तलेजु भवानी परिसरमा लुँहितिमा पानी आउने ब्यवस्था जितामित्र मल्लले गरिदिए। साथै उनले नै ने.सं. ८०८ मा उक्त लुँहितिमा पानी आउने राजकुलो ब्यवस्थित पार्न दस रोपनी जग्गा राखी नीति नियमसमेत बाधिँदिए। त्यस्तै ने.सं. ८०५ मा उनले श्री तलेजु भवानी रहेको दक्षिण मूल आगमछेँको मूल ढोका सुनको पाताले मोडी सुनको भव्य तोरण चढाए। उनले विभिन्न अवसरमा श्री तलेजु भवानीलाई विभिन्न कृतिहरू अर्पण गरेको पाइन्छ। उनले ने.सं.८०५ मा श्री तलेजु भवानीलाई प्रिती गरी मूलचोकमा ठूलो घण्टा चढाए। त्यस्तै ने.सं. ८१२ मा श्री तलेजु भवानीको लागि एकजोडा ठूलो नगडा राखे। ने.सं. ८१५ मा आफ्नो जन्मदिनको अवसरमा उनले श्री तलेजु भवानी रहेको मूल चोक पस्ने मूलद्वारमा कलात्मक एवम् भव्य तोरणसहितको ढोका राख्न लगाए। यसबाहेक, उनले श्री तलेजु भवानीलाई प्रिती गरी थुप्रै गरगहना, भाँडाकुँडाहरू चढाएको छ।

त्यस्तै, ने.सं. ८१२ मै युवराज हुँदा भूपतिन्द्र मल्लले भक्तपुर लायकूको मध्य भागमा रहेको एउटा ढुङ्गेधारा जीर्णोद्वार गरेबाट उनको जिजीविषा प्रष्ट हुन्छ। नभन्दै उनले आफ्नो बुवा राजा जितामित्र मल्ल जीवित छँदै ने.सं. ८१६ भाद्रबदि १६ का दिन भक्तपुरको राजा बने। यसको प्रमाण 'ने.सं. ८१६ भाद्र ब १६' उल्लेख भएको भूपतिन्द्र मल्लको टकबाट मिल्छ। आफू राजा भएपछि आफ्नो बाबुलाई दरबार एवम् मूलचोक भित्र नै नजरबन्दमा राखे। जितामित्र मल्लको बाँकी धेरै समय श्री तलेजु भवानी रहेको मूलचोक भित्र बित्यो। राज्यच्यूत भएर पनि उनी लामो समयसम्म बाँचेको देखिन आउँछ। जितामित्र मल्लको मृत्यु ने.सं. ८२९ मा भएबाट राज्यच्यूत भएर १३ वर्षसम्म बाँचेको देखिन्छ। र बाचुञ्जेल उनी श्रीतलेजु भवानीको सेवामा तल्लिन रहने क्रममा अधिकांश समय मूलचोकमै बिताए। त्यसबेला उनले श्री तलेजु भवानीलाई के के चिजविज चढाए खुल्न सकेको छैन। यहाँनेर एउटा कुरा के प्रष्ट हुन्छ भने भूपतिन्द्र मल्ल राजा हुनेवित्तिकै श्री तलेजु भवानी रहेको मूलचोक र वरपर ध्यान दिएको देखिँदैन। यसको प्रमुख कारण जितामित्र मल्ल हो। जितामित्र मल्लको श्री तलेजु भवानीप्रतिको अत्यधिक भक्तिभावको कारण सुरुमा भूपतिन्द्र मल्लले यहाँ ध्यान नदिएको हुनुपर्छ। तापनि भूपतिन्द्र मल्लले ने.सं. ८१८ मा श्री तलेजु भवानी रहेको मूलचोक भन्दा उत्तरतिर एक अर्को चोक थप्ने क्रममा सिंहध्वाखा दरबार सहित मालती चोक बनाउन लगाए। ने.सं. ८२० मा श्री तलेजु भवानीको सम्मुख मूलचोकको उत्तरतर्फको दलानमाथि श्रीखण्ड झ्याल राख्न लगाए। त्यसपछि छोटो समयमै ने.सं. ८२२ मा तौमढीमा विश्व प्रसिध्द ५ तले मन्दिर बनाइसकेपछि उनको ध्यान श्री तलेजु भवानी परिसरमा पुग्यो। ने.सं. ८२५ मा श्री तलेजु भवानीको सम्मुख मूलचोकको उत्तरतर्फ एउटा ठूलो घण्टा राख्न लगाए। त्यस्तै ने.सं.८२६ मा श्री तलेजु भवानी विराजमान रहेको मूलचोकको दक्षिणपट्टिको आगमछेँ जीर्णोध्दार गर्ने क्रममा ११ ओटा सुनको गजुर सहित सुनको छाना मर्मत गरे। त्यस अवसरमा **बिक्रमचरित** नामको नाटक लेखी मञ्चन पनि गराएको थियो। त्यसपछि ने.सं. ८२७ चैत्रशुदि १५को दिन मूलचोकमा एउटा खम्बा राख्न लगाए। त्यस्तै पहिलेको थन्थु दरबारको दक्षिण भागलाई पुनर्निर्माण गर्ने क्रममा ५५ ओटा काष्ठकलाका अत्युत्तम नमुनाले भरिएको झ्याल राखी भव्य रूपमा बनाएपछि त्यो भाग ङयङापा झ्यः दरबारले विश्व प्रसिध्द भयो। त्यस्तै श्री तलेजु भवानीलाई सदैव प्रिती कामना गर्ने हेतुले श्री तलेजु भवानी रहेको परिसर पस्ने ढोका अगाडि लामो खम्बा माथि आफ्नो सालिग राख्न लगाए। ने.सं. ८२९ मा बुवा जितामित्र मल्लको मृत्युपछि उनकी पत्नी तथा भूपतिन्द्र मल्लकी आमा लालमति देवीले दिवंगत जितामित्र मल्लको सुनको प्रतिमा बनाई मोहनीमा मूलचोकको स्नेहमण्डपमा प्रदर्शन गर्ने ब्यवस्थासहितको गुठी राखिदिए। यता ने.सं.८३१ मा भूपतिन्द्र मल्लले श्री तलेजु भवानी रहेको दक्षिण आगमछेँको बायाँतिर काठको ढोका राख्न लगाई त्यहाँ ताम्रपत्र राखे। यही साल हात्ती खेदा गर्न भूपतिन्द्र मल्ल मकवानपुर पुगे। मकवानपुरबाट फर्केपछि त्यहाँबाट ल्याएको महादेव वास

श्री तलेजु भवानीलाई चढाए। यसको उल्लेख श्री तलेजु भवानीको मूलआगमछेँको ढोकाको दायाँबायाँ कुँदिएको छ। यसको तीन वर्ष पछि ने.सं. ८३४ असारतिर उनी हात्ती खेदा गर्न पुन मकवानपुर पुगेको बखत बडो कष्टपूर्वक वसन्ती नामको ढोइ (हात्तीनी) ल्याई श्री श्री श्री तलेजु भवानीलाई चढाए। त्यस्तै ने.सं. ८३५ फागुन शुक्ल दितीयाको दिन भूपतिन्द्र मल्ल र उनकी आमा लालमतिदेवीले श्री तलेजु भवानीलाई प्रिती गरी श्री तलेजु भवानी रहेको दक्षिण आगमछेँको दाहिनेतर्फ तेश्रो टुँडालमा सुर्वण विलींपति बनाई आफ्नो मुर्ति राख्न लगाए।

भूपतिन्द्र मल्लको मृत्युपछि उनका छोरा रणजित मल्ल भक्तपुरका राजा बने। उनको पालामा श्री तलेजु भवानीप्रति भक्तिभाव देखाउने क्रममा कयौँ कीर्तिहरू राखे। उनले ने.सं. ८७४ मा श्री तलेजु भवानी पस्ने मूलद्वारको रूपमा लायकूको मध्यभागमा अत्यन्त कलात्मक लुँध्वाका बनाए। जुन ढोकाको कारण भक्तपुर लायकू पस्ने हरेकको ध्यान आत्कृष्ट गर्न सफल भयो र यो ढोका भक्तपुर लायकू क्षेत्रको मात्र नभई विश्वको लागि नेपालकै एक अनुपम नमुना समेत बन्न पुगेको छ। यस्तो महत्त्वपूर्ण सुनको ढोका बनाउन सकेकोमा राजा रणजित मल्लले फूर्तिका साथ आफूलाई नेपालमण्डलेश्वर उपाधिबाट समेत विभुषित गरी स्वर्णपत्र राख्न लगाए। यसबाहेक उनले श्री तलेजु भवानी भित्र विभिन्न कलाकृति एवम् गरगहनाहरू चढाएका छन्। ने.सं. ८८० मा श्री तलेजु भवानी रहेको मूलचोकको चारैतिरको यखादलु विग्रेको हुँदा पुनः बनाउन लगाए।

मल्लवंशको पतनपछि पृथ्वीनारायण शाहले कान्तिपुरलाई नै राजधानी बनाएपछि आफूले जितेको भक्तपुरका सम्पत्तिहरूको नाम उल्लेख गर्नु बाहेक श्री तलेजु भवानी कहाँ कुनै कृतिहरू थप्ने कार्य गरेनन्। तापनि धार्मिक सांस्कृतिक कार्यमा शाहराजाबाट कुनै बाधा अवरोध नभएको त्यो अवस्थामा श्री तलेजु भवानीको दैनिक पूजापर्व तथा जात्रा परम्परा लगायतका धार्मिक सांस्कृतिक सुचारु रूपले सञ्चालन भए। यसमा यहाँका रकमीहरूको ठूलो योगदान छ। पृथ्वीनारायण शाहको मृत्यु पछि उनका छोरा प्रताप सिंह शाह स्वयंले दीक्षा लिई तान्त्रिक मतको केही प्रचारप्रसार भएपनि भक्तपुरस्थित श्री तलेजु भवानी कहाँ केही कृति थपिएनन्। छोटो समयमै उनको मृत्यु पछि उनका छोरा रणबहादुर शाह राजा हुँदा दरबारमा विदुर शाह, शेरबहादुर शाह, त्रिभुवन प्रधान जस्ता शक्तिशाली भारदारहरू थिए। यसमा विदुर शाह र शेरबहादुर शाह त प्रतापसिंह शाहका नेवार श्रीमती मैजुरानीका छोराहरू थिए भने त्रिभुवन प्रधान उनै मैजुरानीका भाइ थिए। यी शक्तिशाली भारदारहरूले उपत्यकाका धार्मिक तथा सांस्कृतिक अवस्थाप्रति ध्यान दिने सिलसिलामा भक्तपुरको श्री तलेजुप्रति पनि केही पूजापर्वको लागि जग्गाजमिनको ब्यवस्था गरेको पाइन्छ। रणबहादुर शाहकी कान्छी पत्नी कान्तवती क्षयरोगले ग्रस्त भएपछि उपत्यकाभित्र ठाउँ ठाउँका देवदेवीमा भाकल पूजा चढाउने क्रममा भक्तपुरको श्री तलेजुकहाँ पनि राज्यबाट पहिलो पटक ध्यान दियो। विशेष गरी रणबहादुर शाह स्वामी निर्गुणानन्द भैसकेपछि श्री तलेजुकहाँ राखिएका जेष्ठ बदि १, पौष शुदि १५ र फागुण शुदि २ गरी तीनओटा था पूजाहरूको उल्लेख गर्नु आवश्यक हुन्छ। यसको लागि करिव ४०२ रोपनी जग्गाको व्यवस्था भएबाट यी तीनओटा था पूजाहरू ठूलो था पूजामा पर्न आउँछ। आफ्नी श्रीमतीको रोग चाँडै निको होस् भन्ने अभिप्रायले रणबहादुर शाहले श्री तलेजु कहाँ यी तीनओटा थापूजाहरू राखेका थिए। तर, क्षयरोगले ग्रस्त कान्तवतीको वि.सं. १८५६ कार्तिक १९ मा मृत्यु भएपछि श्री तलेजु भवानीलगायत कुनैपनि देवस्थलप्रति उनको ध्यान गएन। यता रणबहादुर शाहको हत्या पछि नेपालको राजा गिर्वाणयुध्द विक्रम नाबालक भएकोले शासनका हर्ताकर्ता रणबहादुर शाहकी जेठी रानी ललितत्रिपुरासुन्दरी र मुख्तीयारमा भीमसेन थापा हुन पुगे। यसमा ललितत्रिपुरासुन्दरीले वि.सं. १८५४ मा भक्तपुरको श्री तलेजु भवानीको प्रिती गरी थापूजा चढाइन्। यसबाहेक श्री तलेजुमा केही कृति थप्ने कार्यमा भीमसेन थापाको नाम आउँछ। श्री तलेजु भवानी कहाँ पहिलेदेखि नगरकोटको महादेव पोखरीदेखि राजकुलो मार्फत भक्तपुर तलेजु परिसरको लुँहितिमा पानी आइरहेको बन्द भएपछि भीमसेन थापाले वि.सं. १८७५ मा उक्त राजकुलो ब्यवस्थित बनाउन लगाएको ब्यहोरा लुँध्वाकाको ताम्रपत्रबाट स्पष्ट हुन्छ। केही समयपछि गिर्वाणविक्रम जवान भैसकेपश्चात वि.सं. १८५६ मा श्री तलेजु भवानीको प्रिती गरी थापूजा राखे। प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमी, भाद्र कृष्ण सप्तमी, पौष शुक्ल अष्टमी र फागुन कृष्ण चतुदर्शी गरी पाँचओटा था पूजाहरूको लागि करिव ५३६ रोपनी जग्गाको गुठी रहेको देखिन्छ।

त्यस्तै, वि.सं. १८८६ मा राजेन्द्र विक्रमले था पूजा राखेको उनको वि.सं. १८८७ को ताम्रपत्रले बताउँछ। जुन श्रीतलेजु भवानी रहेको दक्षिण आगमछेँको भित्री कोठा बाहिर बापासीमा टाँसिएको छ।

राजेन्द्र विक्रमपछि उनका छोरा सुरेन्द्र विक्रमको समयमा विशेष गरी वि.सं. १९०३ को कोतपर्व पछि जंगबहादुरको उदयपश्चात् उनका भाइ धीर शम्सेरलाई

भक्तपुरको बडाहाकिम बनाई पठाएको अवस्थामा उनले श्री तलेजु भवानी रहेको वर्तमान दरबार क्षेत्रको केही रेखदेख गरेको पाइन्छ। र पहिले देखिको राजकुलो जीर्णोध्दार गर्न वि.सं. १९१२ मा पहल गऱ्यो। यसबाहेक धीर शम्सेरको समयमा तत्कालीन श्री ३ जंगबहादुरको भक्तपुरप्रति बढी चासो रह्यो। विशेषगरी भोटसँगको लडाइँको बखत भक्तपुरको श्री नवदुर्गा भवानीप्रति राणा शासकहरूको चासोबाट श्री तलेजु भवानीको पनि कयौँ पटक पूजाआजा भएको थियो। वि.सं. १९१२ को नेपालको भोटसँगको युध्द श्री नवदुर्गा भवानीको कारणले नै जितेको कथन सुन्न पाइन्छ। त्यस समय भक्तपुरका राम कप्तान र हृदयरत्नसिंह ग्वंग जस्ता व्यक्तिहरूको कारण जंगबहादुर एवम् धीर शम्सेरहरूले श्री नवदुर्गा भवानीप्रति भक्तिभाव देखाएको हो। यसमा राम कप्तानको ठुलो भूमिका छ। भक्तपुर गोल्मढी निवासी उनको खास नाम राम मूल हो। त्यस्तै नासमनाका हृदयरत्न सिंह ग्वंग पनि तत्कालीन समयका प्रभावशाली ब्यक्ति थिए। अलौ पर्वबाट तत्कालीन राजा राजेन्द्रविक्रमलाई पत्नी भक्तपुरस्थित श्री तलेजु भवानी समिप ङयङपा भ्ग्य दरबारमा वि.सं. १९०४ माघशुदि ६ सम्म नजरबन्द गरिराख्नमा यिनीहरूको ठूलो देन छ। त्यस समयमा भक्तपुरका दरबार मन्दिर पाटीपौवाहरूको संरक्षणको लागि वि.सं. १९२३ मा राज्यको ढुकुटीबाट मोरु ३३२९ रुपैयाँ छुट्याएबाट श्री तलेजु भवानी परिसरका सम्पदाहरूको लागि खर्च भएको हुनुपर्छ। सम्भवतः वि.सं. १८९० सालको भूकम्पले क्षतिग्रस्त भक्तपुरका सम्पदाहरूको लागि यो रकम छुटयाएको र यसको जिम्मा उनै राम मूललाई दिएको प्रमाण छ। त्यसबेलासम्म श्री तलेजु भवानीका नाममा पुर्खाहरूले राखी आएको हजारौँ रोपनी जग्गाजमिन अलपत्र भई श्री तलेजु भवानीको दैनिक पूजाआजा एवम् जात्रा संस्कृति लगायतमा अवरोध आएपछि तत्कालीन समयका समाजसेवी एवम् राणाहरूका विश्वासपात्र तौमढी पुवहालका हर्षनारायण धौभडेललाई श्री तलेजु भवानीको गुठी जग्गाजमिन दुरुस्त पार्नेदेखि लगत तयार गर्ने जिम्मा दिए। जसबाट श्री तलेजु भवानीकहाँ परम्परादेखि चल्दै आएको संस्कृति जगेर्नामा ठूलो भूमिका खेल्यो। यता जंगबहादुर र रणोद्विप पछि उनै धीर शम्सेरका छोराहरू नै नेपालका श्री ३ बने। धीर शम्सेर पछि भक्तपुरमा नानी मेजर धन शम्सेर बडा हाकिम भए। उनले पनि पहिलेदेखि चल्दै आएको राजकुलो मर्मतमा ध्यान दिए। वि.सं. १९८९ माघ ७ को धन शम्सेरको भक्तपुरस्थित श्री तलेजु भवानी प्रवेश गर्ने लुँध्वाकामा राख्न लगाएको ताम्रपत्रबाट यसको पुष्टि हुन्छ। वि.सं. १९९० सालको महाभूकम्पमा परी श्री तलेजु भवानी परिसरलगायत प्रशस्त दरबार, मन्दिर, पाटीपौवा, सत्तल, विहार, स्तुप, चैत्य, द्यःछेँ, निजी घरहरू आदि अपार भौतिक सम्पदाहरू विनाश भए। यसमा वर्तमान लायकूका कयौँ सम्पदाहरू पनि ढले। ङयङापा भ्ग्य दरबार, चौकोट दरबार, थन्थु दरबार, वसन्तपुर दरबारहरू क्षति भए। तर चोक शैलीमा बनेका श्री तलेजु भवानी भित्रका सम्पदाहरू त्यति क्षति हुन पाएन। तत्कालीन श्री ३ जुध्द शम्सेरले युध्दस्तरमा भत्क्या ब्रिग्या सम्पदाहरूको पुनर्निर्माण एवम् जीर्णोध्दार कार्य सम्पन्न गरे। यसको लागि तीन वर्ष समय लाग्यो। वि.सं. १९९६ मा श्री तलेजु भवानी परिसरको थन्थु दरबारको एक भागमा सफाइ अड्डा नामले वर्तमान भक्तपुर नगरपालिका कार्यालय स्थापना भयो। त्यस्तै २००२ सालमा वसन्तपुर दरबार रहेको विशाल पटाङ्गिनीमा भक्तपुर इङ्ग्लिश स्कुल भनी हालको श्री पद्म मा.वि. सञ्चालनमा आयो। यता श्रीतलेजु भवानीकै ९९ चोकको एक भाग हुनसक्ने राणाहरूले मैगेजिन बगैंचाको रूपमा विकास गरेको ठाउँमा वि.सं. २००४ सालमा विद्यार्थी निकेतन मा.वि. सुरु भयो। ९९ चोकको एक भाग यालाछेँको नारायण मन्दिर रहेको ठाउँमा वि.सं. २००९ सालमा शारदा मा.वि. खुल्यो। श्री तलेजु भवानीको परिसर एवम् सिंहध्वाखा दरबारमा वि.सं. २०१६ सालमा तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले राष्ट्रिय चित्र सङ्ग्रहालय उदघाटन गरे। राजा महेन्द्रले २०१७ साल पौष १ गतेको कदम चाल्नुपूर्व सफल हुन भक्तपुरकी तलेजु भवानी कहाँ पूजा चलाउन खोज्दा पूजा गराउनेले पूजा सङ्कल्प गर्नु परेको थियो। सङ्कल्प गर्दा के उद्देश्य पूर्तिको लागि भन्ने प्रश्नमा राजाले 'शत्रुक्षय' भनेर उत्तर दिएको कुरा डि.रुद्र बहादुर जोशीले भनेका थिए। पंचायती ब्यवस्थाको आगमनसँगै श्री तलेजु भवानी परिसरका कयौँ भागमा सरकारी कार्यालयहरू खुले। तत्कालीन जिल्ला पंचायत कार्यालय, जिल्ला अदालत यसका उदाहरण हो। पंचायती ब्यवस्थाको सुरुआती सँगै सर्वप्रथम शाह राजा महेन्द्रबाट वि.सं. २०१८ सालमा श्री तलेजु भवानी भित्र रंगरोगन गर्नेदेखि भैरवचोकमा अङ्ग्रेजी अक्षर ':' स्थापना गरे। यही वर्ष श्री तलेजु भवानी विराजमान हुनुभएको लायकू दरबारको विशाल पटाङ्गिनीमा दरबारमार्फत नवकुण्ड यज्ञ समेत गराएको थियो। यसबेलाको एउटा घटनाको रूपमा राजा महेन्द्रले श्री तलेजु भवानीको सुनको तरवार लाने इच्छा गर्दा श्री तलेजु भवानीको मूल नाइके स्व. इश्वरीप्रसाद जोशीले इन्कार गरेको सुन्न पाइन्छ। यसको केही वर्षपश्चात् वि.सं. २०२१ सालमा श्री ५ को सरकारले गुठी संस्थान खडा गरेपछि

श्री तलेजु भवानीको मूर्त एवम् अमूर्त सम्पूर्ण भार गुठी संस्थान दिए। वि.सं. २०२५ साल असोज २६ गते राजा महेन्द्र भक्तपुरको तलेजु परिसर पुगेका थिए। यो बखत राजाले मल्ल राजाले लडाईँको बखतमा प्रयोग गर्ने खुँडा हेर्न चाहेका थिए। यो तरवारको खोल झन्डै ३०० तोला सुनले मोडिएको छ। यो खुँडाको म्यान बाहिरको बिँडमा नवदुर्गा गण कुँदिएका छन्, जवाहरात जडिएका छन्। नारायणहिटी दरबारमा यो तरवार, तरवार बाहिरको म्यान (खोल) राजाले आफूसँग राख्न चाहेको कुरा ब्यक्त गरेका थिए। यो कुरा त्यहाँ तलेजूका मुख्य पुजारी ईश्वरीप्रसाद जोशीलाई भनेका थिए। ती पुजारीले 'सरकार ! राष्ट्रमा, सरकारमा , सर्वत्र राम्रै भइराखेको छ भने त्यो खुँडालाई सरकारले अपनाएर अनिष्टता किन निम्त्याउने ? त्यो खुँडा भवानी तलेजुमा समर्पित गरिएको छ। यसमा इष्टदेवी, स्वेष्टदेवीको सम्पत्तिलाई कसैले अपनाउनु ठिक हुँदैन' भने। तैपनि राजाले त्यो हतियार धेरै बलियो गरी दुवै हातले समातेका थिए। त्यो हतियारमा धेरै खिया परेको थियो। त्यसैले खोल्न सल्लाह दिइएन। बाहिरिया कसैलाई यो हतियार भित्र राखिएको कुरा भनिएको थिएन। तैपनि यो कुरा राजाकहाँ पुगेको थियो। यो भन्दा अघिल्लो सालमा पनि यो कहाँ राखिएको छ भनेर थाहा पाउने चर्चा चलेको थियो। पुरातनकालको, पुरातात्त्विक वस्तुको सङ्कलन गर्ने इच्छाले वा लोभले वा सौखले कुन कारणले गर्दा त्यो हतियार राजाले लिन चाहेका हुन्, थाहा हुन सकेन। वि.सं. २०२८ साल पछि राजा वीरेन्द्रले सत्ता सम्हालेपछि राजनैतिक कारणले आफ्नो शासनकालमा कुनै अवरोध नआओस् भन्ने हेतुले श्री तलेजु भवानीका मूल नाइके स्व. इश्वरीप्रसाद जोशीमार्फत श्री तलेजु भवानीलगायत ठाउँ ठाउँमा पुरर्ह्श्चरण पूजा पाठ गर्न लगाएको थियो। वि.सं. २०४५ सालको कोजाग्रत पूर्णिमाको दिन श्री नवदुर्गा भवानीको दर्शन र प्रसाद ग्रहणपश्चात् राजा वीरेन्द्र, रानी ऐश्वर्य, अधिराजकुमार ज्ञानेन्द्रलगायतले श्री तलेजु भवानी दर्शन गर्न पुगे। अहिले देशमा राजतन्त्र नभएता पनि हरेक वर्ष यसैदिन राष्ट्रप्रमुखबाट श्री नवदुर्गा भवानीको दर्शन गर्ने परम्परा रहन गएको छ।

पछिल्लो समय श्री तलेजु भवानी विराजित आगमछेँको छाना चुहिएर कुमारी चोक, सुवाल छेँ लगायतका सम्पदाहरू बिग्रेको हुँदा भक्तपुर नगरपालिका र नेपाल सरकार पुरातत्त्व विभागको संयुक्त पहलमा श्री तलेजु भवानी आगमछेँ जीर्णोध्दार भएको छ।

# बासिबियाँलो




उल्लुहरू कहाँ कहाँ लुकेर बसेको फेला पार्नुभयो ?



चित्रको माथि दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन् ?

(चित्र : इन्टरनेट)

# नमुनाका घरहरू विश्वकर्मा आगम छैँ र तौलाछैँ गणेश द्यःछैँको सङ्क्षिप्त चर्चा

विगोल

भक्तपुर कलाकौशल तथा संस्कृतिको दृष्टिकोणले विश्वले चिनेको सहर हो । यहाँका अनुपम नमुनाका चित्रकला, वास्तुकला, काष्ठकला, मूर्तिकला, प्रस्तरकला, धातुकला, मृत्तिकाकलाका घर, मन्दिर, मठ, सत्तल, विहार, चैत्य र नाचगानले भक्तपुर सहर विश्वको सम्पदास्थल र परिचित सहर बनेको हो । काव्यभित्र आन्तरिक ज्ञानेन्द्रियद्वारा अनुभव गरिने साहित्य सङ्गीत र नृत्यका विविध पक्ष एवं काव्यका रसरङ्ग र अलङ्कार पनि पर्छ । यस्ता कलाकारै कलाकार भएका कारण भक्तपुर खुला जीवित सङ्ग्रहालयको रूपमा स्थापित भएको हो । अग्रजहरूको कला, सीप र अनुभव नयाँ पुस्तामा हस्तान्तरण भइरहेको हुँदा भक्तपुरमा अनेकानेक छुट्टै पहिचान र महत्त्वका कलात्मक नमुनाका सम्पदाहरू ठडिएका छन्, ठडिँदै छन् । यहाँ बनेका मयूर झ्याल, पङ्खेझ्याल, घोडे झ्याल, आँखी झ्याल, उँटे झ्याल (हाल नभएको) भैरवको रथ झ्यालसहितका घर, भवन, द्यःछैँहरू कालिगडहरूको कलाका नमुनाहरू हुन् ।



नवदुर्गा द्यःछैँको भैरवको रथसहितको आँखीझ्याल

कुशल कलाकार या कालिगड नभएका भए नेपालकै सबभन्दा अग्लो पाँचतले मन्दिर (ङातापोल्हँ) कसरी बन्थ्यो ? सुनको द्वार कसरी बन्थ्यो ? पचपन्न झ्याल कसरी बन्थ्यो ? अनि देशकै ठूलो घण्टा, ठूलो शिवलिङ्ग कसरी बन्थ्यो ? मयुर झ्याल भएको मठ, भैरवको रथको झ्याल भएको नवदुर्गा द्यःछैँ, टेराकोटा (इँटेझ्याल) भएको विश्वकर्मा आगम छैँ (घर) कसरी बन्थ्यो ? प्रजापतिहरूको जीवन चरित्र झल्किएको तौलाछैँ गणेश द्यःछैँ कसरी बन्थ्यो ? त्यस्तै आधुनिक शैलीका नयाँ नयाँ घरहरू धमाधम बन्न थालेको यो बेला टोल-टोलमा पुरानै मौलिक शैलीका घरहरू पनि बन्न थालेका छन् । यस्ता मौलिक शैलीका नमुना घरहरू भने थोरै मात्र छन् । यस्तै नमुना घरको रूपमा भनपा वडा नं. १० कमलविनायक सडकसँगै बनेको घर (हाल वडा नं. १० को कार्यालय) र चोर्चामा रहेको सिद्धि गणेश सहकारी संस्थासँगै रहेको एक पुरीको घर पनि नमुना घरकै रूपमा बनाइएको थियो । भनपा वडा नं. ६ स्थित तुछिमलानेर रहेको टेराकोटा झ्याल भएको विश्वकर्मा आगम छैँ र भनपा वडा नं. ९ स्थित वाथीकुथी लिबिमा रहेको किसिकप झ्याल (हात्तीको टाउके झ्याल) भएको तौलाछैँ गणेशको द्यःछैँ घर पनि यहाँका कलात्मक नमुना घरहरू हुन् ।

## विश्वकर्मा आगम छैँ



विश्वकर्मा आगम छैँ (घर) पुरानै मौलिक शैलीमा भक्तपुर नगरपालिकाले पुनःनिर्माण गरेको घर हो । भक्तपुर नगरपालिका वडा नं. ६ स्थित तुछिमलानेर रहेको यो घर

भक्तपुर सहरको एउटा अर्को नमुना घर हो। यो घरको मुख्य आकर्षण र विशेषता भनेको टेराकोटा (इँटेझ्याल) हो। १२/१३ अवाल परिवारहरूको स्वामित्वमा रहेको यो घर पुनः निर्माण गर्न रु. ८६,९७,५४९।६१ खर्च भएको थियो। हाल १२/१३ परिवार रहेका अवालहरू पहिले एउटैका सन्तान थिए भन्ने स्थानीय अवालहरूको भनाइ छ। नेपाल संवत् ८२७ मा बनेको यो घर विश्वमै परिचित ङातापोल्हँ (पाँचतले मन्दिर) बनेपछि बनेको स्थानीय अवालहरूको भनाइ छ। अवालहरू घर, मन्दिर, सत्तल, मठ, पाटी, इनार, ढुङ्गेधारा, पोखरी बनाउन र ती घर र मन्दिरहरूमा झिँगटी छाना आउन निपुण थिए। पाँचतले मन्दिर बनाउन र झिँगटी छाना छाउन अवालहरूको उल्लेख्य योगदान थियो। उक्त मन्दिर बनाउन अवालहरूले पुऱ्याएको योगदानको कदर गर्दै राजा भूपतीन्द्र मल्लले हालको विश्वकर्मा आगम छँ सम्मानस्वरूप अवालहरूलाई हस्तान्तरण गरेको स्थानीय काजीबहादुर अवालको भनाइ छ।

विश्वकर्माको अर्थ कारिगरी काम गर्ने व्यक्ति, कारिगर, कर्मी भन्ने अर्थ लाग्छ। शिल्पशास्त्र वा हस्तकलाका आविष्कर्ता मानिएका पुराण प्रसिद्ध एक देवता विश्वकर्मा हो। यसले निपुण कालिगडको अर्थ लाग्छ। तुछिमलाका अवालहरू अहिले पनि प्रत्येक वर्ष एकचोटि पाँचतले मन्दिरको गजुरमा झन्डोतोलन गर्छन्। आगमको अर्थ कुनै वस्तु या व्यक्ति कतैबाट आउने वा ठाउँमा पुग्ने, प्राप्ति, सङ्गम, आय, उत्पत्ति, निर्गमस्थान हो। यस अर्थमा विश्वकर्मा आगम छँ शिल्पकला भएका कालिगडहरूलाई कसैबाट प्राप्त भएको भन्ने अर्थ लाग्छ।

पाँचतले मन्दिर भूपतीन्द्र मल्लकै पालामा बनेको थियो। कलाकौशलका धनी उनलाई भक्तपुरको सौन्दर्यका संस्थापक मानिन्छ। नेसं ७९५ मा जन्मेका भूपतीन्द्र मल्ल कुशल राजनीतिज्ञ, कला र विकासप्रेमी तथा नाटककार पनि थिए। पाँचतले मन्दिर नेसं ८२२ मा बनाइएको थियो। यस अवसरमा भक्तपुरवासीलाई सम्येबजि र पुरस्कार वितरण, कालिगड र प्रतिष्ठित व्यक्तिहरूलाई भोजन र सम्मान, पूजाहारी, ब्राह्मणलाई सुनको मुकुट र तामाको मुकुट पहिरण गरिएको वंशावली र थ्यासफुमा उल्लेख गरिएको बताइएको छ। अहिले पनि पाँचतले मन्दिरको स्थापनाको स्मरणमा प्रत्येक वर्ष बुसादँ (वर्ष बन्धन) हुन्छ। यसबाट भूपतीन्द्र मल्ल उच्चकोटिका विद्वान, वास्तुकलाका मर्मज्ञ र धार्मिक आस्थाका धनी व्यक्ति मान्न सकिन्छ। टौमढी टोलको दक्षिणाभिमुख पाँचतले मन्दिर वास्तुकलाको बेजोड नमुना पेगोडा (छानेशैली) को मन्दिर हो।

## घरको संरचना र कलाकृति

तीन तले, तीन नाले, तीन कवले सो आगम छँ पहिलेझैँ बज्रले बनाइएको छ। बलेनी छाना रहेको सो घरको छाना झिँगटी इँटाले छाएको छ। मल्लकालीन समयका भक्तपुर सहरका सबैजसो घरमा झिँगटी छाना थिए। सत्तल, मठ, मन्दिर, पाटी, विहार आदि बाहेक पहिलेका यहाँका अधिकांश घर चारतले, झिँगटी इँटा, बेजोडामुखी झ्याल, इँटा माटोले बनाएका एउटै स्वरूपका थिए। आगम छँको सबै तलामा पुराना र नयाँ तेलिया इँटाले छाइएको छ। तेलिया इँटा विशेष प्रक्रियाबाट तयार गरिएको हुन्छ। त्यो तेलझैँ टल्किने, चिल्लो, बलियो र असल खालको हुन्छ। घरको छिँडी तलामा इँटाको एउटा आँखीझ्याल छ। घरमा सातओटा टेराकोटाका झ्यालहरू छन्। उक्त झ्याल र झ्यालका तोरणहरू कर्णबहादुर अवालले बनाएका थिए। घरको उत्तरतर्फ रहेको झ्याल नयाँ छ भने अरू पुरानै झ्यालहरू छन्। घरको दोस्रो तलामा तीनओटा र तेस्रो तलामा तीनओटा झ्याल छन्। सबै झ्याल कलात्मक छन्। घर पुरानै मौलिक शैलीमा बनाइएको छ। घरको तेस्रो तलामा विभिन्न मूर्ति कुँदिएका कलात्मक टुँडालहरू छन्। घरको दुइटा द्वार पनि कलात्मक छ। आगम छँमा भैलद्यः (भैरवको मूर्ति) गणेशको मूर्ति, तुला महाद्यः (महादेव), लक्ष्मी, अष्ट भैरवका मूर्तिलगायत अन्य सानातिना पुराना मूर्तिहरू छन्। हरिशरण अवालका अनुसार तुला महाद्यः अन्तबाट सारिएको हो। लक्ष्मीको मूर्तिलाई महिलाले हेर्न नहुने उनको भनाइ छ।

## आगम छेँको पूजाविधि

भक्तपुरको महत्त्वपूर्ण पर्व बिस्केट जात्रा पनि हो। चैत्र मसान्त या लिङ्गो उठाउने दिन स्थानीय अवालहरू विश्वकर्मा आगम छँमा कुखुराको बलि दिई पूजा गरी सम्येबजि खान्छन् र घरमा भोज खान्छन्। वैशाख १ गते छुमा गणेशको मूर्ति राखिन्छ र पूजा हुन्छ। गणेशको मूर्ति पूजा गर्न एउटै थालमा रहेको पूजामा आधी अवाल र आधी द्योलाले पूजा गर्छन्। हरेक पूर्णिमामा पालो पर्ने अवालले घरमा पूजा गरी सम्मेबजि खानुपर्छ। पूजा गर्ने अवालहरू १२।१३ परिवारको भए पनि चार परिवारले मात्र पहिलेको विधिबमोजिम संस्कारलाई जीवन्तता दिइरहेको उनीहरूको भनाइ छ। हरेक बिहान र साँझ आगम छँको मूर्तिमा पूजा गर्नुपर्छ र बत्ती बाल्नुपर्छ।

दसैँको सुरुआत या आश्विन शुक्ल प्रतिपदाको दिन

घटस्थापना हुन्छ। यस दिन अवालहरू पनि आगम छेँमा जमरा राख्छन्। त्यहाँ जमरा राखेपछि मात्र घरमा राख्छन्। उनीहरूले त्यहाँ आठ दिन बत्ती बाल्नुपर्छ। दसैँमा १२/१३ अवाल परिवारले पूजा गरे पनि चार परिवारले मात्रै बलि दिन्छन्। कुखुराको बलि दिएर घरमा स्युका भ्वे (प्रसाद ग्रहणको भोज) खाइन्छ। दसैँमा विभिन्न ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा स्थल, घर आँगन तथा वरपर विशेष सफा गरिएको हुन्छ। घर-घरमा टीका ग्रहण गरी मान्यजनबाट आशिष लिइएको हुन्छ।

तिहार अर्को महत्त्वपूर्ण चाड हो। यो चाड कार्तिक कृष्ण त्रयोदशीबाट सुरु भई कार्तिक शुक्ल द्वितीयासम्म चल्छ। पाँच दिन चल्ने यो तिहारमा घर आँगन सफा गरिएको हुन्छ, झिलीमिली बत्ती बालेको हुन्छ। तिहारमा काग पूजा, कुकुर पूजा, गाई पूजा (लक्ष्मी पूजा), म्हापूजा (गोवर्द्धन पूजा), किजा पूजा (भाइटीका) हुन्छ। म्हापूजाको दिन नेपाल संवत् फेरिएको हुन्छ। अवालहरू आगम छेँमा लक्ष्मी पूजा र म्हा पूजा गर्छन्। यहाँको त्यो पूजा सकेपछि घरमा पनि लक्ष्मी पूजा र म्हा पूजा हुन्छ। पूजा गर्दा आगम छेँमा मोहनी (कालोटीका) बनाइएको हुन्छ।

फागुन कृष्ण चतुर्दशीका दिन शिवरात्रि मनाइन्छ। यो अर्को यहाँको पर्वोत्सव हो। यो दिन आफ्नो टोल, गाउँ र सहरका शिव मन्दिरमा भक्तालुहरूको घुइँचो हुन्छ। देश विदेशका तीर्थ यात्रीहरू दर्शन गर्न आउँछन्। देशविदेशका साधु सन्तहरू पशुपतिलगायत अन्य शिवका मन्दिरहरूमा दर्शन गर्न आउँछन्। बेलुका शिवालय अगाडि धुनी बाली भजनकीर्तन गर्छन् र जाग्राम पनि बस्छन्। आ-आफ्नो चोक, घर आँगनमा दाउरा बाल्छन्, अन्य खानेकुरा बाँडीचुँडी खान्छन्। यसरी नै विश्वकर्मा आगम छेँमा पनि दाउरा बालिन्छ र मकै भतमास दान गरिन्छ।

इन्द्रायणी जात्रा अर्को महत्त्वपूर्ण जात्रा हो। इन्द्रायणी अष्टमातृकामध्ये एक हो। भक्तपुरमा यन्या पुन्ही (भाद्र शुक्ल पूर्णिमा) को अघिल्लो दिन बेलुका इन्द्रायणी जात्रा हुन्छ भने भोलिपल्ट सिद्धपोखरीमा मेला लाग्छ। नेसं ४९९ मा यो जात्रा चलेको विभिन्न पुस्तकमा उल्लेख गरिएको पाइन्छ। सिद्धपोखरी नेसं २३९ (विसं ११७६) मा बनाउने काम सम्पन्न भएको उल्लेख गरिएको छ। भाद्रशुक्ल द्वादशीका दिन नगरको टोलटोलमा यम द्यः गाडिन्छ। यम द्यःलाई इन्द्रका पुत्र जयन्त मानिन्छ। भाद्र शुक्ल पूर्णिमाको दोस्रो दिनदेखि तीन दिनसम्म मूपात्र ल्याइन्छ। जात्राको पहिलो दिन सःलाँ गणेशस्थान, दोस्रो दिन छ्मा गणेश स्थान र तेस्रो दिन टौमढी टोलस्थित भैरव स्थानबाट ल्याइन्छ। मूपात्र जात्राको अन्तिम दिन लाकोलाछेँ टोलबाट पुलुकिसि (ऐरावत हात्ती) को जात्रा हुन्छ। मूपात्रलाई नगर परिक्रमा गर्नुअघि यां मता ल्याइन्छ। यो यां मता (त्रिशुल आकारको तीनओटा बत्ती) पहिलो दिन सःकुलांका मानन्धर, दोस्रो दिन गोल्मढी टोलका मानन्धर र तेस्रो दिन पाखाचोकका मानन्धरहरूले ल्याउँछन्। यो आश्विन कृष्ण द्वितीयादेखि चतुर्थीसम्म ल्याइन्छ। इन्द्रायणी देवता घुमाउने दिन विश्वकर्मा आगम छेँमा अवालहरूले सम्येबजि दान गर्दछ। सोही दिन आगम छेँको भैलद्यः (भैरवको मूर्ति) निकाली मूर्तिको मुखबाट जाँड खुवाइने चलन अद्यापि छ। यस्तै काठमाडौँको काल भैरव अगाडि पनि जाँड खुवाइने चलन छ।

यसरी नै सि पुन्हिमा स्वस्थानी व्रत सकिने दिन बिमिरा लगी पूजा गर्ने चलन छ। चासु पुन्हिमा महादेवको पूजा हुन्छ। सकिमाङा पुन्हिमा मन्थलीमा तोला महाद्यःको पूजा हुन्छ। पूजामा साँ घ्यो (गाईको घिउ) महादेवलाई खुवाइन्छ। अवालहरूका अनुसार तोला महादेवको पूजासम्बन्धी राम्रो लोकोक्ति छ। यसरी नै आगम छेँमा अन्य पूजा हुन्छ। यसबाहेक हरेक दिन बिहान र साँझपख नित्य पूजा गरी बत्ती बालिन्छ। अवालहरूले त्यहाँ एक एक महिना पालो गरी पूजा गर्ने गर्छन्।

## तौलाछेँ गणेश द्यःछेँ



तौलाछैँ गणेश द्यःछैँ भक्तपुर नगरपालिका वडा नं. ९ स्थित वाथीकुथी ननीको चोकमा रहेको यो अर्को मौलिक शैलीको नमुना घर हो । झन्डै २ आनामा बनेको यो घर साढे तीन तलाको छ । यस घरका पहिलेका अंशियारहरू हर्षबहादुर प्रजापति, रामप्रसाद प्रजापतिको तर्फबाट न्हुछेप्रसाद प्रजापति, श्रीप्रसाद प्रजापति, गोपीकृष्ण प्रजापति, गोपालभक्त प्रजापति, माइला प्रजापति र सुजित प्रजापति तथा पूर्णकुमार प्रजापति र रत्नमाया प्रजापति (स्यांकुटी), कृष्ण प्रजापति, सीताराम प्रजापति र चक्र प्रजापति (किसी) ले मनोमानी राजीखुसी तौलाछैँ गणेश द्यःछैँको नाममा हस्तान्तरण गरिसकेका छन् । यी परिवार र परिवारका सबै सदस्यहरू धन्यवादका पात्र हुन् । तौलाछैँ गणेश द्यःछैँको तर्फबाट सहयोगीहरूलाई अभिनन्दन गर्नु आवश्यक छ ।

तौलाछैँ गणेश द्यःछैँ (गणेशको मूर्ति राख्ने घर) दुइटा उद्देश्यले बनाएको देखिन्छ । एउटा गणेशको मूर्ति सुरक्षित राख्न र अर्को विश्वकर्मा भैल प्याखंका सबै सामग्रीहरू व्यवस्थित र सुरक्षित राख्न । द्यःछैँमा गणेशको मूर्ति राख्न मण्डपसहित मन्दिर स्वरूपमा बनाइएको छ । गणेशको मूर्ति नक्कली प्रजापति र पूर्णकुमार प्रजापतिले सहयोगस्वरूप राखेका थिए । कलात्मक आसनको लागि पूर्णकुमार प्रजापतिकी छोरी सरस्वती प्रतापतिले रु. १ लाख २१ हजार आर्थिक सहयोग गरेकी थिइन् । यही घरमा विश्वकर्मा भैल प्याखंका सामग्रीहरू राखिएका छन् । भैरवनाथको मुकुट राख्न छुट्टै दराजको व्यवस्था गरिएको छ । नाचगानको पोशाक पहिलेकै तीनओटा पुरानो सन्दुकमा राखिएको छ । त्यसको पनि एकपछि अर्को व्यवस्थित ढङ्गले राख्ने बुझिएको छ । भैलप्याखंका माकुण्डोहरू व्यवस्थित र सुरक्षित ढङ्गले सजाएर राखिएका छन् । भैल, महाकाली, बाराही, देवी, बेताल, भुचा, खिचा, कवांचा, लाखे, शेर र सिंह भैल प्याखंका पात्रहरू (कलाकारहरू) हुन् ।

## तौलाछैं गणेश द्यःछैंको आकर्षण र विशेषता

तौलाछैँ गणेश द्यःछैँ नेपाली मौलिक शैलीमा बनेको आधुनिक घर हो । यस द्यःछैँको आकर्षण र विशेषता कलात्मक द्वार, साँझ्यः किसि कप झ्यो (हात्तीको टाउको झ्याल) र नेवार समुदाय विशेषगरी प्रजापतिहरूको जीवन शैलीसित सम्बन्धित वास्तुकला हो । घरका द्वार र भित्तामा ओखलमा मुसलले चिउरा कुटेको, जाँतोमा पिठो पिँधेको वास्तुकला छ । बिजुली र आजभोलिको जस्तो कल नभएको बेला मानिसहरू चिउरा कुट्न ओखल र मुसल तथा गहुँ, मकै पिँध्न जाँतोको प्रयोग गर्थे । प्रजापतिहरू माटाका भाँडा बनाउन कालो माटो र अन्य माटो प्रयोग गर्थे । यस द्यःछैँमा खर्पन बोकी कालो माटो लिन गएको, भाँडा बनाउन चाःक (काठको ठूलो चक्का) घुमाइरहेको, कालो माटो मुछिरहेको, भाँडाको निश्चित आकार दिन भाँडा पिटिरहेको, भाँडा सुकाइरहेको, भाँडा पोलिरहेको र भाँडा बेच्न लागिरहेको वास्तुकलाहरू छन् । त्यसरी नै कपास बाटेको कलाँली (विशेष थाली) बोकेर मन्दिरतिर गइरहेको र महिला र पुरुष बाजा बजाउँदै देवतास्थानतिर गइरहेको वास्तुकला पनि द्यःछैँमा छ । द्यःछैँमा विशेषगरी मृत्तिका कला पाइन्छ । द्यःछैँमा मृत्तिका कलाकारहरूको सीप र कला देखाइएको छ । सारमा, यो तौलाछैँ गणेश द्यःछैँ स्वदेशी तथा विदेशी पर्यटकहरूलाई देखाउनै पर्ने हेर्नलायक घर बनेको छ । स्वदेशी तथा विदेशीहरूको आकर्षण बढाउन यस्ता मौलिक शैलीका नमुना घरहरू टोल-टोलको चोक चोक र गल्ली गल्लीमा बनाउनु आवश्यक छ । द्यःछैँ निर्माणमा जुटेका सहयोगी र स्थानीय बासिन्दाहरू भक्तपुर नपाद्वारा प्रकाशित ब्रोसरमा सो द्यःछैँको फोटो राख्नुपर्ने बताउँछन् ।

द्यःछैँमा राखिएको किसि कप झ्यो मृत्तिका कलाकार अशोक प्रजापतिले बनाएका थिए । करिब रु. २ लाख पर्ने सो झ्यालको कलाकार प्रजापतिले रु. ५० हजार मात्र पारिश्रमिक लिएका थिए । घरमा रहेको साँझ्यो र अष्टमातृकाका टुँडालहरू ठिमी कला सेरामिक्सका सन्तकुमार प्रजापतिले बनाएका थिए । द्यःछैँको मूलद्वार लतंभक्त प्रजापति र चौकोसको लागि इन्द्र प्रजापतिले सहयोग गरेका थिए । अर्को द्वारको चौकोसको लागि कृष्ण दुमरु र खापाको लागि विष्णुसुन्दर प्रजापति, हेरामाया प्रजापति र न्हुछेमाया प्रजापतिले सहयोग गरेका थिए । बुट्टेदार खापा नारायणप्रसाद शिल्पकारको स्मृतिमा सुनिल शिल्पकारले सहयोग गरेका थिए । झ्यो खापाको लागि रामभक्त प्रजापति र मोहनबेटी प्रजापतिको स्मरणमा विष्णुप्रसाद र मोहनप्रसाद प्रजापति (किसी) ले सहयोग गरेका थिए । सबै तलामा तेलिया इँटाले छापेर घरको शोभा बढाइएको छ ।

## द्यःछैं निर्माणमा सहयोग

यस द्यःछैँ निर्माण गर्न स्थानीय, समाजसेवी, व्यापारी-व्यवसायी, गुठियार तथा भक्तजनहरूले आर्थिक र भौतिक सहयोग गरेका थिए । द्यःछैँ निर्माणमा रामभक्त प्रजापति (किसी) को स्मृतिमा मोहनबेटी प्रजापतिले रु. ५ लाख, भऱ्याङको लागि विष्णुप्रसाद प्रजापतिले ४ लाख ५० हजार, विश्वकर्मा भैल प्याखंले ३ लाख, रामभक्त ➲

# समावेशीताको व्यवस्था र राजनैतिक बेइमानी

समीर

नेपालको संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने व्यवस्थामा यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ भनी उल्लेख छ। त्यस्तै समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा, प्रदेश सभाको निर्वाचनको लागि राजनैतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीको आधारमा प्रतिनिधित्व गराउनु पर्ने र त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने व्यवस्था गरेको छ।

सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनैतिक दलबाट निर्वाचित कूल सदस्य सङ्ख्याको कम्तिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने, राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तिमा ३ जना महिला, १ जना दलित र १ जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित ८ जना गरी निर्वाचित गर्नुपर्ने र राष्ट्रपतिबाट मनोनित हुने ३ जना राष्ट्रिय सभा सदस्यमा कम्तिमा १ जना महिला हुनुपर्ने व्यवस्था गरेको छ।

प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये १ जना महिला हुनुपर्ने, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलबाट निर्वाचित कूल सदस्य सङ्ख्याको कम्तिमा १ तिहाइ सदस्य महिला हुनुपर्ने, प्रदेश सभाको सभामुख र उपसभामुखमध्ये १ जना महिला हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। त्यस्तै सातै ओटा प्रदेश, जिल्ला सभा, नगरपालिका र गाउँपालिकामा पनि समावेशीकरणको सिद्धान्तअनुसार महिला, दलित, अल्पसङ्ख्यक, पिछडिएको वर्गको प्रतिनिधित्व हुने व्यवस्था मिलाइएको छ।

---

➲ प्रजापतिका नाति सुशील प्रजापतिले रु. १ लाख आर्थिक सहयोग गरेका थिए। शिव शिखर सहकारीले रु.१ लाख, निक भुजनिक हाउजिङले रु.१ लाख, विष्णुसुन्दर प्रजापति, हीरामाया प्रजापति र न्हुछेमाया प्रजापतिले रु. २ लाख, जितेन्द्र प्रजापतिले रु.१ लाख, सुरेन्द्र प्रजापति (अमेरिका), रामभक्त प्रजापति र मोहनबेटीले रु. २ लाख, न्हुछेबहादुर प्रजापतिले रु. १ लाख, नेपाल कुम्भकार सङ्घले रु. ५० हजार, तीर्थनारायण प्रजापतिले रु. ५५ हजार, न्हुछें प्रजापति (सूर्यमढी) ले रु. ५० हजार, कृष्णगोविन्द वैद्य (व्यासी) ले रु. ५० हजार, मोहनबेटी प्रजापतिले रु. ५० हजार, भूकम्प पीडित केन्द्र तौलाछेँले रु.५२६१० र ओजेस सिंह (लण्डन) ले रु. ५० हजार सहयोग गरेका थिए। त्यस्तै रु. ५० हजारभन्दा कम सहयोग गर्ने अन्य सहयोगीहरू धेरै छन्। धेरैको सहयोग, साथ र सल्लाहबाटै तौलाछेँ गणेश द्यःछेँ बनेको हो। यसलाई कुनै पनि बेला कसैले व्यक्तिको नाममा नजाने गरी या समुदायको निम्ति सामुदायिक सम्पत्तिको रूपमा राख्नु आवश्यक छ। द्यःछेँको सम्पूर्ण काम सकेपछि एक पुस्तिकाजस्तै प्रकाशित गरेर आय-व्यय पारदर्शी गर्नुपर्ने देखिन्छ।

## तौलाछेँ गणेशको जात्रा

नयाँ वर्षको अघिल्लो दिन या चैत मसान्तको दिन योसिंखेल र तालाक्वमा लिङ्गो ठड्याइन्छ। लिङ्गो योसिंखेलमा वैशाख १ गते र तालाक्वमा वैशाख ५ गते ढालिन्छ। यस्तै लिङ्गो साँगा, बोडे, टोखा, हनुमानढोकामा पनि ठड्याइन्छ। योसिंखेलको लिङ्गोमा दुइटा ध्वजा (हलिपत) झुन्ड्याइएको हुन्छ। लिङ्गो ५५ हातको हुनुपर्ने मान्यता छ। लिङ्गो ठड्याउन र ढाल्न आठओटा काँचो धागोको मोटो डोरी हुन्छ। तन्त्रको आधारमा आठ ओटा डोरीलाई अष्टमातृका गण मानिन्छ। यसै समयमा टोल-टोलमा बिस्केट जात्रा हुन्छ। टोल-टोलमा हुने जात्राहरूमध्ये ब्रह्मायणी, महेश्वरी, महाकाली, महालक्ष्मी, इन्द्रायणी, जेठा गणेश, छुमा गणेश, बाराही, भैरव र भद्रकाली रथ आदिको हुन्छ।

तौलाछेँ गणेशको जात्रा पनि बिस्केटकै समयमा हुन्छ। वैशाख २ गते सूर्यमढी टोलमा ब्रह्मायणी, महेश्वरी, श्वेतभैरव, गणेश र बालकुमारीको जात्रा हुन्छ। वैशाख ३ गते ब्रह्मायणी र महेश्वरीको जात्रा हुन्छ। गणेशको मूर्ति तौलाछेँ गणेश द्यःछेँमा राखिएको छ। गणेशको मूर्ति र विश्वकर्मा भैल प्याखं सामग्री राख्न बनाइएको तौलाछेँ गणेश द्यःछेँ भक्तपुरको एक मौलिक शैलीमा निर्मित वास्तुकलाले भरिपूर्ण अर्को नमुना घर हो।

राजनैतिक दल सम्बन्धी ऐन २०७३ मा पनि लैङ्गिक तथा समावेशीताको पक्षमा विशेष व्यवस्था गरेको छ। जसअनुसार दलको सदस्यता प्राप्त गर्न नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गको आधारमा बन्देज लगाइएको, वञ्चित गरेको वा विभेद गरेको देखिएमा दल दर्ता हुन नसक्ने प्रावधान राखी प्रतिनिधित्व प्रणालीलाई लैङ्गिक मैत्री र समावेशी बनाउने प्रयास गरेको छ। साथै राजनैतिक दलको सबै तहको समितिहरूमा कम्तिमा १ तिहाइ महिला सदस्य हुने व्यवस्था गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।

यसरी नेपालको संविधान, निर्वाचन कानुन र राजनैतिक दल सम्बन्धी ऐनले समावेशीताको लागि बाध्यात्मक कानुनी व्यवस्था गर्दा समेत ठूल्ठूला राजनैतिक दलहरूले स्थानीय तहदेखि राष्ट्रपति र उपराष्ट्रपति तहसम्मको निर्वाचनमा गठबन्धन, एकता र सहमतिको नाममा राजनैतिक बेइमानी गरी महिला, दलित, अल्पसङ्ख्यक र पिछडिएका वर्गका प्रतिनिधिलाई वञ्चित गरेका छन्। स्थानीय तहमा प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएपनि नेपालका ७५३ स्थानीय तहहरूमध्ये धेरै स्थानीय तहमा महिला सहभागिता भएको पाईंदैन। देशको सर्वोच्च पदमा आसीन व्यक्तिहरूको विवरण खोटलेर हेर्दा अधिकांश पदमा उच्च जातिका खस, बाहुन र पुरुष नै बहालरत रहेको छ। यस्तोमा उपराष्ट्रपति पदको निर्वाचनमा गठबन्धनबाट महिला उम्मेदवार नदिई पुरुषलाई नै उम्मेदवार बनाई निर्वाचित गर्नु लैङ्गिक समावेशीताको अर्को एउटा बेइमानी हो ।

नेपाल सांस्कृतिक, भाषिक र जातीय विविधताको मुलुक हो। त्यसैले राज्यका सबै अङ्गहरूमा देशभरिका विभिन्न जातजाति, भाषा भाषी, संस्कृतिको समानुपातिक प्रतिनिधित्वको संविधानले परिकल्पना गरेको छ। तर राजनैतिक दल र राज्यका विभिन्न अङ्गहरूमा सुरुदेखि नै क्षेत्री बाहुनको नेतृत्व र बाहुल्यता कायम हुनु र तल्लो तहदेखि माथिल्लो तहसम्मका पार्टीका नेता कार्यकर्ताहरू ती माथिल्लो जातिका पुरुषहरू मात्र हुनुले समावेशीताको कार्यान्वयन नारामामात्र सीमित रहने जोखिम बढेको छ। देशका सबै ठूला राजनैतिक दलका शीर्षस्थ नेताहरू बाहुन र क्षेत्री हुने गरेको तथ्याङ्कले पुष्टि गर्दछ। झुक्किएर आक्कलझुक्कल कोही जनजातिका नेता नेतृत्वमा पुगे पनि चाणक्य नीति प्रयोग गरी राजनीतिबाट अलग्याएको नेपालको राजनैतिक इतिहासले पुष्टि गर्दै आएको छ। चाहे त्यो गणेशमान सिंह होस्, चाहे त्यो पुष्पलाल श्रेष्ठ होस्, चाहे त्यो अष्टलक्ष्मी शाक्य नै किन नहोस् ।

राज्यका सबै अङ्ग र तहमा लैङ्गिक भाषिक र जातिगत समावेशीताको लागि महत्त्वपूर्ण भूमिका खेल्ने जिम्मेवारी राजनैतिक दलहरूकै हो। जबसम्म राजनैतिक दलहरूले वडातहका प्रारम्भिक समितिदेखि केन्द्रीय समितिसम्म समावेशीताको सिद्धान्तअनुसार महिला, जनजाति, दलित, अल्पसङ्ख्यक र पिछडिएको वर्गलाई समावेश गर्दै नेतृत्व तहमा पुऱ्याउँदैन तबसम्म समावेशीताको व्यवहारिक अभ्यास असम्भव प्रायः हुन्छ। राजनीतिक रूपले प्रशिक्षित नभएका व्यक्तिले नेतृत्वमा पुगेपनि सार्थक भूमिका खेल्न सकिँदैन। त्यस्तै नेतृत्वको लागि योग्यता, क्षमता र दक्षता अभिवृद्धि गर्न शिक्षा र आर्थिक क्षेत्रमा लक्षित वर्गसम्म पहुँच पुऱ्याउन जरुरी हुन्छ। तर, नेपालजस्तो विकासोन्मुख देशमा महिला, दलित, अल्पसङ्ख्यक, जनजाति र पिछडिएको वर्ग आफ्नो आधारभूत आवश्यकता पूरा गर्न मै सङ्घर्षरत रहँदा राजनैतिक गतिविधिमा सहभागी हुन नसक्ने र उही सम्भ्रान्त वर्गबाट परिचालित भैरहनुपर्ने हाम्रो समाजको धरातलीय यथार्थ हो। यसर्थ, कानुनी व्यवस्थालाई व्यवहारमा लागु गरी राज्यको सबै तह र तप्कामा समावेशीताका सिद्धान्तअनुसार लक्षित वर्ग र समूहलाई सार्थक नेतृत्व गराउन राज्य र समाजले गम्भिरतापूर्वक योजनाबद्ध ढङ्गले अगाडि बढ्न जरुरी छ। अहिलेको २१ औँ शताब्दीमा पनि देशका अधिकांश वर्ग र समुदायलाई राज्यको पहुँचबाट विमुख गराई देशको समानुपातिक विकासको अपेक्षा गर्नु भनेको मूर्खताबाहेक केही हुन सक्दैन। तसर्थ, सबै राजनैतिक दल, निर्वाचन आयोग र सरकारले नेपालको संविधानको मर्म र भावनाअनुसार समावेशीतालाई व्यवहारमै सार्थक लागु गर्न आजैदेखि गम्भिरतापूर्वक पाइला चाल्न अपरिहार्य छ।





# शिक्षासेवी तथा भाषासेवी माणिकलाल श्रेष्ठप्रति एक स्मृति

ऐतिहासिक महानगर कान्तिपुरका
साहित्यको आकाशका एक चेतनशील समालोचक
विद्याको मन्दिरका लगनशील प्राध्यापक
नेपाल भाषाका एक चम्किला तारा !

जीवनको प्रत्येक पाइलामा रतिभर नथाकी
भाषासेवी शिक्षासेवी भएर जीवन अर्पण गर्ने
सामाजिक परिवर्तनको लागि सशक्त रचनाकार
प्रतिभाशाली मिलनसार प्राध्यापक माणिकलाल श्रेष्ठ !

तिम्रो लगनशीलता, तिम्रो इमानदारी
यो नवयुगको आकाशमा प्रगतिशील भावनाको प्रतीक हो
तिमीले देखाएका भाषा सेवाका रेखाहरू
कोर्नेछन् भोलिका नवभाषासेवीहरूले ।

तिमीले छरेको ज्ञानको सुवास
अज्ञानताले घेरिएको बस्तीमा
तिम्रो शिक्षा सेवा, तिम्रो भाषा सेवा
यो मातृभूमिको लागि एक पथ प्रदर्शन हो ।

तिम्रो न्यायपूर्ण आवाजका शब्दहरू
जनमानसमा सधैँ सम्झिरहने छन्
तिम्रा हरेक जनसेवाका कार्यकलापहरू
यो ज्ञानभूमिमा अमरदीप भएर चम्किरहने छ ।

तिम्रो महान् सेवा हामी सम्झिरहेका छौँ
यो धरतीमा तिम्रो गुणगान सधैँ गरिरहनेछौँ
जगतलाई सुन्दर-शान्त पार्ने तिम्रो पथमा
भविष्य कर्णधारहरू अघि बढिरहने छन् ।

*(प्राध्यापक माणिकलाल श्रेष्ठको निधन भएको दुई वर्षको पुण्यतिथिमा रचित स्मृति कविता)*

- न्हुछेरत्न बुद्धाचार्य

# प्रेरणीय

## अटुट लक्ष्यको परिणाम

यो घटना सन् १८९२-९३ तिरको हो । लाहोर कलेजमा स्नातक तहमा एक गरिब विद्यार्थी पढ्थे । गरिब भए पनि उनी पढाइमा भने निकै तेज थिए । एकपटक अर्का एक छात्रले ती गरिब विद्यार्थीलाई हेप्ने उद्देश्यले होच्याउँदै भने, 'ब्राह्मण भएर तिमी संस्कृतको साटो फारसी पढ्दै छौ । यो कति लाजमर्दो कुरा हो, भन त ।'

साथीको यस भनाइले ती विद्यार्थीलाई चसक्क बिझायो । उनले सङ्कल्प गरे, एक न एक दिन म अवश्यै संस्कृत भाषा र साहित्यको राम्रो ज्ञान हासिल गरेरै छाड्नेछु । तत्काल उनले केही भनेनन् । उनले मुखले बोलेर प्रतिवाद गर्नुभन्दा पनि कामले नै त्यो पुष्टि गरेर देखाउने अठोट गरे । उनी छिटोभन्दा छिटो संस्कृतको मूलभूत जानकारी प्राप्त गर्न चाहन्थे । त्यसैले उनले संस्कृतका एकजना अध्यापकसँग गएर आफ्नो चाहना व्यक्त गरे । उनी सोही वर्षको संस्कृत भाषाको स्नातक तहको परीक्षामा सम्मिलित हुन चाहन्थे । उनको चाहना बुझेपछि पहिले ती अध्यापक मुसुक्क मुस्कुराए र भने, 'रहर गर्नु त ठीकै हो, तर संस्कृत पढ्दै नपढेको विद्यार्थीले एकैपटक स्नातक तहको संस्कृतको परीक्षा कसरी दिन सक्छौ ?'

अध्यापकको रुखो जवाफपछि पनि उनी निराश भएनन् । उनी आफ्ना बाबु, साथीहरू र कक्षाका जान्ने विद्यार्थीको सम्पर्कमा रहेर संस्कृत अध्ययनमा जुटे । त्यसको तीन महिनापछि उनी पुनः तिनै अध्यापककहाँ पुगे । त्यहाँ पुगेपछि ती अध्यापकसँग उनले संस्कृतको परीक्षा दिने अवसर मिलाइदिन अनुरोध गरे । उनको क्षमता जाँच्ने अभिप्रायले अध्यापकले प्रश्न सोध्दा उनले सजिलै सबै प्रश्नको सही जवाफ दिए ।

दृढ निश्चयी यी विद्यार्थी भारतीय सभ्यता र संस्कृतिका अमूल्य रत्न स्वामी रामातीर्थ थिए, जसले स्नातकको सो परीक्षामा विश्वविद्यालयभरिमै पहिलो स्थान प्राप्त गरे ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# पृथ्वीको आयुबारे केही ऐतिहासिक जानकारी



विष्णुभक्त राजचल

पृथ्वीको सृष्टि सम्बन्धी तथ्य जति जटिल छ, त्यति नै यसको निर्माण कालको विषयमा पर्याप्त मतभेद छ। विद्वानहरूले प्रयोग एवं तर्कको आधारमा पृथ्वीको आयुको वास्तविक गणना गर्ने प्रयास गरेका छन्। तर, त्यसको परिणाम एउटै नभएर भिन्दाभिन्दै भएको पाइन्छ। कयौँ विद्वानहरूले पृथ्वीको निर्माण कहिले कसरी भयो भन्नेबारे सत्य तथ्य पत्तालगाउन गहनतम कार्य गरेका छन्।



## धार्मिक धारणाअनुसार पृथ्वीको आयु निर्धारण र विधि

प्राचीन समयदेखि दार्शनिकहरू, धार्मिक गुरुहरू साथै ज्योतिषविद्हरूले पृथ्वीको आयु पत्ता लगाउन ठूलो प्रयास गरेका छन्। विश्वको सबै क्षेत्रमा धार्मिक आधारमा यो समस्याको समाधान गर्ने प्रयास गरिएको छ। प्राचीन हिन्दू विचारकहरू पृथ्वीलाई ब्रम्हाको रचना मान्दछन्। हिन्दू धर्मअनुसार पृथ्वीको आयु १,९७,१२,२१,०६० वर्ष छ। **मनुस्मृति** नामको धर्म ग्रन्थमा सत्ययुग ४,८०० वर्ष, त्रेतायुग ३,६०० वर्ष, द्वापर युग २,४०० वर्ष र कलियुग १,२०० हुन्छ भनी उल्लेख गरेका छन्। देवताहरूको युग मानिसहरूको युगभन्दा १२ गुणा बढी हुन्छ भनेका छन्। मनुष्यहरूको एक वर्ष भनेको देवताहरूको एक दिन बराबर भनिएको छ। तसर्थ देवताहरूको

सत्ययुग ४,८०० X ९० X ४ = १७,२८,००० वर्ष मनुष्ययुग

त्रेतायुग ३,६०० X १२० X ३ = १२,९६,००० वर्ष मनुष्ययुग

द्वापरयुग २,४०० X १८० X २ = ८६,४०० वर्ष मनुष्ययुग, र

कलियुग १,२०० X ३६० X १ = ४,३२,००० वर्ष मनुष्ययुग अङ्कित गरेका छन्।

यी चार युगलाई **चतुर्युगी** भनिन्छ। १०० चतुर्युगी बराबर ब्रम्हाको एक दिन हुन्छ भनेका छन्। ४३,२०,००० वर्षलाई एक **महायुग** मानिएको छ।

मनुस्मृतिमा १७,२८,००० + १२,९६,००० + ८,६४,००० + ४,३२,००० = ४३,२०,००० वर्षको एक महायुग मानिएको छ। ७१ महायुग अर्थात् ४३,२०,००० X ७१ = ३०,६७,२०,००० वर्षको एक **मन्वन्तर** हुन्छ भनिएको छ। प्रत्येक मन्वन्तरको अन्त्यमा प्रलय अर्थात सम्पूर्ण पृथ्वी जलमग्न हुन्छ। १४ मन्वन्तर अर्थात् ३०,६७,२०,००० X १४ = ४,२९,४०,८०,००० वर्ष व्यतित हुँदा **महाप्रलय** हुन्छ। त्यसपछि पृथ्वीको सृजना नयाँ तरिकाले प्रारम्भ हुन्छ। उपरोक्त ग्रन्थ अनुसार अहिलेसम्म ६ ओटा मन्वन्तर व्यतित भइसकेको विश्वास गरिएको छ। अब सातौँ मन्वन्तरको पनि २८ औँ महायुग गतिशील अवस्थामा रहेको छ।

अब यहाँ धर्म ग्रन्थमा उल्लेख गरिएका गणनाअनुसार पृथ्वीको आयु १,९७,२९,४९,०६१ वर्ष अर्थात् ३०,६७,२०,००० X ६ + ४३,२०,००० X २७ + ४३,२०,००० + १,१६,६९,०६१ = १,९७,२९,४९,०६१ वर्ष निर्धारण गरिएको छ। अतः यसअनुसार पृथ्वीको आयु निकाल्ने सूत्र निम्न प्रकारका छन्–

पृथ्वीको आयु = एक मन्वन्तर X ६ + एक महायुग X २७ + सत्ययुग + त्रैतायुग + द्वापर युग + कलियुग + हाल व्यतित युग जस अनुसार ३०,६७,२०,००० X ६ + ४३,२०,००० X २७ + १७,२८,००० + १२,९६,००० + ८,६४,००० + ४,३२,०००+ १,१६,६९,०६१ = १,९७,२९,४९,०६१ वर्ष पृथ्वीको आयु हुन्छ।


जेम्स हट्टन


एडमन्ड हेली


लर्ड केल्विन


रुडरफोर्ड

पृथ्वीको आयु सम्बन्धमा भू-गर्भशास्त्री **जेम्स हट्टन** (James Hutton-1726-1797) ले सन् १७८५ मा आफ्नो भनाइ यसरी प्रकट गरेका छन्- पृथ्वी पनि समयअनुसार अरू वस्तु जस्तै परिवर्तन भइरहन्छ। यो परिवर्तनकारी अवस्था यति धेरै लामो समय हुन्छ जुन मानिसको लागि तिथि मिति सहितको सत्य तथ्य थाहा पाउन असम्भव हुन्छ। किनकी मानिसको आयु यसको तुलनामा यति छोटो छ कि जसले गर्दा पृथ्वीको उत्पत्ति वा यसको सृजना र आयु पत्ता लगाउन सक्ने कोही पनि मानिस समर्थवान हुनसक्ने छैनन्।

इरानका विद्वानहरूले पृथ्वीको आयु १२,००० वर्ष मानेका छन् भने बाइबलमा पृथ्वीको आयु वा यसको उत्पत्ति इसा पूर्व ४,००० वर्ष मानेका छन्। भारतीय विद्वानहरूले पृथ्वीको सृजना दुई अर्ब वर्ष पहिले भएको मानेका छन्। यसप्रकारले धरातलको विभिन्न क्षेत्रहरूमा पाइने विभिन्न प्रकारका शिला, वनस्पति, जीवांश आदिको आधारमा विभिन्न विद्वान, वैज्ञानिक र भूगर्भविद्हरूले पृथ्वीको आयु आ-आफ्नै तरिकाले विर्धारण गरेका छन्।

विभिन्न विद्वानहरूले पृथ्वीको आयु निर्धारण गर्दा अपनाइएका विधिहरू सङ्क्षिप्त रूपमा चर्चा गर्ने जमर्को गरेको छु।

## (१) सागरमा पाइने नूनको मात्रामा आधारित आयु निर्धारण विधि-

धरातलको विभिन्न स्थानहरूबाट बगेर गई समुद्रमा खस्ने नदीहरूले अरू विभिन्न पदार्थहरूका साथै केही मात्रामा नुनिलो रसायन तत्त्व पनि बगाएर लगी समुद्रमा मिसाउने वा थुपार्ने कार्य गर्छ। प्रत्येक वर्ष त्यसरी नदीले नुनिलो रसायन पदार्थ समुद्रमा मिसाउँदा नूनको मात्रा वृद्धि भएर जान्छ। वर्षभरिमा के कति परिमाण नुन मिसिएको हो सो को आधारमा वैज्ञानिकहरूले नुनको कूल मात्रालाई हिसाव गरेर पृथ्वीको आयु निर्धारण गर्ने गर्दछन्। **एडमन्ड हेली** (Edmond Halley -1656-1742), **वीको र जोली** नामका विद्वानहरूले यही प्रक्रियालाई आधार मानेर पृथ्वीको आयु १५० करोड वर्ष पुरानो भएको आकलन गरेका छन्।

## (२) भौतिक शास्त्र विधिमा आधारित आयु निर्धारण विधि-

पृथ्वीको उत्पत्तिको प्रारम्भिक अवस्थामा यो पृथ्वी एउटा आगोको डल्लोको रूपमा थियो। कालान्तरमा धेरै वर्ष पछि विस्तारै यसको बाहिरी भाग सेलाउँदै चीसो अवस्थामा पुग्यो। यस पृथ्वीको धेरै गहिराइको केन्द्र वा गर्भमा अहिलेसमा पनि पूर्ण रूपमा चीसो हुन नसकी अत्यन्त तातो गिलो अवस्थामा रहिरहेको अनुमान गरिएको छ। वर्षैपिच्छे अलिअलि सेलाउँदै गएर चीसो अवस्थामा पुगेको


अर्थर होम्स


जर्ज डार्विन


लाप्लास


हेराल्ड जेफ्री



जर्ज कुवियर



जोन प्लेफेयर



चार्ल्स लील



लेमार्क

पृथ्वीको बाहिरी तह ठोस रूपमा परिणत भयो। अब विद्वानहरूले वार्षिक के कति परिमाणमा तापक्रम घटेर गई यो ठोस अवस्थामा पुगेको हो सो हिसाव गरेर पृथ्वीको आयु निर्धारण गरेका छन्। डा. **लर्ड केल्विन** (William Thomson, also known as Lord Kelvin-1824-1907) ले यही प्रणालीलाई आधार मानेर पृथ्वीको आयु १० करोड वर्ष भैसकेको अनुमान गरेका छन्।

### (३) बाहिरी भाग खिइएर गई बाँकी रहेका अवशिष्ट तत्वमा आधारित विधि-

पृथ्वीको बाहिरी सतहका विभिन्न स्थानमा प्रारम्भिक अवस्थामा रहेका ढुङ्गा वा चट्टानको स्वरूप नदी, हिमनदी, वायु, वनस्पति, प्राणी जस्ता अपहरणकारी साधनहरूले गर्दा र समय, ताप तथा चाप आदिको प्रभावमा परी बाहिरी भाग खिइएर गई बाँकी भाग अवशिष्ट अवस्थामा रहेका हुन्छन्। त्यस्ता अवशिष्ट चट्टानहरू पनि टुक्रिएर, अपहरण भएर पहिलो, दोस्रो, तेस्रो गरी अनेकौं चरण पार गरेर बदल्दै धेरै समयपछि एक अवस्थाबाट अर्को अवस्थामा परिणत भएर अन्त्यमा एक विशेष खालको अणु वा परमाणु तत्त्वको रूपमा बाँकी रहन पुग्छ। ती बाँकी रहेका तत्त्वलाई सीसा या हिलियमजस्ता वस्तुको सहायताले प्रारम्भिक चट्टान के कति वर्ष वा समयपछि सो अवस्थामा परिणत हुन आएको हो भन्ने बारे हिसाव गरेर सार निकाली पृथ्वीको आयु निर्धारण गरेको हुन्छ।

सन् १९०४ मा **रुडरफोर्ड** (Ernest Rutherford-1871-1937) ले यही प्रणालीको आधारमा पृथ्वीको आयु निर्धारण गर्ने विधि अपनाएका थिए। उनले विधिलाई **Helium method** भनेका थिए। यस्तै अर्का विद्वान **अर्थर होम्स** (Arthur Holmes-1890-1965) ले युरेनियमबाट प्राप्त सीसाका अंश तथा शेष युरेनियमको मात्राको सहायताले प्रारम्भिक चट्टानको आयु निर्धारण गरी पृथ्वीको आयु बताएका थिए। यस विधिलाई उनले **Lead method** नाम दिए। उपरोक्त प्रणालीको आधारमा पृथ्वीको आयु निर्धारण गर्ने दुई विधिको सूत्र निम्न प्रकारका छन्-

(क) होम्सका अनुसार चट्टानको आयु = सीसा/युरेनियम x ६६० करोड वर्ष

(ख) रुडफोर्डका अनुसार चट्टानको आयु = हेलियम/युरेनियम x ८०० वर्ष।

### ४) चन्द्रमाको दूरीको आधारमा पृथ्वीको आयु निर्धारण विधि-

खगोलशास्त्री **जर्ज डार्विन** (Sir George Howard Darwin-1845-1912) को भनाइ अनुसार चन्द्रमा प्रतिवर्ष १३ सेन्टिमिटरका दरले पृथ्वीबाट टाढिँदै जाने गर्छ। त्यसैले चन्द्रमाको उत्पत्ति कालदेखि अहिलेसम्मको दूरी कति छ त्यसको आधारमा हिसाव गर्दा पृथ्वीको आयु ४ अर्ब वर्ष भैसकेको छ।

### (५) ज्योतिषी विद्याको आधारमा-

ज्योतिषी शास्त्रले पनि पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने कुरालाई नकार्न सकेका छैनन्। तर पृथ्वीले सूर्यलाई परिक्रमा गर्दा परिक्रमण गर्ने बाटो सदासर्वदा दीर्घवृत्ताकार नभई बेलाबखतमा परिवर्तन हुने गर्दछ। सोही आधारमा प्रसिद्ध विद्वान **लाप्लास** (Pierre-Simon Laplace-1740-1827) ले पृथ्वीको आयु २ करोड १० लाख वर्ष भइसकेको हिसाव निकालेका छन्।

### (६) ज्वारभाटाको आधारमा -

चन्द्रमाको कला अनुसार कुनै कुनै समुद्रको किनारमा हरेक दिन साना ठूला ज्वारभाटा उठ्ने गरेका हुन्छन्। पूर्णिमाको रातमा सबैभन्दा ठूलो ज्वारभाटा उठ्ने गर्दछ। सोही ज्वारभाटा उठ्ने र बस्ने प्रक्रियाको आधारमा विद्वान **हेराल्ड जेफ्री** (Harold Jeffreys-1891–1989) ले पृथ्वीको आयु २.५ x $१०^{९}$ गुणा अर्थात २ अर्ब ५० करोड



विलियम स्मिथ



चार्ल्स डार्विन

वर्ष भैसकेको बताएका छन् ।

## (७) सामुद्रिक पीँधमा ठिग्रिएर जम्मा भएर रहेका माटोको मोटाइको आधारमा पृथ्वीको आयु निर्धारण-

नदी खोला जस्ता प्रवाह प्रणालीद्वारा हरेक वर्ष माटो, बालुवा तथा अन्य वस्तुहरू बगाएर ल्याई समुद्रमा थुपारेको हुन्छ । प्रतिवर्ष निश्चित परिमाणमा त्यसरी माटो, बालुवा थुपार्दै गर्दा तह तह पारेर थुप्रिएका माटो बालुवाको मोटाइ निर्माण हुन्छ । विद्वानहरूले त्यसरी थुप्रिएर रहेका माटोको मोटाइ गणना गरेर पृथ्वीको आयु निर्धारण गरेका छन् । यसरी समुद्रको पीँधमा जम्मा भएर रहेको माटोको मोटाइको आधारमा वैज्ञानिकहरूले पृथ्वीको आयु १० करोड वर्ष निर्धारण गरेका छन् ।

## (८) अन्य आधारहरू -

उनाइसौँ शताब्दीको प्रारम्भिक कालमा पृथ्वीको आयु निर्धारणबारे दुईओटा सैद्धान्तिक विचारलाई वैज्ञानिक वा दार्शनिकहरूले अगाडि सारेका छन्–

**(क) प्रलयवाद** (catastrophism)

एक थरीका दार्शनिकहरूको भनाइ अनुसार यस पृथ्वीको सतहमा बरोबर गइरहने भूकम्प, ज्वालामुखी विस्फोटन, अतिवृष्टि, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रभावले गर्दा बेलाबखतमा परिवर्तन वा अदलबदल भइरहने गर्दछ । कहिलेकाहीँ यस्ता प्राकृतिक प्रकोप यति शक्तिशाली भइदिन्छ कि जलमग्न वा पर्वत निर्माणकारी शक्ति आई यो पृथ्वीमा प्रलय भएर सम्पूर्ण प्राणी तथा वनस्पति नष्ट भएर गई त्यसका नस्लसमेत समाप्त भएर जान्छ । केही कालपछि पुनः नयाँ खालका नयाँ स्वरूप र आकृतिका बोटविरूवा जनावर सृष्टि भएर नयाँ रचनाको सुरुवाट हुन्छ । फ्रान्सेली वैज्ञानिक **जर्ज कुवियर** (Jean Nicolas, Baron Cuvier -1769-1832) यस प्रलयवादका कट्टर समर्थक थिए । उनको भनाइअनुसार यो पृथ्वीको सतहमा ऐतिहासिक कालमा त्यस्ता प्रलयकारी शक्ति कयौँ पटक आइसकेको छ । ऐतिहासिक कालमा भइसकेका यस्ता प्रलयकारी शक्तिको गणनाको आधारमा पृथ्वीको आयु निर्धारण गरिन्छ ।

**ख) एकरूपवाद** (Uniformitrianism)

अर्को थरीका दार्शनिकहरूले यो संसारमा कुनै पनि वस्तुको उत्पत्ति वा सृजना र अन्त्यबारे खोजीनीति गर्नु व्यर्थ हुन्छ भनेका छन् । किनकी पृथ्वीको जुनसुकै स्थानमा रहेका जुनसुकै वस्तुको आदि र अन्त्य कसरी भयो भन्ने बारे पत्तालगाउन सक्ने सामर्थ्य कुनै पनि मानवमा छैन । वर्तमानमा जे जस्तो अवस्थामा हामी पाउँछौँ ती सबै विगत कालमा भएका उपजहरू हुन् । यस भनाइका प्रवर्तक स्कटल्याण्ड निवासी भू-वैज्ञानिक **जेम्स हट्टन** हुन् । उनले सन् १७८५ मा एडिनबराको रोयल सोसाइटी समक्ष आफ्नो यो भनाइ प्रस्तुत गरेका थिए । जेम्स हट्टनकै साथी गणितज्ञ **जोन प्लेफेयर** (John Playfair-1748-1819) ले पनि हट्टन कै भनाइलाई समर्थन गरेर व्याख्या गरेका छन् । यस्तै ब्रिटिश वैज्ञानिक **चार्ल्स लील** (Sir Charles Lyell-1797-1875) ले पनि हट्टनकै विचारलाई समर्थन गरेका छन् ।

अर्का वैज्ञानिक **लेमार्क** (Lamarck -1744-1829) ले संसारमा प्रलय आएपनि सबैखाले पुराना जीव वस्तु पूर्णरूपमा समाप्त भएर नगई समय, परिस्थिति र अनुकूल वातावरण अनुसार आफ्ना आकृति परिवर्तन गर्दै निरन्तर विकास भएर गएको हुन्छ भनेका छन् ।

ब्रिटेनका अर्को वैज्ञानिक **विलियम स्मिथ** (William 'Strata' Smith-1769-1839) र जीवशास्त्री **चार्ल्स डार्विन** (Charles Robert Darwin-1809-1882) ले वैज्ञानिक लेमार्कको विचारलाई पूर्ण रूपमा सहमति जनाएका थिए । तर विलियम स्मिथले पुराना एउटै प्रकारका जीवहरूको अवशेष (Fossil) त्यस्तै एकै प्रकारका चट्टानमा मात्र सीमित रहने गर्छ भनेका छन् । जुन प्रकारको चट्टानमा जस्तो खालका जीववस्तुको अवशेष पाइन्छ ती त्यही एउटै समयमा बनेका हुन्छन् । डार्विनले यो एकरूपवाद को आधारमा पृथ्वीको आयु ४० करोड वर्ष भैसकेको अडकल गरेका छन् ।

**सन्दर्भ सामग्री**

१) Text Book of Geomorphology–P.G. warcerter
(२) भू आकृति विज्ञान-तिवारी, विश्वनाथ र सतीश चन्द्र, गोरखपुर विश्वविद्यालय ।

# वडाध्यक्षको डायरीबाट

# वडा कार्यालय र जनप्रतिनिधिलाई दिएको वचन तपाईँले बिर्सनुभयो

कुशल

दोस्रो प्रहरको समय थियो । वडा कार्यालयमा सेवाग्राहीहरू खासै थिएनन् । त्यसैले 'मजदुर' दैनिक पत्रिका पढ्दै थिएँ । त्यही समयमा मोवाईलमा एक परिचित साथीको फोन आयो । कल रिसिभ गर्ने वित्तिकै त्यस परिचित साथीले भन्नुभयो, 'नमस्कार वडाध्यक्षज्यू । टोलमा हरिराम अवाल (नाम परिवर्तित) ले आफ्नो नयाँ घरको अगाडि पेटी बनाउँदै छ । तपाईँलाई जानकारी दिन फोन गरेको हुँ । तपाईँ आएर हेर्नुपर्‍यो ।' मैले जवाफमा भनेँ, 'मापदण्ड विपरीत आफ्नो घर अगाडि पेटी बनाउँदिन भनेर वडामा उसले कागज गरेको छ । नियम विपरीत पेटी बनाएको भए म अहिल्यै निरीक्षकलाई त्यहाँ निरीक्षण गर्न पठाइदिउँला ।' यत्ति भनी मैले फोन राखिदिएँ ।

त्यस व्यक्तिले नक्सा पास गर्नेक्रममा अरूको घर लाइनसँगै आफ्नो पनि घर बनाउन नक्सा दिनुभएको थियो । अरूको घर लाइनसँग वहाँको घर लाइन मिलाएर दिँदा मापदण्ड विपरीत हुने भएकोले नगरपालिकाले उनको नक्सा रोकेको थियो । नगरपालिकाले नक्सा रोकेपछि उनी वडामा नक्सा पास प्रक्रिया सम्बन्धमा बुझ्नको लागि वडा कार्यालयमा आएका थिए । उनले वडामा आफ्नो नक्सा सम्बन्धमा थप अध्ययन गर्न लिखित निवेदन दिएपछि वडाका पाँच जना जनप्रतिनिधि स्थलगत अध्ययनको लागि जग्गा हेर्न पुगेका थियौँ । स्थलगत अध्ययन गर्दा उनकोसँगै अर्को एक व्यक्तिको पनि जग्गा खाली नै भएकोले नगरपालिकाको मापदण्डले घर लाइन दिन नमिल्ने अवस्था थियो । तर हामी जनप्रतिनिधि गएर हेर्दा घर बनाउने जग्गा एकदमै सानो र नगरभित्रको कोर एरियाभित्र परेकोले गर्दा यस विषयमा थप अध्ययन गर्नुपर्ने निष्कर्ष निकालेको थियौँ । स्थलगत अध्ययनपछि निर्वाचित समितिको बैठकको एजेण्डामा उनको नक्सा प्रक्रियाबारे गहन छलफल गरियो । छलफलको क्रममा जनप्रतिनिधिहरूले नगरभित्र कोर क्षेत्रमा थोरै जग्गा भएकोले घर अलि बढी बनाउन पाओस् भन्ने आसयले पेटी नबनाउने शर्तनामा कागज गराई घरको नक्सा पास गर्न नगरपालिकामा अनुरोध गर्ने निर्णय भएको थियो । उक्त निर्णयअनुसार वडाबाट निर्वाचित समितिको निर्णयको प्रतिलिपिसहित नगरपालिकामा हामीले उनको नक्साको फाइलसहित वडाको चिठी पनि पठाएको थिएँ । त्यसक्रममा उनले आफ्नो घर बनाउनेक्रममा र बनाइसकेपछि पनि पेटी नराख्ने प्रतिबद्धता पत्र दिएका थिए । त्यस प्रतिबद्धता पत्र र वडाको निर्णय प्रतिलिपिसहित उनको फाइल नगरपालिकामा गएपछि निर्माण समितिका साथीहरू फेरि स्थलगत अध्ययनमा आउनु भएको थियो । वडाको सिफारिससहित निर्माण समितिबाट निरीक्षण प्रतिवेदन तयार भएपछि बल्ल उनको नक्सा पास भई घर निर्माण भएको थियो । तर हाल आएर घर निर्माण भइसकेपछि पेटी बनाएको खबर आउँदा मलाई रिस उठ्नु स्वभाविक नै हो ।

मैले तुरुन्त वडा निरीक्षकलाई फोन गरी भनेँ 'टोलमा अहिले हरिराम अवालले आफ्नो घर अगाडि पेटी बनाउँदै छ भन्ने खबर आएको छ । उसले पेटी नबनाउने वडामा प्रतिबद्धता पत्र दिएको छ । साथै जनप्रतिनिधिले पेटी नबनाउने सर्तमा घरको नक्सा पास गर्न सिफारिस गरेको थियो । तर त्यस व्यक्तिले अहिले आफ्नो वचन विपरीत पेटी बनाउँदै गरेको खबर आएकोले स्थलगत निरीक्षण तत्काल गर्नुस् र मलाई फिल्डबाटै मौखिक रिर्पोट दिनुहोला ।'

निरीक्षकले मलाई जवाफमा भन्नुभयो, 'सर, मेरो ड्युटी आवर सकिन लाग्यो । म भोलि बिहानै निरीक्षणमा गई तपाईँलाई खबर गर्छु । उसले पहिला पनि बनाउन लागेको थियो । बनाएको भए भोलिनै भत्काउन लगाउँछु ।' मैले अलि जोड दिएर निरीक्षकलाई भनेँ, 'त्यस व्यक्तिले पेटी बनाएको भए कुनै पनि हालतमा भत्काउनु पर्दछ । बरु भत्काउन समयमा म पनि अगाडि आउँछु र भत्काउनलाई सहयोग गर्छु । तपाईँले भत्काउनु भएन भने जनप्रतिनिधि गएर भएपनि भत्काउनु पर्ने बाध्यता आउँछ ।' निरीक्षकले त्यस्तो परिस्थिति आउँदैन भन्दै फोन राखिदिए ।

निरीक्षकलाई यसरी भत्काउने आदेश दिएर पनि मलाई चैन मिलेको थिएन किनकी त्यस मान्छेले हामी पाँच जना जनप्रतिनिधिसमक्ष निकै अनुनय विनय गरी घर लाइन

दिनको लागि अनुरोध गरेको मलाई सम्झना थियो। उनको अनुनय विनय र व्यवहारिकरूपमा पनि नगरभित्र घर जग्गा प्रायः सबैको सानो भएकोले सानो ठाउँमा पनि अलि ठूलो घर बनाउन पाउने भए किन घर लाइन नदिने भन्ने सोचले घर लाइन दिने सिफारिस गरेका थियौँ। तर, त्यस व्यक्तिले पाँच जना जनप्रतिनिधिलाई छलकपट गरेको ठहरिन आयो। मान्छेले यतिसम्म झूट बोल्दो रहेछ भन्ने अन्दाज मैले गर्नै सकिँन। हुन त एक जना हाम्रै जनप्रतिनिधिले भोलि यसले कुनै पनि हालतमा पेटी बनाएर छोड्छ अनि त्यसवेला हामी यो कुर्सीमा हुँदैन अनि के गर्ने भन्नुभएको थियो। मलाई वहाँले भनेको कुरा झलझलती याद आयो। तापनि पाँच जना जनप्रतिनिधि अगाडि गरेको लिखित र मौखिक प्रतिबद्धता त्यसरी उल्लङ्घन गर्ला भन्ने कल्पनासम्म गरेको थिइँन। अहिले हामी पाँच जना पुरानै जनप्रतिनिधिलाई पार्टीले फेरि एकपटक जनताको सेवा गर्न पठाएको र दोहोरिएर पहिलाभन्दा बढी मत लिएर फेरि आएकोले त्यस व्यक्तिले गरेको प्रतिबद्धता सम्झनामै छ। त्यसैले कुनै पनि हालतमा पेटी नभत्काई नहुने मैले सारांश निकाली वडाबाट घर जानेक्रममा म त्यस घरमा पेटी बनाएको हो कि होइन भनी हेर्न त्यस घरको बाटो भएर गएँ। त्यस व्यक्तिले पेटी बनाई माटो बोरा राखेर छोपेको रहेछ।

राती सुत्ने वेलामा पनि मलाई पेटी बनाएको खबर र उसले अनुनयविनय गर्दाको अनुहार झलझलती याद आइरह्यो। मान्छे आफ्नो निजी स्वार्थको लागि कति झूटा हुन सक्छन् भन्ने मैले आन्दाज नै गर्न नसकेको अनुभव भयो। साथै मैले अझै पनि आफूमा अनुभवको कमी भएको महसुस गरेँ।

भोलिपल्ट वडा निरीक्षकले फोनमा भन्नुभयो, 'सर नमस्कार। म यही टोलमा आएको छु। यहाँ हरिरामले त पूरा पेटी बनाई ढलान गर्नसमेत भ्याइसकेछ। अब के गर्ने ?' मैले निरीक्षकलाई भनेँ, 'अहिल्यै कर्मचारी बोलाएर पूरै भत्काइदिनुस्।' निरीक्षकले जवाफमा भन्नुभयो, 'सर, अहिले हामी यहाँ दुई जनामात्र छौँ। दिउँसो खाना खाएर अरू पनि कर्मचारी लिएर आउँछु। तपाईँ पनि अगाडि बसिदिनुस्। अनि भत्काउँला।' मैले हुन्छ भनी फोन राखिदिएँ।

त्यस दिनको कार्यतालिका मेरो व्यस्त थियो। वडामा पनि बैठक र एउटा स्कुलमा पनि बैठक भएकोले गर्दा दिउँसो मलाई त्यस स्थलमा जान गाह्रो थियो। तापनि म सकभर जाने मनस्थिति बनाएँ। वडामा बैठक लम्बियो। एघार बजेसम्म बैठक लम्बिएको र फेरि मेरो अर्को बैठक भएकोले घरमा खाना खानको लागि म उठ्न खोज्दै थिएँ। तर वडामा सेवाग्राहीहरू धेरै जम्मा भइसकेकोले सेवाग्राहीहरूसँग छलफल गर्न थालेँ। करिव दिउँसो एक बजेतिर निरीक्षकले नगरपालिकाबाटै फोन गरेर पेटी भत्काउन जान लागेको र मलाई पनि फिल्डमा आउन अनुरोध गर्नुभयो। मैले हुन्छ भनी फोन राखिदिएँ। तर, म सेवाग्राहीहरूबाट घेरिएको थिएँ र स्कुलबाट फोन लगातार आइरहेको थियो।

निरीक्षकले फेरि करिब दस मिनेटपछि फोन गरी आफूहरू फिल्डमा पुगेको र पेटी भत्काउन थालेको जानकारी दिनुभयो। म हतारहतार फिल्डमा पुगेँ। म फिल्डमा पुग्दासम्म नगरपालिकाका करिव दस पन्ध्र जना कर्मचारीहरू पेटी भत्काउँदै थिए। मैले कर्मचारीहरूलाई सबै पेटी भत्काउन र फलामका सामानहरू जफत गरी वडामा ल्याउन निर्देशन दिएँ। त्यसक्रममा टोलका मानिसहरू पनि जम्मा भइसकेका थिए। पेटी भत्काइ सकेपछि मैले निरीक्षकसँग त्यस घर मालिक हरिराम अवालको फोन नम्बर लिएर कल गरेँ र भनेँ, "तपाईँले हिजो मापदण्ड विपरीत बनाएको पेटी मैले कर्मचारी लगाएर भत्काइदिएको छु। भत्काउनको लागि लागेको लागत तपाईँले तिर्नुपर्दछ। अनि तपाईँले जनप्रतिनिधिसमक्ष गरेको प्रतिबद्धता विपरीत पेटी बनाएकोले हाललाई तपाईँको सबै सिफारिस रोक्ने जानकारी गराउन चाहन्छु। तपाईँ इमान र जवान नभएको मान्छे रहेछ। वडाकार्यालय र जनप्रतिनिधिलाई दिएको वचन तपाईँले विर्सनु भएको जस्तो छ। तपाईँ संस्कार नपुगेको मान्छे रहेछ। आइन्दा त्यस्तो नगर्नु होला।' फोनमा उसले मलाई जवाफ दिन खोजेको थियो। तर मैले आफ्नो कुरा राखिसकेपछि फोन नै काटिदिएँ। त्यसपछि पनि उनले मलाई कल गरेको थियो। मैले उनको फोन रिसिभ गर्नुपर्ने जरूरत सम्झिनँ। त्यसपछि मात्र मलाई अलि चैन भएको महसुस भयो।

त्यस घटनाको पर्सिपल्ट हरिराम अवाल र उसकी पत्नी वडा कार्यालयमा आए। तर वडामा सेवाग्राहीहरूको भीड भएकोले मैले वनलाई पनि वडामा आउनु कारण सोधेँ। उनले सीधै 'मापदण्ड विपरीत पेटी बनाउने मान्छे म नै हुँ। म तपाईँसँग आफ्नो गल्तीको लागि क्षमा माग्न आएको' बताए। उनले मसँग औपचारिकरूपमै माफी मागिरहेको थियो। तापनि मलाई धेरै रिस उठ्यो। मैले उनलाई अब आइन्दा मापदण्ड विपरीत पेटी नबनाउन अनुरोध गरी विदा गरेँ।

# अन्तर नगर ख्वो ख्वो र खेलाडी



श्यामकृष्ण खत्री

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा शहीद दिवसको अवसरमा फागुन ५ गतेदेखि ९ गतेसम्म भक्तपुर नगरपालिकाबाट आयोजित अन्तर नगर ख्वो ख्वो प्रतियोगिताको उद्घाटन भयो ।

नेपाल मजदुर किसान पार्टीको स्थानीय निर्वाचनमा जनतालाई घोषणा पत्रमार्फत प्रतिबद्धता व्यक्त गरेका कुराहरू सम्पन्न गर्दै लैजाने उद्देश्यले अन्तर नगर पुरुष ख्वो ख्वो प्रतियोगिता आयोजना गरेकोमा १३ ओटा नगरपालिकाबाट १४ ओटा टीमको सहभागिता भएको थियो । २०७४ सालको स्थानीय निकायको चुनावपछि २०७५ साल फागुन ८ गतेदेखि निरन्तर भलिबल, कराते, एथ्लेटिक्स, बुद्धिचाल र २०७९ साल फागुन ५ गतेदेखि ९ गतेसम्म ख्वो ख्वो प्रतियोगिता नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा नगद पुरस्कारसहित समापन गरियो ।

२०४६ सालको फागुन ७ गते देशमा प्रजातन्त्र पुन:स्थापनाका निम्ति जनआन्दोलन सुरु भएको थियो । फागुन ८ गते सूर्यमढीबाट नेपाल बन्दको सिलसिलामा पसल बन्द गराउँदै तचपाल, गोल्मढी, सुकुलढोका हुँदै टौमढीमा पुग्दा प्रजातन्त्रको निम्ति भएको त्यो शान्तिपूर्ण जुलुस (प्रदर्शन) माथि गोली प्रहारबाट प्रर्दशनकारीहरू १) राजकुमार सुवाल, २) कृष्णराम दुवाल, ३) हरिकृष्ण भुजु, ४) निर्मलकुमार शाक्य, ५) पुष्परत्न शाक्य र ६) महेश श्रेष्ठले सहादत प्राप्त गरे । २०४६ सालको जनआन्दोलनको क्रममा भक्तपुरले प्रजातन्त्रको निम्ति शहीदहरू सुम्पिएको दिनलाई खेलकुदको माध्यमबाट शहीदहरू प्रति श्रद्धाञ्जली दिन अन्तर नगर ख्वो ख्वो प्रतियोगिता आयोजना गरेको हो ।

पञ्चायतकाल होस् या प्रजातन्त्रमा खेलाडीहरूलाई हेर्ने दृष्टिकोणमा खासै परिवर्तन भएको देख्नपाइएको छैन । खेलाडीहरूलाई सरकारमा जाने पार्टीहरूले हेर्ने दृष्टिकोण भेदभावरहित एवं निष्पक्ष भएको हामीले देख्न पाइरहेका छैनौँ । देशका शासक वर्गले अझ पनि खेलकुदलाई प्राथमिकतामा राख्न सकिरहेको छैन । भक्तपुर नगरपालिकाले चुनावी प्रतिबद्धताअनुसार २०४३ सालदेखि नगर खेलकुद समिति गठन गरी युवा र खेलाडीहरूलाई पुरानो विचार त्यागी नयाँ विचार – विज्ञानसम्मत विचारलाई अंगाल्न तथ्यलाई प्रमाण दिएर पुष्टि गर्न सक्ने युवा खेलाडी तयार गर्न खेलकुदलाई प्राथमिकतामा राख्दै आएको छ ।

२०५१ सालदेखि ५ ओटा खेलको नियमित प्रशिक्षण, २०७४ को स्थानीय निकायको चुनाव पछि जिम्नाष्टिक खेलकुद प्रशिक्षण दिई नियमित ६ ओटा खेलको प्रशिक्षण दिइ आएको छ । वडा वडामा व्यायाम सामग्री स्थापना, खेलकुद समिति गठन गरी खेलाडीहरूलाई समेत्ने प्रयास गर्दै नगरभित्रका ७९ ओटा विद्यालयहरूको सहभागितामा विद्यालय स्तरको खेलकुद प्रतियोगितामा २६९८ जना खेलाडी विद्यार्थी सहभागिता गराई प्रतियोगिता सफलता पूर्वक सम्पन्न गरिएको थियो । यसरी युवा विद्यार्थीहरूलाई भक्तपुर नगरपालिकाले खेलप्रति आकर्षित गराई वर्तमानमात्र होइन भविष्यलाई पनि सोचेर खेलाडीहरूको सेवा गर्दै आइरहेको छ ।

भक्तपुर नगरपालिकाले खेलाडीहरूलाई भाग्ने होइन साहसी बन्न हौसला दिनुका साथै सामाजिक कार्यकर्ता बनाउने उद्देश्य राख्दै खेलकुद गतिविधि गर्दछ । खेलाडीहरूलाई अवसरलाई त्यागी मिहिनेत गरी सफल बनी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी बन्न उत्प्रेरणा दिन्छ भने पूँजीवादी सोचको नेतृत्वले गरिब वर्गका खेलाडीहरूलाई खुट्टामा सिक्री बाँधेर दगुराउने गर्छ । भक्तपुर नगरपालिकाले ज्ञान, सीप, योग्यताअनुसार खेलाडीहरूलाई प्राथमिकतामा राख्दछ ।

भक्तपुर नगरपालिकाले हरेक खेललाई केन्द्र विन्दुमा राख्दै प्रतियोगिता, प्रशिक्षण गराउँदै आएको छ । पूँजीवादी व्यवस्थामा खेलाडीलाई पैसाले किन्छ । साशक दलहरू खेलाडीलाई पैसाले पाल्ने सोच राख्छ । नगरपालिकाले खेलाडीहरूलाई कुनै न कुनै एक खेलमा विशेषता हासिल गराउने प्रयास गर्दैछ । विशेषता हासिल गरेका खेलाडीहरूलाई उचाइमा पुऱ्याउनको निम्ति, देशको निम्ति, समाजको निम्ति अझ भनौँ समाज परिवर्तन गर्नको निम्ति भक्तपुर नगरपालिकाले प्रयत्न गर्दैछ ।

नगरभित्रका जुनसुकै खेलका खेलाडीहरूले पनि

म नगरवासीहरूको प्रतिनिधित्व गरी खेल खेल्दैछु, ७५३ नगरपालिकाहरू मध्ये उत्कृष्ट नगरपालिकाको लागि खेल्दैछु भनेर आत्मिविश्वासका साथ खेल खेल्नु आवश्यक छ। खेलाडी साथीहरू, प्रशिक्षक मित्रहरू लगायत खेलसँग सम्बन्धित विज्ञहरूले पनि साझा जिम्मेवारीका साथ खेल खेल्नुपर्छ, खेलाउनु पर्छ र खेलिराखेको छु भन्ने कुरा बुझ्नु आवश्यक छ।

खेलाडीहरूले म भोलिको लागि भक्तपुरबाट राष्ट्रको लागि अन्तराष्ट्रिय स्तरमा नेपाललाई चिनाउनको लागि अन्तराष्ट्रिय खेलाडी बन्छु भन्ने महत्त्वाकाङ्क्षा राख्नु आवश्यक छ। नगर, जिल्ला, प्रदेश, राष्ट्रमा सिक्दै गएर अन्तराष्ट्रिय खेलाडी बन्न सफल हुनेमा दुई मत नहोला। कुनै पनि खेलाडीले उद्देश्य राखेर खेल्नु आवश्यक छ। जसले इच्छा राख्दैन उसले प्रगति गर्न सक्दैन।

भक्तपुरबाट निर्वाचित नेमकिपाका जनप्रतिनिधिहरूले प्रदेश र सङ्घीय संसद्मा जसरी देश र जनताको पक्षमा बोल्छन् त्यसरी नै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले नगर भित्रका नगरवासीहरूलाई जन्मदेखि मृत्यु सम्मका आधारभूत आवश्यकताहरू पहिचान गरी समाधान गर्दै नगरवासीहरूलाई अनुशासित बनाउने प्रयास गर्दछ। नगरभित्रका खेलाडीहरूलाई पनि अनुशासनमा केही कमी कमजोरीहरू छन् भने छलफलको माध्यमबाट समस्या समाधान गर्नुपर्ने, आलोचनालाई मनन गरेर गल्तीलाई सुधार्दै जानसके मात्र खेल क्षेत्रमा प्रगति गर्न सकिन्छ। आलोचना-आत्मालोचनाले ठिक निर्णयमा पुगिन्छ। मान्छे सानो हुनसक्छ तर सत्य त्यसैमा हुनसक्छ, सानै भए पनि टेक्निक तथा ट्यालेन्ट हुन सक्छ। सफल हुन चाहनेले सानो र ठूलो, जुनियर र सिनियरको हीनता र अहमता राख्नुहुँदैन।

आफूलाई प्रशिक्षण गराउने गुरु (प्रशिक्षक) को प्रशिक्षणले आफू यहाँसम्म आइपुगेँ अब म गुरु (प्रशिक्षक) भन्दा जान्ने बुझ्ने भएँ, मेरो लागि प्रशिक्षक (गुरु) केही होइन, प्रशिक्षकको निर्देशन पालन गर्नुपर्दैन भन्ने गलत विचारलाई सुधार्दै उच्च विचारद्वारा निर्देशित हुनु आवश्यक छ। त्यसकारण खेलाडीहरूले समर्पण भएर नै खेल खेल्ने हो। आफू कहाँबाट कुन क्षेत्रबाट सफलता हासिल गरेको हो त्यो सङ्घ संस्थाको नाम र प्रशिक्षण सम्झनु पर्छ।

भक्तपुर नगरपालिकाले खेलाडीहरू भागेर हिंड्ने होइन सङ्घर्ष गर्न र सहनशील हुन सिकाउँछ। मूल्यवान खेलाडी देशभक्तका साथै सामाजिक कार्यकर्ता भएर भविष्यमा नेतृत्व गर्न सक्ने खेलाडी उत्पादन गरी जनताका राजनैतिक कार्यकर्ता बनाउने भक्तपुर नगरपालिकाले उद्देश्य राखेको छ।

भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष विभिन्न खेलको अन्तर नगर प्रतियोगिता गर्दै आएकोमा २०७९ फागुन ५ गतेदेखि ९ गतेसम्म अन्तर नगर पुरुष ख्वो ख्वो प्रतियोगितामा १) भक्तपुर ए र बी, २) काठमाडौँ, ३) ललितपुर ४) कीर्तिपुर, ५) बनेपा, ६) धनगढी, ७) पोखरा, ८) ठाकुरबाबा, ९) कावासोती, १०) भरतपुर, ११) खाँडवारी, १२) वीरगञ्ज र १३) कलैया अन्तरनगर ख्वो ख्वो खेलकुदमा सहभागी भएको थियो। प्रतियोगितामा प्रथम पुरस्कार १ लाख ५० हजार, प्रमाण पत्र, ट्रफी, मेडल, दोस्रो हुने टिमलाई १ लाख, प्रमाण पत्र, ट्रफी मेडल, तेस्रो हुने नगरपालिकालाई ५० हजार मेडल, ट्रफी प्रमाण पत्रद्वारा सम्मान गरी प्रतियोगिता ४ समूहमा विभाजन गरी लिग कम नकाउटको आधारमा खेल खेलाइएको थियो। प्रतियोगितामा सहभागी भई ग्राउण्ड प्रवेश गरी खेल खेल्ने सबैलाई खेल सम्पन्न भएपछि ५/५ हजार नगद प्रदान गरी प्रोत्साहन गरेको थियो।

## हार्दिक समवेदना



**स्व. नानीछोरी खुसु**

**जन्म : २०१८ असार १०। निधन : २०७९ चैत्र ११**

यस भक्तपुर नगरपालिका साविक वडा नं. १५ का वि.सं. २०५४-२०५९ सालका वडासदस्य **नानीछोरी खुसु**को दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# इतिहास रच्ने नेपाली आरोहीहरू

प्रस्तुति : वन्दिता

हिमाल चढ्नु खेल होस् या मनोरञ्जन निश्चय पनि साहसको प्रदर्शन हो । यस्तो साहसको काम विश्वका थुप्रै देशका आरोहीले सम्पन्न गरेका छन् । नेपालका थुप्रै आरोहीले पनि आफ्नो साहस प्रदर्शन गरेका छन् । तीमध्ये धेरैले विभिन्न कीर्तिमान राखेका छन् तर केही नेपाली आरोहीले कीर्तिमानको इतिहास रचेका छन् ।

विश्वमा आठ हजार मिटरभन्दा अग्ला हिमाल १४ ओटा छन् । ती सबै एसिया महादेशको हिमालय शृङ्खलामा पर्दछ । त्यसमध्ये ८ ओटा अग्ला चुचुरा नेपालमा वा छिमेकी देशको सिमानामा रहेका छन् । तीन ओटा भने नेपालको सरहदभित्र रहेको छ । पाकिस्तानमा ५ ओटा र एउटा चीनमा रहेको छ ।

विश्वका ८००० हजार मिटरभन्दा अग्ला शिखरहरू उचाइको क्रममा निम्न हुन् –

| | |
|---|---|
| Everest | - 8848.86m/29031.7ft |
| K2 | - 8611m / 28250ft |
| Kanchanjunga | - 8586m/28169ft |
| Lhotse | - 8516m/27940ft |
| Makalu | - 8463m/27766ft |
| Cho Oyu | - 8201m/26906ft |
| Dhaulagiri | - 8167m/26795ft |
| Manaslu | - 8163m/26781ft |
| Nanga Parbat | - 8125m/26660ft |
| Annapurna I | - 8091m/26545ft |
| Gasherbrum I | - 8068m/26469ft |
| Broad Peak | - 8047m/26400ft |
| Gasherbrum II | - 8035m/26362ft |
| Shishapangma | - 8012m/26285ft |

विश्वको सबभन्दा अग्लो सगरमाथा ५-६ करोड वर्ष पुरानो मानिन्छ । एक जानकारीअनुसार एकपटक सगरमाथाको आरोहण गर्न १५-२० लाख खर्च हुन्छ ।

एक तथ्याङ्कअनुसार सन् १९५३ देखि २०२२ सम्ममा विश्वको सर्वोच्च शिखर सगरमाथाको चचुरोमा विभिन्न ११५ देशका आरोहीले पाइला टेकिसकेका छन् । त्यसमा पहिलो आरोही सन् १९५३ मई २९ मा नेपालका तेन्जिङ शेर्पा (खास नाम नामग्याल वाङ्डी) र न्यु जिल्यान्डका एडमन्ड हिलारी हुन् ।

सगरमाथाको पहिलो आरोहणपछि धेरै पटक आरोहण गर्नेहरूमा नेपाल पहिलो पङ्क्तिमा रहेको छ ।

एक तथ्याङ्कअनुसार जनवरी २०२३ सम्ममा ६३३८ जना विभिन्न आरोहीले सगरमाथाको चुचुरोमा टेकेका छन् । एउटै व्यक्तिले धेरै पटक सगरमाथाको सफल आरोहण गरेकाले ११ हजारभन्दा बढी मानव पाइलाले चुचुरोमा टेकेका छन् । त्यसमध्ये सबभन्दा बढी १७५६ पटक नेपालीको पाइला परेको छ । दोस्रोमा संरा अमेरिकीको ७४८ र भारतीयको ५२६ पटक पाइला परेको छ ।

यहाँ एक सय पटक र त्योभन्दा बढी पटक सगरमाथाको शिखरमा पाइला टेक्ने देश र पटक दिइएको छ –



## Summiteers of Everest by Nationality (1953-2022)

| देश | पटक |
|---|---|
| Nepal | 1756 |
| USA | 748 |
| India | 526 |
| China | 495 |
| UK | 412 |
| Japan | 205 |
| Russia | 177 |
| Canada | 133 |
| France | 129 |
| Australia | 122 |
| S Korea | 121 |
| Spain | 100 |

विभिन्न हिमालको आरोहण गर्ने हजारौँ छन् तर विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ ओटै शिखरमा पाइला टेक्ने आरोही ४५ जनामात्र छन्, त्यसमा नेपाली ६ जना शेर्पा छन् – मिङ्मा शेर्पा, छाङ दावा शेर्पा, सानु शेर्पा, मिङ्मा ग्याबु शेर्पा, निर्मल पुर्जा र निमा ग्याल्जेन शेर्पा। त्यसमा पनि अग्ला १४ ओटै शिखरमा दुई पटक पुग्ने केवल एकजना मात्र छन्, उनी नेपालका सानु शेर्पा हुन्। जानकारीको लागि १४ ओटै शिखरमा पाइला टेक्ने नेपाली आरोहीहरूको आरोहण र वर्ष –

### मिङ्मा शेर्पाको आरोहण

| SN | Mountain | Year |
|---|---|---|
| 1 | Cho Oyu | 2000/2002 |
| 2 | Manaslu | 2000/2020 |
| 3 | Makalu | 2001 |
| 4 | Shishapangma | 2001 |
| 5 | Lhotse | 2002 |
| 6 | Broad Peak | 2003 |
| 7 | Gasherbrum II | 2003 |
| 8 | Mount Everest | 2004 |
| 9 | K2 | 2004 |
| 10 | Nanga Parbat | 2010 |
| 11 | Annapurna I | 2010 |
| 12 | Gasherbrum I | 2010 |
| 13 | Dhaulagiri | 2010 |
| 14 | Kangchenjunga | 2011 |

### छाङ दावा शेर्पाको आरोहण

| SN | Mountain | Year |
|---|---|---|
| 1 | Makalu | 2001/2008 |
| 2 | Lhotse | 2002 |
| 3 | Cho-Oyu | 2002 |
| 4 | Mount Everest | 2003/2004/2005 |
| 5 | Broad Peak | 2008 |
| 6 | Manaslu | 2010/2011/2020 |
| 7 | Nanga Parbat | 2010 |
| 8 | Gasherbrum I | 2010/2011 |
| 9 | Kanchanjunga | 2011 |
| 10 | Gasherbrum II | 2011 |
| 11 | Annapurna I | 2012 |
| 12 | K-2 | 2012 |
| 13 | Dhaulagiri I | 2012/2014 |
| 14 | Shisha Pangma | 2013 |

### सानु शेर्पाको आरोहण

| SN | Mountain | Year |
|---|---|---|
| 1 | Cho Oyu | 2006, 2008 |
| 2 | Shishapangma | 2006, 2011 |
| 3 | Everest | 2007, 2008, 2009, 2012, 2013, 2016, 2017 |
| 4 | Lhotse | 2008, 2021, 2022 |
| 5 | Manaslu | 2010, 2011, 2016 |
| 6 | K2 | 2012, 2021 |
| 7 | Gasherbrum I | 2013, 2019, 2022 |
| 8 | Broad Peak | 2014, 2017 |
| 9 | Kanchenjunga | 2014, 2022 |
| 10 | Annapurna | 2016, 2021, 2022 |
| 11 | Nanga Parbat | 2017, 2018, 2022 |
| 12 | Dhaulagiri | 2019, 2021, 2022 |
| 13 | Gasherbrum II | 2019, 2022 |
| 14 | Makalu | 2019, 2022 |

### निर्मल पुर्जाको आरोहण

| SN | Mountain | Year |
|---|---|---|
| 1 | Dhaulagiri | 2014, 2019, 2021 |
| 2 | Mount Everest | 2016,2017, 2019 (2), 2021, 2022 |
| 3 | Lhotse | 2017, 2019, 2022 |
| 4 | Makalu | 2017, 2019 |
| 5 | Annapurna | 2019 |
| 6 | Kangchenjunga | 2019, 2022 |
| 7 | Nanga Parbat | 2019 |
| 8 | Gasherbrum I | 2019 |
| 9 | Gasherbrum II | 2019 |
| 10 | K2 | 2019, 2021, 2022 |
| 11 | Broad Peak | 2019 |
| 12 | Cho Oyu | 2019 |
| 13 | Manaslu | 2019, 2021 |
| 14 | Shishapangma | 2019 |

## मिङ्मा ग्याबु शेर्पाको आरोहण

| SN | Mountain | Year |
|---|---|---|
| 1 | Mount Everest | 2010, 2011, 2012, 2013, 2017, 2018, 2021 |
| 2 | Cho Oyu | 2011 |
| 3 | Manaslu | 2012, 2015, 2018, 2019 |
| 4 | K2 | 2014, 2018, 2021, 2022-2 |
| 5 | Makalu | 2014 |
| 6 | Lhotse | 2018 |
| 7 | Kangchenjunga | 2019 |
| 8 | Dhaulagiri | 2019 |
| 9 | Nanga Parbat | 2019 |
| 10 | Annapurna | 2019 |
| 11 | Gasherbrum I | 2019 |
| 12 | Broad Peak | 2019 |
| 13 | Gasherbrum II | 2019 |
| 14 | Shishapangma | 2019 |

## निमा ग्याल्जेन शेर्पाको आरोहण

| SN | Mountain | Year |
|---|---|---|
| 1 | Shisapangma | 2005 |
| 2 | Everest | 2005, 2007,2008, 2010, 2011, 2012 |
| 3 | Cho-yu | 2006 |
| 4 | Gasherbrum I | 2022 |

निमा ग्याल्जेनले सन् २०२२ मा गेशरब्रम पहिलोको सफल आरोहणको समाचारका साथ १४ ओटै टाकुरा चुम्ने छैटौं नेपाली भएको बताइएको छ ।

**List of climbers who have summited all 14 eight-thousanders**

| SN | Name | Year | Age | Nationality |
|---|---|---|---|---|
| 1 | Reinhold Messner | 1986 | 42 | Italian |
| 2 | Jerzy Kukuczka | 1987 | 39 | Polish |
| 3 | Erhard Loretan | 1995 | 36 | Swiss |
| 4 | Carlos Carsolio | 1996 | 33 | Mexican |
| 5 | Krzysztof Wielicki | 1996 | 46 | Polish |
| 6 | Juanito Oiarzabal | 1999 | 43 | Spanish |
| 7 | Sergio Martini | 2000 | 51 | Italian |
| 8 | Park Young-seok | 2001 | 38 | Korean |
| 9 | Um Hong-gil | 2001 | 40 | Korean |
| 10 | Alberto Iñurrategi | 2002 | 33 | Spanish |
| 11 | Han Wang-yong | 2003 | 37 | Korean |
| 12 | Ed Viesturs | 2005 | 46 | American |
| 13 | Silvio Mondinelli | 2007 | 49 | Italian |
| 14 | Ivan Vallejo | 2008 | 49 | Ecuadorian |
| 15 | Denis Urubko | 2009 | 35 | Kazakhstani |
| 16 | Ralf Dujmovits | 2009 | 47 | German |
| 17 | Veikka Gustafsson | 2009 | 41 | Finnish |
| 18 | Andrew Lock | 2009 | 48 | Australian |
| 19 | João Garcia | 2010 | 43 | Portuguese |
| 20 | Piotr Pustelnik | 2010 | 58 | Polish |
| 21 | Edurne Pasaban | 2010 | 36 | Spanish |
| 22 | Abele Blanc | 2011 | 56 | Italian |
| 23 | Mingma Sherpa | 2011 | 33 | Nepali |
| 24 | Gerlinde Kaltenbrunner | 2011 | 40 | Austrian |
| 25 | Vassily Pivtsov | 2011 | 36 | Kazakhstani |
| 26 | Maxut Zhumayev | 2011 | 34 | Kazakhstani |
| 27 | Kim Jae-soo | 2011 | 50 | Korean |
| 28 | Mario Panzeri | 2012 | 48 | Italian |
| 29 | Hirotaka Takeuchi | 2012 | 41 | Japanese |
| 30 | Chhang Dawa Sherpa | 2013 | 30 | Nepali |
| 31 | Kim Chang-ho | 2013 | 43 | Korean |
| 32 | Jorge Egocheaga | 2014 | 45 | Spanish |
| 33 | Radek Jaroš | 2014 | 50 | Czech |
| 34 | Nives Meroi | 2017 | 55 | Italian |
| 35 | Romano Benet | 2017 | 55 | Italian |
| 36 | Peter Hámor | 2017 | 52 | Slovak |
| 37 | Azim Gheychisaz | 2017 | 37 | Iranian |
| 38 | Ferran Latorre | 2017 | 46 | Spanish |
| 39 | Òscar Cadiach | 2017 | 64 | Spanish |
| 40 | Kim Mi-gon | 2018 | 45 | Korean |
| 41 | Sanu Sherpa | 2019 | 44 | Nepali |
| 42 | Nirmal Purja | 2019 | 36 | Nepali |
| 43 | Mingma Gyabu Sherpa | 2019 | 30 | Nepali |
| 44 | Kim Hong-bin | 2021 | 57 | Korean |
| 45 | Nima Gyalzen Sherpa | 2022 | 37 | Nepali |

शेर्पाहरू हिमाल आरोहणको पर्याय हुन् भन्दा अतिशयोक्ति नहोला । तिनीहरूले अन्य आरोहीहरूलाई डोरी टाँगेर, पथप्रदर्शन गरेर, सामान बोकेर, उद्धारकार्यमा लागेर सघाउँछन् । यसक्रममा कतिपयको ज्यान जान्छ । निक्कै जोखिमको काम गर्ने शेर्पाहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता विगतमा नगण्य थियो । तर अहिले स्थिति फेरिसकेको छ ।

विभिन्न अग्ला चुचुरोमा पहिलो पटक पुग्नेमा नेपालका तेन्जिङ शेर्पा (सगरमाथा, सन् १९५३), नीमा दोर्जी र नवाङ दोर्जी (धौलागिरी, सन् १९६०), ग्याल्जेन नोर्बु शेर्पा (मनास्लु, सन् १९५६), पासाङ दावा लामा (चोयु, सन् १९५४) हुन्।

विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण निक्कै जोखिमपूर्ण काम हो। सफलता र मृत्युको सम्भावना बोकेर आरोहण गर्नेहरूको साहसलाई सबैले सम्मान गर्छन्। यस्तो काममा पनि एकै व्यक्तिले सगरमाथाको धेरै पटक आरोहण गरेर थुप्रै आरोहीले कीर्तिमान राखेका छन्। अहिलेसम्ममा सबैभन्दा बढी २६ पटक आरोहणको कीर्तिमान नेपाली कामि रिता शेर्पाले कायम राखेका छन्। जानकारीको लागि नेपाली आरोहीहरूले १० भन्दा बढी पटक सगरमाथा आरोहण गनेहरूको सूची यहाँ दिइएको छ (नामको अगाडि आरोहण पटक दिइएको छ)–

| | |
|---|---|
| 26 | Kami Rita Sherpa |
| 25 | Pasang Dawa Sherpa |
| 24 | Ngima Nuru Sherpa |
| 21 | Apa Sherpa |
| 21 | Phurba Tashi Sherpa |
| 20 | Ang Dorje Sherpa (Chhuldim) |
| 20 | Dorje Gyalgen Sherpa |
| 19 | Chhewang Nima (Chuwang) |
| 19 | Mingma Tsiri Sherpa |
| 17 | Lakpa Rita Sherpa |
| 16 | Nima Gombu Sherpa |
| 15 | Kame Sherpa |
| 15 | Pemba Dorje Sherpa |
| 14 | Long Dorje Sherpa |
| 13 | Ang Passang Sherpa |
| 13 | Mingma Dorjee Sherpa (Thame) |
| 13 | Fura Kancha Sherpa |
| 12 | Chhiring Dorje Sherpa |
| 11 | Chongba Nuru Sherpa |
| 11 | Pemchirri Sherpa |
| 10 | Dawa Nuru Sherpa |
| 10 | Lhakpa Sherpa |
| 10 | Tashi Tshering |
| 10 | Ang Rita Sherpa |
| 10 | Babu Chiri Sherpa |
| 10 | Panuru Sherpa |
| 10 | Karsang Namgyal Sherpa |
| 10 | Namgyal Sherpa |

त्यस्तै आरोहणको इतिहासमा विभिन्न कीर्तिमान राख्ने नेपालीहरू पनि थुप्रै छन्–

- लाक्पा शेर्पा १० पटक सगरमाथा आरोहण गर्ने विश्वकै एकमात्र महिला हुन्।
- कामि रिता शेर्पाले सगरमाथाको सबभन्दा धेरै २६ पटक आरोहण गरे। उनले सन् १९९४, १९९७, १९९८, १९९९, २०००, २००२, २००३, २००४, २००५, २००६, २००७, २००८, २००९ (२ पटक), २०१० (२ पटक), २०१२, २०१३ (२ पटक), २०१६, २०१७, २०१८, २०१९ (२ पटक), २०२० र २०२२ मा सफल आरोहण गरेका थिए।
- आङरिता शेर्पाले बिनाअक्सिजन सिलिन्डर १० पटक सगरमाथाको आरोहण गरे।
- मिङ्मा शेर्पा र छाङ दावा शेर्पा (दाजुभाइ) ले विश्वको ८००० मिटरभन्दा अग्ला १४ ओटै शिखर चुमेर 'पहिलो दाजुभाइ' को कीर्तिमान राखेका छन्। मिङमाले १४ ओटै चुचुरा पहिलो प्रयासमै सफलता हासिल गरेको विश्व कीर्तिमान पनि राखेका छन्।
- नेपालकी मिङकिपा शेर्पाले सगरमाथाको सफल आरोहण गर्ने 'सबभन्दा कान्छी आरोही' को कीर्तिमान राखिन्। उत्तरी मोहडा (चीन) बाट दाजु मिङमा ग्युला र दिदी लाक्पासँग सन् २००३ मई २२ मा १५ वर्षकी मिङकिपाले आरोहण गरेकी थिइन्। यसअघि नेपालकै १६ वर्षकी टेम्बा छिरीको सन् २००१ मा 'सबभन्दा कान्छी आरोही' को कीर्तिमान थियो।
- नवाङ शेर्पाले सन् २००४ मई १६ मा सगरमाथाको पहिलो प्रयासमै सफल आरोहण गर्ने 'एसिया महादेशकै पहिलो अपाङ्गता भएको आरोही' को कीर्तिमान राखेका छन्। उनको एउटा खुट्टा कृत्रिम छ।
- शिक्षाको माध्यमले बालविवाह रोकथाम अभियान–२०१९ को नारासहित ललितपुरकी महिला पत्रकार कल्पना महर्जनले विश्वको सर्वोच्च शिखर सगरमाथाको दुवै मोहोडाबाट सफल आरोहण गर्न सफल भइन्।

  तिनले दक्षिण मोहोडाबाट २०७५ जेठ ९ गते र उत्तरी मोहोडाबाट २०७६ जेठ ९ गते सफल आरोहण गरेकी थिइन्। तिनले दुवै मोहोडाबाट सगरमाथा शिखर चुम्ने सम्भवत विश्वकै पहिलो महिला पत्रकारको कीर्तिमान बनाएकी छिन्।
- पूर्णिमा श्रेष्ठले नेपालका आठ हजार मिटरभन्दा अग्ला आठ ओटा शिखर– सगरमाथा, कञ्चनजंघा, ल्होत्से, मकालु, मनास्लु, अन्नपूर्ण, धवलागिरी र चोयु आरोहण गर्ने पहिलो महिला फोटो पत्रकार हुन्।

# केही कीर्तिमानी आरोहीहरू



तेन्जिङ शेर्पा



पासा ल्हामु शेर्पा



कामि रिता शेर्पा



आङरिता शेर्पा



लाक्पा शेर्पा



आप्पा शेर्पा



बाबुछिरी शेर्पा

मिङकिपा शेर्पा (अगाडि) र लाक्पा शेर्पा





पूर्णिमा श्रेष्ठ

कल्पना महर्जन



नवाङ शेर्पा



मोनी मुलेपति र पेमा दोर्जी शेर्पा



# चौधै शिखर चुम्ने नेपाली आरोहीहरू

## विश्वको आठ हजार मिटरभन्दा अग्ला १४ ओटै शिखरमा पाइला टेक्ने नेपालीहरू




सानु शेर्पा (दुई पटक १४ शिखर चुम्ने)



मिङमा शेर्पा र छाङ दावा शेर्पा (दाजुभाइ)



मिङमा ग्याबु शेर्पा



निर्मल पुर्जा




निमा ग्याल्जेन शेर्पा

# विश्वको आठ हजार मिटरभन्दा अग्ला १४ शिखर



सगरमाथा



के२



कञ्चनजंघा



ल्होत्से



मकालु



चो यु



मनास्लु



धौलागिरि



अन्नपूर्ण १



नांगा पर्वत



गेशरब्रम १



ब्रोड चुचुरो



गेशरब्रम २




शिशापाङमा

- निर्मल पुर्जाले विश्वका १४ ओटै अग्ला शिखर ६ महिना ६ दिनको अवधिमा आरोहण गर्ने कीर्तिमान राखेका छन् ।
- पासदावा शेर्पाले पाँच अग्ला शिखरको ६९ दिनभित्र आरोहण गरेर कीर्तिमान राखे ।
- १४ ओटै शिखर चुम्नेहरूमध्ये सबभन्दा कान्छो मिङमा ग्याबु शेर्पा हुन् । २०४६ जेठ ३ गते जन्मेका उनले सन् २०१० देखि २०१९ को समयावधिमा सफल आरोहण गरेर विश्व कीर्तिमान राखे ।
- आङ थार्के शेर्पा अन्नपूर्णको सन् १९५० मा पहिलो आरोहण गर्ने मध्येका हुन् ।
- ग्याल्जेन नोर्बु शेर्पा मकालु (सन् १९५५) र मनास्लु (सन् १९५६) शिखरमा पहिलो पुग्ने मध्येका हुन् ।
- पासाङ ल्हामु शेर्पा सगरमाथाको चुचुरोमा पुग्ने पहिलो नेपाली महिला हुन् । फर्कनेक्रममा उनको २०५० वैशाख १० गते (सन् १९९३ अप्रिल २२) सगरमाथामा निधन भयो ।
- बाबुछिरी शेर्पाले १० पटक सगरमाथाको सफल आरोहण गरे भने चुचुरोमा बिनाअक्सिजन सिलिन्डर २१ घण्टा बिताएर कीर्तिमान राखे ।
- आप्पा शेर्पाले सन् २०११ अगावै सगरमाथाको २१ पटक आरोहणको कीर्तिमान राखेका थिए जुन सन् २०१७ मा तोडियो ।
- निशा अधिकारी सगरमाथाको आरोहण गर्ने पहिलो नेपाली चलचित्रकर्मी हुन् ।

**सर्वोच्च शिखरमा विवाह**

हिमाल आरोहण गर्नेहरूले धेरै प्रकारका कीर्तिमान बनाएका छन् । यसैक्रममा नेपाली युवा युवतीले विश्वको सर्वोच्च शिखरमा विवाह गरेर पहिलो बनेका छन् । सन् २००५ मईमा सगरमाथा आरोहण गर्ने मोनी मुलेपति र पेमा दोर्जी शेर्पाले शिखरमा विवाह गरे । त्यसक्रममा तिनीहरू र टोली ४० मिनेट शिखरमा बसेका थिए ।

**नेपाली महिला आरोहीहरू**

सगरमाथाको आरोहण गर्ने पहिलो महिला जापानकी जुन्को तावेइ हुन् भने पासाङ ल्हामु शेर्पा नेपालकी प्रथम महिला हुन् । एक जानकारीअनुसार सगरमाथाको चुचुरोमा ४०८ जना महिला पुगिसकेका छन् । नेपालकी पासाङको पाइला पछ्याउँदै ६१ जना नेपाली महिलाहरूले चुचुरोमा टेकिसकेका छन् ।

सगरमाथाको चुचुरोमा पुग्ने नेपाली महिलाहरूको सूची–

| SN | Name | Age | Date |
|---|---|---|---|
| 1 | Ms. Pasang Lhamu Sherpa | 30 | 22-Apr-93 |
| 2 | Ms. Lakpa/Lhakpa Sherpa | 26 | 18-May-00 |
| 3 | Ms. Pemba Doma Thaktopa Sherpa | 29 | 19-May-00 |
| 4 | Ms. Mingkipa Sherpa | 15 | 22-May-03 |
| 5 | Ms. Moni Mulepati | 23 | 30-May-05 |
| 6 | Ms. Maya Sherpa | 28 | 24-May-06 |
| 7 | Ms. Pasang Lhamu Sherpa | 22 | 17-May-07 |
| 8 | Ms. Susmita Maskey | 28 | 22-May-08 |
| 9 | Ms. Ngawang Bhutik (Nawang Futi) Sherpa | 31 | 22-May-08 |
| 10 | Ms. Nima Doma Sherpa | 17 | 22-May-08 |
| 11 | Ms. Pujan Acharya | 23 | 22-May-08 |
| 12 | Ms. Maya Gurung | 28 | 22-May-08 |
| 13 | Ms. Shaile Basnet | 25 | 24-May-08 |
| 14 | Ms. Usha Bista | 21 | 24-May-08 |
| 15 | Ms. Pema Diki Sherpa | 20 | 24-May-08 |
| 16 | Ms. Asha Kumari Singh | 22 | 24-May-08 |
| 17 | Ms. Chunu Shrestha | 26 | 25-May-08 |
| 18 | Ms. Junita Sambahamphe | 24 | 19-May-09 |
| 19 | Ms. Chhurim Dolma Sherpa | 26 | 12-May-11 |
| 20 | Ms. Ngim Chhamji Sherpa | 16 | 19-May-12 |
| 21 | Ms. Dawa Yangzum Sherpa | 21 | 25-May-12 |
| 22 | Ms. Beena Magar | 28 | 26-May-12 |
| 23 | Ms. Nisha Adhikari | 26 | 21-May-13 |
| 24 | Ms. Kanchhi Maya Tamang | 28 | 20-May-17 |
| 25 | Ms. Bhumira Gurung | 24 | 21-May-17 |
| 26 | Ms. Nanu Maya Gurung | 23 | 22-May-17 |
| 27 | Ms. Nima Jangmu Sherpa | 27 | 14-May-18 |
| 28 | Ms. Dabuti Sherpa | 23 | 14-May-18 |
| 29 | Ms. Lakpa Yangi Sherpa | 30 | 16-May-18 |
| 30 | Ms. Pasang Lhamu Sherpa | 38 | 16-May-18 |
| 31 | Ms. Yangdi Sherpa | 25 | 16-May-18 |
| 32 | Ms. Chhoki Sherpa | 27 | 16-May-18 |
| 33 | Ms. Phunjo Jhangmu Lama | 32 | 17-May-18 |
| 34 | Ms. Dikki Sherpa | 25 | 17-May-18 |
| 35 | Ms. Purnima Shrestha | 27 | 19-May-18 |
| 36 | Ms. Luckme Tamang | 20 | 19-May-18 |
| 37 | Ms. Doma Sherpa | 28 | 22-May-18 |
| 38 | Ms. Rojita Buddhacharya | 27 | 23-May-18 |
| 39 | Ms. Deuralee Chamling | 36 | 23-May-18 |

| | | | |
|---|---|---|---|
| 40 | Ms. Rosha Basnet | 30 | 23-May-18 |
| 41 | Ms. Kalpana Maharjan | 32 | 23-May-18 |
| 42 | Ms. Dawa Diki Sherpa | 35 | 23-May-18 |
| 43 | Ms. Pasang Futi (Pasang Phuti) Sherpa | 29 | 16-May-19 |
| 44 | Ms. Sarmila Lama | 28 | 22-May-19 |
| 45 | Ms. Kanchhi Dolma Hyolmo Jyaba | 33 | 23-May-19 |
| 46 | Ms. Fur Diki Sherpa | 43 | 23-May-19 |
| 47 | Ms. Nima Dolma Sherpa | 35 | 23-May-19 |
| 48 | Ms. Kumari Gyanmala Ranapal | 41 | 23-May-19 |
| 49 | Ms. Nisha Bhote | 21 | 23-May-19 |
| 50 | Ms. Dawa Futi Sherpa | 24 | 12-May-21 |
| 51 | Ms. Tshering Namgya Sherpa | 25 | 12-May-21 |
| 52 | Ms. Nima Lhamu Sherpa | 20 | 12-May-21 |
| 53 | Ms. Pasang Kanchi Sherpa | 21 | 23-May-21 |
| 54 | Ms. Nima Doma Sherpa | 23 | 23-May-21 |
| 55 | Ms. Priti Bhusal | 33 | 12-May-22 |
| 56 | Ms. Dolma Lama | 50 | 13-May-22 |
| 57 | Ms. Yuwantika Tamang | 31 | 13-May-22 |
| 58 | Ms. Nima Doma Sherpa | 33 | 13-May-22 |
| 59 | Ms. Diki Lhamu Lama | 25 | 14-May-22 |
| 60 | Ms. Daya (Deeva) Pun | 34 | 16-May-22 |
| 61 | Ms. Omnika Dangol | 29 | 16-May-22 |

जोखिमपूर्ण हिमाल आरोहणको क्रममा मृत्यु पनि धेरै हुने गरेको छ। कुनै हिमालको उपनाम नै 'हत्यारा हिमाल' (Killer Mountain) रहेको छ। एक तथ्याङ्कअनुसार विभिन्न हिमालमा भएका मृत्यु सङ्ख्या–

**Deaths per mountain**

| Mountain | No. of deaths |
|---|---|
| Everest | 307 |
| K2 | 91 |
| Nanga Parbat | 85 |
| Manaslu | 84 |
| Dhaulagiri I | 82 |
| Annapurna I | 73 |
| Kangchenjunga | 58 |
| Cho Oyu | 52 |
| Makalu | 40 |
| Gasherbrum I | 34 |
| Broad Peak | 34 |
| Shishapangma | 31 |
| Lhotse | 31 |
| Gasherbrum II | 23 |
| ***TOTAL*** | ***1,018*** |

## सानु शेर्पा - कीर्तिमानका एक्ला हकदार

हिमाल आरोहणको कीर्तिमानको इतिहासमा सानु शेर्पाले अद्वितीय कीर्तिमान थपेका छन्। विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ ओटा शिखरमा धेरै जनाले आफ्नो पाइला टेकेका छन्। सगरमाथाको २६ पटक र अन्य अग्ला शिखर विशेषको पनि पटक–पटक आरोहणको कीर्तिमान स्थापित भएका छन्। तर अग्ला १४ ओटै शिखरको दुई पटक आरोहण गर्ने एकमात्र इतिहास रच्ने कीर्तिमानी आरोही सानु शेर्पा हुन्। उनले सबै चुचुरोमा दुई पटक र केही हिमालमा बढी पटक टेकेका छन्। (उनले आरोहण गरेको हिमाल र साल अगाडि दिइएको छ।)

सानु शेर्पाको जन्म संखुवासभाको मकालु गाउँपालिकामा विसं २०३२ (सन् १९७५) मा भएको हो। उनी एक भेडा गोठालो थिए। सन् २००५ मा आरोहण पथप्रदर्शक बन्ने सपना बोकेर काठमाडौँ आए। सुरुमा उनी भरिया भएर काम गरे। एक वर्षपछि पथप्रदर्शक भएर आरोहीहरूलाई गन्तव्यमा पुऱ्याउने काम गरे।

उनले सन् २००६ मा चोयुको सफल पहिलो आरोहण गरे। त्यसपछिका वर्षहरूमा उनको सफल आरोहणको क्रम निरन्तर जारी रहयो। विसं २०७९ साउन ५ गते (सन् २०२२ जुलाई २१) मा गेशेरब्रम–२ को सफल आरोहणसँगै विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ ओटै शिखरको दुई पटक आरोहण गर्ने विश्व कीर्तिमान स्थापित गरे। यो कीर्तिमान उनले सन् २००६ देखि २०२२ को अवधिमा राखेका हुन्। त्यसबेला उनी ४७ वर्षका थिए। आजका मितिसम्ममा यो कीर्तिमानका उनी एक्ला हकदार हुन्।

*(सामग्री विभिन्न वेबसाइटबाट)*



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-१३)

– प्रो. माणिकलाल श्रेष्ठ



## कला कलाया निम्तिं ?

साहित्यया समालोचनाय् विशेष याना पश्चिमी साहित्ये *(पूर्वया साहित्ये वा एशियाया ततस्सकं विकसित जुगु पुलां पुलांगु साहित्ये छह्म निह्म तोता आपालं समालोचकपिंसं काव्ययात उपदेश बिइगु साधन धक्का कया तःगु दु। संस्कृत साहित्ये धर्मशास्त्र, वेद, पुराण, काव्य फुक्क उपदेश बिइगु माध्यम माने याना तःगु दु। अथे जूगुलिं पूर्वीय साहित्ये कलाया उद्देश्य छु धक्का उलि वादविवाद खने मदु।)* काव्यया उद्देश्य छु धयागु खँय् निगू मत पिहाँ वया छुं समय तस्सकं वादविवाद जूगु खः। छगू विचार कथं काव्य धयागु उपदेश बिइगु वा शिक्षा बिइगु वा छुं कथं मानव समाजयात हित याइगु बस्तु खः। अले मेगु छगू मत दु काव्य नं छगू कला खः, काव्य निसें कया दक्को कलाया उद्देश्य आनन्द बिइगु जक खः, कलाया नैतिक वा शैक्षिक पक्ष स्वये मजिल। छुं छगू कला कृतिया मूल्याङ्कन यायेबेले **'पिनेया नियम हये मजिउ'** धाइपिं समालोचकपिं नं दु। साहित्य व कलाय् 'पिनेया नियम'-या विरोध याइगु ला थौंकन्हे छगू फेशन (चलन) हे जुइ धुंकल, तर **रिचार्डसं** धया दीथें *(रिचार्ड्स् – 'साहित्यिक समालोचनाया सिद्धान्त' सफूया 'कविता कविताया निम्ति' धयागु अध्यायं)* 'ततःधंगु समालोचनाया सिद्धान्त मध्ये आपाथें धारणाय् कलायात 'नैतिक' सिद्धान्तया दुने लाका तः।' थुकथं स्वयेबेले ला 'कला कलाया निंतिं' धयागु सिद्धान्त छुं गलत धारणाकथं हे जक पिहाँ वोगु खने दु।

'कला कलाया निंतिं' धाइपिनि धारणाकथं कविया अनुभवे दुने छगू विशेष गुण दु, उकिं याना कविता ब्वने बह जुइ। काव्यया धाथेंया गुण वा कवित्व धयागु थ्व हे। छुं काव्य व कलाकृतिया समालोचना यायेत उकिया काव्यात्मक वा कलात्मक गुण जक स्वयेमा, अर्थात थुकिं बिइगु सन्तुष्टी व आनन्द जक स्वयेमा, छुं नैतिक, शैक्षिक, राजनैतिक कसीइ चुला स्वये मजिउ। यूरोपया साहित्यया विभिन्न युगे थ्व धारणा खने दु, रोमान्टिक *(सुं छह्म लेखक कलाकारया बा छुं छगू कृतिया उत्कृष्ट गुण दुगुलि अमर जुया वंसा वयात 'क्लासिकं' धाइ, अले साहित्यिक व कलाकारपिंसं थः कृति सिर्जना यायेत क्लासिकयात नमूना मानेयाना उकिं निर्देश काये कथं चवयेमा धयागु विचारयात* ***क्लासिकल सिद्धान्त*** *धाइ। आपा लेखकपिंके क्लासिकल धारणा दुगु युगयात साहित्यया क्लासिकल युग धागु खः।*

*'क्लासिकल' या ठीक अःखः मेगु प्रवाह* ***रोमान्टिक*** *खः। थ्व मतकथं छुं नियन्त्रण दत धायेव साहित्य कला थहाँ वने फई मखु। स्वतन्त्र वातावरणे कृति झन झन बांलाना वनी। अथे जूगुलिं लेखक कलाकारपिंसं*



होरेस



स्पेन्सर



पेटर



ब्राड्ले

*स्वतन्त्र कल्पना व अनियन्त्रित आवेग काये दये मा। न्ह्याथे भिंगु बांलागु 'क्लासिक' जूसां उकियात हे नमूना याये मा धायेबेले 'क्लासिक' या नक्कल यायेगु प्रवृति वइ, मौलिकता दइ मखु।)* कविपिं आपासिनं कविताया कल्पना पक्षे जक अपो जोड बिल, उकिया उपयोगिताय् कम। तर छता बिचा याये मागु खँ दु – कलाया गुण वा मूल्य नं मेगु मूल्य थें जाँचे याना स्वये फइ मखु धका ला सुनां नं धाये मफु। समालोचनाया इतिहास पाखे छको सररर मिखा ब्वया सोसा थ्व खँ सिइ दइ।

ग्रीक दार्शनिक **प्लेटो**या धारणा काव्यया विरोधे ला, अले भचा पूर्वाग्रह वा मिखा तिस्सिना छुं खँ धया छ्वयेगु प्रवृति खने दु। अथेसां कविताया विरोध याबेले समाजयात उपयोगी खः ला कि मखु धयागु खँयात हे कसी माने यात। **एरिस्टोटल**ं काव्यया मूल उद्देश्य विशिष्ट आनन्द बिइगु धका धासां नं नैतिक उद्देश्यं स्वये हे मजिउ धागु मदु *(अध्याय १३ स थुकिया विवेचना जूगु दु।)* अथे हे **होरेस** (Quintus Horatius Flaccus- 65-8 BC), **दांते, स्पेन्सर** (Edmund Spenser-1552/1553–1599) व **मिल्टन**पिसं नैतिक गुणयात हे कविताया मूल सार माने यात। इटालीया महान कवि धका धयातह्म दांते व विलायतया दकले तःधंपिं कवि मध्ये छह्म धका ल्याखे दंह्म मिल्टनं धर्मशास्त्र व काव्यया मूल उद्देश्य छता हे खन। कलात्मक ढङ्गं धर्मोपदेश बिया तःगु हे अमि कविता खः। भिंच्यागूगु शताब्दीया क्लासिकल *(सुं छह्म लेखक कलाकारया बा छुं छगू कृतिया उत्कृष्ट गुण दुगुलिं अमर जुया वंसा वयात 'क्लासिक' धाइ, अले साहित्यिक व कलाकारपिंसं थः कृति सिर्जना यायेत क्लासिकयात नमूना मानेयाना उकिं निर्देश काये कथं च्वयेमा धयागु विचारयात* ***क्लासिकल सिद्धान्त*** *धाइ। आपा लेखकपिंके क्लासिकल धारणा दुगु युगयात साहित्यया क्लासिकल युग धागु खः।*

*'क्लासिकल' या ठीक अःखः मेगु प्रवाह* ***रोमान्टिक*** *खः। थ्व मतकथं छुं नियन्त्रण दत धायेव साहित्य कला थहाँ वने फई मखु। स्वतन्त्र वातावरणे कृति भन भन बांलाना वनी। अथे जूगुलिं लेखक कलाकारपिंसं स्वतन्त्र कल्पना व अनियन्त्रित आवेग काये दये मा। न्ह्याथे भिंगु बांलागु 'क्लासिक' जूसां उकियात हे नमूना याये मा धायेबेले 'क्लासिक' या नक्कल यायेगु प्रवृति वइ, मौलिकता दइ मखु।)* युगे ला फुक्क धयाथें समालोचकपिंसं साहित्य व कलाया मुख्य उद्देश्य हे शिक्षा बिइगु धयागु मत ज्वन। भिंगुंगूगु शताब्दीइ बिलायते *(यूरोप महाद्विपे विलायतं सत्तीगु मेमेगु देशे, विशेष याना जर्मनी व फ्रान्से रोमान्टिक प्रवाह बिलायतसिकं छुं भति दँ न्ह्यो हे वल)* क्लासिकल धारणा कोदला रोमान्टिक विचारधारा बल्लाना वनेव सुं सुं रोमान्टिक कविपिंके 'कला कलाया निम्तिं' धयागु धारणां ज्वन, विशेष याना **पेटरं** (Walter Horatio Pater-1839-1894) थःगु आपालं समालोचनात्मक लेखे थ्व विचार प्रचार यात। कल्पनाया अनुभूतियात दुने अन्तस्करणं जाँचे याये मा, छुं नियमया कसीइ चुला बा लना स्वयेगु मखु धयागु पेटरया धारणा। तर रोमान्टिक कविपिन व अफ्न पेटरं तक नं कलाया गुण मेमेगु गुण थें परीक्षा याना स्वये हे फइ मखु धाये मफु, अथे याना स्वयेगु ठीक मजू जक धाल। कलाया महत्व मेगु फुक्क खं अलग तया जाँचे याये मा धयागु विचार 'कला कलाया निम्तिं' धाइपिनिगु खः। थ्व धारणा छुं समय तक ला तस्सकं प्रवार हे जूगु खः। थौंकन्हे कलायात थथे अलग तथा स्वये मा धाइगु धारणाया प्रभाव तस्सकं हे ह्मो जुइ धुंकूसां थ्व नं छगू विशेष दर्शन, विचारधारा, तर्क फुक्क दुगु मत जूगुलिं थुकिया छको विश्लेषण याये बह जू।

आ खँ वइ, कलाया महत्व धाथें हे मेगु फुक्क बस्तुं अलग तया जाँच याये फइगु खः ला ? रूप व विषयया भेद क्यना, विषय व च्वयेगु ढङ्गयात अलग अलग याना फाया स्वइपिसं कलाया महत्व नं अलग हे जाँचे याये फु धाइगु खः। 'कला कलाया हे निम्तिं' धयागु सिद्धान्त दुने च्वना 'कविता कविताया हे निम्तिं धाइपिंस *(अंग्रेजी साहित्यया प्रसिद्ध समालोचक* ***ब्राड्ले*** (Andrew Cecil Bradley-1851-1935)*थ्व हे मतया छह्म संरक्षक खः। ब्राड्लेया अनुयायीपिं 'कला कलाया निम्ति' धयागु सिद्धान्तया पक्षे अमिगु हे कथंया विस्तृत दर्शन, विचारधारा व तर्क ज्वना वया च्वंगु दु)* हइगु मुख्य मुख्य तर्क थथे– काव्यया विषय छखे तया मुक्कं काव्यया हे जक अनुभूतिया नं अलग अस्तित्व व अलग मूल्य दु, थुकिया काव्यात्मक मूल्य नं मेगु नाप पाइ। काव्यया अनुभूतियात दुने अन्तस्करणं

स्वये मा। तर विषयं अलग मुक्कं कविताया हे गुण धयागु छु ? कवितां संस्कृति, धर्म, शिक्षा ब्वलंकी, मनया उत्तेजना शमन याइ, भिंगु ज्यायात थकाइ धका धायेबेले नं ला थ्व फुक्क वस्तु काव्यात्मक अनुभूति जक मखु। छुं छगू अनुभूतिया मूल्य छु धका स्वयेबेले थ्व फुक्क खँ विचार याये हे मा। हानं अनुभूतियात दुने अन्तस्करणं स्वयेमा धाइगु धारणा नं भ्रम जक खः। **आई. ए. रिचार्डस**जुं धया दीथें तुं *'भ्रीसं थुकिया जाँच दुने अन्तस्करणं मखु, पिने स्मृतिं याइ। कविताया मूल्य विचार यायेबेले मनूया जीवने थुकिया स्थान गबलेसं लोमंके मजिउ।'*

'कला कलाया निम्तिं' धाइपिंसं छता खँ थथे नं धा– 'मेगु पिनेयागु लक्ष वा उद्देश्य कया स्वयेगु यासा काव्यात्मक मूल्य वा महत्व हे हमो जू वनीं *(थ्व धापू ब्राड्लेयागु खः।)* अथे खः सा थ्व 'पिनेया उद्देश्य' धयागु छु ? पिनेया उद्देश्य दुगु कविता हे यक्को दु। बाइबलया न्यू टेस्टामेन्ट व मद्भगवद्‌गीता निसें कया दांते, मिल्टनया कवितात, **स्विफ्ट**, **भोल्टायर** व **बाइरन**या व्यङ्ग कविता, **शेली**या क्रान्ति कवितात, अथे हे भ्रीगु भाषाय् नं **'सिद्धि रामायण'**, **'सत्यसती'**, **'सुगत सौरभ'**, सिद्धिचरण व दुर्गालालपिनि लिरिक कविता, केदारमान 'व्यथित' या **'छ्वास'** तक फुक्कलिसं कविपिसं सिर्जना यागु मुक्कं काव्यात्मक प्रेरणां जक मखु, मेगु नं प्रेरणां कविता पिदंगु खः। धार्मिक, नैतिक, राजनैतिक अनेक प्रेरणां कविपिंत कविता च्वके बिउगु दु। बरु पिनेया उद्देश्य दुगु व मदुगु निगू प्रकारया कविता दये फु। *'पिनेया छुं उद्देश्य तये मजिउ धायेगुया मतलब ला छगू प्रकारया जक कवितायात मान्यता बिइगु जुइ'* *(आई. ए. रिचार्डस्)*।

कला कलाया निम्तिं धयागु सिद्धान्तया समर्थक थौंकन्हेया समालोचक ब्राड्लेया छगू धापू दु। ब्राड्लें धया दिल – *'कविताया रूप धाथेंयागु विश्वया नक्कल नं मखु, उकिया हिस्सा नं मखु, तर थ्व थः हे स्वतन्त्र व छगू पूवंगु विश्व थुकिया दु। कविताया विश्व कायेत उकी हे दुहाँ वने मा, उकिया हे नियम माने याये मा, छुं क्षण जक जूसां वास्तविक विश्वया विश्वास, मान्यता व उद्देश्य लोमंके मा।'* थ्व विचारकथं कविताया जीवन सांसारिक जीवनं एकदम फरक। साहित्य जगतया आदर्श धाथेंया आदर्शसिकं एकदम पा, थुकिया मनूतय् मन भावना नं धाथेंया मनूतय् धारणासिकं पा।

थ्व सिद्धान्तं ला कविता व जीवनयात पूरा हे फाया बिल। बांलाक बिचा याना सोसा सिइ दु कविता छगू अनुभूति, कविया मने लाइगु छगू अनुभूति। कवि छहम मनू खः, थ्व हे जगते च्वंह्म। थनया मनूतय् अनुभूति धयागु हे थः च्वनागु समाजे मेपिं मनूनाप न्हिंन्हिं यानागु व्यवहार, समाजया प्रभाव, अले समाजे व थः चाकःलि च्वंगु बस्तु खंगु, न्यनागु व सीका कयागु फुक्कया ल्वाक ज्यागु प्रभाव हे थ्व अनुभूति। थ्व हे अनुभूनिया प्रतिक्रिया कविं प्वंकीगु हे कविया भावना खः। थुकथं कविता धयागु कविया मने दुनेया भावना खःसा नं कविया अनुभूति धयागु हे थ्व हे जगतया कविया मिखां खंगु तसवीरया चित्रण खः। कविता थ्व हे जगत मखये फु, तर थ्व हे जगतयात कविया मिखां गथे खन व किपा कविता खः। साधारण अनुभूतिसिकं कविया अनुभूति पाये फु, तर कविताय् च्वंगु अनुभूति वास्तविक जगतं एकदम हे पागु मेगु हे जगत जुइ फइ मखु। काव्यया अनुभूतियात जीवन व जीवनया महत्व व मान्यतां अलग तयेगु संकीर्णता खः, कल्पनाय् ब्वया वनेगु खः।

कला कलाया निम्तिं धयागु सिद्धान्तया विरोधे प्रसिद्ध अंग्रेजी नाटककार **जर्ज बर्नार्ड शा**या प्रसिद्ध उक्ति थन उद्धृत याये बह जू– *'जिं ला फुक्क राष्ट्रयात हे थःगु विचारे हये धयागु अभिप्राय आल्पसें हे कया जिगु नाटक च्वयागु खः। कला कलाया निम्तिं जक जूसा जिं छभ्रो तक च्वयेगु नं कष्ट याये मखु।'* कला छुकिया निम्तिं धयागु प्रश्नयात शाया लिसः थथे – *'कला जिगु निम्तिं'*।

बरु कला कलाया निम्तिं धाइपिनिगु तर्कया छता खें माने याये बह जू। काव्ययात उकिया सन्देश, उकिया विषय जक स्वया मूल्याङ्कन याये मजिउ। भ्रीसं कलात्मक पक्ष नं मस्वसे मजिउ। धाथें हे काव्ययात मूल्याङ्कन यायेत भ्रीसं निगू कसीइ चुला स्वयेमा– कलाया कसीइ व राजनैतिक कसीइ। *'राजनैतिक दृष्टिं स्वयेबेले ... ... जनतायात छगू हृदय छगू मन याइगु अवनतियात विरोध याना प्रगति न्हयज्याकीगु जुक्को भिं, अले जनताय् ल्वापु व फूट हइगु व प्रगतिया विरोध याना जनतायात लिकथं न्यासिकीगु जुक्को मभिं। ... ... कलात्मक दृष्टिं स्वयेबेले, उच्च कलात्मक स्तरया फुक्क कृति भिं, अले कलाया स्तर क्वय् लागु कृति फुक्क मभिं'* *(माओ चे तुङ)*। भ्रीसं निगुलिं दृष्टिं कृतिया मूल्याङ्कन यायेमा। विषय व सन्देश जक बांलाना कला हे मदुगु कृति बांला धाये फइ मखु, हानं कलाया हे जक स्तर थहाँ वंगु तर जनतायात मभिंगु प्रभाव लाकीगु कृति ला भन मभिं। उजोगु ला जि हे मजिउ। **(कथहँ)**

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

## भक्तपुरलाई टेष्ट ट्युबको रूपमा विकास गर्दै लानुपर्ने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको संयुक्त आयोजनामा ११३ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा फागुन २४ गते प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छें (रोहित)** ले भक्तपुरलाई टेष्ट ट्युबको रूपमा विकास गर्दै लानुपर्ने बताउनुहुँदै श्रमको खेती गर्ने र आलोचना गर्नेहरूलाई जवाफ दिनुभन्दा पनि शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षणलगायतका क्षेत्रमा राम्रोसँग काम गर्दै गएमा यहाँको प्रगति हेर्न आफै अवलोकन भ्रमणमा आउने बताउनुभयो।

महिलालाई बौद्धिक र व्यवहारिकरूपले सक्षम बनाएमा जहाँ गए पनि पछाडि पर्दैन भन्नुहुँदै उहाँले पूँजीवादीहरूले महिलालाई नेतृत्वमा ल्याएन भनी प्रचार गर्ने गरेको बताउनुभयो। महिला समानताको नाममा पूँजीपति वर्गकै महिलाको वर्चस्व रहने भएको हुँदा जबसम्म ८० प्रतिशत कामदार वर्गका जनता सचेत हुँदैन तबसम्म समानता हुँदैन भन्नुभयो। आ-आफ्नो क्षमताअनुसार शिक्षा, व्यापक साक्षरता आन्दोलन तथा शिक्षा निःशुल्क भएपछि विस्तारै समानता प्राप्त हुने उहाँले बताउनुभयो। यान्त्रिकीकरणको विकासले घरायसी काममा महिलालाई सजिलो भएसँगै शिशुशाला, वालउद्यानको व्यवस्था तथा महिला आदर निकेतनको व्यवस्थाले जन्मदेखि मृत्युसम्म सहज हुने बताउनुभयो।

अर्को एक प्रसङ्गमा उहाँले छिमेकी देश भारत तथा नेपालका तराईका जिल्लाहरूमा हुने दाइजो प्रथाले महिलालाई धेरै दुःख भएको, गरिव जनता आत्महत्या गर्न बाध्य भएको हुँदा दाइजो प्रथालाई अवैध घोषणा गर्नुपर्ने बताउनुभयो।

सो कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महिला हक अधिकार तथा समानताको कुरा संविधान र कानूनमा भएपनि व्यवहारमा समानता नभएको चर्चा गर्नुहुँदै महिलालाई बेचविखन गर्ने, विज्ञापनको रूपमा प्रयोग गर्ने साधनको रूपमा लिनु गलत भएको बताउनुभयो।

उहाँले धनी वर्गका महिलाले सुविधा र सुख पाउने तर स्वदेश तथा रोजगारको लागि विदेश जाने अधिकांश गरिव महिलाले दुःख पाएको चर्चा गर्नुभयो। महिला मुक्ति र समानता भनेको जातीय नभई वर्गीय मुद्दा भएको र हरेक दिन औसत ७ जनाको बलात्कार भएको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले भारतमा बलात्कारीलाई मृत्युदण्डको सजाय, नेपालमा पनि सर्वस्वसहित जन्म कैदको व्यवस्था भएपनि बलात्कारको घटनामा वृद्धि भैरहेको चर्चा गर्नुभयो। त्यसैले महिला समानताभन्दा पनि वर्गीय मुक्तिकै निम्ति लड्नुपर्ने बताउनुभयो। देशको संविधान र कानूनले वाध्यात्मक व्यवस्था गरी महिला सहभागिता गराएपनि वास्तविक कामदार महिला पदमा पुग्न नसेको बताउनुभयो। महिलालाई आरक्षणले प्रतिस्पर्धामा कमी ल्याउने भएको हुँदा शिक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने र रोजगारी सृजना गर्नुपर्ने बताउनुभयो।

एक अर्को प्रसङ्गमा कामदार वर्ग अगाडि बढेको हेर्न नचाहेका पूँजीवादी शासकहरूले भक्तपुरको बारेमा धेरै भ्रम फैलाइरहेको चर्चा गर्नुहुँदै उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन प्रयासरत रहेको बताउनभयो।

कार्यक्रममा बागमती प्रदेश सभाका सदस्य **सृजना सैंजू**ले मार्च ८ को दिनलाई वर्ग सङ्घर्षको महत्त्वपूर्ण सिलसिलाको रूपमा स्मरण गर्नुहुँदै संसारभरका महत्त्वपूर्ण आन्दोलनहरूमा महिला सहभागिता उल्लेख्य रहेको चर्चा गर्नुभयो। कामदार वर्गका महिलाहरूको आन्दोलनलाई कमजोर बनाउन सन् १९४९ मा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय महिला दिवस बनाउने धुर्त्याइँ गरेको चर्चा गर्नुहुँदै INGO र NGO को पैसाले महिला दिवस मनाई श्रमिक महिला आन्दोलन ओझेलमा पार्न खोजिरहेको उहाँले बताउनुभयो। रुसी क्रान्ति, क्युवाली क्रान्तिलगायतका क्रान्तिमा महिला सहभागिताबारे उल्लेख गर्नुहुँदै विश्वव्यापी रूपमा २३.८ प्रतिशत, एसियामा १९.८ प्रतिशत र नेपालमा ३३ प्रतिशत महिला नीति निर्माण गर्ने तहमा भएपनि ती ठाउँहरूमा धनी वर्गबाट आएका महिलाहरू पुगेको हुँदा व्यक्तिगत लाभको मात्र माग गर्ने गरेको र श्रमिक महिलाको हक अधिकारबारे मौन रहेको उहाँले बताउनुभयो।

कामदार महिलाहरू व्यवस्थाको शोषण र समाजको बेथितिको शोषण गरी दोहोरो शोषणमा परेको हुँदा ४ दशक अगाडिदेखि नेपाल मजदुर किसान पार्टीले रात्रीकालीन प्रौढ कक्षाहरूमार्फत कामदार महिलालाई सचेत र सङ्गठित पार्दै

आएको बताउनु भयो। उहाँले संसारभरका युद्धहरूमा जसरी महिलाले महत्त्वपूर्ण भूमिका खेल्यो त्यसरी नै २०४५ सालको भक्तपुर काण्डमा पनि महिलाहरू अग्र मोर्चामा उभिएर सङ्घर्ष गरेको बताउनुभयो। महिला माथिको दोहोरो शोषणको अन्त्यको लागि पूँजीवाद विरुद्ध लड्नु नै कामदार महिलाको कर्तव्य भएको बताउनुभयो।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको महत्त्वको चर्चा गर्नुहुँदै कलेजमा अध्ययनरत विद्यार्थीहरूमा महिला विद्यार्थीको सङ्ख्या बढी भएको तथ्याङ्क प्रस्तुत गर्नुभयो।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले महिला मुक्ति तथा समानतालाई अनिवार्य समाजवादी व्यवस्था स्थापनाको लागि सचेतना अभियानको रूपमा लानुपर्ने बताउनुहुँदै श्रमिक महिला दिवस होटल, रिसोर्टमा सभा सम्मेलन र सेमिनार गर्दैमा महिला मुक्ति नहुने, देशको उच्च पदस्थ पदहरूमा महिलाको सहभागिताले मात्रै गरिब तथा कामदार महिलाको मुक्ति सम्भव नभएको बताउनुभयो।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले जनताको सेवाको निम्ति भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा ३६५ दिन नै ओपीडी इएम सेवा सञ्चालन भैरहेको जानकारी दिनुहुँदै मानिसमा हुने विभिन्न खालका सर्ने र नसर्ने रोगहरूको सम्बन्धमा चर्चा गर्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका उप प्राचार्य ई. **रत्नशोभा प्रजापति**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उप प्राचार्य प्रजापतिले अन्तराष्ट्रिय श्रमिक महिला आन्दोलनका अग्रज क्लारा जेटकिनको जीवनीबारे र ख्वप बहुप्राविधिकका शिक्षक **रविना सुवाल**ले पाठेघरको मुखको क्यान्सर (सर्भाइकल क्यान्सर) बारेमा प्रस्तुती दिनुभएको उक्त कार्यक्रममा ई. **सुनिता खर्बुजा**ले पनि आफ्नो विचार राख्नुभएको थियो।

## "सिङ्गो महिला समुदायलाई योग्य हुने वातावरण तयार गर्दैछौं" : प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाको आयोजनामा ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा 'समाजवादी आन्दोलन अगाडि बढाउन महिलाहरूको एकता' विषयक प्रवचन फागुन ३० गते भनपा सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महिलालाई आरक्षणभन्दा हरेक क्षेत्रमा सक्षम बनाउँदै लानु आवश्यक भएको बताउनुभयो।

महिलाहरू साँचो अर्थमा समान रूपमा अगाडि बढ्न शिक्षा र रोजगारीमा महिलालाई प्राथमिकता दिइनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'सिङ्गो महिला समुदायलाई योग्य हुने वातावरण हामीले तयार गर्दैछौं।'

उहाँले भन्नुभयो, समाजवादी व्यवस्थामा योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त र शिक्षा, स्वास्थ्य उपचार निःशुल्क तथा रोजगारीको सुनिश्चित हुने हुँदा कसैले भेदभावको अनुभूति नै गर्न पाउँदैनन्।'

भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरेको लगानीका कारण भएको परिवर्तनले गर्दा आज भक्तपुरको समाज तुलनात्मक रूपमा अगाडि बढेको बताउनुहुँदै उहाँले समाज परिवर्तनको निम्ति महिलाहरूको योगदान महत्त्वपूर्ण भएको चर्चा गर्नुहुँदै पुँजीवादी निर्वाचन प्रणालीबाट एकाध महिलाहरूको मात्र हित भएको बताउनुभयो।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले महिलाहरूलाई आरक्षणभन्दा पनि समान शिक्षा र व्यक्तित्व विकासमा समान अवसरको खाँचो रहेको बताउनुहुँदै महिलाहरूले आफ्नो उच्च शिक्षा सँगसँगै विज्ञता हासिल गर्ने ढङ्गले आफ्नो अध्ययनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। २१ औं शताब्दीको लागि योग्य महिला बन्न महिलाहरूलाई शिक्षाको माध्यमबाटै अगाडि बढाउनुपर्ने आजको आवश्यकता हो, उपप्रमुख जोशीले भन्नुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका अध्यक्ष **अनुराधा थापामगर**ले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउनुको मुख्य उद्देश्य नेपालमा समाजवादी आन्दोलनलाई अगाडि बढाउनको निम्ति हो भन्नुभयो।

पुँजीपति पार्टीका महिला सङ्गठनहरूले नारी दिवसको नाममा गलत मुद्दालाई अगाडि सार्दै महिला सङ्घर्षकै धज्जी उडाउने काम गर्दै आइरहेको स्पष्ट पार्नुहुँदै कामदार वर्गका महिलाहरूको अवस्थामा आमूल परिवर्तन ल्याउन समाजवादी व्यवस्थाको आवश्यकता भएको चर्चा गर्नुभयो।

उक्त प्रवचन कार्यक्रममा वडा सदस्य **विष्णुकेशरी दुवाल**ले चिनियाँ कम्युनिष्ट पार्टीका प्रथम महिला शियाङ चिङ यूको जीवनी र वडा सदस्य **सुमित्रा बोहजु**ले महिला योद्धा ह्यारिट टबम्यानको जीवनी सङ्क्षेपमा प्रस्तुत गर्नुभयो।

भक्तपुर नपाका कार्यपालिका सदस्य रोशनमैंया सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य छोरीमैंया सुजखुले पनि बोल्नुभएको थियो।

# सञ्चारमाध्यममा भक्तपुर नपा

## २८ वर्षदेखि भक्तपुरले आफै व्यवस्थापन गर्दै छ फोहोर



– शान्ति तामाङ

### कुहिने फोहोरबाट बनेको मल प्रतिकिलो २० रुपैयाँमा बिक्री

उपत्यकाका २१ मध्ये १७ स्थानीय तहलाई फोहोरमैला व्यवस्थापन टाउको दुखाइको विषय बन्ने गरेको छ। कहिले ल्यान्डफिल साइटका बासिन्दाको विरोध त कहिले यातायात मजदुरको हडताल। कहिले सरसफाइकर्मी आन्दोलन त कहिले ल्यान्डफिल साइटसम्म पुग्ने बाटोमा अवरोधले स्थानीय तहका लागि यो विषय निकै जटिल बन्ने गरेको छ।

भक्तपुरको भक्तपुर नगरपालिका भने २८ वर्षदेखि यो झन्झट र झमेलाबाट मुक्त छ। ल्यान्डफिल साइटमा आन्दोलन होस् कि बाटो अवरुद्ध होस्, भक्तपुरमा फोहोर नउडेर दुर्गन्ध फैलिँदैन। यहाँ जस्तोसुकै जटिल अवस्थामा पनि निरन्तर फोहोर उठ्छ। जिल्लाकै तीन स्थानीय तह मध्यपुर, चाँगुनारायण, सूर्यविनायक नगरपालिकाले समेत धादिङ जिल्लाको धुनीबेँसीस्थित बन्चरेडाँडा ल्यान्डफिल साइटमा फोहोर पुर्‍याउँछन्। तर, भक्तपुरले भने नगरपालिकाभरिको फोहोर आफै व्यवस्थापन गर्दै आएको छ। त्यो पनि नगरपालिकाभित्रै। नगरपालिकाको फोहोर सिसडोल र बन्चरेडाँडामा आजसम्म नलगेको नगरपालिकाअन्तर्गत स्यानिटेशन शाखा प्रमुख दिलीपकुमार सुवालले बताए। 'उपत्यकाका १७ ओटै स्थानीय तहको सबै फोहोर सिसडोल, बन्चरेडाँडामा लगिरहेको छ। हाम्रो तर्फबाट भने शून्य छ।' शाखा प्रमुख सुवालले भने, 'बन्चरेडाँडामा सधैं फोहोर लगेर समस्या समाधान हुँदैन। एक दिन मात्रै बाटो बन्द भयो भने सिङ्गो उपत्यका दुर्गन्धित हुन्छ। आफ्नै वडामा, नगरमा फोहोर व्यवस्थापनको कोसिस गर्नुपर्छ।'



उपत्यकाका अन्य स्थानीय तहले फोहोरलाई मोहोर बनाउने भन्दै निजी क्षेत्रसँग सहकार्य गरेर व्यापार गरिरहेका छन्। 'हामीकहाँ पनि फोहोर व्यवस्थापन गर्छौं भनेर निजी क्षेत्रका प्रतिनिधि आएका थिए। तर, आफै व्यवस्थापन गर्छौं भनेर फर्कायौं,' उनले भने। नगरपालिकामा सफाइ मजदुर, चालक, सहयोगी, वडा निरीक्षक १० सहित एक सय ४० जना कर्मचारी सफाइको क्षेत्रमा काम गर्छन्। वर्गीकरण गरेको फोहोरलाई नगरपालिकाले छुट्याउने, मल बनाउने काम गर्दै आएको छ। यसका लागि पाँच रोपनी जग्गा लिएको प्रमुख सुवालले बताए। उनले भने, 'डुबान हुने, घर निर्माण गर्न नमिल्ने जग्गाधनीको अनुमतिमा खाल्डो खनेका छौं। त्यहीं फोहोर व्यवस्थापन गर्दै आएका छौं।' यसरी दुई किलोमिटर क्षेत्र भरिसकेको उनको भनाइ छ।

नगरपालिकाले उपभोक्तासँग सफाइ शुल्क शीर्षकमा वार्षिक ६ सय रुपैयाँ लिने गर्छ। तर, पसल, व्यवसाय, स्कुल, होटेललगायतसँग भने वार्षिक पाँच हजारसम्म लिने गरेको छ।

### वर्गीकरण नगरे फोहोर फिर्ता



दिलीपकुमार सुवाल प्रमुख, स्यानिटेशन शाखा, भक्तपुर नगरपालिका

शाखा प्रमुख दिलीपकुमार सुवालले नगरपालिकामा ०५१ सालमा जागिर सुरु गर्दादेखि नै फोहोर वर्गीकरण गर्ने अभियान सुरु गरेका थिए। उनका अनुसार त्यसवेला कुहिने र नकुहिने फोहोर छुट्याउन घरधनीलाई नगरपालिकाले दुईओटा बाल्टिन वितरण गरेको थियो। त्यतिवेला सुरु भएको अभियान बीचमा केही समय रोकिए पनि ०६२ सालदेखि पुनः निरन्तर चलिरहेको छ। अहिले नगरपालिकाले सङ्कलन गर्ने ४० प्रतिशत फोहोर पूर्ण रूपमा छुट्याइएको हुन्छ। बाँकी ६० प्रतिशत भने मिश्रित हुने गरेको छ। '०५१ सालमा फोहोर छुट्याउन बाल्टिन वितरण गर्दा छुट्याएर दिएको फोहोर के गर्ने भन्ने भयो। भएको एउटा कम्पोस्ट प्लान्टले खासै काम गर्न सक्ने अवस्था थिएन,' सुवालले भने, 'तैपनि, फोहोर वर्गीकरण गर्न रोकेनौं।' अहिले जनप्रतिनिधि आएपछि भने राम्रो परिणाम आउन थालेको छ। तर, अझै पूर्ण कार्यान्वयन हुन सकेको छैन।'

## दैनिक करिब ३० टन फोहोर उत्पादन

शाखा प्रमुख सुवालका अनुसार सुरुवाती दिनमा फोहोर छुट्याएर उठाउन निकै कष्ट भएको थियो। 'त्यतिकै फालिरहेकालाई छुट्याउन त गाह्रै भयो नि। तैपनि, दण्ड जरिवानातिर जानुपरेन। कहिलेकाहीँ सम्झाउने, चर्को स्वरले भने बोल्नुपर्‍यो। कहिलेकाहीँ विवादसम्म हुन्थ्यो।' उनी सुरुवाती दिनदेखि नै यही शाखामा छन्। सुवालले भने, 'अहिले नगरवासीले फोहोर छुट्याएर ल्याएको देख्दा खुसी लाग्छ।'

'उपत्यकाका १७ ओटा स्थानीय तहको सबै फोहोर सिसडोल, बन्चरेडाँडामा लगिरहेका छन्। हाम्रो तर्फबाट आजसम्म फालेका छैनौँ। बन्चरेडाँडामा सधैँ फोहोर लगेर समस्या समाधन हुँदैन। एक दिन मात्रै बाटो बन्द भयो भने सिङ्गो उपत्यका दुर्गन्धित हुन्छ। आफ्नै वडामा, नगरमा फोहोर व्यवस्थापनको कोसिस गर्नुपर्छ।'

नगरपालिकाभित्र दैनिक करिब ३० टन फोहोर उत्पादन हुन्छ। जसमध्ये २७ देखि २८ टन दैनिक सङ्कलन हुन्छ। सङ्कलित फोहोरमध्ये ६० प्रतिशत मिसिएको हुन्छ। नगरपालिकाको कोर एरियामा दैनिक फोहोर सङ्कलन हुन्छ। अन्य क्षेत्रमा दुई वा तीन दिनमा सङ्कलन हुन्छ।

## एक वर्षमा दुई सय टन मल उत्पादन

ख्वप कलेजबाट वातावरण विज्ञानमा स्नातक सकेका रमिता तमखु र नसला सुवालले मल बनाउने विभिन्न चरण ठीक छ–छैन, हेर्ने गर्छन्। चैतयता मात्र नगरपालिकाले दुई सय टन मल उत्पादन गरिसकेको छ। उत्पादित मलमध्ये ५० टन बिक्री भइसकेको छ। नगरपालिकाले दीर्घकालीन फोहोर व्यवस्थापनका लागि गृहकार्यसमेत गरिरहेको छ। यसका लागि २० रोपनी जग्गा खोजिरहेको छ। जुन नगरपालिकाभित्रै हुनेछ। 'हाम्रो उद्देश्य भनेको फोहोर बाहिर नजाओस् भन्ने नै हो। नगरपालिकाको फोहोर नगरपालिकाभित्रै व्यवस्थापन गर्नुपर्छ भन्ने नै हो। सोही सोचमा अगाडि बढेका छौँ। त्यसका लागि जग्गा प्राप्ति गर्न गृहकार्य भइरहेको छ,' प्रमुख सुवालले भने।

## सङ्कलित फोहोर नगरपालिकाले के गर्छ ?

नगरपालिकाले फोहोर छुट्याउन नगरवासीलाई दुईओटा बाल्टिन निःशुल्क वितरण गरेको छ। नछुट्याएको फोहोर नगरपालिकाले सङ्कलन नै गर्दैन। फोहोर छुट्याएर उठाउनका लागि सन्देशसहित दिनहुँ माइकिङ गर्ने गरेको छ। सुवालले भने, 'नछुट्याएको फोहोर नै उठाउँदैनौँ। नछुट्याई फोहोर ल्याए सम्झाउँछौँ। कतिलाई त फिल्डमै छुट्याउन सिकाउँछौँ। त्यसो गर्दा पनि नभए फोहोर नै फिर्ता दिन्छौँ।'

नगरपालिकाले कुहिने फोहोरबाट मल बनाएर बेच्नुका साथै पुनः प्रयोग गर्न मिल्ने सामान बनाएर बेच्ने गरेको छ। यसबाट वार्षिक १० लाख आम्दानी गर्दै आएको छ। गत चैत महिनाबाट कुहिने फोहोरबाट बनेको मल प्रतिकिलो २० रुपैयाँ कायम भएको छ। बिक्री नभएको नकुहिने सामान छुट्याएर डम्पिङ गर्दै आएको छ। 'तीन महिनामा मल तयार हुन्छ। मल तयार भएपछि स्थानीय पत्रिकामा सूचना निकाल्ने वा मूल्यसहित माइकिङ गर्छौँ। किसानहरू मल लिन प्लान्टमै आउँछन्। कतिपय वडा समितिमा पुगेरसमेत लिन्छन्,' उनले भने।

(नयाँ पत्रिका, २०७९ फागुन १६)

# भक्तपुर नपामा प्रभावकारी बन्दै शैक्षिक ऋण

– शान्ति तामाङ

### प्रमाणपत्र धितो राखेर एक वर्षमै लिए एक सय ५७ जनाले ऋण, शैक्षिक ऋण कार्यान्वयन गर्न निर्देशिका जारी



विपन्न भएकै कारण उच्च शिक्षा अध्ययनको इच्छा मार्नुपर्ने अवस्था भक्तपुर नगर क्षेत्रमा अन्त्य भएको छ। भक्तपुर नगरपालिकाले यस्ता विपन्न तथा जेहेनदार विद्यार्थीको अध्ययन गर्ने इच्छा पूरा गर्न चार वर्षअघिदेखि सहुलियत ऋण उपलब्ध गराउँदै आएको छ। हालसम्म पाँच सयभन्दा बढीले यो सेवा लिइसकेका छन्। प्रमाणपत्र धितो राखेर यो वर्ष मात्रै नगरपालिकाबाट एक सय ५७ जनाले शैक्षिक ऋण लिइसकेका छन्। निवेदन दिएकामध्ये १३ जनाले भने ऋण पाएनन्।

यो वर्ष नगरपालिकाको वडा १ बाट सबैभन्दा कम चारजनाले शैक्षिक ऋण लिएका छन् भने सबैभन्दा धेरै वडा

नम्बर ४ बाट २५ जनाले पाएका छन् । भक्तपुर नगरपालिकामा १० ओटा वडा छन् । स्थायी बसोवास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीलाई यो ऋण उपलब्ध गराइएको नगरपालिकाले जनाएको छ । 'यसरी ऋण दिन थालेको चार वर्ष भयो । यो वर्ष मात्रै एक सय ५७ जनाले पाएका छन् । एसइईभन्दा माथि विद्यावारिधि (पिएचडी) गर्नेसम्मले ऋण पाउँछन्,' नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले भने । सुवालका अनुसार योग्यताको प्रमाणपत्र धितोस्वरूप राखेर सहुलियत ब्याजमा ऋण लिन सक्नेछन् । तर, यसका लागि स्वदेशमै अध्ययन गर्नुपर्नेछ । आवेदन दिएकामध्ये अन्तर्वार्ताबाट छनोट भएकालाई ऋण उपलब्ध गराइन्छ । यस वर्ष शैक्षिक ऋणका लागि एक सय ७० जनाले आवेदन दिएका थिए । यस वर्ष ऋण नपाउने १३ जना एकाघरका थिए । नगरपालिकाले प्रतिविद्यार्थी पाँच लाखका दरले शैक्षिक ऋण उपलब्ध गराउँदै आएको छ ।

## पाँच सय सातजनाले पाइसके ऋण



दामोदर सुवाल, प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका

नगरपालिकाले यस वर्षका एक सय ५७ जनासहित पाँच सय सातजनालाई शैक्षिक ऋण उपलब्ध गराइसकेको छ । शैक्षिक ऋणसम्बन्धी कानुन नै बनाएर ०७६ सालदेखि विपन्न तथा जेहेनदार विद्यार्थीका सहुलियत ऋण उपलब्ध गराउँदै आएको हो । नगरपालिकाको चौथो नगरसभाले शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ पारित गरेको हो । निर्देशिकालाई १९ वैशाख ०७६ मा स्थानीय राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याइएको हो । निर्देशिकाअनुसार ऋण माग गर्ने विद्यार्थीले वडा समितिमा निवेदन पेस गरी सिफारिस लिनुपर्नेछ । निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले नगरपालिकासमक्ष सिफारिस गर्नेछ । सिफारिस प्राप्त भएपछि नगर प्रमुखले शैक्षिक ऋण स्वीकृत गर्न सक्नेछन् । स्वीकृत निवेदनका अधारमा नगरपालिकाले ऋण दिनेछ ।

## पढाइ सकिएको चार वर्षमा साँवा-ब्याजसहित ऋण तिर्नुपर्छ

शैक्षिक ऋणको दुरुपयोग नहोस् भनेर नगरपालिकाले ऋण कार्यान्वयनसम्बन्धी नियम पनि बनाएको छ । एक परिवारमा एक जनाभन्दा बढीले ऋण पाउँदैनन् भने ऋणको ब्याजदर वार्षिक ६ प्रतिशत मात्रै हुनेछ । यस्तै, पढाइ सकिएको चार वर्षभित्र साँवा-ब्याजसहित ऋण फिर्ता गर्नुपर्नेछ । निर्देशिकाका अनुसार पढाइको अन्तिम परीक्षा दिएको मितिले एक वर्षभित्र न्यूनतम २५ प्रतिशत, दुई वर्षभित्र ५० प्रतिशत, अन्तिम परीक्षा दिएको तीन वर्षभित्र ७५ प्रतिशत र अन्तिम परीक्षा दिएको चौथो वर्षभित्र सबै ऋण रकमको साँवा-ब्याजसहित फिर्ता गर्नुपर्नेछ । निर्धारित समयभित्रै ऋणको साँवा-ब्याज नतिरे ५ प्रतिशत हर्जाना गरी विद्यार्थी र निजको साक्षी बसेकाहरूलाई नगरपालिकाबाट प्रदान गरिने सेवाबाट वञ्चित गरिनेछ । सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

> 'शैक्षिक ऋण दिन थालेको चार वर्ष भयो । यो वर्ष मात्रै एक सय ५७ जनाले पाएका छन् । एसइईभन्दा माथि विद्यावारिधि (पिएचडी) गर्नेसम्मले ऋण पाउँछन् ।'

## एकमुस्ट ऋण तिर्न पनि सकिने

शैक्षिक ऋण लिएको विद्यार्थीले एकमुस्ट रकम तिर्नसमेत सक्नेछ । निवेदकले अध्ययन ऋण दुरुपयोग गरे वा अन्य प्रयोजनमा खर्च गरे बाँकी रकम रोक्का राखी निर्देशिकाअनुसार कारबाहीसमेत गरिनेछ । चार वर्षअघि ऋण लिएकाहरूले फिर्ता गर्न थालिसकेका छन् । नगरपालिकाका अनुसार चार वर्षअघि ऋण लिएका तीनजनाले फिर्ता गरिसकेका छन् । अन्य विद्यार्थी पनि ऋण चुक्ताको चरणमा छन् । नगरपालिकाले धेरै विद्यार्थीका लागि ऋण उपलब्ध गराउन पाँच लाखमात्र रकमको व्यवस्था गरेको हो । 'हामीले सबैलाई समेट्न पाँच लाखको सीमा बनाएका हौँ । थोरै लगानी गर्ने, तर धेरैलाई गर्ने भन्ने हाम्रो उद्देश्य हो,' प्रशासकीय अधिकृत सुवालले भने ।

## कसरी लिने शैक्षिक ऋण ?

सहुलियत ऋणका लागि शैक्षिक योग्यताको प्रमाणपत्र नगरपालिकामा धितोस्वरूप राख्नुपर्नेछ । निवेदकले वडा समितिमा निवेदन पेस गरी सिफारिस लिनुपर्नेछ । निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले नगरपालिकासमक्ष सिफारिस गर्नेछ । सिफारिस प्राप्त भएपछि नगर प्रमुखले शैक्षिक ऋण स्वीकृत गर्न सक्नेछन् । स्वीकृत निवेदनका अधारमा आर्थिक शाखाले ऋण दिनेछ ।

(नयाँ पत्रिका, २०७९ फागुन १७)

# राष्ट्रिय जनगणना २०७८ : सङ्क्षिप्त जानकारी

राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ (कार्तिक २५ – मङ्सिर ९) को अन्तिम नतिजा २०७९ चैत १० गते पुस्तकाकारमा सार्वजनिक गरेको छ।

सार्वजनिक गरेको तथ्याङ्कअनुसार नेपालको कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ पुगेको छ। २०६८ सालमा कूल जनसङ्ख्या २,६४,९४,५०४ थियो। १० वर्षमा १०.०८ प्रतिशत जनसङ्ख्या बढेको छ।

नयाँ तथ्याङ्कमा महिलाको सङ्ख्या एक करोड ४९ लाख ११ हजार २७ (५१.०२ प्रतिशत) र पुरुषको सङ्ख्या एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१ (४८.९८ प्रतिशत) रहेको छ।

लैङ्गिक अनुपात अर्थात् प्रति १०० जना महिलामा पुरुषको सङ्ख्या ९५.५९ रहेको छ। २०६८ सालमा लैङ्गिक अनुपात ९४.१६ थियो।

वार्षिक जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ, २०६८ सालको जनगणना अनुसार १.३५ प्रतिशत प्रति वर्ष थियो। वार्षिक औसत जनसङ्ख्या वृद्धिदर बढी भएको जिल्ला भक्तपुर (३.३५ प्रतिशत) र सबैभन्दा कम भएको जिल्ला रामेछाप (–१.६७ प्रतिशत) रहेका छन्।

सबैभन्दा धेरै जनसङ्ख्या काठमाडौँमा २० लाख ४१ हजार पाँच सय ८७ छ।

कृषि क्षेत्रमा आश्रित जनसङ्ख्या ५७.३ प्रतिशत छ। ०६८ मा ६५.६ प्रतिशत थियो।

परिवारको सङ्ख्या कूल ६६ लाख ६६ हजार नौ सय ३७ पुगेको छ। १० वर्षभित्र १२ लाख ३९ हजार ६ सय ३५ परिवार थपिएका छन्। घरपरिवार टुक्रिने क्रम बढेको देखिन्छ।

सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूह) १० वर्षमा ५६.९६ बाट ६१.९६ प्रतिशत पुगेको छ।

१४ वर्षमुनिको जनसङ्ख्या ८१ लाख १५ हजार ५७५ अर्थात् २७.८३ प्रतिशत छ। ०६८ मा ९२ लाख ४८ हजार २४६ अर्थात् ३४.९१ प्रतिशत थियो।

त्यस्तै, ६० वर्ष माथिकाको जनसङ्ख्या २९ लाख ७७ हजार ३१८ अर्थात् १०.२१ प्रतिशत पुगेको छ। ०६८ मा २१ लाख ५४ हजार ४१० अर्थात् ८.१३ प्रतिशत थियो।

घरपरिवारमा बिजुलीको पहुँच ९२.२ प्रतिशत पुगेको छ। ०६८ मा ६७.३ प्रतिशत थियो।

शौचालय प्रयोग गर्ने परिवार ९५.५ प्रतिशत पुगेको छ। २०६८ मा ३८.२ प्रतिशत थियो।

साक्षरता दर ७६.३ प्रतिशत पुगेको छ। १० वर्षअघि पाँच वर्ष वा सोभन्दा बढी उमेरका जनसङ्ख्यामा ६५.९ प्रतिशत थियो। पुरुषको साक्षरता ७५.१ बाट बढेर ८३.६ र महिलाको साक्षरता ५७.४ बाट बढेर ६९.४ प्रतिशत पुगेको छ।

हालको जनगणनाअनुसार **हिमाली** क्षेत्रको जनसङ्ख्या १७ लाख ७२ हजार नौ सय ४८, **पहाड**को एक करोड १७ लाख ५७ हजार ६ सय २४ र **तराई**को जनसङ्ख्या एक करोड ५६ लाख ३४ हजार ६ पुगेको छ।

प्रदेशअनुसार **कोसी**मा ४९ लाख ६१ हजार चार सय १२, **मधेस**मा ६१ लाख १४ हजार ६ सय, **बागमती**मा ६१ लाख १६ हजार आठ सय ६६, **गण्डकी**मा २४ लाख ६६ हजार चार सय २७, **लुम्बिनी**मा ५१ लाख २२ हजार ७८, **कर्णाली**मा १६ लाख ८८ हजार चार सय १२ र **सुदूरपश्चिम** प्रदेशमा २६ लाख ९४ हजार सात सय ८३ जनसङ्ख्या रहेको छ।

जनगणनासँगै सङ्कलन गरिएका ८० प्रकारका तथ्याङ्क पनि पुस्तकाकारमा दिइएको छ।

### नेपालमा जनगणनाको शृङ्खला

| क्रम | जनगणना वर्ष (विसं) | जनसङ्ख्या | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | जनघनत्व जनसङ्ख्या प्रतिवर्ग किमि |
|---|---|---|---|---|---|
| पहिलो | १९६८ | ५६,३८,७४९ | | | ३८ |
| दोस्रो | १९७७ | ५५,७३,७८८ | | -०.१३ | ३८ |
| तेस्रो | १९८७ | ५५,३२,५७४ | | -०.०७ | ३८ |
| चौथो | १९९८ | ६२,८३,६४९ | | १.१६ | ४३ |
| पाँचौं | २००९/११ | ८२,५६,६२५ | ९६.८ | २.२७ | ५६ |
| छैटौं | २०१८ | ९४,१२,९९६ | ९७.० | १.६४ | ६४ |
| सातौं | २०२८ | १,१५,५५,९८३ | १०१.४ | २.०५ | ७९ |
| आठौं | २०३८ | १,५०,२२,८३९ | १०५.० | २.६२ | १०२ |
| नवौं | २०४८ | १,८४,९१,०९७ | ९९.५ | २.०८ | १२६ |
| दशौं | २०५८ | २,३१,५१,४२३ | ९९.८ | २.२५ | १५७ |
| एघारौं | २०६८ | २,६४,९४,५०४ | ९४.२ | १.३५ | १८० |
| बाह्रौं | २०७८ | २,९१,६४,५७८ | ९५.६ | ०.९२ | १९८ |

# राष्ट्रिय जनगणना २०७८

## काठमाडौं उपत्यकाका स्थानीय तहहरुमा जनसङ्ख्या स्थिति

| जिल्ला | स्थानीय तह | विसं २०६८ परिवार सङ्ख्या | विसं २०६८ जनसङ्ख्या | विसं २०७८ परिवार सङ्ख्या | जनसङ्ख्या जम्मा | जनसङ्ख्या पुरुष | जनसङ्ख्या महिला | परिवार आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | जनघनत्व | साक्षरता दर प्रतिशत जम्मा | साक्षरता दर प्रतिशत पुरुष | साक्षरता दर प्रतिशत महिला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भक्तपुर | भक्तपुर नपा | १७६३९ | ८१७४८ | १८९८७ | ७९१३६ | ३९७५५ | ३९३८१ | ४.१७ | १००.९५ | -०.३१ | ११४८६ | ८६.९५ | ९३.३० | ८०.५९ |
| | चाँगुनारायण नपा | १२१७० | ५५४३० | २१५८८ | ८८०८३ | ४३६७४ | ४४४०९ | ४.०८ | ९८.३४ | ४.४४ | १३९९ | ८४.२८ | ९२.१९ | ७६.५८ |
| | मध्यपुर-थिमी नपा | २०३०२ | ८३०३६ | ३१९६६ | ११९७५६ | ६०७४६ | ५९०१० | ३.७५ | १०२.९४ | ३.५१ | १०४४१ | ९०.२२ | ९४.९२ | ८५.४३ |
| | सूर्याविनायक नपा | १८४४६ | ७८४९० | ३५८६५ | १४००८५ | ६९९१५ | ७०१७० | ३.९१ | ९९.६४ | ५.५६ | ३३०० | ८८.६२ | ९४.९० | ८२.४५ |
| | संस्थागत | ७९ | ५९४७ | ९७ | ५०७२ | ४३२८ | ७४४ | | | | | ९५.२६ | ९६.३७ | ८८.७४ |
| | जम्मा | ६८६३६ | ३०४६५१ | १०८५०३ | ४३२१३२ | २१८४१८ | २१३७१४ | ३.९८ | १०२.२० | ३.३५ | ३६३१ | ८७.९६ | ९४.१० | ८१.७४ |
| ललितपुर | ललितपुर मनपा | ७०२५६ | २८४९२२ | ७७१५९ | २९४०९८ | १४६७३० | १४७३६८ | ३.८१ | ९९.५७ | ०.३० | ८१४२ | ८९.९९ | ९४.६२ | ८५.४१ |
| | महालक्ष्मी नपा | १४९३० | ६२१७२ | ३२१०६ | १२३११६ | ६२३९९ | ६०७१७ | ३.८३ | १०२.७७ | ६.५६ | ४६४४ | ७९.९७ | ८८.२८ | ७२.०४ |
| | गोदावरी नपा | १७७६२ | ७८३०१ | २४०४५ | ९७६३३ | ४८१४० | ४९४९३ | ४.०६ | ९७.२७ | २.१२ | १०१६ | ८२.९६ | ९०.३२ | ७५.८७ |
| | बागमती गापा | २६१४ | १३०४९ | २७३९ | ११३५३ | ५७०० | ५६५३ | ४.१४ | १००.८३ | -१.३४ | १०२ | ७१.३७ | ७८.४५ | ६४.२५ |
| | कोन्ज्योसोम गापा | २००१ | ९७०९ | २१४२ | ८९८९ | ४३९८ | ४५९१ | ४.२० | ९५.८० | -०.७४ | २०४ | ७३.९३ | ८१.९२ | ६६.३६ |
| | महाङ्काल गापा | १९४२ | ९४५३ | १९३९ | ८१२२ | ४०७२ | ४०५० | ४.१९ | १००.५४ | -१.४६ | ९८ | ८०.०९ | ८६.५५ | ७३.६० |
| | संस्थागत | २९२ | १०५२६ | २३७ | ८३५६ | ५६९२ | २६६४ | | | | | ९६.२० | ९६.७७ | ९४.९९ |
| | जम्मा | १०९७९७ | ४६८१३२ | १४०३६७ | ५५१६६७ | २७७१३१ | २७४५३६ | ३.९३ | १००.९५ | १.५८ | १४३३ | ८८.०८ | ९३.४१ | ८२.७५ |
| काठमाडौं | बुढानिलकण्ठ नपा | २६४८५ | १०७९१८ | ४६९३० | १७७५५७ | ८७३३७ | ९०२२० | ३.७८ | ९६.८० | ४.७८ | ५१०२ | ८९.७२ | ९४.५२ | ८५.१२ |
| | चन्द्रागिरी नपा | २०५३२ | ८५१९८ | ३५९९४ | १३६८६० | ६८३०३ | ६८५५७ | ३.८० | ९९.६३ | ४.५५ | ३११६ | ८७.२७ | ९३.४६ | ८१.१६ |
| | दक्षिणकाली नपा | ५४८८ | २४२९७ | ६४८९ | २६३७२ | १२९५५ | १३४१७ | ४.०६ | ९६.५६ | ०.७९ | ६१८ | ७९.९९ | ८८.६६ | ७१.६४ |
| | गोकर्णेश्वर नपा | २७१०६ | १०७३५१ | ३९७७१ | १४९३६६ | ७३२३५ | ७६१३१ | ३.७६ | ९६.२० | ३.१७ | २५५३ | ८५.५३ | ९१.६० | ७९.७६ |
| | कागेश्वरी मनोहरा नपा | १४३२९ | ६०२३७ | ३३७६४ | १३०४३३ | ६५०३१ | ६५४०२ | ३.८६ | ९९.४३ | ७.४१ | ४७६४ | ८८.४१ | ९४.०८ | ८२.८५ |
| | काठमाडौं मनपा | २५४२९२ | ९७५४५३ | २३८९६६ | ८६२४०० | ४३८२५६ | ४२४१४४ | ३.६१ | १०३.३३ | -१.१८ | १७४४० | ९०.४७ | ९४.७० | ८६.१२ |
| | कीर्तिपुर नपा | १९४४१ | ६५६०२ | २४१५० | ८१५७८ | ४३२४७ | ३८३३१ | ३.३८ | ११२.८३ | २.०९ | ५५२७ | ८८.७६ | ९४.९४ | ८१.७९ |
| | नागार्जुन नपा | १६७४६ | ६७४२० | ३१३०१ | ११५४३७ | ५७५९६ | ५७८४१ | ३.६९ | ९९.५८ | ५.१६ | ३८६७ | ८९.१५ | ९४.५३ | ८३.८६ |
| | शंखरापुर नपा | ५४०६ | २५३३८ | ७१४० | २९३१८ | १४४३३ | १४८८५ | ४.११ | ९६.९६ | १.४० | ४८७ | ७९.९५ | ८७.६२ | ७२.५९ |
| | तारकेश्वर नपा | २०१५८ | ८१४४३ | ४१३६२ | १५१४७९ | ७५२८१ | ७६१९८ | ३.६६ | ९८.८० | ५.९६ | २७५७ | ८७.८४ | ९३.४४ | ८२.३९ |
| | टोखा नपा | २५५६१ | ९९०३२ | ३७०२५ | १३३७५५ | ६६५३२ | ६७२२३ | ३.६१ | ९८.९७ | २.८८ | ७८१७ | ९१.०५ | ९५.५५ | ८६.६४ |
| | संस्थागत | ८०० | ४४९५१ | १९७५ | ४७०३२ | ३३५२० | १३५१२ | | | | | ९४.७४ | ९५.९७ | ९१.६५ |
| | जम्मा | ४३६३४४ | १७४४२४० | ५४४८६७ | २०४१५८७ | १०३५७२६ | १००५८६१ | ३.७५ | १०२.९७ | १.५१ | ५१६९ | ८९.२३ | ९४.१९ | ८४.१६ |

श्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

# नवयुवकसँग अपिल

## 'प्रिन्स' क्रोपाट्किन



## कलाविद्

आज म युवा कलाविद्, मूर्तिकार, चित्रकार, कवि, सङ्गीतज्ञ आदिसँग केहीं सोध्न चाहन्छु । उनीहरूलाई थाहा छैन कि पूर्वजहरूको मनमा स्फूर्ति र साहस जगाउने खालका जुन कला थियो त्यो अचेलका मानिसहरूमा किन पाइँदैन ? साधारण र विशेषतानभएका कृतिहरूमात्र किन ओइरोलाग्छ ?

यस बाहेक अरू हुन नै के सक्छ र ? प्राचीनकालका घटनाहरूको अवलोकन गर्दा र नवीन प्रकृतिका दृश्यहरू निरीक्षण गर्दा मानसिक आनन्द प्राप्त हुन्छ । प्राप्त भएका ती आनन्दले प्रेरित भएर नै मध्ययुगका ठूलठूला प्रसिद्ध चित्र र मूर्तिहरू बनाइएका थिए । तर, ती साधन अहिले छैनन् । त्यस्तै, कुनै परिवर्तनकारी आदर्शनहुनाले पनि कला जीवन्त हुनसकेका छैनन् । यस परिप्रेक्षमा हाम्रो कलाको लक्ष मात्र नक्कल गर्ने रहन गएको छ । धेरै मिहिनेत गरेर पातमा रहेको शीतको थोपाको चित्र लेख्छौं । गाईको खुरको हु–बहु नक्कल गर्छौं । फोहोर बस्तीको सास थुनिने दुर्गन्धबारे या कुनै वेश्याको विलासी भवनबारे गद्य या पद्यमा सूक्ष्म ढङ्गले वर्णन पनि गर्छौं ।

तिमी सोधौला कि यदि यस्तै छ भने अरू के गर्ने त ? मेरो जवाफ छ– यदि तिमीमा भएको साहस र परिवर्तनको आगो धुवाँ फैलाउने खालको मात्र छ भने आज गरेको भन्दा बढी तिमीले केही गर्न सक्दैनौ । यस अवस्थामा तिम्रो कलाको महत्त्व अति छिटो पतन हुन थाल्नेछ । तिम्रो कला व्यापारीहरूको पसलमा सजाउने या निम्न स्तरको नाचघरकोलागि नाटक तयार गर्ने या केटाकेटीलाई फकाउने साधनमात्र बन्न जानेछ । आज पनि तिमीहरू मध्ये धेरैजसो त्यस्तै बाटोमा लागिरहेका छन् र छिट्छिटो बढिरहेका छन् ।

तर तिमीमा मानव जातिप्रति सहानुभूति छ, तिनीहरूको सुखदु:खकासाथ तिम्रो मुटु ढुकढुक गर्छ, र एक साँचो अर्थका कवि झैं तिमी जीवन सार्थक बनाउने सङ्गीत सुन्छौ भने परिस्थितिमा धेरै परिवर्तन आउन सक्छ । असङ्ख्य मानिसहरू भोकले मरिरहेको देखेर, खानीमा मरेका लासहरू देखेर, मोर्चामा छरिएका अङ्ग–भङ्ग भएका लास देखेर, निर्जन देश र कालापानीमा जान लागेका निर्वासितहरूको ताँती देखेर, हार्नेको कष्टप्रद चीत्कार र जित्नेको अट्टहास सुनिने निराशाजनक युद्ध देखेर, बहादुरीको सट्टा कायरता र प्रशंसनीय दृढ विश्वासको सट्टा तुच्छ चालबाजी देखेर तिमी निश्चय पनि उदासीन भएर रहन सक्दैनौ । तिमी अवश्य पनि अगाडि बढ्नेछौ र अत्याचारबाट पीडितहरूको पक्ष लिनेछौ । तिमीलाई राम्रो थाहा छ कि 'सत्यं शिवं सुन्दरं' तिनीहरूको निम्ति हो, जो उज्यालो भविष्य, मानवता र न्यायको लागि सङ्घर्ष गर्छन् ।

*(नव युवकहरूसँग दुई कुराबाट) अनु.:श्रेष्ठ*

## थाहा पाइराखौं

- हात मिलाउने चलन ग्रीस देशबाट सुरु भएको हो ।
- भक्तपुरको दत्तात्रय मन्दिर निर्माण गर्ने राजा यक्षमल्ल थिए ।
- कौटिल्यको जन्म भारतको तक्षशिलामा भएको थियो ।
- ब्रसले दाँत माझ्ने चलन चीनबाट आएको हो ।
- पानीतान्ने मेसिनको आविष्कारक माइकल फाराडे हुन् ।
- एकै दिनमा विभिन्न रंगमा देखिने झिला मिला ताल कञ्चनपुरमा रहेको छ ।
- नेपालमा सर्व प्रथम जेल स्थापना गर्ने राणा प्रधानमन्त्री वीरशमशेर थिए ।

सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य


## 'भक्तपुर' मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस् । सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला ।

**रचना पठाउने ठेगानाः**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

# eQmk'/ gu/JofkL
# k|ultzLn ehg k|ltof]lutf

भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण सम्बर्द्धन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगिता चैत १७ गते सम्पन्न भयो ।



प्रतियोगिताको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जनताको भावनाअनुरूप प्रगतिशील भजन प्रतियोगिताको आयोजना गरेको बताउनुहुँदै यो प्रतियोगिता भजन सँगसँगै साहित्य, कला र संस्कृतिसँग जोडिएको विषय हो भन्नुभयो ।

प्रगतिशील साहित्यको महत्त्वबारे उहाँले सांस्कृतिक क्रान्तिको रूपमा भजनलाई अगाडि बढाउन सके धेरै जना क्रियाशील रहने बताउनुहुँदै क्रान्तिकारी साहित्यमार्फत



समाजलाई अगाडि बढाउने भक्तपुर नपाको मुख्य उद्देश्य भएको बताउनुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुरलाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न सांस्कृतिक विधाका प्रतियोगिताहरूको आवश्यकता रहेको बताउनुहुँदै नयाँ पुस्तालाई हाम्रो संस्कृति, संस्कारहरू सिकाउँदै जीवन्त बनाइराख्नु आजको आवश्यकता हो भन्नुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा प्रतियोगिताको उद्घाटन र्‍याली भनपा वडा नं. ९ दत्तात्रयबाट र उपप्रमुख रजनी जोशीको नेतृत्वमा इनाग भार्वाचोबाट र्‍याली सुरु भई प्रतियोगिता स्थल भनपा वडा नं. ५ खःलाँमा पुगेको थियो ।

## प्रतियोगितामा सहभागी समूहहरू

भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा सहभागी भजनमण्डलहरूको सूची

१. पूर्वेश्वर महादेव भजन खलः, वडा नं. ६
२. तःननी भजन पुचः, वडा नं. ४
३. सुभप्रभात राम भजन मण्डल, वडा नं. ७
४. भैरवनाथ भजन खलः, वडा नं. ४
५. नगांचा महिला भजन समूह, वडा नं. १०
६. गपली गणेश भजन मण्डल, वडा नं. ४
७. देकोचा गणेश भजन मण्डल, वडा नं. १०

८. बाराही अजिमा भजन खलः, वडा नं. १
९. सिद्धि मंगल धर्म दीप ज्ञानमाला भजन खलः, वडा नं. ७
१०. पाताल गणेश भजन मण्डल, वडा नं. ४
११. वाकुपति नारायण ढल्चा भजन मण्डल (क), वडा नं. ९
१२. चण्डी भगवती रास भजन मण्डल, वडा नं. ५
१३. नारायण भजन खलः, वडा नं. ८
१४. श्री चम्पकेश्वर भजन मण्डल, वडा नं. ४
१५. वाकुपति नारायण ढल्चा भजन मण्डल (ख), वडा नं. ९
१६. इन्द्रायणी भजन खलः, वडा नं. ३
१७. ज्ञानमाला भजन खलः, वडा नं. ८
१८. श्री बाराही अजिमा भजन मण्डल, वडा नं. ३
१९. लिवाली भजन मण्डल, वडा नं. ८
२०. ख्वप साहित्य सांस्कृतिक खलः, वडा नं. १
२१. भुलाछेँ गणेश भजन मण्डल, वडा नं. ६
२२. गयभिमसेन भजन मण्डल, वडा नं. ५
२३. मचो भैरव भजन खलः, वडा नं. ८
२४. च्वङा गणेश भजन मण्डल, वडा नं. १
२५. वामेश्वर महादेव भजन मण्डल, वडा नं. ६
२६. इचाडोल भजन मण्डल, वडा नं. १
२७. यातु गणेश भजन मण्डल, वडा नं. १०
२८. दाजु किजा तताकेहें भजन मण्डल, वडा नं. १
२९. चोखा विनायक भजन मण्डल, वडा नं. १०
३०. सुरसंगम भजन पुचः, वडा नं. २
३१. ब्रम्हायणी पिठ भजन मण्डल, वडा नं. ९
३२. ब्यासी भजन समूह, वडा नं. २
३३. सिज महादेव भजन मण्डल, वडा नं. ९
३४. इन्द्रायणी भजन मण्डल, वडा नं. ३
३५. उमा महेश्वर भजन मण्डल, वडा नं. ९
३६. नित्यनाथ भजन मण्डल, वडा नं. ९
३७. मच्छे नारायण भजन मण्डल, वडा नं. ६
३८. वाचुहिति ज्ञानमाला भजन, वडा नं. ९
३९. पासा पुचः नित्यनाथ भजन मण्डल, वडा नं. ९
४०. पासा पुचः सूर्यमढी, वडा नं. ९

# प्रगतिशील सांस्कृतिक भजन प्रतियोगिता सम्पन्न

नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा पहिलो **चण्डी भगवती रास भजन मण्डल, दोस्रो पाताल गणेश भजन मण्डल, तेस्रो सुभप्रभात राम भजन मण्डल र सान्त्वनामा इन्द्रायणी भजन मण्डल र**




**बाराही अजिमा भजन** खलःले प्राप्त गरेको थियो। त्यस्तै वाद्यवादनतर्फ भनपा ४ पाताल गणेश भजन मण्डलका महेन्द्र सिंख्वाल र गायनतर्फ भनपा ३ इन्द्रायणी भजन मण्डलकी निरुता गोरा उत्कृष्ट हुन सफल भएका थिए।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा प्रगतिशील सांस्कृतिक भजन प्रतियोगिताका विजयी भजन समूहहरूलाई पुरस्कार वितरण गरियो।

पुरस्कार वितरण समारोहमा बोल्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले कला संस्कृति मानव जीवनको जीवनपद्धतिसँग सम्बन्धित समाजको ऐनाको रूपमा रहेको बताउनुभयो।

भजनमार्फत समाज परिवर्तन र जनचेतना जगाउने अभियानमा लाग्न प्रेरित गर्नुहुँदै उहाँले प्रगतिशील भजनकिर्तनबाट देशको इतिहास झल्काउने काम हुने हुँदा जनताको पक्षमा साहित्य लेख्न अभिप्रेरित गर्नुभयो।

साहित्यकै माध्यमबाट नयाँ पुस्तालाई सही मार्गमा डोऱ्याउने काम गर्न सकिने बताउनुहुँदै उहाँले जनतालाई सङ्गठित र सचेत पार्ने अभियानस्वरूप यस्ता गतिविधिहरूलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रगतिशील भजन प्रतियोगिताको प्रमुख उद्देश्य जनताको राजनीतिक र सामाजिक चेतनास्तर उकास्ने, अन्यायको विरोध गरी समाजमा परिवर्तन ल्याउने हो भन्नुभयो। साहित्य र संस्कृतिको माध्यमबाट समाजलाई परिवर्तन गर्नुपर्छ भन्ने मान्यताले यस्ता प्रतियोगितालाई जोड दिँदै आएको बताउनुहुँदै उहाँले नगरपालिकाको आह्वानमा सहभागी सबैमा धन्यवादज्ञापन गर्नुभयो।

कार्यक्रममा निर्णायकमण्डलका तर्फबाट जनकवि चन्द्रबहादुर उलक, प्रगतिशील सांस्कृतिक भजन प्रतियोगिता संयोजन समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र सदस्य उकेश कवांले प्रतियोगिताको उद्देश्य, नियम र महत्त्वबारे प्रष्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको प्रगतिशील सांस्कृतिक भजन प्रतियोगितामा ४० ओटा भजन समूहहरूले भाग लिएका थिए।



प्रतियोगितामा पहिलो भएको भजन समूहलाई नगद रु. २५,०००।– का साथै मादल १ थान, तबला १ जोडा, तिं छु १ जोडा, झ्याली १ जोडा, **दोस्रो** भएको समूहलाई नगद रु. २०,०००।– का साथै मादल १ थान, तिं छु १ जोडा, झ्याली १ जोडा, **तेस्रो** भएको समूहलाई नगद रु. १५,०००।– का साथै मादल १ थान, तिं छु १ जोडा र **सान्त्वना** स्थान प्राप्त गरेका भजन समूहलाई नगद रु. १०,०००।– का साथै मादल १ थान, झ्याली १ जोडा पुरस्कार प्रदान गरिएको थियो। साथै प्रतियोगिताका **उत्कृष्ट कलाकार गायन**तर्फ नगद रु. ५,०००।– र उत्कृष्ट कलाकार **बाजा**तर्फ – नगद रु. ५,०००।– प्रदान गरिएको थियो भने सहभागी टोलीलाई खाजा वापत रकम प्रतिटोली नगद रु. २५००।– प्रदान गरिएको थियो। समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले विजयी टोलीलाई पुरस्कार र निर्णायक मण्डलका सदस्यहरू चन्द्रबहादुर उलक, बद्रीनारायण ताम्राकार, विष्णुबहादुर मानन्धर, पुष्पलाल सुजखू, ओमप्रकाश श्रेष्ठ, दामोदर सुवाल र इन्दिरा लाछिमस्यूलाई मायाको चिनोसहित प्रशंसा पत्र प्रदान गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले प्रतियोगितामा सहभागी प्रत्येक टोलीलाई सहभागिताको प्रमाणपत्र र मादल १/१ थान हस्तान्तरण गर्नुभएको थियो।

साथै प्रमुख प्रजापतिले उद्घाटन ¥यालीमा सहभागी बाजा खलःलाई धन्यवाद पत्र समेत प्रदान गर्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले धन्यवादज्ञापन गर्नुभएको थियो।


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## औषधि उपचारबापत खर्च उपलब्ध गराउने सम्बन्धी सूचना

मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचारबापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार यस भक्तपुर नगरपालिकामा निवेदन पेश गर्नुहुने लाभग्राहीहरूलाई अनुदान रकम वितरण गर्ने भएकोले बैङ्क खाता खोल्न सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ। साथै उपचार खर्च प्राप्त गर्न सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले नगरपालिकाबाट उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ताको परिचयपत्र वडा कार्यालयमा बुझाइदिनुहुनसमेत अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरूः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ २. फोटो - ३ वटा

**नोटः**

क. नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा सङ्गठनबाट रोजगारी/निवृत्तिभरण वा विदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेका व्यक्तिहरूलाई यस कार्यविधिबमोजिम मासिक वृत्ति उपलब्ध गराइने छैन।

ख. नेपाल सरकारबाट उपलब्ध गराइँदै आएको सामाजिक सुरक्षा भत्तालगायत नेपाल सरकारबाट साबिकमा पाइआएको सामाजिक सुरक्षा भत्ता वा यस कार्यविधिबमोजिम उपलब्ध गराइने कुनै एक भत्ता वा मासिक वृत्तिमात्र प्राप्त गर्न सक्नेछ।

## प्रगतिशील भजन प्रतियोगिताका केही झलक




प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैंलगायत पुरस्कार बितरण समारोहमा




उद्घाटन र्‍यालीको एक दृश्य




**पहिलो** चण्डी भगवती रास भजन मण्डल, वडा नं. ५




**दोस्रो** पाताल गणेश भजन मण्डल, वडा नं. ४




**तेस्रो** शुभप्रभात राम भजन मण्डल, वडा नं. ७







**सान्त्वना** : इन्द्रायणी भजन मण्डल, वडा नं. ३ र बाराही अजिमा भजन खलः, वडा नं. १



सहभागी स्रोतागण



निर्णायक मण्डल

## तस्बिरमा 'भक्तपुर घरेलु उत्पादन मेला' (चैत १८ र १९ गते)








वज्र ब्युटी पार्लर
एण्ड ट्रेनिङ सेन्टर










भक्तपुर घरेलु उत्पादन मेला-२०७९
समापन समारोह


भक्तपुर घरेलु उत्पादन मेला
प्रभातकालीन सम्पदा यात्रा



# पर्यटन प्रवर्द्धन गर्न दुईदिने 'भक्तपुर घरेलु उत्पादन मेला'

### देशलाई आत्मनिर्भर बनाउन स्वदेशी उत्पादनको प्रयोगमा जोड दिनुपर्ने

भक्तपुर नगरपालिकाको आयोजनामा स्थानीय उत्पादनबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुरको नासमना र तालाक्व टोलमा चैत्र १८ र १९ गते दुई दिने **'भक्तपुर घरेलु उत्पादन मेला'** सम्पन्न भएको छ ।



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले भक्तपुरको नासमना टोलमा चैत्र १८ उक्त मेलाको उद्घाटन गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले देशमा उत्पादन भएका घरेलु उत्पादन तथा सामग्रीहरूलाई उत्साहित गर्नुपर्ने बताउनुभयो ।

उहाँले देशमै उत्पादन हुने सामग्रीहरू सबैले खरिद गरेर सहयोग गर्न विशेष जोड दिनुहुँदै स्थानीय उत्पादनले पर्यटन विकासमा समेत सहयोग पुग्ने बताउनुभयो ।

देशलाई आत्मनिर्भर बनाउन स्वदेशी उत्पादनको प्रयोगमा जोड दिनुपर्ने भन्नुहुँदै उहाँले भक्तपुर घरेलु उत्पादन मेला सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले घरेलु उद्योग देश विकासको आधार भएको बताउनुहुँदै यस किसिमको गतिविधिले पर्यटन प्रवर्द्धनका लागि मद्दत गर्ने, नयाँ नयाँ रोजगारीको सृजना हुने, आत्मनिर्भर बनाउने र देशको व्यापार घाटा कम गर्न समेत टेवा पुग्ने बताउनुभयो ।

स्वागत मन्तव्य दिनुहुँदै वडा नं. ३ का वडा अध्यक्ष **राजकृष्ण गोरा**ले मेला अवलोकन गर्न अनुरोध गर्नुहुँदै भक्तपुरको मौलिक उत्पादन प्रचारप्रसार गर्न यस्ता खालको कार्यक्रम महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ९ का वडा अध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले विभिन्न समयमा मेला तथा महोत्सवको आयोजना गरिँदै आएको जानकारी दिनुहुँदै स्थानीय उत्पादनलाई बढावा दिनुपर्ने र यसको व्यापक प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो ।

दुई दिनसम्म चल्ने मेलाको प्रमुख आकर्षणहरूमा भक्तपुरका मौलिक उत्पादनहरू, परम्परागत घरेलु उद्योगबाट उत्पादित वस्तु, काष्ठकला, धातुकला र प्रस्तरकलाहरू, हस्तकलाका सामग्रीहरू, नेवारी खाजा स्टल र सांस्कृतिक प्रस्तुति आदि रहेका छन् ।

स्थानीय उत्पादनबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ र पर्यटन विकास समितिको सहआयोजनामा भएको उक्त मेलाको उद्घाटन र्‍याली भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं. ८ जँला टोलबाट सुरु भई दत्तात्रय, सलाँगणेश, नागपोखरी, महालक्ष्मी, भुलाछेँ, तुछिमला, तुलाछेँ, त्रिपुरासुन्दरी, दरबार क्षेत्र, खौमा, इताछेँ, बसपार्क, भार्वाचो, तेखापुखु/वंशगोपाल हुँदै नासमनामा पुगी उद्घाटन कार्यक्रम भएको थियो ।

उद्घाटनपश्चात कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले नासमना र तालाक्वमा भएको भक्तपुर घरेलु उत्पादन मेलाको स्थलगत अवलोकन गर्नुभयो ।

### दुईदिने भक्तपुर घरेलु उत्पादन मेला सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा स्थानीय उत्पादनबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले दुई दिने 'भक्तपुर घरेलु उत्पादन मेला' को समापन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा चैत १९ गते सम्पन्न भयो ।



कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **प्रेम सुवाल**ले स्वदेशमै उत्पादन हुने सामग्रीहरू बिक्री वितरण गर्न सकेको खण्डमा आर्थिक विकास तथा क्षमता अभिवृद्धि हुने बताउनुभयो । नेपाल एक कृषिप्रधान देश भएतापनि खाद्यान्नको लागि छिमेकी राष्ट्र भारतसँग परनिर्भर हुनु विडम्बनाको कुरा भएको बताउनुभयो । साथै उहाँले स्वदेशी सामानलाई प्राथमिकतामा राख्नुपर्ने र आत्मनिर्भर बन्नुपर्ने कुरामा विशेष जोड दिनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश भएअनुसार विभिन्न समयमा सांस्कृतिक गतिविधि गर्दै आएको चर्चा गर्नुभयो । उहाँले यसअघि योमरी महोत्सव समेत सम्पन्न गरिसकेको बताउनुहुँदै भविष्यमा पनि यस किसिमको मेला आयोजना गरिने बताउनुभयो । स्वदेशी तथा विदेशी पर्यटकलाई भक्तपुरको प्रचारप्रसार गर्न यस्ता मेलाले सहयोग पुग्ने समेत बताउनुभयो ।

सोही कार्यक्रममा स्वागत मन्तव्य दिनुहुँदै वडा नं. ४ का वडा अध्यक्ष **उपेन्द्र सुवाल**ले चुनावी घोषणापत्र अनुसार गतिविधि गरिँदै आएको र भक्तपुर घरेलु उत्पादन मेलामा उत्साहजनक सहभागिता रहेको बताउनुभयो ।

त्यस्तै कार्यक्रममा वडा नं ९ का वडा अध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **प्रेमकृष्ण खर्बुजा**ले कार्यक्रम नगरपालिकाले आयोजना गरेकोमा धन्यवाद दिनुहुँदै यस्ता मेला तथा महोत्सव आगामी दिनमा पनि गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

भक्तपुरको नासमना र तालाक्व टोलमा दुई दिनसम्म सञ्चालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले मेलामा सहयोग गर्ने सहभागी स्टल, सांस्कृतिक टोली तथा विभिन्न सङ्घसंस्थाहरूलाई धन्यवाद पत्र वितरण गर्नुभएको थियो ।

**कोभिड-१९ फेरि फैलिन थालेको छ । सुरक्षित हुनको लागि स्वास्थ्य मापदण्ड अपनाऔं ।**

- घर बाहिर जाँदा मास्क लगाऔं ।
- साबुन पानीले समय-समयमा हात धोऔं ।
- स्यानीटाइजर लगाऔं ।
- खोपको मात्रा पूरा गरौं ।

**कोभिड-१९ बाट आफू बचौं र अरूलाई पनि बचाऔं ।**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- १९

### मिति २०७९ माघ २२ गते, आइतबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

## निर्णयहरू

### भक्तपुर नपाको १३ औं नगरसभा

भक्तपुर नगरपालिकाको १३ औं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा ख्वप इन्जिनियरि कलेजमा गर्ने र सभामा पेश गर्ने यस नगरपालिकाको अर्ध वार्षिक प्रगति प्रतिवेदन कार्यापालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**आर्थिक तथा लेखा समिति**

**मिति २०७९।१०।१६ गते**

१.बालाखु गणेत बचत तथा ऋण सहकारी संस्था लि.को १५ औँ वार्षिक साधारण सभाको निर्णयअनुसार भक्तपुर जिल्ला भक्तपुर नगरपालिका साविक वडा नं. १० हालको वडा नं. २ बस्ने ३२ वर्षका एलेन कोजुको नाममा मा.पो. कार्यालय, भक्तपुरमा एकलौटी दर्ता कायम रहेको भक्तपुर नगरपालिका वडा नं. १०(ख) स्थित कि.नं. २४९ को क्षे.फ. ०-४-०-० को जग्गा एकमुष्ट रु.१,१५,००,०००।– (अक्षेरूपी रु. एक करोड पन्ध्र लाख) मा संस्थाको भवन निर्माण गर्न खरिद गर्ने निर्णय गरी जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुटको लागि सिफारिस पाऊँ भनी दिनु भएको निवेदनमा छलफल हुँदा सहकारी ऐन, २०७४ को दफा ७८, सहकारी नियमावली, २०७५ को नियम २३(१) अनुसार जग्गा खरिदमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुटको लागि मालपोत कार्यालय, भक्तपुरको नाउँमा **सिफारिस** गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**मिति २०७९।१०।११ गते**

१. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. को प.स.च.नं. ६७/०७८/०७९ मिति २०७८।५।१९ गतेको पत्रानुसार भक्तपुर नगरपालिका वडा नं. ४ को भुलांचामा सेवा केन्द्र सञ्चालन गर्न स्वीकृति पाऊँ भनी निवेदन दिनु भएकोमा बैठकमा छलफल हुँदा उक्त ठाउँमा सेवा केन्द्र सञ्चालन गर्न **स्वीकृति दिने** निर्णय गरियो ।

२. सहकारी संस्थाहरूबाट विनियम संशोधनको लागि पर्न आएको निवेदन माथि छलफल हुँदा निम्न सहकारी संस्थाहरूको निम्नानुसार दफाहरू **संशोधनको लागि स्वीकृति दिने** निर्णय गरियो–

क. जनहित बहुउद्देश्य उपभोक्ता सहकारी संस्था लि. को निवेदनमा छलफल हुँदा विनियमको दफा ४१ को उपदफा १४ र १५ थप गर्न विनियममा व्यवस्था भएको ऋण नीतिलाई समय सापेक्ष संशोधन परिमार्जन गरी ऋण

व्यवस्थापन नीति तर्जुमा गरी लागू गरिने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

ख. कल्याण बचत तथा ऋण सहकारी संस्था लि. को निवेदनमाथि छलफल हुँदा विनियमको परिच्छेद १ को दफा ३ अनुसार कार्य क्षेत्र भक्तपुर नगरपालिकाभरि हुने र परिच्छेद ८ को दफा ३३ को उपदफा १ मा सञ्चालक समितिको पदावधि ४ वर्षको हुने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

ग. नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. को निवेदनमा छलफल हुँदा संस्थाको विनियमको दफा १० प्रवेश शुल्क नि:शुल्क, दफा ३३ सञ्चालकको पदावधि ४ वर्ष, दफा ४७ उपसमितिहरू सञ्चालक समितिले गठन गर्ने, संस्थाको चुक्ता पूँजी रु.५० लाख पुऱ्याउने, दफा १९(ग) मा आवश्यकताअनुसार अन्य बैंकहरूमा गर्ने, दफा १९ (क) राष्ट्रिय सहकारी र संस्थागत सहकारी सङ्घको शेयर खरिद गर्ने, दफा ७२ (घ) अनुसार प्राकृतिक व्यक्ति सँगसँगै राष्ट्रिय सहकारी बैंक र संस्थागत सहकारी सङ्घसँग बचत तथा ऋण कारोवार गर्ने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

## युवा तथा खेलकुद समिति

### मिति २०७९।१०।१९ गते

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७९ फागुन ५-९ गतेसम्म हुने अन्तरनगर **पुरुष खो खो प्रतियोगिता**को लागि भक्तपुर नगरपालिकाको टिम तयार पार्न ०७९ माघ ५ गते भनपामा दर्ता भएको खो खो खेलाडीहरूको छनौट कार्यक्रमबाट ३० जना खेलाडीहरू छनौट गरियो । साथै छनौट भएका खेलाडीहरूलाई २०७९ माघ १० गतेदेखि दिनको २ पल्ट (बिहान र साँझ) नियमित प्रशिक्षण सञ्चालन गर्ने र छनौट भएका खेलाडीहरूलाई नगरपालिकाको नियमानुसार खुराक (डाइट) को व्यवस्था गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा ०७९ फागुन ५-९ गतेसम्म हुने अन्तरनगर पुरुष खो खो प्रतियोगितामा भक्तपुर नगरपालिका टिमका ३० जना खेलाडीहरूलाई दैनिक रूपमा २ समूह (बिहान र साँझ) प्रशिक्षण सञ्चालन गर्ने र २०७९ माघ १० गतेदेखि प्रशिक्षण सचालन गर्न एक जना २०७९ माघ १० गतेदेखि प्रतियोगिता अवधिभर **खो खो प्रशिक्षक नियुक्ति** गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७९।१०।१८ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो-दुगुरे-चोखा प्लानिङ र कमलविनायक प्लानिङमा पीच मर्मत कार्य | ९, १० | सडक कालो पत्रे | ६१६,१३५।५५ | | | | | | | | |
| २ | महेश्वरी खेल मैदान परिसर पीच मर्मत कार्य | ७ | सडक कालो पत्रे | ८८९,६६०।४१ | | | | | | | | |
| ३ | भक्तपुर नगरपालिकाको प्रेसको गेट बनाउने कार्य | २ | मर्मत | ५५,४८५।७९ | | | | | | | | |
| ४ | पर्यटक सेवा केन्द्र तथा पर्यटक सूचना केन्द्रमा इन्टरनेट र सीसीटीभीलगायत मर्मत कार्य | २ | मर्मत | ५४,९१०।४५ | | | | | | | | |
| ५ | तुमचो, दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य | ९ | खानेपानी शीर्षक | १,९५४,५७७।१० | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | |
| १ | कमलविनायक प्लानिङ अन्डरग्राउन्ड खानेपानी ट्यांकी निर्माण कार्य | १० | बाग्मती प्रदेश सशर्त अनुदान | ३,१७६८८९।०३ | | | उ.स.अ. : श्री पुण्यराम लवजु<br>अ.स.स. : श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | | | |
| २ | नगर स्वास्थ्य केन्द्र, ब्यासी भवनमा मर्मत कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | ८६४,४१२।८४ | | | उ.स.अ. : श्री रबी सुवाल<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | |
| ३ | ताहामला गल्ली ईंटा छपाइ बाटो मर्मत | ९ | सडक बोर्ड नेपाल र नपा | १,२९५,०२९।४८ | | | उ.स.अ. : श्री रामचन्द्र कोजु<br>अ.स.स. : श्री छोरीमैया सुजखू | | | |
| ४ | ज्याख्व फल्चा (बेखाल) देखि महालक्ष्मी मन्दिरसम्म ढुङ्गा छपाइ बाटो मर्मत | १० | सडक बोर्ड नेपाल र नपा | १,२८३,६७८।९४ | | | उ.स.अ. : श्री लक्ष्मीभक्त सुवाल<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | |
| ५ | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | बेखाल स्वास्थ्य चौकी भवन निर्माण कार्य (पहिलो चरण) | १० | न.पा. बजेट | | | | २०७९ माघ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रि.ल.ई./पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बेखाल स्वास्थ्य चौकी भवन निर्माण कार्य (पहिलो चरण) | १० | नपा | २,१३०,४३९।१८ | २,३८२,१५७।४६ | ६००,०००।०० | १,६२६,६४२।१९ | १,०२६,६४२।१९ | १,७८९,९०५।०७ | सम्पन्न | देवकुमार अवाल | |
| | | | | | | ३७०,०००।०० | ५२१,९२५।१० | १५१,९२५।१० | ५५६,७७९।०४ | | | |
| | | | | | | ९७०,०००।०० | २,१४८,५६७।२९ | १,१७८,५६७।२९ | २,३४६,६८४।११ | | | |
| २ | १० नं. वडा कार्यालयमा भवनमा छाना स्तरोन्नति | १० | मर्मत | ४४५,५४४।८७ | | ११५,०००।०० | २०३,९६२।३७ | ८८,९६२।३७ | २१६,३६९।३७ | सम्पन्न | ज्ञानकुमार मगजु | |
| | | | | | | ११५,०००।०० | २१६,२५१।०९ | १०१,२५१।०९ | २२३,७५०।८५ | | | |
| | | | | | | २३०,०००।०० | ४२०,२१३।४६ | १९०,२१३।४६ | ४४०,१२०।२२ | | | |
| | भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | लिबाली चोक धारामुनिदेखि थुसाचासम्म फुटपाथ मर्मत कार्य | ८ | मर्मत | ३६१,७०७।४६ | | सामानतर्फ | ३३५,६४५।३३ | ३३५,६४५।३३ | ३३५,६४५।३३ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २३,०००।०० | २३,०००।०० | २३,४४४।०४ | | | |
| | | | | | | जम्मा | ३५८,६४५।३३ | ३५८,६४५।३३ | ३५९,०८९।३७ | | | |
| २ | विद्युतीय मर्मत सम्भार कार्य ( आश्विन, कार्तिक र मंसिर महिना) | १–१० | मर्मत | ६४,७८९।८३ | | सामानतर्फ | ३३,८८९।८३ | ३३,८८९।८३ | ३३,८८९।८३ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २९,४००।०० | २९,४००।०० | ३०,९००।०० | | | |
| | | | | | | जम्मा | ६३,२८९।८३ | ६३,२८९।८३ | ६४,७८९।८३ | | | |
| ३ | विद्युतीय मर्मत सम्भार कार्य ( पुस महिना) | १–१० | मर्मत | ७८,८७७।२६ | | सामानतर्फ | ५३,६७७।२६ | ५३,६७७।२६ | ५३,६७७।२६ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | २३,४२५।०० | २३,४२५।०० | २५,२००।०० | | | |
| | | | | | | जम्मा | ७७,१०२।२६ | ७७,१०२।२६ | ७८,८७७।२६ | | | |

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस न.पा.को एक्साभेटर मर्मत गरे वापत रु.८,२९४।– र मोबिल फेरे वापत रु.१५,३०१– गरी जम्मा रु.२३,५९५।– भाजुरत्न एजेन्सी प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ख. यस न.पा.को मोटरसाइकल नं. ३७१ मर्मत गरे वापत रु.५,२२५।– लक्ष्मी अटो वर्कसपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ग. मिति २०७९।९।२० गते लेखा तालिममा चिया नास्ता व्यवस्था गरे वापत रु.३,०००।– गहै कालिका एण्ड चमेना गृहको नाउँमा **भुक्तानी दिने** निर्णय गरियो ।

घ. यस न.पा. को सफाई गाडी नं. २२६७ मर्मत गरे वापत रु.९६,७२८।– सिद्धि गणेश मोटर पार्टसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. यस न.पा.मा खाजा नास्ता व्यवस्था गराए वापत रु.८८,३०।– दिव्य स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा साउन्ड सिष्टमको व्यवस्था गरे वापत रु.३७,५००।– बास नेशनल साउण्ड सिष्टमलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. राष्ट्रपति कप रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता उद्घाटन प्रतियोगितामा चियापान व्यवस्था गरे वापत रु.४,८७२।– सूर्यविनायक पार्टी भेन्यूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## बैठक सङ्ख्या– २०

## मिति २०७९ माघ २५ गते, बुधबार

### निर्णयहरु

### नगरसभामा पेश गर्ने

१. भक्तपुर नगरपालिकाको (नगर कार्यपालिका तथा समिति) को बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गरी सभामा पेश गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका, युवा उद्यमशीलता सम्बन्धी प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको निर्देशिका, २०७९ स्वीकृत गरी सभामा पेश गर्ने निर्णय गरियो ।

## बैठक सङ्ख्या– २१

## मिति २०७९ फागुन २ गते, मंगलबार

### निर्णयहरू

### विधेयकहरू

१. 'भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालयन सम्बन्धमा बनेको निर्देशिका, २०७९' स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. 'ख्वप कलेज अफ ल विनियम–२०७९' बैठकबाट स्वीकृत गरी नगरसभा बैठकमा पेश गर्ने निणय गरियो ।

### समिति निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

#### युवा तथा खेलकुद समिति

**मिति २०७९।१०।२८ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा ०७९ फागुन ५–९ गतेसम्म हुने अन्तर नगर खो खो प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न समितिका सदस्य श्री रामसुन्दर बासीलाई रु.१५,००,०००।– (अक्षेरूपी रु.पन्ध्र लाख) **पेश्की लिन** लगाउन भ.न.पा. कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**मिति २०७९।१०।२९ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा ०७९ फागुन ५–९ गतेसम्म हुने अन्तर नगर खो खो प्रतियोगिताको उद्घाटन कार्यक्रम २०७९ फागुन ५ गते शहीद स्मृति खेल मैदानमा गर्ने र प्रतियोगिता नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यतामा गर्ने निर्णय गरियो ।

**मिति २०७९।११।१ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा मिति २०७९ फागुन ५–९ गतेसम्म हुने अन्तर नगर खो खो प्रतियोगितामा प्रथमलाई रु. १,५०,०००।–, द्वितीयलाई रु.१,००,०००।– र तृतीयलाई रु. ५०,०००।– नगरापलिका टीमलाई कर कट्टी नगरी **पुरस्कारको व्यवस्था** गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७९।११।०२

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिंहाख्वाते पर्ति जग्गा संरक्षणका लागि रिटेनिंग वाल निर्माण कार्य | १ | पर्ति जग्गा संरक्षण तथा सिमाङ्कन | १,५९७,८०९।४५ | | | | | | | | १० लाख बजेट विनियोजित |
| २ | राममन्दिर पुलदेखि बाराही पुलसम्म खोला सुधार कार्य | ४ | खोला सुधार | ७,१८,३८२।०९ | | | | | | | | |
| ३ | कोशेली घरभित्र इन्टिरिएर डिजाइनिंग कार्य | २ | कोशेली घर | ८५०,३२०।७० | | | | | | | | |
| रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिद्ध पोखरीको दक्षिणतर्फ ब्लक छाप्ने कार्य | १ | पार्किङ बजेट | २,२९७,५५६।३४ | १,८६६,६३७।४४ | | | | | | | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | गणेश मन्दिरदेखि इचाडोलसम्म ढुङ्गा छपाइ बाटो मर्मत | १ | सडक बोर्ड नेपाल र नपा | १,१९४,३१६।६६ | | | उ.स.अ. : श्री तुल्सीमाया सुवाल अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| २ | न:पुखु पर्खाल निर्माण कार्य | १ | नपा | २,०३४,९४४।१२ | | | उ.स.अ. : श्री पृथ्वीनारायण गोठे अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ३ | घलातेदेखि याकती मार्गसम्म इन्टरलकिंग ब्लक छपाइ बाटो मर्मत | ३ | सडक बोर्ड नेपाल र नपा | १,१८७,१९६।६६ | | | उ.स.अ. : श्री सुशिल श्यामा अ.स.स. : श्री कृष्णगोपाल चौगुठी | | | | | |
| ४ | भेलुखेलदेखि ५ नं. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल र नपा | ११,७३,८२४।६८ | | | उ.स.अ. : श्री लक्ष्मीनारायण त्वानाबासु अ.स.स. : श्री नारायण प्रसाद त्वानाबासु | | | | | |
| ५ | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको करिडोर बाटो स्तरोन्नति कार्य | ८ | सडक बोर्ड नेपाल र नपा | १,१८९,७०५।६२ | | | उ.स.अ. : श्री विक्रम धुकुछु अ.स.स. : श्री कृष्णसागर बासी | | | | | |
| ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (मंसिर महिना) | १–१० | मर्मत | ७२,४५६।७८ | | सामानतर्फ | २१,२२०।०३ | २१,२२०।०३ | २१,२२०।०३ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्यालातर्फ | ४८,५५०।०० | ४८,५५०।०० | ५१,१३८।२६ | | | |
| | | | | | | जम्मा | ६९,७७०।०३ | ६९,७७०।०३ | ७२,३५८।२९ | | | |
| रिटेन्शन रकम भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. १० स्थित बेखालस्थित कमलविनायक स्वास्थ्य चौकी भवन निर्माण (पहिलो चराण) (ठेक्का नं. bktmun/works/04 /077/78) सम्पन्न गर्ने श्री के.बी. सन्स् कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,काठमाडौंको रिटेन्सन रकम भुक्तानी तथा धरौटी फुकुवा गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## बैठक सङ्ख्या- २२

## मिति २०७९ फागुन ८ गते, सोमबार

## निर्णयहरू

### समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**शिक्षा समिति**

२०७९ सालको **शैक्षिक ऋण**को लागि मिति २०७९।१०।१३ गते लिइएको अन्तर्वार्ताबाट छनौट भएका देहाय बमोजिमका विद्यार्थीहरूको विवरण सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो–

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | पूर्णिमा लाखेमरु | भ.न.पा १ |
| २ | समिर लाल शिल्पकार | भ.न.पा १ |
| ३ | सुमित पाटी | भ.न.पा १ |
| ४ | पुजन धौबन्जार | भ.न.पा १ |
| ५ | सौगात देशेमरु | भ.न.पा २ |
| ६ | नयना खुसु | भ.न.पा २ |
| ७ | सलिना सुवाल | भ.न.पा २ |
| ८ | डा. सृजना कोजु | भ.न.पा २ |
| ९ | ऋतिक देशेमरु | भ.न.पा २ |
| १० | कृष्पन सुवाल | भ.न.पा २ |
| ११ | कृति मातां | भ.न.पा २ |
| १२ | सुमित कासुला | भ.न.पा २ |
| १३ | जस्मिन कोजु | भ.न.पा २ |
| १४ | बिभुषा सुवाल | भ.न.पा २ |
| १५ | श्रेया कोजु | भ.न.पा २ |
| १६ | करुणा लाखे | भ.न.पा २ |
| १७ | श्रेया ब्यान्जु | भ.न.पा २ |
| १८ | दिया कासुला | भ.न.पा २ |
| १९ | निरु वैद्य | भ.न.पा २ |
| २० | आयुष बासुकला | भ.न.पा २ |
| २१ | रन्जन छोसोकोसो | भ.न.पा २ |
| २२ | बिरेन्द्र छोसोकोसो | भ.न.पा २ |
| २३ | सबिता कोजु | भ.न.पा २ |
| २४ | जेनिसा सुलु | भ.न.पा २ |
| २५ | लिजा सुवाल | भ.न.पा २ |
| २६ | जेनियम सुवाल | भ.न.पा २ |
| २७ | बिकिता सुवाल | भ.न.पा २ |
| २८ | अनिशा देशेमरु | भ.न.पा २ |
| २९ | निश्चल शिलाकार | भ.न.पा ३ |
| ३० | सुमित खर्बुजा | भ.न.पा ३ |
| ३१ | जीवन सुवाल | भ.न.पा ३ |
| ३२ | अशिम त्वायना | भ.न.पा ३ |
| ३३ | सृजना सैंजु | भ.न.पा ३ |
| ३४ | रोशनी गोरा | भ.न.पा ३ |
| ३५ | आस्था गोरा | भ.न.पा ३ |
| ३६ | प्रेम स्वानेपा | भ.न.पा ३ |
| ३७ | अनु मानन्धर | भ.न.पा ३ |
| ३८ | सृजना ध्वजु | भ.न.पा ३ |
| ३९ | बिनोद ठिमी | भ.न.पा ३ |
| ४० | बत्सल मानन्धर | भ.न.पा ३ |
| ४१ | प्रनिशा चगुठी | भ.न.पा ३ |
| ४२ | साजन गोरा | भ.न.पा ३ |
| ४३ | रजनी आचार्य | भ.न.पा ३ |
| ४४ | रसेन्द्र शिलाकार | भ.न.पा ३ |
| ४५ | विराज सुजखु | भ.न.पा ४ |
| ४६ | रंगीन त्वी त्वी | भ.न.पा ४ |
| ४७ | निर्जला प्रजापति | भ.न.पा ४ |
| ४८ | हिसिला दुवाल | भ.न.पा ४ |
| ४९ | उज्वला सुवाल | भ.न.पा ४ |
| ५० | आदिम प्रजापति | भ.न.पा ४ |
| ५१ | कृसा दुवाल | भ.न.पा ४ |
| ५२ | सुबिन प्रजापति | भ.न.पा ४ |
| ५३ | पुर्णिमा प्रजापति | भ.न.पा ४ |
| ५४ | आरजु जोन्छे | भ.न.पा ४ |
| ५५ | रोशन लालुवा | भ.न.पा ४ |
| ५६ | आकृति किवानायो | भ.न.पा ४ |
| ५७ | अमत्यश्वर धौभडेल | भ.न.पा ४ |
| ५८ | हृदय प्रजापति | भ.न.पा ४ |
| ५९ | कृषा भैल | भ.न.पा ४ |
| ६० | मनोज सुजखु | भ.न.पा ४ |
| ६१ | प्रतिष्ठा राजभण्डारी | भ.न.पा ४ |
| ६२ | शोहन श्रेष्ठ | भ.न.पा ४ |

| | | |
|---|---|---|
| ६३ | राजिव सुजखु | भ.न.पा ४ |
| ६४ | श्रुति भेले | भ.न.पा ४ |
| ६५ | बिनु प्रजापति | भ.न.पा ४ |
| ६६ | बिनी प्रजापति | भ.न.पा ४ |
| ६७ | बिगेश जोन्छे | भ.न.पा ४ |
| ६८ | रोजल कीबानायो | भ.न.पा ४ |
| ६९ | विशेष हाकुदुवाल | भ.न.पा ४ |
| ७० | सुष्मा सुवाल | भ.न.पा ४ |
| ७१ | सुसन राजचल | भ.न.पा ५ |
| ७२ | निष्ठा हाडा | भ.न.पा ५ |
| ७३ | रोजिना तमखु | भ.न.पा ५ |
| ७४ | सम्बिका बासुकला | भ.न.पा ५ |
| ७५ | रोहन याचा श्रेष्ठ | भ.न.पा ५ |
| ७६ | अनिस तमखु | भ.न.पा ५ |
| ७७ | अनिस हाछेथु | भ.न.पा ५ |
| ७८ | सुवास सिंख्वाल | भ.न.पा ५ |
| ७९ | रितिका किजु | भ.न.पा ५ |
| ८० | प्रज्वल माक | भ.न.पा ५ |
| ८१ | विनिला राजचल | भ.न.पा ५ |
| ८२ | उत्सव मचामसी | भ.न.पा ५ |
| ८३ | समिर माक | भ.न.पा ५ |
| ८४ | सृजन आचार्य | भ.न.पा ५ |
| ८५ | अनिशा धुकुछु | भ.न.पा ५ |
| ८६ | युनिशा तुल्सिवाख्यो | भ.न.पा ५ |
| ८७ | नतासा बज्राचार्य | भ.न.पा ५ |
| ८८ | प्रतिमा ताम्राकार | भ.न.पा ५ |
| ८९ | प्रशान गलजु | भ.न.पा ५ |
| ९० | विनित खिम्बाजा | भ.न.पा ६ |
| ९१ | समृत नाखण्ड | भ.न.पा ६ |
| ९२ | स्वप्निल दिस्ती | भ.न.पा ६ |
| ९३ | रिना लघु | भ.न.पा ६ |
| ९४ | समर जति | भ.न.पा ६ |
| ९५ | मिरा लघु | भ.न.पा ६ |
| ९६ | कृषल ब्यान्जु | भ.न.पा ६ |
| ९७ | सुरेश नकर्मी | भ.न.पा ६ |
| ९८ | राज नकर्मी | भ.न.पा ६ |
| ९९ | नेहा सिल्पकार | भ.न.पा ६ |
| १०० | रिजन रंजितकार | भ.न.पा ६ |
| १०१ | स्वन्ति सितिखु | भ.न.पा ६ |
| १०२ | सीमरन कायस्थ | भ.न.पा ६ |
| १०३ | अनिशा कुम्पाख | भ.न.पा ६ |
| १०४ | किरण कुम्पाख | भ.न.पा ६ |
| १०५ | नलिना कोजु | भ.न.पा ६ |
| १०६ | रोजिता सुवाल | भ.न.पा ६ |
| १०७ | रुची नकर्मी | भ.न.पा ६ |
| १०८ | उमेश कोजु | भ.न.पा ६ |
| १०९ | मतिना सांगाछें | भ.न.पा ६ |
| ११० | रोशनी श्रेष्ठ | भ.न.पा ६ |
| १११ | सुजल अवाल | भ.न.पा ६ |
| ११२ | निखिल दुवाल | भ.न.पा ६ |
| ११३ | फ्रेजल मुलगुठी | भ.न.पा ६ |
| ११४ | रविना सिजख्वा | भ.न.पा ६ |
| ११५ | रोनिज सांद | भनपा ७ |
| ११६ | रिजन ख्याजु | भनपा ७ |
| ११७ | रोशनी सांद | भनपा ७ |
| ११८ | कृजल ग्वाछा | भनपा ७ |
| ११९ | सुविधा मानन्धर | भनपा ७ |
| १२० | निर्जला मचामसी | भ.न.पा. ७ |
| १२१ | रोशना मचामसी | भ.न.पा. ७ |
| १२२ | लसता दुवाल | भनपा ७ |
| १२३ | विनेश वनमाला | भनपा ७ |
| १२४ | सन्देश मचामसी | भनपा ७ |
| १२५ | सुजल दुवाल | भनपा ७ |
| १२६ | भुमिका सांयजु | भनपा ७ |
| १२७ | अश्मि रंजितकार | भनपा ७ |
| १२८ | करुणा तचामो | भनपा ७ |
| १२९ | रुचि दुमरु | भनपा ७ |
| १३० | एलिना सांयजु | भनपा ७ |
| १३१ | राज गोसाई | भनपा ७ |
| १३२ | विवेक दुवाल | भनपा ८ |
| १३३ | रेश्मा बोहजु | भनपा ८ |
| १३४ | सागर कोजु | भनपा ८ |
| १३५ | गोपाल किसी | भनपा ८ |
| १३६ | आकाश कोजु | भनपा ८ |
| १३७ | पंकज नापित | भनपा ९ |
| १३८ | नेना लाखे | भनपा ९ |
| १३९ | सुजित प्रजापति | भनपा ९ |
| १४० | सुजल प्रजापति | भनपा ९ |
| १४१ | अनुप ढाकुसी | भनपा ९ |
| १४२ | कविन दुवाल | भनपा ९ |
| १४३ | कृतदेव श्रेष्ठ | भनपा ९ |
| १४४ | रोनिष लवजु | भनपा ९ |
| १४५ | आर्यन ग्वाछा | भनपा ९ |
| १४६ | निलिसा गाईजु | भनपा ९ |
| १४७ | सुजला श्रेष्ठ | भनपा ९ |
| १४८ | सञ्जय झाङ्गजु | भनपा ९ |
| १४९ | सागर गणेजु | भनपा ९ |
| १५० | एबिन हयौंमिखा | भनपा १० |
| १५१ | रुजल दुवाल | भनपा १० |
| १५२ | बिन्दिरा खाईजु | भनपा १० |
| १५३ | सलिम सुवाल | भनपा १० |
| १५४ | आयुष मानन्धर | भनपा १० |
| १५५ | कृति श्रेष्ठ | भनपा १० |
| १५६ | किशोर गपी | भनपा १० |
| १५७ | सुमिना सुवाल | भनपा १० |
| | | जम्मा १५७ जना |

## बैठक सङ्ख्या- २३

## मिति २०७९ फागुन २३ गते, मंगलबार

### निर्णयहरू

### आँखा अस्पताल

भक्तपुर नगरपालिकाद्वारा नवनिर्मित ख्वप अस्पताल भवनमा **ख्वप तिलगंगा आँखा अस्पताल सञ्चालन**को लागि आवश्यक सम्झौता गर्न भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीलाई अख्तियारी दिने निर्णय गरियो ।

### निर्देशिका

१. 'भक्तपुर नगरपालिका, घर बहाल कर व्यवस्था निर्देशिका–२०७९' स्वीकृत गरी पारित गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. 'भक्तपुर नगरपालिकाका कडा रोग लागेकालाई नगरवासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका २०७५', 'भक्तपुर नगरपालिकाको काठ, ईंटा र झिँगटी खरिद अनुदान सम्बन्धी कार्यविधि २०७५', 'भक्तपुर नगरपालिका शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५', 'भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७', 'भक्तपुर नगरपालिका नक्सा पास सम्बन्धी सङ्क्षिप्त कार्यविधि, २०७४' र 'भक्तपुर नगरपालिका शिक्षा ऐन, २०७४' मा संशोधन प्रस्ताव स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. 'भक्तपुर नगरपालिका जनप्रतिनिधिहरूलाई दिइने पोशाक सुविधा सम्बन्धी निर्देशिका, २०७९' स्वीकृत गरी सभामा पेश गर्ने निर्णय गरियो ।

### एप्रोच रोड

भक्तपुर नगरपालिका वडा नं. ३ बाराही स्थान क्षेत्रको हनुमन्ते खोलामा निर्माण गरिएको बाराही पुल परिसरमा एप्रोच रोड निर्माण सम्बन्धमा भक्तपुर नगरपालिका योजना तथा कार्यक्रम अनुगमन समितिबाट पेश गरिएको प्रतिवेदन कार्यान्वयनको लागि देहाए बमोजिमका पदाधिकारीहरू रहने गरी बाराही पुल परिसर **व्यवस्थापन समिति** गठन गर्ने निर्णय गरियो–

संयोजक: आर्क. दिल भक्त जयना, योजना तथा प्राविधिक शाखा, भ.न.पा

सदस्य: आर्क. सरिता धुख्वा, सम्पदा शाखा, भ.न.पा

सदस्य: ई. राजन सुवाल, योजना तथा प्राविधिक शाखा, भ.न.पा

सदस्य सचिव : ई. सुशिल बासी, योजना तथा प्राविधिक शाखा, भ.न.पा

### रकमान्तर

देहाय बमोजिमको रकमान्तरण प्रस्ताव स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो–

भक्तपुर नगरपालिकाको चालू आ.व. २०७९/०८१ को चालू खर्च शीर्षकतर्फको बजेटमा तपसिल बमोजिम रकमान्तरण गर्ने निर्णय गरियो–

| सि. नं. | शीर्षक | वजेट शीर्षक | विननियोजन | खर्च | बँकी | नपुग | झिक्ने शीर्षक | थप्ने क्र.सं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक उपयोगिताको सेवा खर्च | २२११३ | ८५०००० | ८२४०३८ | २५९६२ | ५००००० | ० | |
| २ | सवारी इन्धन | २२२१२ | ९५००००० | ६७५५६१३ | २७४४३८७ | १०००००० | ० | |
| ३ | कर्मचारी कल्याण कोष | २१२१४ | ४०००००००० | ४०००००००० | ० | १००००००० | ० | |
| ४ | अन्य कार्यालय सञ्चालन खर्च | २२३१९ | १५००००० | ९८५५९० | ५१४४१० | ३५०००० | ० | |
| ५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | २५०००० | ७५३८०९८ | (७२८८०९८ | ८०००००० | ० | |
| ६ | कर्मचारी पोशाक सुविधा | २११२१ | १२०००००० | ३३९००००। | ८६१००००। | ० | ८०००००० | ५ |
| ७ | भैपरि आउने चालु | २८९११ | ४०००००० | ० | ४०००००० | ० | ४०००००० | ३ |
| ८ | पर्यटन कर्मचारी महँगी भत्ता | २११३२ | ६०००००० | ९९८९८६ | ५००१०१४ | ० | ३०००००० | ३ |
| ९ | प्रशासनिक कर्मचारी महँगी भत्ता | २११३२ | ८६००००० | २३५४१०८ | ६२४५८९२ | ० | ३०००००० | ३ |
| १० | सञ्चार महसुल | २२११२ | २२००००० | ५४६०१४ | १६५३९८६ | ० | ५००००० | १ |
| ११ | सफाइ कर्मचारी महँगी भत्ता | २११३२ | १३०००००० | ३४३१८९० | ९५६८११० | ० | १०००००० | २ |
| १२ | मेशिनरी औजार मर्मत | २२२२१ | १०००००० | ० | १०००००० | | ३५०००० | ४ |
| | जम्मा | | | | | १९८५०००० | १९८५०००० | |

## निर्णय अनुमोदन

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

**मिति २०७९।११।१७ गते**

आ.व. २०७९/८० का लागि पूँजीगततर्फ तपसिल बमोजिमका योजनाहरूको लागि बजेट संशोधन निर्णय नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो:

आ.व. २०७९/८० को प्रस्तावित बजेट संशोधन

| क्र.सं. | विनियोजित बजेट शीर्षकको नाम | साविक बजेट | बाँकी बजेट | क्र.सं. | योजनाको नाम | वडा नं. | बजेट थप | संशोधित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | अरनिको सभा भवन निर्माण | १०,०००,०००।०० | ७,०००,०००।०० | १ | छुमा गणेश द्य:छेँ पुन:निर्माण | ६ | ३,०००,०००।०० | ३,०००,०००।०० |
| २ | सांस्कृतिक सङ्ग्राहलय निर्माण | ५,०००,०००।०० | २,५००,०००।०० | २ | इखालाखी मठ पुन:निर्माण | ५ | २,५००,०००।०० | ५,०००,०००।०० |
| ३ | कोशेली घर निर्माण | ५,०००,०००।०० | २,५००,०००।०० | | | | २,५००,०००।०० | |
| ४ | ख्वप टेलिभिजन | १०,०००,०००।०० | ५,०००,०००।०० | ३ | फोहोरमैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण कार्य | १० | ५,०००,०००।०० | ५,०००,०००।०० |
| ५ | खानेपानी शेयर खरिद | ६,०००,०००।०० | ५,०००,०००।०० | ४ | खानेपानीसम्बन्धी आयोजनाहरू | | १,०००,०००।०० | १,०००,०००।०० |
| ६ | गय:भिन्द्योदेखि आदर्शसम्म सडकको पूर्वतर्फ पेटी निर्माण | ७००,०००।०० | ( | ५ | शवदाह गृह परिसरमा प्रतिक्षालय निर्माण कार्य | ७ | ७००,०००।०० | २,०००,०००।०० |
| ७ | योजनाहरूको बाँकी भुक्तानी | १३,८३५,०००।०० | १२,५३५,०००।०० | | | | १,३००,०००।०० | |
| ८ | योजनाहरूको बाँकी भुक्तानी | १२,५३५,०००।०० | ९,५३५,०००।०० | ६ | सीसी टीभी र बत्ती जडान कार्य (भनपा भित्रका सबै सब काउण्टरहरू, जगाती-कमल विनायक-ब्यारेकसम्म र ब्रम्हायणी पीठसम्म) | नपा | ३,०००,०००।०० | ३,०००,०००।०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | शहीद स्मृति खेल मैदान निर्माण | १०,०००,०००।०० | ७,२००,०००।०० | ७ | जिल्ला प्रशासन कार्यालयदेखि सानो व्यासी जाने उकालो बाटोसम्म ढुङ्गा छपाइ कार्य | २ | १,७००,०००।०० | २,८००,०००।०० |
| | | | | ८ | इन्द्रायणी पीठ मन्दिर परिसरमा ढुङ्गा छपाइ कार्य | २ | १,१००,०००।०० | |
| १० | थन्थु दरबार पुन:निर्माण कार्य | ३०,०००,०००।०० | २८,०००,०००।०० | ९ | गपली कुवादेखि दोका फल्चासम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ४ | २,०००,०००।०० | २,०००,०००।०० |
| ११ | इन्द्रायणी द्यःछैं पुन:निर्माण कार्य | ५,०००,०००।०० | ३,०००,०००।०० | १० | भनपा परिसरमा ढुङ्गा छपाइ | २ | २,०००,०००।०० | २,०००,०००।०० |
| १२ | कोशेली घर निर्माण | २,५००,०००।०० | १,५००,०००।०० | ११ | शारदा मावि भवन निर्माण कार्य | २ | १,०००,०००।०० | २,०००,०००।०० |
| १३ | इन्द्रायणी द्यःछैं पुन:निर्माण कार्य | ३,०००,०००।०० | २,५००,०००।०० | | | | ५००,०००।०० | |
| १४ | शहीद स्मृति खेल मैदान निर्माण | ७,२००,०००।०० | ६,७००,०००।०० | | | | ५००,०००।०० | |
| | कूल जम्मा | १२०,७७०,०००।०० | ९२,९७०,०००।०० | | जम्मा | | २७,८००,०००।०० | २७,८००,०००।०० |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

## निर्माण समिति

### मिति २०७९/११/०२ गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिचु फल्चा पुन:निर्माण कार्य | ५ | नपा | ४,२६५,००९।१५ | | | | | | | | यस चालु आ.व.को लागि २० लाख बजेट विनियोजित अनुसार खर्च गर्ने |
| २ | मचो भैरव पाटी पुन:निर्माण कार्य | ८ | नपा | ४,६३४,७६१।६४ | | | | | | | | यस चालु आ.व.को लागि २० लाख बजेट विनियोजित अनुसार खर्च गर्ने |
| ३ | इसानेश्वर महादेव मन्दिर पुन:निर्माण कार्य | १ | सङ्घीय सरकार ससर्त अनुदान | २,२२६,८०९।४२ | | | | | | | | |
| ४ | लिबाली कभर्ड हल जाने बाटो पीच कार्य | ८ | सडक कालोपत्रे | २,५५२,८०७।१५ | | | | | | | | |
| ५ | टौमढीमा ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | मर्मत | ११३,८९९।९९ | | | | | | | | |
| ६ | गोलमढी गणेश मन्दिर तथा सो परिसरमा फ्लोड लाइट ( बत्ती) जडान कार्य | ७ | मर्मत | ७४,४०३।६९ | | | | | | | | |
| ७ | खंचा पोखरी स्वास्थ्य चौकी भवन निर्माण कार्य | ७ | बाग्मती प्रदेश विशेष अनुदान | ९,५००,०००।०० | | | | | | | | सूचना प्रकाशन गर्ने |
| | उपभोक्ता | | अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | |
| १ | इसानेश्वर महादेव मन्दिर पुन:निर्माण कार्य | १ | सङ्घीय सरकार ससर्त अनुदान | २,२२६,८०९।४२ | | | उ.स.अ:श्री नारायणप्रसाद कोइराला<br>अ.स.स. : श्री सूर्यप्रसाद श्रेष्ठ | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | महेश्वरी खेल मैदान परिसर पीच मर्मत कार्य | ७ | सडक कालोपत्रे | ८८९,६६०।४१ | | | उ.स.अ. : श्री राजकुमार बनमाला<br>अ.स.स. : श्री हरिरत्न गोर्खाली | | | | | |
| ३ | तुमचो, दुगुरे क्षेत्रमा खानेपानी पाइप बिछ्याउने कार्य | ९ | खानेपानी शीर्षक | १,९५४,५७७।१० | | | उ.स.अ. : श्री लक्ष्मीप्रसाद कुसी<br>अ.स.स. : श्री रवीन्द्र ज्याख्व | | | | | |
| ४ | हनुमानघाट बाट खंचा, झर्तिलासम्म खानेपानी पाइप विस्तार कार्य | ७ | खानेपानी शीर्षक | ४२९,९५५।७६ | | | उ.स.अ. : श्री रामशरण लागे<br>अ.स.स. : श्री रञ्जना त्वाती | | | | | पुन:गठित उ.स. तथा अ.स स्वीकृत गर्ने । |
| म्याद थप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हाडा छैं पुन:निर्माण कार्य | ४ | नपा | १,५८७,९५५।६८ | | | २०८० आसर ३० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | |
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | मंगलतीर्थस्थित किरिया घर पुन:निर्माण कार्य | ४ | आ.व. २०७८/७९ बाग्मती प्रदेश ससर्त | १,२१०,४४३।४२ | पहिलो पेश्की | ४५०,००००।०० | ४९१,६४९।०० | ४१,६४९।०० | १,८८५,९९४।५२ | सम्पन्न | नारायण बहादुर नायभा | |
| | | | | | दोस्रो पेश्की | ७०८,३५०।०० | ७०८,३५०।०० | | | | | |
| | | | | | **जम्मा** | १,१५८,३५०।०० | १,१९९,९९९।०० | ४१,६४९।०० | | | | |
| २ | हनुमानघाट स्थित लोकेश्वर मन्दिर पुन:निर्माण कार्य | ७ | नपा | २,३८८,१६३।७२ | | ३००,०००।०० | ८१२,७११।०० | ५१२,७११।०० | ८५७,३२९।८९ | आंशिक सम्पन्न | बुद्धिराम दुवाल | ४ लाख थप पेश्की दिने |
| ३ | तुमचो दुगुरे आवास क्षेत्रको सडक बत्ती जडान कार्य | ९ | | २,३४६,५६५।५९ | पहिलो पेश्की | ८००,०००।०० | १,२९७,४८३।९३ | ४९७,४८३।९३ | १,४२०,३६०।८५ | सम्पन्न | विश्वराम प्रजापति | |
| | | | | | दोस्रो पेश्की | ७८०,०००।०० | ९७९,१०८।३४ | १९९,१०८।३४ | ९९५,९४५।५२ | | | |
| | | | | | **जम्मा** | १,५८०,०००।०० | २,२७६,५९२।२७ | ६९६,५९२।२७ | २,४१६,३०६।३७ | | | |
| ४ | पुरानो जगाती बाटोमा फुटपाथ निर्माण तथा कालोपत्रे | ८ | नपा | २,५४४,२९९।९८ | पहिलो पेश्की | ७५०,०००।०० | ८२२,८०७।०१ | ७२,८०७।०१ | १,१९३,१२५।८३ | सम्पन्न | लक्ष्मीप्रसाद झाङ | |
| | | | | | दोस्रो पेश्की | ७५०,०००।०० | ८९१,२९७।०० | १४१,२९७।०० | ९४४,६८५।०७ | | | |
| | | | | | तेस्रो पेश्की | ३००,०००।०० | ७२५,३६३।११ | ४२५,३६३।११ | ८१०,३०२।७८ | | | |
| | | | | | **जम्मा** | १,८००,०००।०० | २,४३९,४६७।१२ | ६३९,४६७।१२ | २,९४८,११३।६८ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सरस्वती मा.वि.मा भौतिक पूर्वाधार सुधार कार्य | ९ | आर्थिक सहयोग | २,०२८,३१ ३।२८ | पहिलो पेश्की | ४००,० ००।०० | १,३९७, ६०४।३ ८ | ९९७,६ ०४।३ ८ | १,६५०,६० २।८२ | सम्पन्न | पशुपतिमान थकु | |
| | | | | | दोस्रो पेश्की | ३५०,० ००।०० | ६६३,५५ ६।३७ | ३१३,५ ५६।३७ | ७१५,६६०। २५ | | | |
| | | | | | जम्मा | ७५०,० ००।०० | २,०६१, १६०।७५ | १,३११, १६०।७ ५ | २,३६६,२६ ३।०७ | | | |
| ६ | सैनिक आवासीय माविको प्राङ्गणमा रहेको बोरिङको पानी भाजु पोखरीमा ल्याउने कार्य | १ | मर्मत | ४०,६८०। ०० | | | ३५,०० ०।०० | ३५,०० ०।०० | ३६,०००।० ० | सम्पन्न | कल्पना शिल्पकार | अमानत बाट कार्य सम्पन्न |
| ७ | बाराही पुल परिसरमा एप्रोच रोड र रिटेनिङ वाल निर्माण कार्य | ३ | बाग्मती प्रदेश समपुरक अनुदान | ३०,०००,० ००।०० | १५,३१२,३ ५२।०२ | | २,१९३, ८८८।७ ९ | २,१९३, ८८८। ७९ | २,१९३,८८ ८।७९ | आंशिक सम्पन्न | रिना कन्स्ट्रक्सन प्रा.लि. | प्रथम रनिंग बिल भुक्तानी |

## निर्माण समितिको निर्णयहरू

१. बागमती प्रदेश सरकारबाट प्रदान गरिने आ.व. २०८०/८१ को समपुरक अनुदान र विशेष अनुदान बजेटका लागि तपसिल बमाजेजिमका आयोजना/योजना प्रस्ताव पठाउने निणर्य गरियो :

| क्र.सं. | समपुरक बजेटका लागि योजनाको नाम | वडा | ल.ई. |
|---|---|---|---|
| १ | ख्वप इन्जिनियरिङ कलेजको बी ब्लक भवन निर्माण काय | ८ | ३०,०००,०००।०० |
| २ | अरनिको सभा भवन निर्माण कार्य | ६ | २९,९८८,००६।५४ |
| ३ | महेश्वरी स्टेडियम निर्माण कार्य | ७ | २९,९६०,७२८।८७ |
| ४ | लिबाली प्लानिङमा पीच कार्य | ८ | ३०,०००,०००।०० |
| ५ | कमलविनायक प्लानिङमा पीच कार्य | १० | ३०,०००,०००।०० |
| | जम्मा | | १४९,९४८,७३५।४१ |

| क्र.सं. | विशेष बजेटका लागि योजनाको नाम | वडा | ल.ई. |
|---|---|---|---|
| १ | खंचा पोखरी स्वास्थ्य चौकी भवन निर्माण (दोस्रो चरण) | ७ | ९,५००,०००।०० |
| २ | सल्लाघारी पुलदेखि बाराही पुलसम्म खोला छेऊ रिटेनिङ वाल निर्माण कार्य | १ | ९,९३४,६६८।३७ |
| ३ | ईतापाके/लिवालीमा स्वीमिङ पुल निर्माण कार्य | २/८ | ९,९९७,२११।९४ |
| | जम्मा | | २९,४३४,६६८।३७ |

२. बागमती प्रदेश सरकारको पूर्वाधार विकास कार्यक्रम, धुलिखेल काभ्रेपलान्चोकमा आ.व. २०८०।८१ को लागि तपसिल बमोजिमका आयोजना र योजना प्रस्ताव पठाउने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा | ल.ई. |
|---|---|---|---|
| १ | पुरानो जगाती पुल निर्माण कार्य | ८ | ३३,२१८,७५४।७७ |
| २ | थुसाचा पुल (लिबालीतर्फ) पुनः निर्माण कार्य | ८ | ३३,२१८,७५४।७७ |

| | | | |
|---|---|---|---|
| ३ | थुसाचा पुल (जगातीतर्फ) पुन: निर्माण कार्य | ७ र ८ | ३३,२१८,७५४।७७ |
| ४ | ढालाखुसी पुल निर्माण कार्य | १ | ३३,२१८,७५४।७७ |
| ५ | केटामरूघाट पुल निर्माण कार्य | ४ | ३३,२१८,७५४।७७ |
| ६ | छिपा तां परिसर ढुङ्गा छपाइ कार्य | ७ | २०,६५८,१७१।८० |
| ७ | हनुमन्ते करिडोर विस्तार कार्य | १-१० | २८२,३११,५४४।९६ |
| ८ | हनुमानघाट ढुङ्गा छपाइ कार्य (दक्षिणतर्फ) | ७ | १२,५६४,८९६।९७ |
| ९ | लिबालीमा करिडोर विस्तार कार्य | ८ | २८२,३११,५४४।९६ |
| १० | थुसाचादेखि हनुमानचासम्म पीच कार्य | ८ | १०,९६२,८३६।२५ |
| ११ | न:पुखु परिसरको पर्खाल पुन:निर्माण कार्य | १ | १२,६२५,१७५।६० |
| | जम्मा | | ८२३,५०४,५२९।८३ |

## आर्थिक तथा लेखा समिति

**मिति २०७९।११।१२ गते**

१. भक्तपुर नगरपालिकाबाट आवासीय प्रयोजनको घर जग्गामा लाग्ने घर जग्गा करको आ.व. २०७५/०७६ सम्मको बक्यौतामा दिइँदै आएको ५० प्रतिशत छुटका अवधि **२०८० असार मसान्तसम्म थप** गर्ने निर्णय गरियो। त्यसैगरी आवासीय प्रयोजनको लागि बहालमा दिइएको घरको बहाल करमा प्रदान गरिएको ५० प्रतिशत छुट तथा भूकम्प पीडितलाई साविकमा दिइएको नक्सा पासमा छुटको अवधि पनि **२०८० असार मसान्तसम्म कायम** राख्ने निर्णय गरियो।

२. यस नगरपालिका क्षेत्रभित्र दर्ता बाँकी रहेका व्यवसायलाई करको दायरामा ल्याउन वडा वडामा वडा अध्यक्षज्यूहरूको संयोजकत्वमा वडा सचिव, वडा निरीक्षक तथा कर उपशाखाका कर्मचारी सम्मिलित कर टोली बनाई **व्यवसाय दर्ता तथा कर सङ्कलन कार्य** अघि बढाउने साथै दर्ता प्रक्रियामा करदातालाई प्रोत्साहित गर्न बक्यौता करमा जरिवाना मिनाहाको लागि कार्यपालिका बैठकमा अनुरोध गर्ने निर्णय गरियो।

३. बहाल कर नगरपालिकाको राजस्वको सम्भावित राम्रो आयश्रोत भएकोले यसलाई थप व्यवस्थित गरी **राजस्व वृद्धि गर्न** निम्न निर्णय गरियो-

क. भक्तपुर नगरपालिका घर बहाल व्यवस्था सम्बन्धी निर्देशिका बनाई लागू गर्ने।

ख. घर धनी तथा व्यवसायीलाई घर बहाल सम्बन्धी विवरण तथा कर स्वत: स्फुर्त रूपमा बुझाउन सुसूचित गर्ने।

ग. बहाल कर तथा सफाइ शुल्कको मूल्याङ्कन तथा व्यक्तिगत रेकर्ड राख्नको लागि वहाल कर तथा सफाइ शुल्कको सफ्टवेयर खरिद गर्ने मिति २०७८।१२।८ को कार्यपालिका बैठकको निर्णयअनुसार प्रस्ताव माग भई पेश भएका ३ ओटा कोटेशनमध्ये फ्रन्टलाईन डिजिटल नेटवर्क प्रा.लि. काठमाडौँले पेश गरेको प्रस्तावको अङ्क सबैभन्दा कम भई उक्त कम्पनीको कबोल अङ्क रु.४,३८,०००।- (मू.अ.कर बाहेक) मा सफ्टवेयर खरिद गरी बहाल कर तथा सफाइ शुल्कको १० ओटै वडामा **लगत व्यवस्थित गर्ने** निर्णय गरियो।

४. सहकारी संस्थाहरूको आर्थिक विवरणहरूको साथै सहकारीसँग सम्बन्धित विभिन्न लेखा रचनाहरूसहितको बुलेटिन मिति २०७९।१२।२० गते राष्ट्रिय सहकारी दिवसको अवसरमा **प्रकाशित गर्ने निर्णय** गरियो। साथै उक्त बुलेटिनको लागि आवश्यक पर्ने विभिन्न लेख रचनाहरू सम्बन्धित व्यक्तिहरूसँग माग गर्ने निर्णय गरियो।

**मिति २०७९।११।१८ गते**

१. शुभकामना बचत तथा ऋण सहाकारी संस्था लि. को प.सं. २०७९/०८० च.नं. १२१ मिति २०७९।११।११ गतेको पत्रानुसार भ.न.पा. वडा नं. २ व्यासीमा शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. र शुभकार्य कृषि सहकारी संस्था लि. बीच एकीकरण भई पूर्व शुभकार्य कृषि सहकारी संस्था लि. को कार्यालय भएको स्थानमा शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. को सेवा केन्द्र सञ्चालन गर्न स्वीकृति माग भएकोले सो ठाउँमा शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. को **सेवा केन्द्र खोल्न स्वीकृति दिने** निर्णय गरियो।

## कृषि समिति

**मिति २०७९।११।२३ गते**

१. यस नगरपालिकाबाट उत्पादन गरिएको कम्पोष्ट मल बिक्री सम्बन्धमा छलफल हुँदा बचत तथा ऋण सहकारी संस्था लि. हरू, कृषि सहकारी संस्था लि. हरू र सहकारी संस्था मार्फत कृषकहरूलाई निम्न सहुलियत दरमा **कम्पोष्ट मल बिक्री वितरणको** लागि कार्यपालिका बैठकमा अनुरोध

गर्ने निर्णय गरियो :

| क्र.सं. | बिक्री संस्था | मलको परिमाण | मल बिक्री दररेट |
|---|---|---|---|
| १ | सहकारी संस्थाहरूलाई | २० किलोको प्रति बोरा | रु.३००।- (तीन सय) |
| २ | कृषकहरूलाई | २० किलोको प्रति बोरा | रु.३५०।- (तीन सय पचास) मात्र |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क ३५५८ नं को ट्रिपर गाडीमा सेल्स डाइनामाको बेन्डिकस फेरे बापत रु.४५२०।–, बा १ ग ३२४० नं. को गाडीमा ब्रेक सिलिण्डर, ब्रेक लाईट, ग्रिज गरेको तथा अन्य सामान फेरे बापत रु.५७९१।२५, बा १ ग ३२३९ नम्बरको गाडीमा मोबिल फिल्टर, एयर फिल्टर, क्लज सिलिण्डर तथा अन्य सामान फेरे वापत रु.१४,६३३।५० र बा १ ग २२६७ नं गाडीमा गेर यर, ब्रेक आयल फेरे वापत रु.११,२४३।५० गरी कूल जम्मा रु.३६,१८८।२५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित को बा १ बाको लोडरमा एसी पम्प एसम्ब्ली, डिजेल पम्प रिपेयर तथा अन्य सामान फेरे वापत रु.४०,०५७।३७ हाम्रो हेभी इकुपमेन्ट वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित का ३ च ७१४९ नं को एम्बुलेन्समा स्टेरिङ्ग दाईम्पर सक, इयर फिल्टर, फ्युल फिल्टर तथा अन्य सामान फेरे वापत रु.२९,२९५।२५ डियरवाक अटो सर्भिसेस प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ झ ८७४८ नं को गाडीमा पाइप आइगल र अन्य सामान फेरे वापत रु. ७३४५।– भक्तपुर अटो पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. आर्थिक वर्ष २०७९।८० मा सङ्घीय सरकार अन्तर्गत समानताको लागि आवाज (पुनःस्थापना कार्यक्रम) नामको संस्थालाई प्राप्त ससर्त अनुदान वापत लाई रु.५,००,०००।– **निकासा दिने** निर्णय गरियो ।

च. आर्थिक वर्ष २०७९।८० मा सङ्घीय सरकार अन्तर्गत ब्लाइन्ड रक्स नामको संस्थालाई प्राप्त ससर्त अनुदान वापत रु.५,००,०००।– **निकासा दिने** निर्णय गरियो ।

छ. नपामा विभिन्न समयमा खाजा व्यवस्था गराए वापत रु.९४,१५०।– दिव्य स्विट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## जीवन–आचरण

### चित्र प्रतियोगिता

एकपटक देश कै गन्यमान्य चित्रकारहरूका बीचमा ठूलै धनराशीसहितको चित्र कोर्ने प्रतियोगिता भएछ । ठूला चित्रकारहरू भएकोले सबैमा 'मै हुँ' भन्ने हल्का घमण्ड पनि देखिन्थ्यो ।

प्रतियोगिताको अन्तिम चरणमा दुई जनामात्र चित्रकारहरू बाँकी रहे । ती दुवै जनालाई सर्पको चित्र सबैभन्दा छिटो र राम्रो कसले बनाउन सक्छ, उस्ले नै जित्ने कुराको जानकारी आयोजकले दियो ।

दुवै जनाले आफ्नो पूर्ण अनुभव अनि क्षमताको प्रदर्शन गर्दै सर्पको आकर्षक चित्र बनाउन थाले । दुवै जना चित्र बनाउन उतिकै माहिर थिए पनि ।

अन्ततः एकजनाले सर्पको चित्र बनाउन सिध्यायो । तर, उसले त्यो चित्रलाई अझै आकर्षक बनाउने सोच्दै त्यो सर्पको चित्रमा खुट्टाहरू राख्ने विचार गर्दै सुन्दर र आकर्षक खुट्टाहरू कोर्न थाले । ऊ सर्पको खुट्टा बनाइरहेकै समयमा दोस्रो चित्रकारले सर्पको आकर्षक चित्र बनाएर आयोजकलाई बुझाए ।

आयोजकले दोस्रो चित्रकारलाई प्रतियोगिताको बिजेता घोषित गरिदियो र चित्र बनाउँदै गरेको पहिलो चित्रकारको चित्र हेर्दै भन्न थाले, 'चित्रकार महोदय, सर्पहरूको खुट्टा कहाँ हुन्छ र ?'

ज. भक्तपुर नगरपालिकाद्वारा आव्हान गरेको कृषि प्राविधिक करारमा लिनको लागि अन्तवार्तामा सम्मिलित जनप्रतिनिधि र कर्मचारीहरूलाई खानाको व्यवस्था गरे वापत रु.१,१००।– लक्ष्मी नारायण त्वायनालाई **भुक्तानी दिने** निर्णय गरियो ।

झ. यस नपाद्वारा सञ्चालित खो खो खेल प्रतियोगिताको लागि मञ्च व्यवस्थापन गर्दा चिया नास्ताको व्यवस्था गरे वापत रु.१९५०।– अजय फसिकवलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. यस नपाद्वारा सञ्चालित अफसेट प्रेसमा विदाको दिन पत्रिका छपाइ तथा नगरसभाको लागि मासिक 'भक्तपुर' पत्रिका छपाइ गर्दा खाना वापतको रु.३,३००।– लक्ष्मण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

# भक्तपुर नगरपालिका गतिविधि

## कृषि सहकारी संस्थाका प्रतिनिधिहरूको भेला



भक्तपुर नगरपालिकाको आयोजनामा नगरपालिकाबाट उत्पादित कम्पोष्ट मल सहकारीमार्फत बिक्री वितरण गर्न भक्तपुर नगरमा सञ्चालित विभिन्न सहकारी संस्था तथा कृषि सहकारी संस्थाका प्रतिनिधिहरूको भेला तथा छलफल कार्यक्रम फागुन १६ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विदेशी हस्तक्षेप र सरकारको अकर्मन्यताका कारण नेपालको कृषि क्षेत्र ध्वस्त बन्दै गइरहेको बताउनुभयो ।

विकसित देशहरूको विकासको थालनी कृषिबाटै भएको बताउनुहुँदै उहाँले नेपालले परम्परागत शैलीबाट माथि उठेर कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकीकरणतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी यहाँका किसानहरूलाई सहुलियत दरमा बिक्री वितरण गर्नुका साथै कौसी खेती प्रविधिको तालिमसमेत सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

समुदायमा आधारित सहकारी संस्थामा मात्र रकम जम्मा गर्न नागरिकहरूलाई सचेत पार्नुपर्ने बताउनुहुँदै सहकारी संस्थाहरूले सदस्यहरूको हितमा काम गर्न आवश्यक पहलकदमी गर्नुपर्ने बताउनुभयो ।

नेपालमा राजनीतिक अस्थिरताको फाइदा भारतले उठाइरहेको बताउनुहुँदै उहाँले विदेशी शक्ति सामू झुक्ने शासक दलहरूको प्रवृत्तिले देश झन्झन् गरिब हुँदै गएको बताउनुभयो ।



कृषि समितिका संयोजक एवम् ३ नं. वडाका वडाध्यक्ष **राजकृष्ण गोरा**को सभापतित्वमा भएको उक्त कार्यक्रममा कृषि समितिका सदस्य कृष्णलाल किसी, गंगालक्ष्मी बमन्, भक्तपुर नपा स्यानिटेशन शाखा प्रमुख दिलिपकुमार सुवाललगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरूले आ-आफ्नो राय सुझावहरू दिनुभएको थियो ।

## क्वाछेँ र ब्यासीमा खानेपानीको नयाँ पाइपलाइन विस्तार गर्न निरीक्षण



भक्तपुर नगरपालिका वडा नं. ५ क्वाछेँ क्षेत्रमा खानेपानीको नयाँ पाइपलाइन विस्तार गर्ने सन्दर्भमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, २ नं. वडाका वडाध्यक्ष हरिप्रसाद बासुकला, केयुकेएल भक्तपुरका प्रमुख चेतबहादुर ऐर र पुरातत्त्व विभागका प्रमुख अरुणा नकर्मीले फागुन १६ गते उक्त क्षेत्रमा स्थलगत निरीक्षण गर्नुभयो ।



निरीक्षणका क्रममा प्रमुख प्रजापतिले लामो समयदेखि खानेपानीको समस्या भइरहेको क्वाछेँ र ब्यासीलगायतमा नयाँ पाइपलाइन विस्तारसँगै खानेपानी व्यवस्थापन गर्न सकिने उहाँले बताउनुभयो।

भक्तपुर नगरभित्रको खानेपानी पाइपलाइन पुरानो हुँदै गएकोले खानेपानी विस्तारमा समस्या भइरहेको कुरालाई मध्यनजर गर्दै मेलम्चीको पानी नगरका सम्भव भएका ठाउँहरूमा भक्तपुर नगरपालिकाले नयाँ पाइपलाइन विस्तार गर्ने योजनालाई अगाडि बढाउँदै आएको छ। सोही क्रममा नपाले विभिन्न क्षेत्रमा नयाँ पाइपलाइन विस्तार गर्न अध्ययनको थालनी गरिरहेको छ।

## सांस्कृतिक प्रतियोगितासम्बन्धी साहित्यकार र लेखकहरूको भेला




भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष सांस्कृतिक प्रतियोगिताको आयोजना गर्दै आएको छ। सोही सन्दर्भमा भक्तपुर नगरपालिकाले यस वर्ष सांस्कृतिक प्रतियोगिता गर्ने विषयमा फागुन १९ गते भक्तपुरका साहित्यकार तथा लेखकहरूको भेला कार्यक्रमको आयोजना गऱ्यो।

भेलामा नपा प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले यस वर्ष सांस्कृतिक प्रतियोगिताअन्तर्गत प्रगतिशील भजन प्रतियोगिता गर्ने योजनाका साथ सम्बन्धित सरोकारवालासँग राय सुझाव सङ्कलन गर्न साहित्यकार र लेखकहरूको भेला आयोजना गरेको बताउनुभयो।

उहाँले जनतालाई राजनैतिक रूपमा सचेत पार्ने लेख र साहित्यहरूको सिर्जना गर्न लेखक तथा साहित्यकारहरूको ध्यानाकृष्ट गर्नुहुँदै प्रगतिशील साहित्यले सुतेको मान्छेलाई ब्यूँझाउने, उठेको मान्छेलाई जगाउने र जागेको मान्छेलाई सङ्घर्षमा उतार्ने काम गर्छ भन्नुभयो।

सामाजिक विकृतिहरू, पुँजीवादका विकृतिहरू र राजनैतिक विकृतिहरू साहित्यको माध्यमबाट जनतामाझ उजागर गर्नु आजको आवश्यकता भएको बताउनुहुँदै उहाँले



महिलाहरूलाई साहित्यको माध्यमबाट पनि सङ्गठित गर्ने अभियानमा भक्तपुर नपाले आवश्यक भूमिका खेलिरहेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले सम्पदा संरक्षणमा भक्तपुर नपा उत्कृष्ट नगरपालिकाको रूपमा रहेको बताउनुहुँदै युवा पुस्ताले देशको कला, संस्कृति बिर्सँदै गएकोले यसको जगेर्नामा नपाले विशेष जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा लेखक एवम् शिक्षक **ज्ञानसागर प्रजापति**ले लेखक तथा साहित्यकारहरू भनेका समाजका लागि प्रेरणाका स्रोत भएको हुँदा साहित्यको माध्यमबाट अन्धविश्वासलाई नयाँ विचारसँग जोड्नु आवश्यक भएको बताउनुभयो।

त्यस्तै पत्रकार **लक्ष्मण जोशी**ले साहित्य देशको राजनीतिबाट अलग हुन नहुने बताउनुहुँदै साहित्यको पनि निश्चित गन्तव्य र लक्ष्य हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले साहित्य समाजको ऐना हो र साहित्यकार तथा लेखकहरू समाजका प्रगतिशील व्यक्तित्वको रूपमा रहेको बताउनुभयो। भजनले आध्यात्मिकतालाई बढावा दिन्छ भन्नुहुँदै टोल-छिमेकमा भजन गर्ने महिलाहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको र यसलाई सङ्गठित र प्रगतिशील बनाउन सकिए अझ परिस्कृत हुने उहाँले बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले पनि बोल्नुभएको थियो भने उपस्थित लेखक तथा साहित्यकारहरू विष्णुगोपाल कुसी, उद्धव सुजखु, विकल प्रजापति, हरिसुन्दर पोतामाहा, लक्ष्मीप्रसाद चवाल र विष्णुभक्त कुसीले सांस्कृतिक प्रतियोगिता गर्ने विषयमा आ-आफ्नो राय-सुझाव प्रस्तुत गर्नुभएको थियो।

## प्रमुख प्रजापतिसँग दोलखाका विद्यार्थीहरूको साक्षात्कार



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग दोलखाको भीमेश्वर नगरपालिकास्थित राजकुलेश्वर आधारभूत विद्यालय कक्षा ७ र ८ का विद्यार्थीहरुद्वारा फागुन १९ गते नगरपालिकाको सभाकक्षमा साक्षात्कार गरेको छ।

विद्यालयका प्रअ प्रकाश दाहाल र व्यवस्थापन समितिका अध्यक्ष अजय प्रधानसहित करिब ४० जनाको टोलीले शुक्रबार नगर प्रमुखसँग भेटी नगरपालिकाकाले विशेषगरी शिक्षा क्षेत्रमा गरिरहेको असल र उदाहरणीय कार्यहरूबारे आवश्यक जानकारी प्राप्त गऱ्यो।

सोही क्रममा नगर प्रमुख **प्रजापति**ले उक्त टोलीलाई स्वागत गर्नुहुँदै भक्तपुर नपाले हाल ७ ओटा शैक्षिक संस्था स्थापना गरी देशभरका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको बताउनुभयो।

भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा ७३ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययरत रहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले गरिब विद्यार्थीहरूलाई शैक्षिक ऋण, इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूलाई विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्नुका साथै सहुलियत दरमा शैक्षिक ऋणको समेत व्यवस्था गर्दै आएको छ भन्नुभयो।

भक्तपुर नपाले भक्तपुरका सामुदायिक विद्यालयहरूलाई प्राथमिकतामा राख्दै भौतिक पूर्वाधार निर्माण, आर्थिक अनुदान, शिक्षक तालिम दिनेलगायतको काम गर्दै आएको चर्चा गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भन्नुभयो, विदेशी सहयोगबिना नै हामी भक्तपुरलाई आत्मनिर्भर बनाउने उद्देश्यले अगाडि बढिरहेका छौं।

भक्तपुर नगरपालिकाले आफ्ना गतिविधि प्रचारप्रसारको निम्ति सञ्चारमाध्यमको प्रशस्त प्रयोग गर्दै आएको बताउनुहुँदै अहिले विद्यालय तथा कलेजहरूमा छात्रा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको उल्लेख गर्नुभयो।

सोही क्रममा राजकुलेश्वर विद्यालयका प्रअ **प्रकाश दाहाल**ले अध्ययन भ्रमणको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै कक्षा ७ र ८ मा अध्ययतरत विद्यार्थीहरूलाई शैक्षिक अध्ययन भ्रमण र भूगोलको अध्ययनको सिलसिलामा देशकै नमुना नगरपालिकामा भ्रमण गर्न पाउँदा निकै गौरवान्वित महसुस भएको बताउनुभयो।

त्यस्तै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **अजय प्रधान**ले भक्तपुरको शिक्षा क्षेत्र देशकै लागि नमुना भएको बताउनुहुँदै यहाँबाट धेरै कुराहरू सिक्न र अनुभव गर्न पाएको बताउनुभयो।

कार्यक्रममा नेमकिपा नगर समितिका अध्यक्ष **नारायणबहादुर दुवाल**ले पनि बोल्नुभएको थियो भने सहभागी विद्यार्थीले दोलखाली भाषामा गीत प्रस्तुत गरेका थिए।

नगर प्रमुख प्रजापतिले प्रअ र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई भक्तपुर नपाको प्रकाशन उपहारस्वरूप प्रदान गर्नुभयो।

सोही क्रममा भक्तपुर नपा पर्यटक सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवले उक्त टोलीलाई भक्तपुर दरबार क्षेत्रका सम्पदाहरूको स्थलगत अवलोकन भ्रमण गराउनुभएको थियो।

## प्रदेश स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठद्वारा ख्वप कलेज, अस्पताल र इन्जिनियरिङ कलेजहरूको स्थलगत अवलोकन




बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था तथा अस्पतालको फागुन २१ गते स्थलगत निरीक्षण तथा अवलोकन गर्नुभएको छ।

मन्त्री श्रेष्ठले भक्तपुरको देकोचास्थित ख्वप कलेज, ख्वप मावि, च्याम्हासिंहस्थित ख्वप अस्पताल, छात्ती पुन:स्थापना केन्द्र, लिबालीस्थित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको पनि स्थलगत निरीक्षण गर्नुभयो ।

निरीक्षणका क्रममा मन्त्री **श्रेष्ठ**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइमा देशकै लागि अतुलनीय योगदान गरिरहेको बताउनुहुँदै भक्तपुरबाट अन्य स्थानीय तथा प्रदेशहरूले पनि सिक्न जरुरी रहेको बताउनुभयो ।



ख्वप कलेज र ख्वप माविमा

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि आवश्यक सिटी स्क्यान र एमआरआईलगायतका स्वास्थ्य उपकरणहरू सहयोगको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुहुँदै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिको लागि समेत पहल गर्ने विश्वास दिलाउनुभयो ।

भक्तपुरको सफल नेतृत्वले गरिरहेको असल अभ्यासहरू साँच्चै नै उदाहरणीय र अनुकरणीय भएको बताउनुहुँदै मन्त्री श्रेष्ठले भक्तपुरको असल अभ्यासबारे अन्य प्रादेशिक अस्पताल र स्थानीय तहहरूमा अनुभव आदानप्रदानमा सहयोगी भूमिका खेल्ने बताउनुभयो ।



ख्वप अस्पतालमा

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाद्वारा सञ्चालित कलेज तथा स्वास्थ्य संस्था भ्रमण गर्नुभएको धन्यवाद ज्ञापन गर्नुहुँदै भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरू र अस्पतालको लागि आवश्यक सहयोग गर्न मन्त्री श्रेष्ठको ध्यानाकर्षण गर्नुभयो ।

भक्तपुर नगरपालिकालाई हरेक विषयको परीक्षण गर्ने थलो (टेष्ट ट्युब) को रूपमा अगाडि बढाउने प्रयासरत रहेको बताउनुहुँदै उहाँले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन सिङ्गो नगरपालिका र नगरपालिकाअन्तर्गतका शैक्षिक संस्थाहरू क्रियाशील रहेको बताउनुभयो ।



ख्वप इन्जिनियरिङ कलेजमा

निरीक्षणका क्रममा ख्वप माविका प्राचार्य प्रकाश श्रेष्ठ, ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा, ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले कलेज तथा अस्पतालबाट प्रवाहित विषयगत विशेषता, सेवा सुविधाहरूबारे सङ्क्षिप्त जानकारी गराउनुभयो । उहाँहरूले कलेज सञ्चालनको उद्देश्यमाथि प्रष्ट पार्दै सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्नु नै भक्तपुर नपाको मुख्य उद्देश्य भएको बताउनुभयो ।

निरीक्षणमा बागमती प्रदेशसभाका सांसदहरू सुरेन्द्रराज गोसाई, सृजना सैंजु, किरण थापा, धनेश्वरी प्रजापति र शकुन्तला श्रेष्ठ तथा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीलगायतको उपस्थिति थियो ।



ख्वप अस्पतालको वार्डमा

मन्त्री श्रेष्ठ र प्रदेश सांसदहरूलाई प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका र ख्वप इन्जिनियरिङ कलेजका केही प्रकाशन र भक्तपुरको कलात्मक मयूरको झ्याल उपहार स्वरूप प्रदान गर्नुभएको थियो ।

## भक्तपुर नपा र तिलगंगा आँखा अस्पतालबीच पूरक सम्झौता



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा सञ्चालित सामुदायिक आँखा उपचार केन्द्र व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा भक्तपुर नगरपालिका र नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान, काठमाडौँबीच फागुन २५ गते नपा सभाकक्षमा पूरक सम्झौता सम्पन्न भयो ।

सम्झौतामा नगर प्रमुखको अध्यक्षतामा पाँच सदस्यीय व्यवस्थापन समिति गठन गर्ने उल्लेख छ । केन्द्रको नाम परिवर्तन गरी **ख्वप–तिलगंगा आँखा अस्पताल** रहने र उक्त अस्पतालको लागि नपाद्वारा नवनिर्मित अस्पताल भवनको चौथो तला उपलब्ध गराइने सम्झौतामा उल्लेख गरिएको छ । नगरपालिका र प्रतिष्ठानबीच २०७३ वैशाख १५ गते भएको मूल सम्झौतामा भक्तपुरमा सामुदायिक आँखा केन्द्र सञ्चालनको लागि नगरपालिकाले एक रोपनी जग्गा उपलब्ध गराउने उल्लेख थियो ।

बिहीबार भएको पूरक सम्झौतामा नपाले प्रतिष्ठानलाई ख्वप अस्पतालको नवनिर्मित भवनको चौथो तला उपलब्ध गराउने र त्यसबापत प्रतिष्ठानले जग्गा माग नगर्ने उल्लेख गरिएको छ ।

नगरपालिका प्रमुख सुनिल प्रजापति र प्रतिष्ठानका प्रमुख अधिकृत डा. रिता गुरुङको उपस्थितिमा भएको उक्त कार्यक्रममा नपाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र प्रतिष्ठानको तर्फबाट डा. गुरुङले सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, शिक्षा स्वास्थ्य संस्कृति समितिका सदस्यहरू रबिन्द्र ज्याख्व, योगेन्द्रमान बिजुक्छैं, कृष्णप्यारी जधारी, ख्वप अस्पतालका तर्फबाट डा. रत्नसुन्दर लासिवा, डा. अमर प्रजापति, डा. मजेशप्रताप मल्ल, अस्पताल व्यवस्थापक विश्वजित प्रजापति, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवालको उपस्थिति थियो भने नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरुङ, प्रमुख सञ्चालक अधिकृत पिताम्बर अधिकारी, तिलगंगा आँखा प्रतिष्ठानका निर्देशक नबिनकुमार राई, प्रमुख वित्तीय अधिकृत रामचन्द्र खनाल, भक्तपुर आँखा अस्पतालका प्रमुख डा. विक्रम श्रेष्ठ, इन्चार्ज धिरज अधिकारीको पनि उपस्थिति रहेको थियो ।

## बक्सिङ प्रतियोगिताका खेलाडीहरूलाई खेल सामग्री वितरण



प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश हेटौंडामा मकवानपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा २०७९ फागुन ३० गतेदेखि चैत्र ४ गतेसम्म हुने अल नेपाल नोभिस महिला तथा पुरुष बक्सिङ प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट सहभागी खेलाडीहरूलाई मार्गनिर्देशन तथा खेल सामग्री वितरण कार्यक्रम फागुन २८ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले प्रतियोगितामा सहभागी हुने खेलाडीहरूलाई नपाको लोगो अङ्कित ट्र्याक सुट वितरण गर्नुभयो ।

उक्त प्रतियोगितामा पुरुषतर्फका खेलाडीहरू विकल भोयद्यो, सक्षम भुजेल, सफल मगर र प्रवेश बस्नेत र महिला खेलाडीतर्फ भावना भण्डारी सहभागी हुँदैछन् ।

## "श्रमको सम्मान राष्ट्रको अभियान" नाराका साथ सञ्चार अभियान कार्यक्रम




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. १ कार्यालयको आयोजनामा फागुन ३० गते 'श्रमको सम्मान राष्ट्रको अभियान' नाराका साथ न्यूनत्तम रोजगार नागरिकको अधिकार सम्बन्धी सञ्चार अभियान कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा उपप्रमुख **जोशी**ले सार्वजनिक विकास निर्माणसम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा बेरोजगार व्यक्तिहरूको लागि रोजगारी दिने उद्देश्यले नेपाल सरकारले बेरोजगारहरूको पहिचान र सूचिकरण गरी एक आर्थिक वर्षमा न्यूनत्तम १०० दिनको रोजगारी प्रत्याभूति दिने व्यवस्थाअनुरूप प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई अगाडि सारिएको बताउनुभयो । उहाँले महिलाहरूलाई शिक्षा दिन सके बेरोजगारीको समस्या स्वतः हट्दै जाने बताउनुहुँदै समाजवादी व्यवस्थामा महिलाहरूको अधिकार सुनिश्चित हुने बताउनुभयो ।



महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भएकोले सँगसँगै अगाडि बढ्नुपर्ने बताउनुहुँदै उपप्रमुख जोशीले भक्तपुरको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा पुनःनिर्माण आफैमा ख्वप मोडलको रूपमा परिचित हुँदै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले विदेशी वस्तु आयातले देश कहिल्यै पनि समृद्ध नहुने बताउनुहुँदै नेपालमा उत्पादन हुने खाद्यान्न, तरकारी, फलफूल आदि वस्तुहरूको उचित बजारीकरण भए मात्र यहाँका किसानहरूको मिहिनेत खेर नजाने बताउनुभयो । उहाँले बढ्दो महँगीका कारण नेपाली जनता मारमा परिरहेको बताउनुहुँदै चैत्र २ गते भक्तपुरको सूर्यमढीबाट सुरु हुने महँगीविरुद्धको जुलुसमा सहभागी हुनसमेत आग्रह गर्नुभयो । कार्यक्रममा वडा सदस्य सूर्यप्रसाद श्रेष्ठ, प्रधानमन्त्री रोजगार कार्यक्रमका लक्ष्मी प्रजापति, समाजसेवी कृष्णबहादुर दुगुजुले पनि बोल्नुभएको थियो ।

## प्रमुख प्रजापतिलाई भक्तपुर नपाको रणनीतिक योजनासहितको प्रतिवेदन हस्तान्तरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भक्तपुर नगरपालिकाको रणनीतिक योजनासहितको प्रतिवेदन हस्तान्तरण गरिएको छ ।

नेपाल सरकार खानेपानी मन्त्रालयका सहसचिव तिरेशप्रसाद खत्री, शहरी विकास मन्त्रालयका सहसचिव रामचन्द्र दंगाल, कानुन न्याय तथा संसदीय मन्त्रालयका सहसचिव निर्मला अधिकारी भट्टराई र सङ्घीय संसद् सचिवालयका सहसचिव सुरेन्द्र अर्यालको संयुक्त टोलीले तयार गरेको **भक्तपुर नपाको रणनीतिक योजना** (२०७९–८४) सहितको प्रतिवेदन फागुन ३० गते एक कार्यक्रमबीच प्रमुख प्रजापतिलाई हस्तान्तरण गरिएको हो ।

सोही क्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाको विस्तृत अध्ययन गरी तयार पारिएको रणनीतिक योजना वास्तवमै दस्तावेजको रूपमा रहने बताउनुहुँदै भक्तपुर नगरपालिकालाई आफ्नो कार्य क्षेत्र बनाई अध्ययन गरेकोमा टोलीलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रमा गरिरहेको कामबारे अन्य स्थानीय तहले पनि अवलम्बन गर्न सके देशको विकास छिटो हुने उल्लेख

गर्नुहुँदै भक्तपुर नपाको पाँच वर्षे रणनीतिक योजनाको विस्तृत अध्ययन गरी अगाडि बढ्ने प्रयत्न गर्ने उहाँले बताउनुभयो।

त्यस्तै सङ्घीय संसद् सचिवालयका सहसचिव **सुरेन्द्र अर्याल**ले रणनीतिक योजना तर्जुमाको आवश्यकतामाथि प्रष्ट पार्नुहुँदै नगरपालिकाद्वारा प्रकाशित प्रकाशनहरूको विस्तृत अध्ययन गरी तयार पारिएको भक्तपुर नपाको रणनीतिक योजना दस्तावेजकै रूपमा रहने र योजना कार्यावन्यनयोग्य बनाउन जोड दिएको बताउनुभयो।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका **वसन्तराज सिग्देल**ले रणनीतिक योजना तयार गर्ने क्रममा भक्तपुर नपाबारे अध्ययनबाट धेरै विषयको जानकारी हासिल भएको बताउनुहुँदै सार्वजनिक क्षेत्रको विकासमा यस अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, प्रशासकीय अधिकृत दामोदर सुवाल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अनुप भुर्तेल, सुन्दर श्रेष्ठलगायतको उपस्थिति थियो।

भक्तपुर नपाको रणनीतिक योजनामा नगरपालिकाको सङ्गठनात्मक स्वरूप, विभिन्न रणनीतिक क्षेत्रमा नगरपालिकाबाट विगत ३ देखि ५ वर्षमा शिक्षा, स्वास्थ्य, सम्पदा तथा कला संस्कृतिको संरक्षण र विकास निर्माण, सरसफाइ, खानेपानी, सहकारी विकास, निजी आवास पुनःनिर्माण, सीपमूलक तालिमहरूलगायतमा भएका भक्तपुर नपाका सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीलगायतका विषय विस्तृतमा उल्लेख गरिएको छ।

## अध्यक्ष बिजुक्छेँद्वारा कम्पोष्ट मल उत्पादन केन्द्रको निरीक्षण




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नपा वडा नं. ८ लर्केस्थित भक्तपुर नगरपालिकाको कम्पोष्ट मल उत्पादन केन्द्रको चैत्र ३ गते स्थलगत अवलोकन गर्नुभयो।

अवलोकनपश्चात अध्यक्ष **बिजुक्छेँ**ले भक्तपुर नगरपालिकाको सीएनबीएम प्रविधिबाट कुहिने फोहोरलाई नगन्हाउने तरिकाले उच्च गुणस्तरको मल बनाउने प्रविधि नेपालजस्ता विकासोन्मुख देशको लागि उपयुक्त भएको बताउनुहुँदै रसायनिक मलको विकल्पको रूपमा कम्पोष्ट मलले काम गर्दा कृषकहरू लाभान्वित हुने बताउनुभयो।

कम्पोष्ट मल उत्पादन केन्द्रमा कार्यरत कर्मचारीहरूले स्वास्थ्य सतर्कता अपनाउने विषयमा विशेष ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले कम्पोष्ट मल उत्पादनबारे नयाँ नयाँ तथ्यहरू पत्ता लगाई कार्यरत कर्मचारीहरूलाई समयसापेक्ष तालिमको व्यवस्था गर्नुपर्ने बताउनुभयो।

नेपालमा रसायनिक मलमा अनुदान कटौती, मल अभाव र मूल्यवृद्धिको सन्दर्भ जोड्नुहुँदै उहाँले सरकारले नेपालमै रसायनिक मल कारखाना स्थापना गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले विकसित देशहरूबाट उत्पादन हुने कम्पोष्ट मल विधिबारे पनि अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिनुहुँदै किसानहरूलाई समयमै मल उपलब्ध गराउन सके उत्पादकत्वमा समेत उल्लेख्य वृद्धि हुने बताउनुभयो।

नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले कुहिने फोहोर व्यवस्थापन गर्दै सीएनबीएम विधिद्वारा कम्पोष्ट मल बनाउने कार्यको थालनी गरेको बताउनुभयो। भक्तपुर नगरभित्रका घरघरबाट सङ्कलित कुहिने फोहोरबाट उत्पादित कम्पोष्ट मल हाल विभिन्न सहकारीमार्फत कृषकहरूलाई सहुलियत दरमा बिक्री वितरण सुरु गरिसकेको उहाँले बताउनुभयो।



भक्तपुर कृषकहरूको बाहुल्यता भएको जिल्लाको रूपमा परिचित भएको बताउनुहुँदै उहाँले नगरपालिकाले उत्पादन गरेको कम्पोष्ट मलको प्रयोगबाट किसानहरू लाभान्वित भएको बताउनुभयो।

निरीक्षणमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपाको वातावरण समितिका पदाधिकारीहरू रबिन्द्र ज्याख्व, योगेन्द्रमान बिजुक्छेँ, कृष्णप्रसाद कोजु, कृष्णप्यारी भुजु, मन्जुमैंया लाखाजु, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, मल उत्पादन केन्द्रमा कार्यरत कर्मचारीहरूलगायतको उपस्थिति थियो।

## नगर प्रमुख प्रजापतिसँग जर्मन डाक्टरहरूको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जर्मनीबाट आउनुभएका प्लास्टिक सर्जरीका सर्जन डा. जर्गन हुजमान र डा. रुइदिगर लोहमानले चैत्र ६ गते भेट गर्नुभयो। भेटमा नगर प्रमुख **प्रजापति**ले जर्मनी सरकारले भक्तपुरको कला संस्कृति संरक्षण र सरसफाइमा पुऱ्याएको योगदानप्रति भक्तपुरका जनताको तर्फबाट जर्मनी सरकारलाई धन्यवादज्ञापन गर्नुहुँदै नेपाली जनता र जर्मन जनताबीचको सम्बन्ध अझ सुदृढ भएर जाने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भक्तपुर नपाले घरदैलो नर्सिङ, वडा वडामा स्वास्थ्य केन्द्र सञ्चालन गर्दै १०० शय्याको अस्पताल सञ्चालन गरी सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको जानकारी दिनुभयो। उहाँले भक्तपुर नपाले आत्मनिर्भरतालाई जोड दिइरहेको बताउनुहुँदै अस्पतालले स्तरीय सेवा प्रदान गर्न विविध पक्षसँग छलफल गरी अगाडि बढिरहेको जानकारी दिनुभयो।



डा. हुजमानले भक्तपुर नगरपालिकाले गरेको स्वागतमा खुशी व्यक्त गर्नुहुँदै यहाँका चिकित्सकहरूसँग प्लास्टिक सर्जरी, मुटुरोग, अपरेसनलगायतका विषयमा बर्लिन विश्वविद्यालयका प्राध्यापकहरूको तर्फबाट सक्दो सहयोग गर्न इच्छुक रहेको बताउनुभयो। उहाँहरूले ख्वप अस्पतालको स्थलगत अवलोकनपछि पुनः नपासँग छलफलमा बस्ने पनि जानकारी दिनुभयो।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रशासकीय अधिकृत दामोदर सुवाल, ख्वप अस्पतालका डा. मजेशप्रताप मल्ल, डा. अमर प्रजापति, अस्पताल व्यवस्थापक विश्वजित प्रजापतिको उपस्थिति थियो।

## नगर प्रमुख प्रजापतिद्वारा खानेपानी मुहान निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाँसघारीको खानेपानी ट्यांकी र महादेव खोला मुहानपोखरीको चैत्र ६ गते स्थलगत निरीक्षण गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र केयुकेएल भक्तपुरका प्रमुख चेतबहादुर ऐरसहितको टोलीले चाँगुनारायण नपास्थित महादेव खोला मुहानपोखरीको मुहान स्थलको निरीक्षण गरेको हो।

प्रमुख प्रजापतिले सुख्खायामका कारण खानेपानीको समस्या उत्पन्न भएपछि त्यसको समाधानको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रतिनिधिसँग बैठक बसी समाधानका उपायहरूबारे छलफलका क्रममा उक्त निरीक्षण गर्नुभएको हो।



खानेपानी मुहान नै सुकेको अवस्थामा नगरवासीहरूलाई सहज पानी उपलब्ध गराउन समस्या भएको बताउनुहुँदै प्रमुख **प्रजापति**ले जनतालाई सहज रूपमा खानेपानी उपलब्ध गराउन नगरपालिकाले विभिन्न ठाउँमा ट्यांकी निर्माण, बोरिङ गरी पानी वितरण गरिरहेको बताउनुभयो। भक्तपुर नगरमा खानेपानीको समस्या समाधान गर्न विशेष चासो दिएर जनप्रतिनिधिहरू अगाडि बढिरहेका छौँ, उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिलाई महादेव खोलाको पछिल्लो अवस्थाबारे जानकारी गराउनुहुँदै केयुकेएल प्रमुख ऐरले पानीको मुहान नै सुक्न थालेकोले भक्तपुरमा खानेपानीको अभाव निम्तिएको बताउनुभयो ।

## भक्तपुरको प्रसिद्ध बिस्का जात्राको तयारी बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सभ्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सरोकारवालाहरूसँगको बैठक चैत १२ गते नपा सभाकक्षमा सम्पन्न भयो ।



बैठकमा प्रमुख प्रजापतिले २०७९/८० को बिस्का जात्रा निर्धारित समयमा सुरक्षित ढङ्गले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

भक्तपुरको सांस्कृतिक तथा ऐतिहासिक बिस्का जात्राको महत्त्वमाथि प्रकाश पार्नुहुँदै प्रमुख प्रजापतिले जात्राको समय व्यवस्थापनले जात्रालाई शान्तिपूर्ण बनाउन मद्दत पुग्ने बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रजिअ **खगेन्द्रप्रसाद रिजाल**ले भक्तपुरको बिस्का जात्रा भक्तपुरको मात्र नभई नेपालकै गौरवको जात्रा भएको बताउनुहुँदै जात्रा शान्तिपूर्ण र मर्यादित बनाउन सबै सरोकारवालाहरूले आआफ्नो तर्फबाट जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका प्रमुख **खिमा ओली**ले जात्रा सफलतापूर्वक सम्पन्न गर्न आवश्यक तयारीहरू भइरहेको अवगत गराउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, इन्द्रबक्स गणका प्रतिनिधि, राष्ट्रिय अनुन्धान विभाग, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल टेलिकम, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति र जात्रासँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

बिस्केट जात्रा सञ्चालन विषयमा जात्रासँग सम्बन्धित सरोकारवालाबीच भएको महत्त्वपूर्ण निर्णयहरू :

१. यस वर्षको विस्का जात्रा शान्तिपूर्ण र भव्यताका साथ सम्पन्न गर्न जात्रा सञ्चालन हुने सम्पूर्ण क्षेत्रहरूको सरसफाइ र आवश्यक व्यवस्थापन तथा प्रचार प्रसारलगायत सरकोकारवालाहरूसँगको बैठक राख्ने कार्य भक्तपुर नगरपालिकाले गर्नेछ ।
२. जात्रा अवधिभर नगर क्षेत्रको शान्ति सुरक्षाको जिम्मेवारी जिल्ला प्रशासन कार्यालय, भक्तपुर, जिल्ला प्रहरी परिसर भक्तपुरलगायत सुरक्षा निकायलाई दिने निर्णय गर्‍यो ।
३. विस्का जात्रासम्बन्धी सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु र सम्पन्न गर्न आवश्यक तयारीको लागि गुठी संस्थान भक्तपुरलाई जिम्मा दिने निर्णय गर्‍यो ।
४. विस्का जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारीको लागि भैल नायोहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गर्‍यो ।
५. विस्का जात्रा सञ्चालन हुने नगरका सम्पूर्ण क्षेत्रहरूमा रहेको तार, केबुल र फाइबर नेटका केबुलहरू व्यवस्थित गर्न सम्बन्धित सेवा प्रदायकहरूलाई जिम्मेवारी दिने र आवश्यक पत्राचार नगरपालिकाले गर्ने निर्णय गर्‍यो ।

## अनलाइन भुक्तानी प्रणाली, बहाल कर र सफाइ करबारे तालिम



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपाका वडा सचिव एवम् कर्मचारीहरूलाई अनलाइन भुक्तानी प्रणालीसम्बन्धी जानकारी तथा बहाल कर र सफाइ शुल्क सफ्टवेयरको तालिम चैत्र २२ गते सञ्चालन गरेको छ।

तालिमको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विकसित देशहरू सूचना र प्रविधिमा अगाडि बढेकै कारण छिटो विकास भएको बताउनुहुँदै २१ औँ शताब्दीका नागरिकहरू प्रविधियुक्त हुन सकेन भने सबै क्षेत्रमा पछाडि पर्ने बताउनुभयो।

सूचना प्रविधि मानव जीवनको अभिन्न अङ्गको रूपमा रहेको समयमा नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई प्रविधियुक्त बनाउन तालिम सञ्चालनमा जोड दिएको बताउनुहुँदै उहाँले अनलाइन भुक्तानी सहजताको लागि पनि यो तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र कर शाखा प्रमुख प्रभाषकुमार चालिसेले पनि बोल्नुभएको थियो।

## अव्यवस्थित तार र केबलहरू व्यवस्थित गर्न सरोकारवालाहरूसँग बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुरको ऐतिहासिक एवम् सांस्कृतिक पर्व बिस्केट जात्रा शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गर्न नगर क्षेत्रभित्रको अव्यवस्थित तार र केबलहरू व्यवस्थित गर्न सम्बन्धित सरोकारवालाहरूको उपस्थितिमा चैत्र २२ गते भनपा सभाकक्षमा बैठक सम्पन्न भयो।

बैठकले नजिकिँदै गरेको विस्का जात्रा शान्तिपूर्ण, सुव्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न जात्राको रुटमा पर्ने केबल तारहरूलाई मिति २०७९ चैत्र २६ गतेसम्म व्यवस्थित गर्ने निर्णय गऱ्यो। साथै नगरपालिकाको अगुवाइमा एकआपसमा समन्वय गर्दै सहयोग गर्ने निर्णय उक्त बैठकले गऱ्यो।

## व्यवस्थित बस्ती विकास गर्ने उद्देश्यले आवास योजना सञ्चालन




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले नाफाको निम्ति नभई भक्तपुर नगरलाई सुविधायुक्त सहरको रूपमा व्यवस्थित गर्न र व्यवस्थित बस्ती विकास गर्ने उद्देश्यले आवास योजना सञ्चालनमा ल्याएको बताउनुभएको छ।

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा चैत्र २२ गते ठूलो ब्यासीमा समसामयिक राजनीतिक विषय तथा भक्तपुर नगरपालिकाले गर्दै आइरहेको गतिविधिहरूबारे जनसभा कार्यक्रममा सम्बोधन गर्ने क्रममा नगर प्रमुख प्रजापतिले उक्त विचार राख्नुभएको हो।

प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण र देशको लागि आवश्यक दक्ष जनशक्ति निर्माणमा महत्त्वपूर्ण योगदान गर्दै आएको बताउनुभयो।

कार्यक्रममा उहाँले भक्तपुर नपाले नेमकिपाको सिद्धान्तअनुरूप काम गरी भक्तपुरलाई व्यवस्थित र सुविधायुक्त सहरको रूपमा विकास गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुरको सार्वजनिक र पर्ति जग्गा संरक्षणमा नपाले विशेष जोड दिँदै आएको बताउनुभयो।

नगरपालिकाले आवास योजना सञ्चालन नगरेको भए घर जग्गा कारोबारीहरूले सस्तोमा किसानहरूसँग जग्गा लिई किसानहरूलाई विस्थापित गर्ने उल्लेख गर्नुहुँदै भक्तपुर नगरपालिकाबाट सञ्चालित आवास योजनाबारे उठेका जनगुनासो न्यायोचित ढङ्गले सम्बोधन गर्ने कोसिस गर्दै आइरहेको उहाँले बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले वडाको गतिविधिहरूबारे विस्तृतमा जानकारी दिनुहुँदै वडाको हरेक गतिविधिमा जनसहभागिता जुटेको खण्डमा सबै काम सहज रूपमा अगाडि बढ्ने धारणा राख्नुभयो।

कार्यक्रममा देको मिवा आवास योजना उपभोक्ता समितिका रबिन्द्र खर्बुजा, आसकुमार कोजु, गणेशप्रसाद सुवाल, वडा सदस्यद्वय श्यामसुन्दर मातां र मन्जुमैया लाखाले पनि बोल्नुभएको थियो।

# भक्तपुर नपाको अनुगमन

## सल्लाघारी, चुनदेवी र घलाटेँमा बजार अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा सल्लाघारी, चुनदेवी र घलाटेँमा फागुन १५ र १६ गते दुई दिनमा ३५ ओटा पसल अनुगमन गर्दा धेरै पसलहरू नगरपालिकामा दर्ताबिना सञ्चालन गरिरहेको पाइएको छ।

अनुगमनमा मोतिलाल दुगडको दुगड वर्डस् एण्ड सन्स् प्रा.लि.लाई नगरपालिकाको दर्ता प्रमाणपत्र पसलमा देखिने गरी राख्न निर्देशन दियो।

नगरपालिकाको दर्ता प्रमाणपत्र नदेखिएकोले दर्ता भए प्रमाणपत्र लिई र नभए दर्ता गरी सम्बन्धितलाई नगरपालिकामा उपस्थित हुन निर्देशन दिएको छ।

दर्ताबिना सञ्चालनमा रहेका ब्रदर्श रिकण्डिसन (ब्रो इन्टर प्राइजेज) (२०७५ सालदेखि), शंकर इन्जिनियरिङ्ग आइरन वर्कशप (२०७३ सालदेखि), राम भोले ड्राईभिङ स्कूल प्रा.लि. (२०७३ सालदेखि), न्यू सागर मोटर साइकल वर्कसप, फ्रेण्ड्स बाइकरस्, दास अटो लिङ्क, प्रखर इन्टर प्राइजेज, बी.ए.निर्माण सामग्री सप्लायर्स (२०७३ सालदेखि), जैसवाल बाथ एण्ड सेनेटरी वेयर (२०७६ सालदेखि), दोलखा भिमसेन सुन चाँदी पसल (विगत दश बर्षदेखि) सोलु खाजा घर, सूर्य गणेश इन्टर प्राइजेज, स्पेशल चिया खाजा पसल, न्यू सागर मोटर साइकल वर्कसप रहेका छन्।

नारायणी भोजनालय र हिडेन बाइक केय्र सेन्टर मोटरसाईकल वर्कसपलाई टोलीले त्यही दर्ता गरायो।

फ्रेण्ड्स रिकण्डिसन हब, मुक्तिनाथ कार हाउस प्रा.लि., द व्हीलस् प्रा.लि., एसडिआर टेक्नो एण्ड ट्रेड प्रा.लि.लाई बाटोमा मोटरसाइकल र कार पार्किङ्ग नगर्न निर्देशन दियो।

स्टाण्डर खाजा घर बिनादर्ता पुल हाउस सञ्चालन भएकोले बिनास्वीकृति सञ्चालन नगर्न निर्देशन दियो।

धमाका सेल, भक्तपुर ग्लास हाउस, एबिआर हार्डवेयरलाई दर्ता नवीकरण गर्न निर्देशन दियो।

मारुती नन्दन सप्लायर्सलाई विविध सप्लायर्सको थोक बिक्रेतामा दर्ता गर्न निर्देशन दियो।

नारायण भुजिया सप्लायर्स, सूर्यविनायक टायल एण्ड मार्वल हाउस राम्रै संचालन गरिराखेको पाइयो

## सल्लाघारी र चुनदेवीमा बजार अनुगमन

त्यस्तै फागुन २९ गते अनुगमन टोलीले सल्लाघारी र चुनदेवीमा २० ओटा पसल अनुगमन गर्दा नगरपालिकामा दर्ताबिना धेरै पसलहरु सञ्चालनमा रहेको पाइएको छ।

बिना दर्ता सञ्चालनमा रहेका परिकार खाजा घर, टप गीयर इन्टरप्राइजेज्, मिठू लामाको चिया पसल, रिचा किरान पसल, ग्लोबर बेकरी (२०७७ सालदेखि) र हनुमान फर्मेसीलाई दर्ता गर्न र औषधि पसलमा औषधि व्यवस्था विभागको अनुमतिपत्र प्राप्त वा फर्मेसिष्टले मात्र औषधि बिक्री वितरण गर्नुपर्ने निर्देशन दियो।

सेती देवि सप्लायर्स र बिक्की हार्डवेयर पसल नविकरण गर्न र डिजिटल तराजु चेकजाँच गर्दा ढक भन्दा बढी तौल देखाएकोले तराजू १ थान जफत गरी उपस्थित हुन अनुगमनको क्रममा फेला परेका विभिन्न परिमाणका म्याद नाघेका सामानहरू जम्बो स्प्राइट, जम्बो फाण्टा, मुना चिया, कुञ्ज चिया, सार्थक गोल्ड ध्यू, कर्न फ्लेक्स जफत गरी नष्ट गरियो भने सम्बन्धितलाई साइनबोर्ड राख्न, मुल्य सूची राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो।

## घलाटें र चुनदेवीमा बजार अनुगमन



फागुन ३० गते अनुगमन टोलीले घलाटेँ र चुनदेवीमा २५ ओटा पसल अनुगमन गर्दा पसल बाहिर बाटो र पेटीमा बेचविखनको लागि राखेका सामानहरू र मोटरसाईकल लगायतको सवारी साधन हटाउन निर्देशन दिँदा पनि नहटाएको मोटरसाइकल जफत गरी ल्याएको संयोजक राजकृष्ण गोराले बताउनु भयो।

अनुगमनमा ब्रदर्श रिकन्डिसन हबलाई बिक्रीको

लागि बाटो र पेटीमा मोटर साईकल नराख्न पटक पटक निर्देशन दिँदासमेत अटेर गरेकोले मोटरसाइकल जफत गरी तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो।

त्यस्तै अमरबत्ति इन्टरप्राईजेज प्रा.लि., ख्वप हार्डवेयर प्रा.लि., खोटाङ्ग खाजा घर, युनिस्टल ट्रेडर्स, बागमती आर्टस्लाई तीन दिन भित्र दर्ता गरी नगरपालिकामा उपस्थित हुन निर्देशन दियो। आर.बि. निर्माण सप्लार्यस्, एभरेष्ट अटोटेक एण्ड सप्लायर्स, हवाक्सीङ्ग फर्निचर(डेकोर) प्रा.लि.लाई नवीकरण गरी तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो।

श्रीलाल कोसवारको ग्रील पसल तथा वर्कशप, रिचा भुसालको किराना पसल, सुस्मिता श्रेष्ठको साधारण जलपान पसललाई त्यहीँ दर्ता गराइयो।

म्याद नाघेको जम्बो स्प्राइट सम्बन्धित पसललाई नष्ट गर्न निर्देशन दियो।

## सल्लाघारीमा मासु पसल अनुगमन




अनुगमन टोलीले चैत १५ गते भक्तपुर नपा वडा नं १ सल्लाघारीका ९ ओटा मासु पसलहरू अनुगमन गऱ्यो।

अनुगमनमा अधिकांश मासु पसलहरू दर्ता नभएको र बिग्रेको मासु जफत गरी नष्ट गरियो।

अनुगमनमा महमद समीर मिट शपमा पसल तीन दिन भित्र दर्ता गर्न, मूल्य सूची राख्न, सेतो एप्रोन प्रयोग गर्न निर्देशन दियो। च्वङ्गा गणेश मिट हाउस, न्यु दि मनकामना मिट हाउस र बाराही मासु पसललाई पसल नवीकरण गर्न सरसफाइमा ध्यान दिन र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो।

त्यस्तै रामकृष्ण शाहीको मासु पसल तीन दिन भित्र दर्ता गर्न, एप्रोन सेतो प्रयोग गर्न, तराजु डिजिटल प्रयोग गर्न र नापतौल विभागमा नवीकरण गर्न, मूल्य सूची राख्न, साइनबोर्ड राख्न निर्देशन दिई बिग्रेको मासु जफत गरी नष्ट गरियो। पासा मिट सपमा दर्ता प्रमाणपत्र पसलमा नभएकोले दर्ता प्रमाण पत्र लिई तीन दिनभित्र कार्यालयमा उपस्थित हुन, मूल्य सूची राख्न, बिग्रेका फ्रिज हटाउन वा मर्मत गर्न, एप्रोन सेतो प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो। उदयपुर फ्रेस मिट सपमा पसल नवीकरण गर्न, मूल्य सूची राख्न, फ्रिज मर्मत गर्न र बिग्रेको मासु जफत गरी नष्ट गर्नुका साथै तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

उदयपुरे मासु पसल दर्ता प्रमाणपत्र नभएकोले दर्ता गरी प्रमाणपत्र सहित एक हप्ताभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिई फ्रिज सफा र व्यवस्थित गर्न, मूल्य सूची राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो। सिनर्जी मिट मार्ट प्रा.लि. र बद्रीप्रसाद भुसालको मासु पसललाई तीन दिनभित्र दर्ता गर्न, मूल्य सूची राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो।

## कमलविनायक-च्याम्हासिंहका मासु पसल अनुगमन



त्यस्तै चैत १६ गते अनुगमन टोलीले कमलविनायक–च्याम्हासिंहको बाटोमा रहेको ८ ओटा मासु पसलहरू अनुगमन गऱ्यो।

अनुगमनमा स्थानीय साही परिवारहरूको परम्परागत राँगोको मासु पसलहरू सुधार नभएको पाइयो।

अनुगमनमा सुभानी स्टोरमा मूल्य सूची राख्न, ढक तराजु नवीकरण गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, भुइँ भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा मार्वल राख्न, एप्रोन सेतो प्रयोग गर्न र पेटीमा टेबुल राखेर मासु बेचविखन नगर्न र बाटो, पेटीमा रहेको टेबुल हटाउन निर्देशन दियो। त्यस्तै न्यु सुभानी कोल्ड स्टोर तीन दिनभित्र दर्ता गर्न, बिग्रेको फ्रिज प्रयोग नगर्न र फ्रिजमा मासुहरू मिसाएर नराख्न निर्देशन दिई तराजु नवीकरण नभएकोले १ थान तराजु जफत गरी तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दियो। ग्लोबल कोल्ड स्टोर नवीकरण गर्न, मूल्य सूची व्यवस्थित गर्न, म्याद नाघेको सुप्रिम ससेज् जफत गर्नुका साथै सरसफाइमा ध्यान दिन निर्देशन दियो। भक्तपुर कोल्ड स्टोरमा मूल्य सूची राख्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न र एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो। च्याम्हासिंह फ्रेस मिटमा तराजु नवीकरण गर्न, एप्रोन सेतो प्रयोग गर्न, पेटीमा टेबुल राखी मासु बेचविखन नगर्न र टेबुल हटाउन र तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन

दियो। तुल्सीनारायण साहीको मासु पसलमा दर्ता प्रमाणपत्र पसलमा नभएकोले तीन दिनभित्र प्रमाणपत्रसहित कार्यालयमा उपस्थित हुन, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, तराजु नापतौल विभागमा नवीकरण गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, भुइँ भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा मार्वल राख्न, एप्रोन सेतो प्रयोग गर्न र पेटीमा टेबुल राखेर मासु बेचबिखन नगर्न र बाटो, पेटीमा रहेको टेबुल हटाउन निर्देशन दियो। सुप्रिया माछा पसल दर्ता प्रमाणपत्र पसलमा नभएकोले तीन दिनभित्र प्रमाणपत्रसहित कार्यालयमा उपस्थित हुन, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, तराजु नवीकरण नभएकोले तराजु १ थान जफत गरी बिग्रेको माछा जफत गरी नष्ट गरियो। देव मिट सप दर्ता प्रमाणपत्र पसलमा नभएकोले तीन दिनभित्र प्रमाणपत्र सहित कार्यालयमा उपस्थित हुन, ढक तराजु नवीकरण नभएकोले ५ किलो र २ किलोको ढक जफत गरी पेटी र बाटोको टेबुल हटाउन निर्देशन दियो।

उपरोक्त मिति र स्थानमा गएका अनुगमन टोलीमा वडाध्यक्ष श्यामकृष्ण खत्री, वडासदस्य रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, सूर्य प्रसाद श्रेष्ठ, गंगालक्ष्मी बमनु र कल्पना सिल्पकार, नपा श्यानिटेशका नगर निरीक्षक दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, नपा कर शाखाका मोहनदेवी व्याञ्जु र न्हुज किजु, जिल्ला प्रशासन कार्यालयका यादव प्रसाद मिश्र, पशु सेवा कार्यालयका पार्वती योञ्जन, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक हस्तबहादुर सुनुवार, नजरमान धलान, विनोद सुवाल र बाबुराम लामा, प्रहरी हवल्दार रामबहादुर मगर र महावीर कसेरा र प्रहरी जवान प्रमानन्द जोशी, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा रलक्ष्मी भण्डारी, उद्योग बाणिज्य सङ्घका गौतम सुजखु, राजु त्वानाबासु र विश्वराम दुवाल, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ र लक्ष्मीप्रसाद बाटीको सहभागिता थियो।

## मासु पसल व्यवसायीहरूको भेला

### मासुमा आत्मनिर्भर बनाउनुपर्ने

भक्तपुर नगरपालिकाको आयोजनामा नगर प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा मासु पसल व्यवसायीहरूको भेला चैत २२ गते भयो।

भेलामा प्रमुख प्रजापतिले हरेक कुरा अर्थतन्त्रले निर्धारण गर्ने भएकोले अर्थतन्त्रलाई ध्वस्त पारे देश नै ध्वस्त हुने बताउनुभयो।

उहाँले मासु व्यवसाय पनि अर्थतन्त्रसँग जोडिएको चर्चा गर्नुहुँदै बाह्य देशबाट मासु आयात गरे देशको पैसा विदेसिएर देशको आर्थिक अवस्था कमजोर हुने हुँदा व्यवसायीलाई अनुदान, सहुलियत ऋण दिई बाह्य मासु आयातमा बढी कर




लगाई मासुमा आत्मनिर्भर बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

मासुमा आत्मनिर्भर हुन खोज्दा बर्डफ्लुको हल्ला चलाई भारतीय मासु आयात गराउने षड्यन्त्र भारतीय एकाधिकार पुँजीले गरेको उहाँले बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, तरकारीमा २२ अर्बको आयात गरेको तथ्याङ्क रहेकोले आत्मनिर्भर बनाउन व्यवसायलाई उकास्नुपर्छ, उपभोक्ताको क्रयशक्ति बढाउनुपर्छ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा जोड दिई भक्तपुरलाई पर्यटनमा गन्तव्य बनाउन लक्ष्यसहित काम गर्दै आएको चर्चा गर्नुहुँदै पर्यटकीय गन्तव्यस्थल बनाउन सके भक्तपुर आर्थिक रूपमा सम्पन्न हुने धारणा राख्नुभयो।

उहाँले जनताको आर्थिक स्तर विकास गर्न स्थानीय उत्पादन मेला भर्खरै सम्पन्न गरेको जानकारी दिनुहुँदै नाफाको निम्ति जे पनि गर्ने सोचलाई परिवर्तन गरी इमानदारीपूर्वक व्यवसाय सञ्चालन गर्न सुझाव दिनुभयो।



बजार अनुगमन समितिका संयोजक एवम् वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा सम्पन्न कार्यक्रममा अनुगमन समितिका सदस्य एवम् १ नं. वडाध्यक्ष श्यामकृष्ण खत्री र सदस्य सचिव दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति र पशु सेवा कार्यालय भनपाका पार्वती योन्जनले पनि बोल्नुभएको थियो।

भेलामा कुखुरा व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष तुल्सीराम धुख्वालगायत व्यवसायीहरूले मासु व्यवसायमा देखिएका समस्या र अनुगमनबारे जिज्ञासा राख्नुभएको थियो।

# शैक्षिक गतिविधि

## देश र समाज सुहाउँदो शिक्षा प्रदान गर्नुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यालय तथा कलेजहरूले विदेशउन्मुख शिक्षा नभई हाम्रो देश र समाज सुहाउँदो शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

समाज सुधार माध्यमिक विद्यालयको ५२ औँ वार्षिकोत्सवको अवसरमा फागुन १७ गते आयोजित पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले समाज सुधार मावि सिङ्गो समाजलाई शिक्षाको माध्यमबाट परिवर्तन गर्ने दीर्घकालीन सोचका साथ अगाडि बढिरहेको भक्तपुरको पुरानो सामुदायिक विद्यालय भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई प्राथमिकतामा राख्दै भौतिक पूर्वाधार निर्माण, आर्थिक अनुदान, शिक्षक तालिमलगायत गतिविधि सञ्चालन गर्दै आएको बताउनुहुँदै राजनैतिक नेतृत्वको दूरदर्शी सोचकै कारण आज भक्तपुर देशकै सफा र शिक्षित नगरको रूपमा विकास भएको बताउनुभयो ।

अभिभावकहरू सामुदायिक शिक्षा राम्रो नभएको भन्दै निजी कलेजहरूमा महँगोमा आफ्ना बालबालिकाहरूलाई पढाउन बाध्य भइरहेको बताउनुहुँदै उहाँले भक्तपुरका सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर तुलनात्मक रूपमा माथि उठेको र त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्या पनि सन्तोषजनक रहेको बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले ५२ वर्ष सफलतापूर्वक पार गरेको समाज सुधार माविले आगामी दिनहरूमा अझ प्रगतिउन्मुख भई अगाडि बढ्ने विश्वास व्यक्त गर्नुहुँदै भूतपूर्व विद्यार्थी र शिक्षकहरूले विद्यालयबारे आफ्नो अनुभव नयाँ विद्यार्थीहरूको लागि लिपिबद्ध गरिनु आवश्यक भएको बताउनुभयो ।

राजनीतिक अस्थिरताले देश झन् झन् पछाडि धकेल्दै गएको बताउनुहुँदै अस्थिर र अवसरवादी राजनीतिक नेतृत्वले देशको भन्दा व्यक्तिको हित र स्वार्थलाई प्राथमिकतामा राखी काम गर्छन् जुन देशको लागि घातक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले शिक्षाले देशको विकाससँगै देशको अर्थतन्त्रसमेत बलियो पार्ने बताउनुहुँदै सामुदायिक विद्यालयको स्तर वृद्धि भए गरिब जनताका छोराछोरीलाई उच्च शिक्षा हासिल गर्न सहज हुने बताउनुभयो ।

कार्यक्रममा नेक्राशि सङ्घका केन्द्रीय अध्यक्ष **ज्ञानसागर प्रजापति**ले जातीय, भाषिक र क्षेत्रीय सद्भावले हाम्रो समाज निर्माण हुने बताउनुहुँदै विद्यार्थीहरूको पहिलो शिक्षक अभिभावक भएको र अभिभावकले विद्यार्थीहरूलाई असल नागरिक बन्न सधैँ प्रेरित गर्नुपर्ने बताउनुभयो ।

समाज सुधार माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **राम प्रजापति**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्रअ **जगन्नाथ प्रजापति**ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने संयुक्त परीक्षा समितिका अध्यक्ष श्रीकृष्ण किसी, पूर्व प्रअ लक्ष्मीनारायण दुवाल, संस्थापक शिक्षक कान्छा बासुकला, अभिभावक प्रतिनिधि रबिन बोहजु, भूतपूर्व विद्यार्थी डा. शर्मिला गाइजु, विद्यार्थी प्रतिनिधि सुहाना कार्कीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

उक्त कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले विद्यालयका उत्कृष्ट विद्यार्थी र अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## शिक्षा व्यापार हुँदा कामदार वर्गका बालबालिकाहरू उच्च शिक्षा हासिल गर्नबाट वञ्चित




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ४ राममन्दिरस्थित शान्ति निकेतन माविको ५३ औँ वार्षिकोत्सव कार्यक्रमको फागुन १७ गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालयका उत्कृष्ट शिक्षक निवर्तमान प्रअ महेन्द्रगोपाल कर्माचार्य र अवकाश प्राप्त शिक्षकहरूलाई दोसल्ला र सम्मान पत्रले अभिनन्दन गर्नुभएको थियो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले राज्यको पूर्ण दायित्वअन्तर्गत पर्ने शिक्षाजस्तो आधारभूत विषय व्यापारको रूपमा परिणत हुँदा कामदार वर्गका बालबालिकाहरू उच्च शिक्षा हासिल गर्नबाट वञ्चित भएको बताउनुभयो ।

सामुदायिक विद्यालयप्रतिको जनताको आकर्षण घट्दै गएर निजी विद्यालयतिर बढ्दै गएको सन्दर्भ जोड्नुहुँदै उहाँले विद्यालयले विद्यार्थीहरूलाई पढेर पैसा कमाउने मात्र नभई शिक्षा र ज्ञान आर्जन गरी आफूले प्राप्त गरेको शिक्षा देश र समाजको निम्ति प्रयोग गर्न हौस्याउनुपर्ने बताउनुभयो ।

विद्यालयमा धेरै प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदैमा विद्यालय राम्रो हुने नभई विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक ज्ञान प्रदान गर्नेतर्फ विद्यालयले जोड दिनुपर्ने बताउनुहुँदै उहाँले कमजोर विद्यार्थीहरूलाई अरूको दाँजोमा अगाडि बढाउन शिक्षकहरूले उत्साहित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा शान्ति निकेतन माविका निवर्तमान प्रअ **महेन्द्रगोपाल कर्माचार्य**ले पद भनेको जिम्मेवारीसँग जोडिएको विषय हो र आफ्नो काम र कर्तव्यप्रति न्याय गर्न सक्दा समाजबाट समेत राम्रो मूल्याङ्कन हुने आफ्नो अनुभव सुनाउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले शिक्षा र खेलकुदलाई सँगसँगै अगाडि बढाउन सके विद्यार्थीको सर्वाङ्गीण विकासमा टेवा पुग्ने बताउनुहुँदै भक्तपुर नपाले नगरवासीहरूलाई स्वस्थ स्फूर्त राख्न नगरका ठाउँमा–ठाउँमा निःशुल्क खुल्ला व्यायामशाला स्थापना गरेको बताउनुभयो ।

उक्त कार्यक्रममा विद्यालयका प्रअ विजयराम प्रजापतिले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै प्रतिकूलताबीच अनुकूलता खोज्दै शान्ति निकेतनले विद्यार्थीहरूलाई प्राप्त स्रोतसाधन र जनशक्ति प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको र हाल यस शैक्षिक वर्षमा यस विद्यालयमा ३७ जिल्लाका विद्यार्थीहरू अध्ययरत रहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार चवाल, शान्ति निकेतन पूर्व विद्यार्थी समाजका अध्यक्ष अच्युत प्रजापति, सहायक प्रअ इन्द्रकुमार साखलगायतले बोल्नुभएको थियो ।

वार्षिकोत्सवकै अवसर पारेर उक्त कार्यक्रममा चित्रकला प्रतियोगिताका विजेता, नारायणी शंकर मानन्धर शिक्षा पुरस्कार, वर्ष उत्कृष्ट विद्यार्थी सम्मान, किसमाया रणशंकर स्मृति पुरस्कार, रमा–मीना उत्कृष्ट शिक्षा पुरस्कारलगायत विभिन्न शीर्षकमा पुरस्कार वितरण गरिएको थियो ।

## माध्यमिक तह राम्रो हुनु भनेको शैक्षिक जग बलियो हुनु हो : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ४ राममन्दिरस्थित तारा माध्यमिक विद्यालयको ४३ औँ वार्षिकोत्सवक कार्यक्रमको फागुन १९ गते एक समारोहबीच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुरको शैक्षिक विकास र प्रगतिको निम्ति विद्यालयको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्नुहुँदै तारा मावि भक्तपुरको प्रतिष्ठित सामुदायिक विद्यालयको रूपमा स्थापित रहेको बताउनुभयो ।

सामुदायिक विद्यालयहरूमा विषय शिक्षकको अभाव, पाठ्यपुस्तक समयमा विद्यार्थीको हातमा नपुग्ने र शिक्षकहरूले इमानदारीपूर्वक काम नगर्दा अहिले देशभरका सामुदायिक विद्यालयहरूमा भर्ना दर घट्दो क्रममा रहेको नगर प्रमुख प्रजापतिले बताउनुभयो ।

नेपालले आर्थिक उदारीकरणको नीति लिएसँगै शिक्षाजस्तो आधारभूत विषयलाई पनि किनबेचको वस्तुको रूपमा लिइएको बताउनुहुँदै उहाँले माध्यमिक विद्यालय तह राम्रो हुनु भनेको उनीहरूको शैक्षिक जग बलियो र सुदृढ हुनु हो भन्नुभयो ।

भक्तपुर नपाले सामुदायिक र निजी दुवै विद्यालयहरूको शैक्षिक स्तरलाई समान ढङ्गले अगाडि बढाउने उद्देश्यले काम गर्दै आइरहेको बताउँनुहुदै उहाँले सोही क्रममा विद्यार्थीहरूको शैक्षिक स्तर उकास्न र पठन संस्कृतिको विकास गर्न नपाले नगरस्तरीय परीक्षा सञ्चालन गरेको हो भन्नुभयो ।

विद्यालयका संस्थापक सदस्य **उद्धव सुजखू**ले देशको लागि योग्य नागरिक तयार पार्ने अभियानमा विगत ४३ वर्षदेखि अनवरत र अविछिन्न रूपमा लागि परेको बताउनुहुँदै तारा मावि समुदायमा आधारित भक्तपुरको सामुदायिक विद्यालय भएको बताउनुभयो।

विद्यालयका प्रअ **प्रेमलक्ष्मी त्वायना**ले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै तारा माविको शैक्षिक तथा भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार, अभिभावक र स्थानीय जनताको उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

कार्यक्रममा नेक्राशिसङ्घ भक्तपुर नगर अध्यक्ष **गणेशराम थुसा** र पूर्व प्रअ **पुष्पलाल सुजखू**ले विद्यालय स्थापनाकालदेखि तारा माविको शैक्षिक अवस्था स्तरीय रहेको उल्लेख गर्नुहुँदै विद्यालयले सांस्कृतिक र व्यवहारिक चेतनास्तर उठाउनुपर्ने तथा विद्यालयमा विद्यार्थी सङ्ख्याको वृद्धिसँगै शिक्षक दरबन्दी अपुग भएको बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा लेखा शाखा प्रमुख रबिन्द्र सुजखूले विद्यालयको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने विद्यालयका शिक्षक श्याम ख्याजूले धन्यवादज्ञापन मन्तव्य र शिक्षिका सृजना डाखुशीले स्वागत मन्तव्य राख्नुभएको थियो।

सोही क्रममा कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले विद्यालयका वर्ष शिक्षक, २५ वर्ष सेवा गरेका शिक्षक तथा कर्मचारी र विद्यालयको आयोजनामा २१ विधामा भएको खेलकुद प्रतियोगितामा उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान र पुरस्कार वितरण गर्नुभएको थियो।

## खेल खेलाई शिक्षा दिँदा छिट्टै सिक्ने र स्मरण गर्न सजिलो हुने



साईनिङ स्टुडेण्ट एकेडेमीमा शैक्षिक खेल मेलाको भक्तपुर नगरपालिका वडा नं ४ का वडाध्यक्ष उपेन्द्र सुवालले एक समारोहबीच फागुन १९ गते शुक्रबार गपली विद्यालय भवनको प्राङ्गणमा रिबन काटी उद्घाटन गर्नुभयो।

कार्यक्रममा वडाध्यक्ष **उपेन्द्र सुवाल**ले खेल खेलाई शिक्षा दिँदा छिट्टै सिक्ने र स्मरण गर्न सजिलो हुने बताउनुभयो। उहाँले मन्टेश्वरी प्रणाली विकास भएसँगै शिक्षामा गुणस्तर ल्याई जीवन उपयोगी शिक्षा विकासको लागि शैक्षिक खेल मेलाले टेवा पुग्ने बताउनुभयो।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल **रविन छुस्याकी**ले शिक्षा प्रति बालबालिकामा अभिरुचि बढाउन र अभिभावकहरूलाई आकर्षण गर्न शैक्षिक खेल मेला उपयोग हुने भएकोले शैक्षिक खेल मेला आयोजना गरेको बताउनुभयो। कार्यक्रममा गपली टोल सुधार समितिका अध्यक्ष रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो। शैक्षिक मेलामा ७५ ओटा विज्ञान, गणित, नेपाली, समाजिक विषयमा स्टल रहेको थियो।

## पुँजीवादी व्यवस्थामा महिलाहरू शोषण र पीडाबाट मुक्त नहुने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपा वडा नं. ५ स्थित सेकरिड हार्टको २० औँ अभिभावक दिवस, वार्षिक पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन २४ गते सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले श्रमिक महिला दिवसको अवसरमा सबैमा शुभकामना व्यक्त गर्नुहुँदै संस्थाको विकास र प्रगतिमा त्यहाँको नेतृत्व र व्यवस्थापन पक्षले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

उहाँले पुँजीवादी व्यवस्थामा महिलाहरू शोषण र पीडाबाट मुक्त नहुने बताउनुहुँदै महिलाको समानता र अधिकार

सुनिश्चितताको लागि समाजवादी व्यवस्था नै अपरिहार्य भएको बताउनुभयो ।

विद्यालय, अभिभावक र विद्यार्थीको तीनपक्षीय संयुक्त प्रयासबाट देशको लागि आवश्यक असल नागरिक तयार हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले भक्तपुरका सामुदायिक तथा निजी विद्यालयहरूको शैक्षिक गुणस्तर समान बनाउने प्रयासरत रहेको बताउनुभयो ।

उहाँले गरिब तथा विपन्न विद्यार्थीहरूको लागि शैक्षिक ऋण, छात्रवृत्तिलगायतको व्यवस्था नपाले गर्दै आएको बताउनुहुँदै भक्तपुर हाल देशका विभिन्न जिल्लाबाट विद्यार्थीहरू उच्च शिक्षा अध्ययन गर्ने आकर्षणको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले विद्यार्थीहरूलाई शैक्षिक ज्ञानसँगै देशभक्तिको भावनाबाट प्रेरित गर्न शिक्षकहरूले विशेष भूमिका खेल्नुपर्ने बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो ।

विद्यालयका प्रअ **श्रीराम सुवाल**ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको शैक्षिक उन्नयनमा अभिभावकहरूको विशेष भूमिका रहेको चर्चा गर्नुभयो ।

त्यस्तै उक्त कार्यक्रममा नेशनल प्याब्सनका प्रदेश उपाध्यक्ष **पुन्यराम कवां**ले अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई सही मार्गमा डोऱ्याउन प्रमुख सल्लाहकारको भूमिका खेल्नुपर्ने बताउनुहुँदै विद्यार्थीहरूलाई समाजप्रति उत्तरदायी बनाउन विद्यालय परिवार र अभिभावक दुवै क्रियाशील भएर लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ह्यांला आदिवासी तामाङ समाजका कर्म लोप्सान लामा, डेमोस स्कूलका प्रअ, विद्यालयका शिक्षिका शान्ति घिसिङ, गःपली टोल सुधार समितिका अध्यक्ष रामकृष्ण प्रजापति, वरिष्ठ अधिवक्ता रामलोचन झालगायलते शुभकामना मन्तव्य राख्नुभएको थियो ।

त्यस्तै उक्त कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिहरूले विद्यार्थी र शिक्षकहरूलाई सम्मान गरेका थिए ।

## विद्यार्थीको शैक्षिक जग बलियो बनाउन आधारभूत विद्यालयहरू स्तरीय हुनुपर्ने

आधारभूत विद्यालय समिति भक्तपुरको आयोजनामा विद्यालयको २४ औं वार्षिकोत्सव कार्यक्रम, शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन २६ गते सम्पन्न भयो ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रम उद्घाटन गर्नुहुँदै विद्यार्थीहरूको शैक्षिक जग नै आधारभूत विद्यालयहरू भएको हुँदा विद्यार्थीको शैक्षिक जग बलियो बनाउन आधारभूत विद्यालयहरू स्तरीय हुनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन भक्तपुरका सामुदायिक तथा निजी विद्यालयहरूको निकै ठूलो भूमिका रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा देशभरिका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

प्रमुख प्रजापतिले विद्यार्थी जीवनमा सिकेको ज्ञान, सीप र अनुशासनले उनीहरूलाई देशभक्त नागरिक बन्न प्रेरित गर्ने बताउनुहुँदै विद्यार्थीलाई सैद्धान्तिक ज्ञान सँगसँगै व्यवहारिक र सामाजिक ज्ञान समेत दिनुपर्नेमा जोड दिनुभयो ।

समितिका अध्यक्ष **दिपक माक**ले समितिको प्रतिवेदन वाचन गर्दै भक्तपुरलाई अन्य क्षेत्रमा जस्तै आधारभूत विद्यालयहरूको क्षेत्रमा पनि नमुना बनाउन सरोकारवाला सबैले आ–आफ्नो क्षेत्रबाट सक्रियता बढाउन आवश्यक भएको बताउनुभयो । उहाँले आधारभूत विद्यालय समितिमा २४ ओटा सामुदायिक विद्यालयहरू आबद्ध रहेको बताउनुहुँदै समितिले सदस्य विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको शारीरिक, बौद्धिक, मानसिक र संवेगात्मक विकासका लागि विविध अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

समितिका संस्थापक **लक्ष्मीनारायण दुवाल**ले विद्यार्थीहरूलाई समाजप्रति उत्तरदायी हुनुपर्नेमा जोड दिनुहुँदै विद्यार्थीहरूको उज्ज्वल भविष्यको निम्ति विद्यालय, शिक्षक र अभिभावकले विद्यालय तहदेखि नै अनुशासित र इमानदार बन्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा समितिका हिमालयश्वरलाल मूल र तारा माविका प्रअ प्रेमलक्ष्मी त्वायना, शिक्षक सूर्य फौंजुले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले समितिको आयोजनामा अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई मेडल र पुरस्कार वितरण गरेका थिए ।

## विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाउनु जरुरी




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सरस्वती विद्यागृह माध्यमिक विद्यालयको ७१ औं वार्षिकोत्सव कार्यक्रमको फागुन २६ गते दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले सरस्वती विद्यागृह भक्तपुरको पुरानो प्रतिष्ठित विद्यालयको रूपमा रहेको बताउनुहुँदै शिक्षक तथा कर्मचारीहरूले आफू कार्यरत शैक्षिक संस्थामा प्रतिबद्ध भएर लागे यसको विकास स्वतःस्फूर्त रूपमा हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयलाई प्राथमिकतामा राख्दै भौतिक पूर्वाधार निर्माण, आर्थिक अनुदान कार्यलाई निरन्तरता दिँदै सामुदायिक विद्यालयलाई छिटै अनुदान वितरण गर्ने तयारीमा रहेको बताउनुहुँदै विद्यालयहरूले पढाइका साथसाथै खेलकुद, साहित्यिक कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने बताउनुभयो ।

गरिबका छोराछोरीहरू पढ्ने सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर विकास गर्न सके धेरै लाभान्वित हुने बताउनुहुँदै उहाँले नेपालमा शिक्षालाई श्रमसँग जोड्न नसक्दा शैक्षिक संस्थाहरू बेरोजगार जनशक्ति उत्पादन गर्ने कारखानाको रूपमा विकास भइरहेको बताउनुभयो ।

विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाउन जरुरी रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले सामुदायिक शिक्षालाई जोड दिँदै शिशुशालादेखि उच्च शिक्षा अध्ययन गर्ने आठ ओटा कलेजहरू सञ्चालन गर्दै आएको र ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक तयारी समेत भइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षणमा गरिरहेको उल्लेखनीय कामको देशका अन्य स्थानीय तह र शैक्षिक संस्थाहरूले पनि अवलम्बन गरिरहेको बताउनुहुँदै सामदायिक शिक्षा राम्रो भए निजी विद्यालयहरू स्वतः रूपमा ओझेलमा पर्दै जाने बताउनुभयो ।

विद्यालयका प्रअ **दिनेश वैद्य**ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै हाल इसीडीतर्फ प्लेग्रुपदेखि कक्षा १० सम्म गरी २७४ जना विद्यार्थीहरू अध्ययतरत रहेको बताउनुभयो । उहाँले सबैको सहयोगमा विद्यालयको भौतिक सुधार एवम् निरन्तर शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उपयुक्त शैक्षिक योजनासहित कार्यान्वयन गर्न विद्यालय परिवार दत्तचित्त भएर लागिरहेको बताउनुभयो ।

कार्यक्रममा नेत्राशिसङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापति, संयुक्त परीक्षा समितिका संयोजक श्रीकृष्ण किसी, पूर्व व्यवस्थापन समिति अध्यक्ष कृष्णमान वनमाला, पूर्व प्रअ पुन्यराम सुवाल, पूर्व विद्यार्थी नारायणप्रसाद ह्यौंमिखा, विद्यालयका शिक्षक ध्रुवलाल हमाल, शिक्षिका शोभा नेपाल, मन्दिरा कुँवरलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले सरस्वती विद्यागृहका पूर्व प्रअ र पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई दोसल्ला ओढाइ सम्मान पत्र हस्तान्तरण गर्नुभयो ।

## भक्तपुरको शैक्षिक प्रगतिमा निजी विद्यालयहरूको भूमिका अतुलनीय छ

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ग्लिटर फ्युचर इङ्गलिस स्कूलको २१ औं वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम, अभिभावक दिवस कार्यक्रम फागुन २७ गते उद्घाटन गर्नुभयो ।



कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले सामुदायिक विद्यालयको शैक्षिक स्तर वृद्धि नभएसम्म निजी विद्यालयहरूको आवश्यकता रहने बताउनुहुँदै भक्तपुरको शैक्षिक विकासमा निजी विद्यालयहरूको भूमिकाबारे प्रष्ट गर्नुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गरी

समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्य बोकेको बताउनुहुँदै उहाँले भक्तपुरका सामुदायिक विद्यालयमा पठन पाठन गर्ने विद्यार्थीको सङ्ख्या बढ्दै गइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, शैक्षिक क्षेत्रमा भक्तपुर देशभरिका जनताले विश्वास गरेको ठाउँ हो । यो गरिमालाई कायम गर्न भक्तपुर नपाले सामुदायिक विद्यालयहरूको लागि भौतिक तथा आर्थिक सहयोगलाई निरन्तरताको क्रम जारी राखेका छौँ ।

उहाँले पढ्नु भनेको किताबको ज्ञानमात्र होइन समाज बुझ्ने र अतिरिक्त कार्यक्रममा सहभागी हुनु पनि हो भन्नुहुँदै विद्यार्थीहरूलाई संस्कार र व्यवहारिक ज्ञान प्रदान गर्न विद्यालयहरूले सक्रियता देखाउनुपर्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतका गतिविधिबारे जानकारी दिनुहुँदै भक्तपुर नपाले खेलकुदलाई पनि विशेष प्राथमिकता दिँदै आएको बताउनुभयो ।

पारागण एकेडेमीका प्रअ पुण्यराम कवांले अहिलेको समाज मानवता हराएको समाजको रूपमा विकास भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै विद्यार्थीहरूलाई सामाजिक उत्तरदायित्व बहन गराउन विद्यालय र अभिभावकले उत्प्रेरित गरिरहनुपर्ने बताउनुभयो ।

ग्लिटर फ्युचरका प्रअ **रामप्रसाद खाताखो**ले विद्यालयको वार्षिक प्रगति प्रस्तुत गर्दै विद्यालयका कमी कमजोरीबारे अभिभावकहरूको रचनात्मक सुझावको अपेक्षा रहेको बताउनुभयो । उहाँले किताबी ज्ञानसँगै कम्प्युटर, गीत सङ्गीत, नृत्यलगायतका अतिरिक्त गतिविधिमा जोड दिँदै एक विद्यार्थी एक खेलकुदको नीति लिएर विद्यालय अगाडि बढेको बताउनुभयो ।

विद्यालयका शिक्षक जिबेस सितिखुको सभापतित्वमा भएको उक्त वार्षिकोत्सव कार्यक्रममा एसएस कलेजका प्रअ मुकेश योन्जन, नेशनल प्याब्सन भक्तपुर जिल्ला अध्यक्ष सन्जय खड्का, अभिभावक प्रतिनिधि साजन मोक्तान, विद्यालय प्रतिनिधि जिविसा सितिखुले शुभकामना मन्तव्य राख्नुभएको थियो भने शिक्षिका बबिता खताखोले स्वागत मन्तव्य र शिक्षिका ग्यानकेशरी तमखूले धन्यवादज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि, अतिथिहरूले २०७५, ०७६, ०७७, ०७८ एसईई परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान गरेका थिए भने विद्यालयको आयोजनामा भएको अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिताका विजेताहरूई मेडल र प्रमाणपत्र दिनुका साथै विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

## शिक्षा प्रदान गर्ने भनेको सभ्य र सुसंस्कृत समाज निर्माणको लागि पनि हो



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गुणस्तरीय शिक्षा प्रदान गर्ने भनेको विद्यार्थीको भविष्य उज्ज्वल बनाउनमात्र नभई भविष्यमा सभ्य र सुसंस्कृत समाज निर्माणको लागि पनि हो भन्नुभयो ।

चैत ४ गते भएको विद्या आर्जन इङ्गलिस स्कूलको ३० औँ वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रममा उहाँले प्रत्येक विद्यार्थीलाई ज्ञान र सीप दिएर आत्मनिर्भर बनाउन सके देश अगाडि बढ्छ भन्नुभयो ।

प्रमुख प्रजापतिले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै एक्काइसौँ शताब्दीको लागि योग्य नागरिक तयार गर्न भक्तपुर नगरपालिका अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुर अहिले विद्यार्थीहरूको शैक्षिक गन्तव्य बन्दै गएको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'पहिले उच्च शिक्षा पढ्न धेरै विदेशी विद्यार्थी नेपाल आउँथे तर अहिले लाखौँ विद्यार्थी उच्च शिक्षा हासिल गर्न विदेश जान्छन् । देशको शिक्षाप्रति विद्यार्थीहरूको आकर्षण घट्दै गएको छ । कलेज र विश्वविद्यालयहरू बेरोजगार उत्पादन गर्ने कारखाना साबित हुँदै छ । यो चिन्ताको विषय हो ।'

संस्थागत विद्यालय सङ्घ (इसान) का अध्यक्ष **प्रेमजन थापा**ले विद्यार्थीहरूले पाठ्यपुस्तकमा मात्रै सीमित नभई नयाँ नयाँ बाल पुस्तकहरू अध्ययन गर्नुपर्ने र विद्यालयले पढाइको साथसाथै खेलकुदलगायत अतिरिक्त क्रियाकलापमा ध्यान दिनुपर्ने बताउनुभयो ।

सिद्धि स्मृति अस्पताल व्यवस्थापन समितिका अध्यक्ष **श्याम धौभडेल**ले विद्यालयको विकासको लागि शिक्षक, विद्यार्थी र अभिभावकको राम्रो समन्वयको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

विद्यालयका प्रअ **पुरूषोत्तम ग्वाछा**ले परिवर्तित समय अनुकूल विद्यार्थी तयार गर्नु विद्यालयको चुनौती रहेको

बताउनुहुँदै बालमैत्री वातावरणले विद्यार्थीको विकास तीव्र हुने धारणा राख्नुभयो ।

आदर्श आजाद माविका पूर्व प्रअ लक्ष्मीप्रसाद ढुकुछुलगायतले शुभकामना व्यक्त गर्नुभएको उक्त कार्यक्रममा विद्यालयको वार्षिक परीक्षा तथा विद्यालयको आयोजनामा सम्पन्न विभिन्न अतिरिक्त क्रियाकलापमा पहिलो, दोस्रो र तेस्रो भएका तथा एसईई उत्तीर्ण विद्यार्थीलाई पुरस्कार तथा मेडल वितरण गरिएको थियो ।

औपचारिक कार्यक्रमपछि सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

## नगर प्रमुख प्रजापतिबाट विद्यालयहरू निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका सामुदायिक तथा निजी विद्यालयहरूको चैत ५ गते स्थलगत निरीक्षण गर्नुभएको छ । निरीक्षणका क्रममा उहाँले सार्वजनिक विद्यालयअन्तर्गत भक्तपुर नगरपालिका वडा नं. १ सृजनानगरस्थित सन्तति आधारभूत विद्यालय, वडा नं. ७ को श्री बालसेवक आधारभूत विद्यालय, नवीन आधारभूत विद्यालय तथा निजी विद्यालयअन्तर्गत भनपा १ सल्लाघारीस्थित अक्सफोर्ड प्राक्टिकल स्कूल र सृजनानगरको सूर्यविनायक इङ्गलिस स्कूललगायतका विद्यालयहरूको निरीक्षण गर्नुभएको हो ।

निरीक्षणका क्रममा नगर प्रमुख **प्रजापति**ले विद्यालयका प्रधानाध्यापक र कार्यरत शिक्षकहरूसँग विद्यालयको वस्तुगत स्थितिबारे बुझ्नुहुँदै विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरूलाई मार्गनिर्देशन गर्नुभयो । उहाँले शिक्षकहरूको हाजिरी रेकर्ड र समय परिपालना, विद्यार्थी सङ्ख्या, विद्यालयको भौतिक अवस्था, कक्षाकोठा व्यवस्थापन, सरसफाइ, पुस्तकालय, शौचालय आदिको विस्तृतमा जानकारी लिनुभयो । उहाँले विगतका कमी कमजोरीलाई सुधार गर्दै विद्यालयहरूलाई अगाडि बढ्न निर्देशन दिनुभयो ।

सोही क्रममा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूले नगरपालिकाले विगतका वर्षहरूमा गरेको सहयोगप्रति आभार व्यक्त गर्दै कक्षाकोठाको अभाव र प्ले ग्राउन्डको अभाव रहेको तथा भौतिक संरचना निर्माणको लागि नगरपालिकाको तर्फबाट यस वर्ष पनि विगतमा झैँ आर्थिक र भौतिक सहयोगको लागि आग्रह गर्नुभयो ।



भक्तपुरका सामुदायिक तथा निजी विद्यालयहरूमा ७७ ओटै जिल्लाका विद्यार्थीहरू अध्ययनरत रहेको र सामुदायिक विद्यालयमा नगर बाहिरका विद्यार्थीहरू अध्ययनरत रहेको तथ्याङ्कले देखाएको छ ।

विद्यालय निरीक्षणका क्रममा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, भनपा ५ का वडाध्यक्ष एवम् शिक्षा, स्वास्थ्य, संस्कृति समितिका सदस्य योगेन्द्रमान बिजुक्छेँ, नगर शिक्षा शाखा भक्तपुरका कृष्णप्रसाद कर्माचार्यको पनि सहभगी थियो ।

## ख्वप कलेज, ख्वप मावि र ख्वप कलेज अफ लमा नयाँ प्राचार्यहरू नियुक्त

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस, शारदा क्याम्पस मा.वि. र ख्वप कलेज अफ लमा नयाँ प्राचार्यहरू नियुक्त भएका छन् । ख्वप कलेज तथा शारदा क्याम्पसमा प्राचार्य प्रकाश कुमार श्रेष्ठ, ख्वप मा.वि. तथा शारदा क्याम्पस मा.वि.मा लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ लमा अधिवक्ता अनिता जधारी प्राचार्यको रूपमा नियुक्त भएका छन् ।

सोही क्रममा कलेजको आयोजनामा चैत १० गते नवनियुक्त प्राचार्यज्यूहरूको स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका सभापति कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् नगर प्रमुख **सुनिल प्रजापति**ले प्राचार्य नियुक्ति सम्बन्धमा सञ्चालक समितिको निर्णय जानकारी दिनुहुँदै नवनियुक्त प्राचार्यहरूलाई सफल कार्यकालको लागि शुभकामना दिनुभयो ।

नेतृत्व व्यक्ति नभई संस्थाको नीतिअन्तर्गत चल्ने




संयन्त्र भएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले थुप्रै चुनौतीको सामना, निजी विद्यालय तथा कलेजहरूसँग प्रतिस्पर्धा गर्दै सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो।

२०५६ सालबाट सञ्चालित ख्वप सर्कलअन्तर्गतका कलेजहरू आज देशकै नमुना कलेजको रूपमा सञ्चालनमा रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार दिनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपाले विदेशी सहयोगबिना नै अघिल्लो कार्यकालमा १२४ भन्दा बढी सम्पदा पुनःनिर्माण गर्न सफल भएको बताउनुहुँदै अरूको भरमा बाँच्ने मानसिकताले हामीलाई परनिर्भर बनाउँदै लान्छ भन्नुभयो।

त्यस्तै कलेज सञ्चालक समितिका उपाध्यक्ष एवम् भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले २१ औँ शताब्दीको लागि योग्य नागरिक तयार गर्न कलेज तथा विश्वविद्यालयहरूले अध्ययन तथा अनुसन्धानमा बढी जोड दिनुपर्ने धारणा राख्नुहुँदै ख्वप मोडललाई अझ व्यवस्थित बनाई अगाडि बढ्न नपा क्रियाशील रहने बताउनुभयो।

भक्तपुर दरबार क्षेत्रमा अवस्थित कला सङ्ग्रहालय रहेको न्ह्यकं झ्या दरबार प्राप्त प्रमाणको आधारमा मल्लकालीन शैलीमा बनाउनमा भक्तपुर नगरपालिका प्रतिबद्ध भई लागिरहेको उपप्रमुख जोशीले बताउनुभयो।

कार्यक्रममा नवनियुक्त प्राचार्यहरू प्रकाश कुमार श्रेष्ठ, लक्ष्मीप्रसाद कर्माचार्य र अनिता जधारीले आफूलाई प्राप्त जिम्मेवारी अग्रजको सल्लाह, सञ्चालक समितिको मार्गनिर्देशन र कलेजमा कार्यरत शिक्षक कर्मचारीहरूको साथ र सहयोगमा कुशलतापूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

ख्वप कलेजका पूर्व प्राचार्य एवम् ख्वप कलेज एमबीएसका इन्चार्ज रूपक जोशीले कलेज स्थापनाकालमा आंशिक शिक्षकको रूपमा नियुक्ति भई, एमबीएस इन्चार्ज, उपप्राचार्य हुँदै १४ वर्षभन्दा बढी समय ख्वप कलेजको प्राचार्यको रूपमा जिम्मेवारी बहन गरेको स्मरण गर्नुहुँदै आगामी दिनहरूमा पनि ख्वप कलेजको समग्र विकासमा निरन्तर प्रतिबद्ध भई लाग्ने वचनबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् कलेज सञ्चालक समितिका सदस्य रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

# शिशु स्याहार

## शिशुस्याहार तथा बाल विकास केन्द्रको कर्मचारी भेटघाट तथा वनभोज



भक्तपुर नगरपालिकाबाट सञ्चालित शिशुस्याहार तथा बाल विकास केन्द्रको आयोजनामा चैत्र ११ गते कर्मचारी भेटघाट तथा वनभोज कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले केन्द्रमा कार्यरत अवकाश प्राप्त कर्मचारीहरूलाई बिदाइ गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले शिक्षक भनेको समाज निर्माता पनि भएको बताउनुहुँदै शिक्षकहरूको प्रत्यक्ष प्रभाव बालबालिकाहरूमा पर्ने हुँदा उनीहरूलाई व्यवहारिक र सामाजिक ज्ञान दिनुपर्ने बताउनुभयो। भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताबीचको एकता र इमानदारीले भक्तपुरले आजको सफलता हासिल गरेको बताउनुहुँदै उहाँले शिक्षकहरू समयअनुकूल आफूलाई परिमार्जित गर्दै लानुपर्ने बताउनुभयो। भक्तपुर नपाले २१ औँ शताब्दीको लागि योग्य नागरिक तयार गर्ने उद्देश्यले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा विशेष जोड दिँदै आएको बताउनुहुँदै आफू कार्यरत क्षेत्रमा समर्पितभावले इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुभयो।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको गौरवपूर्ण इतिहास रच्न यहाँका जनताको महत्त्वपूर्ण देन भएको बताउनुहुँदै सभ्य र सुसंस्कृत नागरिक तयार गर्न बालबालिका तहदेखि नै राम्रोसँग शिक्षा दिनु आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा शिशुस्याहार तथा बालविकास केन्द्रका प्रमुख **दिपेन्द्र प्रजापति**ले भक्तपुर नपाको लक्ष्य र परिकल्पना पूरा गर्न सबै कर्मचारीहरू दत्तचित्त भएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो।

# स्वास्थ्य सेवा

## सेवाको भावनाले काम गर्ने चिकित्सकहरूलाई जनताले सम्मान गर्छन्




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. **नारायणमान बिजुक्छेँ (रोहित)**ले जनताको सेवा गर्ने भावनाले काम गर्ने चिकित्सकहरूलाई जनताले सम्मान गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालबाट आयोजित स्वास्थ्यकर्मीहरूको भेलालाई फागुन २० गते सम्बोधन गर्नुहुँदै उहाँले भन्नुभयो, समाजमा पैसा कमाउने उद्देश्य राख्ने र सेवा गर्ने भावनाले काम गर्ने दुईथरीका चिकित्सक हुन्छन् । सेवा गर्ने भावनाले काम गर्ने चिकित्सकहरू जनताका आँखामा असल डाक्टर हुन्छन् ।

लामो समयपछि भक्तपुर आउनुभएका डाक्टर अशोकानन्द मिश्रकोबारे चर्चा गर्नुहुँदै उहाँले बिरामीको घरघरमा गएर सेवा गर्ने, बिरामीको अवस्था बुझ्ने र अन्य चिकित्सकहरूको काम गर्ने शैलीबारे जानकारी राख्ने एक असल डाक्टर हुनुहुन्छ भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले डा. मिश्र अत्यन्त अध्ययनशील चिकित्सक भएको बताउनुहुँदै ख्वप अस्पतालमा कार्यरत चिकित्सकहरूले पनि निरन्तर अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले आफू भारतमा प्रवास जीवन बिताइरहेको बेला गोली लागेर घाइते भएको बेला डा. मिश्रले गर्नुभएको सहयोगको स्मरण गर्नुभयो ।

डा. **अशोकानन्द मिश्र**ले ख्वप अस्पतालका स्वास्थ्यकर्मीहरूसँग भेटघाट गर्न पाएकोमा खुशी व्यक्त गर्नुहुँदै चिकित्सकहरूले औषधी लेख्ने बेलामा बिरामीको आर्थिक अवस्थालाई ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर अस्पतालमा काम गर्दा हनुमानघाटबाट फर्काएर लगेर कयौँ बिरामीहरूको उपचार गरेको स्मरण गर्नुहुँदै आफूले सिकाउनुभन्दा भक्तपुरका जनताबाट सिक्न चाहेको बताउनुभयो । उहाँले भन्नुभयो, सम्भव भएसम्म अबको केही महिनापछि भक्तपुर आउँछु, ख्वप अस्पतालका चिकित्सकहरूसँगै काम गर्छु र मैले सिकाउनुभन्दा भक्तपुरका जनताबाट सिक्न चाहन्छु ।

ख्वप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले अस्पतालमा वरिष्ठ चिकित्सक डा. मिश्रलाई स्वागत गर्न पाएकोमा खुशी व्यक्त गर्दै नयाँ पुस्ताले उहाँको अनुभवबाट धेरै सिक्नुपर्ने बताउनुभयो ।



प्रमुख प्रजापतिले नेमकिपाको निर्वाचन घोषणापत्र बमोजिम नगरबासीहरूको स्वास्थ्य सेवा छिटो छरितो दिने प्रयास गरिरहेको उल्लेख गर्नुहुँदै घरदैलो नर्सिङ सेवा, विद्यालय नर्स कार्यक्रम, सामुदायिक विद्यालयमा स्वास्थ्य शिविर सञ्चालन र वडा वडामा स्वास्थ्य शिविर नियमित रूपमा सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

हाडजोर्नी विशेषज्ञ डा. **मजेशप्रताप मल्ल**ले अस्पतालको समग्र अवस्थाबारे र इन्टरनल मेडिसिन विशेषज्ञ डा. **अमर प्रजापति**ले अन्तरङ्ग विभागअन्तर्गत भइरहेको सेवा प्रवाहबारे सङ्क्षिप्त जानकारी दिनुभयो भने डा. **रत्नसुन्दर लासिवा**ले ख्वप अस्पतालको सङ्क्षिप्त इतिहासबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमपश्चात डा. मिश्रले ख्वप अस्पतालको अवलोकन गर्नुभएको थियो ।

## वडा नं. १ मा स्तन तथा पाठेघरको क्यान्सर परीक्षण शिविर

भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा चैत ७ गते वडा कार्यालय परिसरमा सुगर, प्रेसर, स्तन तथा पाठेघरको क्यान्सर परीक्षणबारे स्वास्थ्य शिविर सम्पन्न गरेको छ । शिविरमा २३७ जना वडावासीहरूले स्वास्थ्य परीक्षण गरेकोमा १९७ जनाले स्तन तथा पाठेघरको क्यान्सर



परीक्षण गरेको वडाध्यक्ष श्यामकृष्ण खत्रीले बताउनुभयो ।

शिविरमा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आधुनिक जीवनशैली र खानपानले अहिले नसर्ने रोगको जोखिम बढिरहेको बताउनुहुँदै क्यान्सर, सुगर, प्रेसरको जोखिम दिनानुदिन बढ्दै गइरहेकोले भक्तपुर नपाले जनतालाई सचेत पार्न यस्ता शिविरहरू १० ओटै वडाहरूमा सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

उहाँले शरीरमा बाहिर लागेको रोग तत्काल देख्ने बित्तिकै उपचार गर्न सकिने तर शरीरको भित्रभित्रै लागेको रोगबारे थाहा नहुने हुँदा यसले थप जोखिम बढाउने हुँदा समय समयमा स्वास्थ्य परीक्षण गराउनुपर्ने धारणा राख्नुभयो ।

साथै स्तन र पाठेघरको क्यान्सरबाट धेरै महिलाहरू पीडित बनिरहेको र अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गर्न भक्तपुर नपाले यस्ता रोगहरूको विषयमा अभिमुखीकरण समेत गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले भक्तपुर नपाले घरदैलो नर्स सेवा सञ्चालन गरी स्वास्थ्य सुविधा उपलब्ध गराउँदै आएको बताउनुहुँदै नपाका हरेक गतिविधिमा वडावासीहरूको सक्रिय सहभागिताको लागि आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडासदस्यहरू सूर्यप्रसाद श्रेष्ठ र गंगालक्ष्मी बमनूले पनि बोल्नुभएको थियो ।

## वडा नं. ५ मा स्वास्थ शिविर र छि क्वान प्रशिक्षण



भक्तपुर नपा वडा नं ५ को आयोजनामा पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ शिविरको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चैत ५ गते गर्नुभयो ।

उक्त उद्घाटन समारोहमा नगरवासीको शिक्षा र स्वास्थ्यलाई भक्तपुर नगरपालिकाले सधैँ प्राथमिकतामा राख्दै आएको र परिवारजन स्वस्थ भएमात्र समुदाय र अनि देश नै स्वथ्य हुने उहाँले बताउनुभयो ।

स्वास्थ्य क्षेत्रलाई कमाउधन्दा बनाउनेहरूले कहिलेकाहीँ जनतालाई भए नभएका डर देखाई ठगीसमेत गर्ने भएकोले जनताको लागि नगरपालिकाले यस्ता कार्यक्रमहरू गर्नुपरेको बताउनुभयो । कुनै पनि स्वास्थ्य समस्यालाई समयमै पत्ता लगाई निदान गर्नसक्ने भएकोले शिविरहरूको सञ्चालन गर्दै आएका उहाँले बताउनुभयो ।

कार्यक्रममा स्थानीय **पूर्णगोपाल राजचल**ले नगरपालिकाका जनप्रतिनिधिहरूले शिक्षा, स्वास्थ्य, सम्पदा र अन्य क्षेत्रमा सेवा गरिरहेको बताउनुभयो । चिकित्सक डा. **आनन्दबाबु ढकाल**ले क्यान्सर रोगलाई समयमै पत्ता लगाउन सकिए पूरा निको पार्न सकिने बताउनुभयो ।

भनपा वडा नं ५ का वडाध्यक्ष तथा कार्यक्रमका सभापति **योगेन्द्रमान बिजुक्छेँ**ले समाजवादी देशहरूमा सरकारले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्ने बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य जनप्रतिनिधि **रीता फसिकवा**ले गर्नुभएको थियो भने अर्का जनप्रतिनिधि **सरिना द्योला**ले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो ।

स्वास्थ्य परीक्षण शिविरमा १८८ महिलाहरूले स्वास्थ्य जाँच गराएको थियो ।

वडा नं ५ कै आयोजनामा वडाका निवासीहरूलाई लक्षित गरेर प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमअन्तर्गत छि क्वान व्यायामको प्रशिक्षण पनि थालनी भयो ।

चैत १ देखि सञ्चालित सो छि क्वान प्रशिक्षणमा १०५ जना महिला र पुरुषको सहभागिता भएको बताइएको छ ।

## १० वडामा पाठेघर तथा स्तन क्यान्सर सम्बन्धी शिविर

भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजनामा चैत १० गते भएको पाठेघर तथा स्तन क्यान्सर सम्बन्धी स्वास्थ्य शिविरको उद्घाटन नगर उपप्रमुख रजनी जोशीले एक समारोहबीच गर्नुभयो ।



कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले नगरपालिकाबाट जतिपनि कार्यक्रम आयोजना गरिन्छ त्यो सबै देश र जनताको हितका निम्ति र प्रगति, विकासका लागि हुने बताउनुभयो । उहाँले बढी जनसङ्ख्या भएको महिलाहरूका लागि स्वास्थ्य शिविरहरू गर्नु महिलाहरूको लागि झनै महत्त्वपूर्ण विषय भएको बताउनुहुँदै विकासको लागि हरेक व्यक्ति स्वस्थ हुनु आवश्यक छ भन्नुभयो । उहाँले महिलाहरूलाई आरक्षणभन्दा पनि अवसर आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले शिक्षा क्षेत्रमा महिलाहरू वृद्धि हुनुले समग्रमा महिलाहरूको प्रगतिदेखिनुका साथै महिला शिक्षित हुनुको सङ्केत हो भन्नुभयो । उहाँले एक महिला शिक्षित हुनु भनेको समग्र परिवार र देश शिक्षित हुनु हो त्यसैले महिलाहरूको स्वास्थ्य पनि राम्रो हुन जरुरी छ भन्नुभयो ।

कार्यक्रममा डा.**एरिना खतिवडा**ले क्यान्सरबाट बच्न व्यक्तिगत सरसफाइका साथै हरेक वर्ष स्वास्थ्य परीक्षण गर्नुपर्छ भन्नुभयो । उहाँले क्यान्सर रोगको उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु राम्रो हुने भएकोले आफ्नो स्वास्थ्य, सरसफाइ र खानपानमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा क्यान्सर अस्पतालका **राजाराम तजले**ले नगरपालिकाको स्वास्थ्य शिविरका कारण अहिले पाठेघर क्यान्सरका विरामी कम भएको तथ्याङ्कबाट देखिएको बताउनुभयो ।

कार्यक्रममा वडासदस्य जितेन्द्र मुनंकर्मीले पनि बोल्नुभएको थियो ।

## वडा नं. २ मा पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर

भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा चैत ११ गते पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय जनतालाई सहज रूपमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुहुँदै भक्तपुरको कला संस्कृति संरक्षण र सम्बर्द्धन गर्नुका साथै शिक्षा र स्वास्थ्यमा जनतालाई न्यून शुल्कमा गुणस्तरीय सेवा प्रदान गर्न कलेज र अस्पताल सञ्चालनमा ल्याएको बताउनुभयो ।

भक्तपुर नपाले गरिरहेका कार्यहरू देशकै लागि उदाहरणीय बन्दै गइरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले भक्तपुर अहिले ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास हुँदैछ भन्नुभयो ।




कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नपाले प्रत्येक वर्ष स्वास्थ्य शिविर सञ्चालन गर्दै आउनुका साथै नसर्ने रोगबारे जनसमुदायमा अभिमुखीकरणसमेत गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा वडासदस्य श्यामसुन्दर मातां, वडा नं. २ का पार्टी इन्चार्ज राजन जति, जेसिस स्कूलका प्रअ जयराम गोर्खाली, डा. शोभानी श्रेष्ठ र वडा सदस्य मन्जु लाखाजुले पनि बोल्नुभएको थियो ।

## ख्वप अस्पतालमा डा. मजेशप्रताप मल्ल निमित्त मेडिकल डाइरेक्टरमा नियुक्त



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. मजेशप्रताप

मल्ल ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टरमा नियुक्त हुनुभएको छ ।

सोही अवसरमा ख्वप अस्पतालको आयोजनामा चैत १२ गते नवनियुक्त निमित्त मेडिकल डाइरेक्टरको स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले ख्वप अस्पतालमा डा. मल्लको नियुक्ति सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णयबारे जानकारी दिनुहुँदै नवनियुक्त मेडिकल डाइरेक्टर मल्ललाई सफल कार्यकालको लागि शुभकामना दिनुभयो ।

प्रमुख प्रजापतिले स्वास्थ्य क्षेत्र निकै संवेदनशील क्षेत्र भएको हुँदा यहाँ कार्यरत चिकित्सक र कर्मचारीहरूले जिम्मेवारीपूर्वक काम गर्न मार्गनिर्देश गर्नुभयो ।

ख्वप अस्पतालले छिट्टै प्रसुती सेवा सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुहुँदै जनताको सेवामा समर्पित भएर व्यवस्थित ढङ्गले अस्पताल सञ्चालन गर्न चिकित्सक र कर्मचारीहरू प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल सरकारले बेलायतमा १० हजार नर्स पठाउने गरी श्रम समझदारी गरेको कारण दक्ष नर्सहरू विदेशतिर आकर्षित भएको बताउनुहुँदै दक्ष नर्स र चिकित्सकहरू विदेशिने क्रम नरोकेसम्म दुर्गम क्षेत्रका जनताले स्वास्थ्य सेवा पाउन नसक्ने प्रमुख प्रजापतिले बताउनुभयो ।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले प्रसूती सेवा सञ्चालन गर्ने भक्तपुर नपाको सुरुदेखिको उद्देश्य रहेको बताउनुहुँदै भक्तपुरमा सेवा विस्तारसँगै धेरैजना बिरामीहरूको लागि सहज हुने बताउनुभयो । उहाँले चिकित्सक र नर्सहरूले बिरामीलाई औषधी उपचारले मात्र नभई असल व्यवहारबाट सेवा दिनसके अझ प्रभावकारी हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले जनताको अस्पतालमा जनताको डाक्टर र चिकित्सकको रूपमा काम गर्न प्रेरित गर्नुहुँदै समूहगत कार्यमा सबैले एकजुट भई काम गर्नुपर्नेमा जोड दिनुभयो ।

नवनियुक्त निमित्त मेडिकल डाइरेक्टर **मजेशप्रताप मल्ल**ले नेपालको दुर्गम खोटाङ जिल्लामा मेडिकल अफिसरको रूपमा कार्यरत रहँदाको आफ्नो कार्यअनुभव सुनाउनुहुँदै स्वास्थ्य क्षेत्रमा भइरहेको नीतिगत भ्रष्टाचारकै कारण नेपालले स्वास्थ्य क्षेत्रमा अपेक्षाकृत रूपमा विकास गर्न नसकेको बताउनुभयो । उहाँले आफूलाई प्राप्त जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न अस्पतालको सिङ्गो टीमको साथ र सहयोगको अपेक्षा गर्नुहुँदै भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताललाई देशकै नमुना अस्पतालको रूपमा सञ्चालन गर्न अग्रसर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा, ख्वप अस्पतालका इन्टरनल मेडिसिनका विशेषज्ञ डा. अमर प्रजापति र नर्स रबिना कवांले ४० वर्षभन्दा लामो इतिहास बोकेको ख्वप अस्पतालले आजको सफलता हासिल गर्न विभिन्न चुनौती सामना गर्नुपरेको बताउनुहुँदै अस्पतालको उद्देश्यअनुसार सबै कर्मचारीहरूले हातेमालो गर्दै दत्तचित्त भई काम गर्न प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

डा. मजेशप्रताप मल्लले २०६१ देखि २०६६ सालसम्म मणिपाल कलेज अफ मेडिकल साइन्स पोखराबाट एमबीबीएस अध्ययन पूरा गरी २०७२-२०७५ सम्म चीनको यांग्त्जे विश्वविद्यालयमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञमा एम.एस. को अध्ययन पूरा गर्नुभएको हो । उहाँले २०६६-६८ सालसम्म खोटाङ जिल्ला अस्पतालमा मेडिकल अफिसरको रूपमा कार्य गर्नुभएको थियो भने २०६८ देखि २०६९ सम्म भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा मेडिकल अफिसरको रूपमा समेत कार्य गर्नुभएको अनुभव छ । साथै विभिन्न समयमा कोरिया नेपाल अस्पताल, बयोधा अस्पतालमा हाडजोर्नी विशेषज्ञको रूपमा कार्यरत डा. मल्ल २०७८ साउन ४ गतेबाट ख्वप अस्पतालमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञको रूपमा कार्यरत हुनुहुन्छ । उहाँलाई २०७९ चैत १ गतेबाट लागू हुने गरी ख्वप अस्पताल सञ्चालन समितिले निमित्त मेडिकल डाइरेक्टरको रूपमा नियुक्त गरेको हो ।

## वडा नं. ३ मा स्तन तथा पाठेघर परीक्षण शिविर






भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा चैत १४ गते पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर सम्पन्न भयो ।

## वडा नं. ४मा स्वास्थ्य शिविर






भक्तपुर नगरपालिका वडा नं. ४ को आयोजनामा चैत १८ गते स्तन तथा पाठेघर शिविर सम्पन्न भयो ।

## वडा नं. ८ मा पाठेघर तथा स्तन क्यान्सर रोग सम्बन्धी स्वास्थ्य शिविर






भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा चैत २० गते स्तन तथा पाठेघर शिविर सम्पन्न भयो ।

## घरदैलो नर्सिङ



भक्तपुर नपाबाट सञ्चालित घरदैलो नर्सिङ कार्यक्रममा नर्सहरू घरदैलोमा पुगी सेवा प्रदान गर्दै ।

# विविध समाचार

## कानुन व्यवसायीहरूले बुद्धिजीवीको भूमिका निभाउन सक्नुपर्ने




कानुन अध्ययन समाज भक्तपुर जिल्ला समितिको आयोजनामा भक्तपुर जिल्लाका कानुन व्यवसायीहरूको भेला फागुन १७ गते सम्पन्न भयो ।

यही फागुन २० गते हुन गइरहेको भक्तपुर जिल्ला बार एशोसिएसनको निर्वाचनका सन्दर्भमा उक्त भेला आयोजना गरिएको हो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य, कानुन अध्ययन समाजका संस्थापक अध्यक्ष एवम् सल्लाहकार सुनिल प्रजापतिले पेशागत सङ्घ सङ्गठनको निर्वाचनमा भाग लिनु प्रजातान्त्रिक अधिकारको अभ्यास र वैचारिक सङ्घर्ष भएको बताउनुभयो ।

कानुन व्यवसायीहरूले नैतिकता र आचारसंहितामा रहेर आफ्नो पेशाअनुसारको कार्य गर्नुका साथै समाजलाई प्रगतितिर लाने बुद्धिजीवीको भूमिकासमेत निभाउन सक्नुपर्ने उहाँले बताउनुभयो ।

पदको निम्ति भागबन्डामा जान नहुने बताउनुहुँदै संस्थापक अध्यक्ष प्रजापतिले भागबन्डाको राजनीतिले प्रजातन्त्र, आलोचना र विरोधको संस्कृतिलाई कमजोर पारेको प्रष्ट पार्नुभयो ।

उहाँले पुँजीवादी व्यवस्था भ्रष्टाचारको मुहान भएको बताउनुहुँदै पुँजीवादी व्यवस्थाको न्यायलय शुद्ध र भ्रष्टाचाररहित हुने कुरा सोच्न नसकिने बरु भ्रष्टाचार र पुँजीवादी व्यवस्थाको विरोधमा लाग्नुपर्ने बताउनुभयो ।

भेलामा कानुन अध्ययन समाज केन्द्रीय समितिका अध्यक्ष एवम् अधिवक्ता रामप्रसाद प्रजापतिले शासक पार्टी निकट ठूला सङ्गठनहरूले कानुनी शासन, देश र जनताको हितका विषयलाई उत्थानसम्म गर्न नसकेको बताउनुभयो ।

उहाँले न्यायालयमा दलीय राजनीतिक भागबन्डा हुँदा न्यायालय पक्षपातरहित र विवादमुक्त हुन नसकेको हो भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवम् भक्तपुर बारको निर्वाचनमा समाजको तर्फबाट अध्यक्ष पदका प्रत्यासी अधिवक्ता राजु कैतीले बार कब्जा गरेर बसेकाहरूले निर्वाचन जित्नका लागि आफू निकट कानुन व्यवसायीहरूलाई मात्र सदस्यता दिने, अवसर र पदको आश्वासन दिने फोहोरी खेल खेलिरहेको बताउनुभयो ।

कार्यक्रममा अधिवक्ताहरू राधेश्याम सुवाल, महेन्द्र खायमली र मनज ज्याख्वलगायतले बोल्नुभएको थियो ।

भक्तपुर बारको निर्वाचनमा कानुन अध्ययन समाजको तर्फबाट अध्यक्षमा राजु कैती, उपाध्यक्षमा शिवराम बोहजू, सचिवमा गम्भीरमान ज्याख्व, कोषाध्यक्षमा मनज ज्याख्व र सदस्यहरूमा न्हुछेराम सिबन्जार, प्रेम प्रजापति, सुन्दर राजचल, बाबुकाजी गाइँजु र लक्ष्मीप्रसाद दुवालले उम्मेद्वारी दिनुभएको छ । त्यस्तै केन्द्रीय पार्षद्मा राधेश्याम सुवाल र महेन्द्र खायमलीले उम्मेद्वारी दिनुभएको छ ।

## प्रदेश नं. १ "कोशी" भयो

प्रदेश १ को प्रदेशसभा बैठकबाट 'कोशी प्रदेश' नाम राख्न गरेको प्रस्ताव बहुमतबाट स्वीकृत गरेको छ ।

पहिलो कार्यकालमा राख्न नसकेको नाम पाँच वर्षपछि मात्रै प्रदेश १ ले नाम पाएको हो । फागुन १७ गते प्रदेशको नामाकरण प्रस्ताव अघि र पछि विरोध हुनसक्ने अनुमान लगाएर मोरंग जिल्ला प्रशासनले विभिन्न स्थानमा सभा जुलुस भेला गर्न निषेध गरेको थियो ।

## अध्यक्ष बिजुक्छेँद्वारा भक्तपुरको भाजुपोखरीको स्थलगत निरीक्षण



नेपाल मजदुर किसान पार्टीका केन्द्रिय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले फागुन १८ गते भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित भाजुपोखरीको स्थलगत निरीक्षण गर्नुभयो ।

निरीक्षणका क्रममा अध्यक्ष **बिजुक्छेँ**ले लामो

समयदेखि संरक्षणको अभावमा जीर्ण अवस्थामा रहेको भक्तपुरको भाजुपोखरीलाई पुनः जीवन दिन भक्तपुर नपाले गरेको कार्य सराहनीय छ भन्नुभयो ।



अध्यक्ष बिजुक्छेँले २०२०/२१ सालदेखि नै भाजुपोखरी पुनःनिर्माणको चरणवद्ध रूपमा उत्खनन कार्य सुरु भएको बताउनुहुँदै उक्त पोखरी पनि विश्व सम्पदाकै अभिन्न अङ्ग भएको हुँदा सांस्कृतिक र ऐतिहासिक महत्त्वका सम्पदाहरू समय धेरै लागे पनि मौलिक शैलीमै सम्पदा पुनःनिर्माण र जीर्णोद्धार गर्नुपर्नेमा जोड दिनुभयो ।



मानव सभ्यताको विकास र महत्त्वबारे बुझ्न यस्ता प्राचीन सम्पदाहरूको संरक्षणमा सम्बन्धित निकायले संवेदनशील भएर जगेर्ना गर्नु आवश्यक रहेको बताउनुहुँदै उहाँले भन्नुभयो, हाम्रो देशको इतिहास अरूले नभई हामी आफूले लेखेको हुनुपर्छ ।

इतिहास र भूगोलबिनाको शिक्षा अपूर्ण र अधुरो हुने बताउनुहुँदै उहाँले विद्यालय र कलेजहरूमा देश विदेशका इतिहास र भूगोलबारे अनिवार्य रूपमा पठन पाठन गराउनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सबै कुराको लिपिवद्ध गर्दै लग्यो भने मानव सभ्यताको विकास बुझ्न सहज हुन्छ ।'

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भाजु पोखरी पुनःनिर्माणको लागि विज्ञसहितको समिति गठन गरी समितिबाट प्रस्तुत प्रारम्भिक प्रतिवेदनकै आधारमा पुनःनिर्माणको कार्य थालनी भएको बताउनुभयो ।

उहाँले भाजु पोखरीको दक्षिणतर्फको बाटो खुल्ला गर्ने विषयमा भक्तपुर क्याम्पस र त्रिभुवन विश्वविद्यालयसँग समन्वय गरी छलफल गरिरहेको बताउनुहुँदै भाजु पोखरी पुनःनिर्माण सँगै यो ठाउँ देशकै सुन्दर ठाउँको रूपमा विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

पोखरीको मध्यभागमा अवस्थित जलेश्वर मन्दिर पुनःनिर्माणको कार्य सम्पन्न भएसँगै पोखरी पुनःनिर्माणको कार्य अन्तिम चरणमा पुगिसकेको र पोखरीमा पानी भर्ने कार्यसँगै छिटै सर्वसाधारणको लागि पोखरी खुल्ला हुने बताउनुहुँदै उहाँले पोखरी पुनःनिर्माण र जीर्णोद्धारमा सहयोगी भूमिका खेलेका सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

पुरातत्त्वविद् **पुरुषोत्तमलोचन श्रेष्ठ**ले भाजु पोखरीको इतिहासमाथि विश्लेषण गर्नुहुँदै भाजु पोखरी भक्तपुरको मात्र नभई नेपालकै प्राचीन सम्पदाको रूपमा रहेको र यसको पुनःनिर्माण उत्खननको समयमा प्राप्त प्रमाणकै आधारमा भएको हो भन्नुभयो ।



भाजु पोखरी काठमाडौँको रानी पोखरीबाट प्रभावित भएर भाजु कसले बनाएको किंवदन्ती भए पनि भाज्या पखेरी काठमाडौँको रानी पोखरीभन्दा करिब ५०० वर्ष पुरानो देखिन आएको बताउनुहुँदै उहाँले भाजु पोखरी पुनःनिर्माणसँगै भक्तपुरको गौरवलाई अझ बढाउने बताउनुभयो ।

निरीक्षणमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, पुरातत्त्वविद् पुरुषोत्तमलोचन श्रेष्ठ, पुरातत्त्व विभाग भक्तपुरका अरूणा नकर्मी, भक्तपुर बहुमुखी क्याम्पसका प्रमुख कृष्णप्रसाद पोखरेल, भक्तपुर नपाका प्रमुख प्रशासकीय



अधिकृत कृष्ण गिरी, सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठ, पत्रकार र उपभोक्ता समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

तत् पश्चात अध्यक्ष बिजुक्छेँले पोखरीको पश्चिमतर्फ रहेको भक्तपुर नपाद्वारा सञ्चालित शिशुस्याहार केन्द्र, सिद्धपोखरी र भक्तपुरको रानीपोखरीको पनि स्थलगत निरीक्षण गर्नुभएको थियो ।

## सर्वोच्चबाट प्रम दाहाललाई कारण देखाऊ आदेश



सर्वोच्च अदालतका न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले प्रधानमन्त्री पुष्पकमल दाहालविरुद्ध रिट निवेदन दर्ता गर्न फागुन १९ गते आदेश दिएको छ ।

२०७६ माघ १ गते काठमाडौँको खुलामञ्चमा आयोजित कार्यक्रममा बोल्दै प्रधानमन्त्री पुष्पकमल दाहालले द्वन्द्वकालमा नेकपा माओवादीबाट मारिएका–हत्या गरिएका ५ हजार व्यक्तिको जिम्मा लिने बताएकोलाई आधार बनाउँदै कारबाहीको मागसहित पीडित पक्षका अधिवक्ता ज्ञानेन्द्रराज आरण र कल्याण बुढाथोकीले दर्ता गर्न लगेको रिट निवेदनलाई गत कात्तिक २४ मा सर्वोच्च प्रशासनले दरपीठ (दर्ता गर्न नमिल्ने) को आदेश गरेको थियो । उक्त आदेशविरुद्ध सर्वोच्चको इजलासमा निवेदन दर्ता भएको थियो ।

'सङ्क्रमणकालीन न्यायको प्रक्रिया अगाडि बढ्न नसकेको सन्दर्भ र आफ्ना स्वजनको हत्या भएको कुरालाई फौजदारी कानुनको दायरामा नल्याइएकोसम्बन्धी प्रश्न उठाई रिट निवेदन दर्ता गर्न ल्याएको देखिन्छ,' सर्वोच्चले आदेशमा उल्लेख गरेको छ ।

द्वन्द्वकालका यातनापीडित, विस्थापित, घाइते, बलात्कार र यौनजन्य हिंसा, सम्पत्ति क्षति, कब्जा र लुटपाट, बालसैन्य भर्ती, चन्दा असुली, श्रम कैदी, कैद हिरासत, मानव ढाल, शिक्षण पेसाबाट वञ्चित गरिएका, अपहरणमा परेका, अङ्गभङ्ग एवं बेपत्ता पारिएका व्यक्तिलगायत पीडितको जिम्मेवारी माओवादीले लिनुपर्ने दाबीसहित रिट निवेदन दर्ताका लागि सर्वोच्च लगिएको हो ।

मानव अधिकारको गम्भीर उल्लङ्घन भएको कुरामा आममाफी नहुने यसअघिको मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या भइसकेको छ ।

सङ्क्रमणकालीन न्यायका लागि खडा गरिएका सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोगलगायत संयन्त्रहरूबाट अपेक्षित, सार्थक परिणाम आउन सकेको छैन । हाल त्यस्ता आयोग निष्क्रिय छन् ।

उक्त आदेशपछि माओवादी केन्द्रले सर्वोच्च अदालत प्रशासनले दरपीठ गरिदिएको इजलासले दर्ता गर्नू भनी आदेश गरेकोप्रति विज्ञप्ति जारी गरेर आपत्ति जनाएको छ ।

सर्वोच्च अदालतको आदेशपछि फागुन २१ गते भएको एक कार्यक्रममा माओवादीका विभिन्न घटकका नेताहरू एउटै मञ्चमा उभिएर मुलुकलाई फेरि पछि फर्काउने प्रयत्न भएको, माओवादी जनयुद्धलाई अपराधीकरण गर्ने प्रयास भइरहेको, 'निहुँ खोजेको', यस्तालाई ठेगान लगाउने ताकत आफूहरूसँग रहेको धारणा राखेका थिए ।

अधिवक्ता आरणका बुवा टीकाराजलाई तत्कालीन विद्रोहीले अपहरण गरी हत्या गरेका थिए । त्यस्तै अधिवक्ता बुढाथोकीका बुवा भुवनसिंह विस्थापित बनाइएका थिए ।

प्रम दाहालविरुद्ध दर्ता भएको रिटमा फागुन २६ गते 'निवेदकको माग बमोजिम आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित' १५ दिनभित्र लिखित जवाफ पेस गर्न कारण देखाउ आदेश जारी गरेको छ ।

स्मरणीय छ, निवेदनमा दाहाललाई पक्राउ गरी कानुनी प्रक्रियामा ल्याउन आदेश जारीको माग गरिएको छ ।

## भक्तपुर अस्पतालमा प्यालिएटिभ तथा ज्येष्ठ नागरिक वार्ड स्थापना

बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले भक्तपुर अस्पतालको 'मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम'को नसर्ने रोग पहिचानका लागि परीक्षण, परामर्श र व्यवस्थापनअन्तर्गत प्यालिएटिभ तथा ज्येष्ठ नागरिक वार्ड स्थापना कार्यक्रमको फागुन २१ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा मन्त्री श्रेष्ठले बागमती प्रदेशका विपन्न नागरिक र लोपोन्मुख समुदायलाई स्वास्थ्य सेवामा सहज



पहुँच पुऱ्याउन बागमती सरकारले नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रमको नीति अगाडि सारेको बताउनुभयो ।

उहाँले प्रदेश सरकारअन्तर्गतको भक्तपुर अस्पताल र भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल भक्तपुरका २ ओटा विशिष्टकृत सामुदायिक अस्पतालको रूपमा रहेको बताउनुहुँदै बागमती प्रदेशअन्तर्गतका १३ ओटा अस्पतालहरूले उत्कृष्टता हासिल गरी अगाडि बढिरहेको अभिव्यक्ति दिनुभयो ।

त्यस्तै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर अस्पताल बागमती प्रदेशकै नमुना र उत्कृष्ट अस्पताल घोषणाले धेरै गरिब जनतालाई स्वास्थ्य सेवा प्राप्त गर्न सहज भएको बताउनुभयो ।

अस्पतालको भवन ठूलो र भव्य हुँदैमा त्यहाँबाट प्रवाहित सेवा स्तरीय हुने कुरामा विश्वास गर्न नहुने बताउनुहुँदै प्रमुख प्रजापतिले अस्पताल व्यवस्थापन समिति, जनशक्ति व्यवस्थापन र स्वास्थ्य उपकरण उपलब्धता नै अस्पताल विकासको प्रमुख आधार भएको बताउनुभयो ।



उक्त कार्यक्रममा मुख्यमन्त्री कार्यालयका सल्लाहकार डीपी ढकाल, भक्तपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट सुमित्रा गौतम, पत्रकार महासङ्घका सचिव सञ्जिव शुभचिन्तक, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रमण कायस्थलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. सुमित्रा गौतमलगायत अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारी र अस्पतालमा सहयोगी भूमिका खेल्ने पत्रकारहरूलाई दोसल्ला ओढाई सम्मानपत्र वितरण गरिएको थियो ।

## तेस्रो राष्ट्रपतिमा काङ्ग्रेसका उम्मेदवार निर्वाचित



फागुन २५ गते भएको राष्ट्रपति चुनावमा काङ्ग्रेसका उम्मेदवार निर्वाचित भएका छन् ।

काङ्ग्रेसका उम्मेदवार रामचन्द्र पौडेललाई सङ्घतर्फ १६ हजार ९ सय ६ र प्रदेशतर्फ १६ हजार ८ सय ९६ गरी ३३ हजार ८ सय २ मतभार प्राप्त भएको छ ।

त्यस्तै एमालेका उम्मेदवार सुवासचन्द्र नेम्वाङलाई सङ्घतर्फ ७ हजार ७ सय ४२ र प्रदेशतर्फ ७ हजार ७ सय ७६ गरी १५ हजार ५ सय १८ मतभार प्राप्त भएको छ ।

नेपाली काङ्ग्रेसका नेता पौडेललाई काङ्ग्रेस, माओवादी, रास्वपा, जसपा, एस, जनमत, लोसपा, नाउ, राजमोलगायतले मतदान गरेका थिए ।

नेपाल मजदुर किसान पार्टीको केन्द्रीय सचिवालयको बैठकले राष्ट्रियताका सवालमा नेपाली काङ्ग्रेस र नेकपा एमालेको दृष्टिकोणमा अन्तर नभएकाले राष्ट्रपति निर्वाचनमा भाग नलिने निर्णय गरेको थियो भने राप्रपाले पनि उक्त चुनावमा भाग लिएन ।

२०६७ मा १७ पटक चुनाव लड्दा पनि प्रधानमन्त्री पदमा निर्वाचित हुन नसकेका पौडेलले तेस्रो राष्ट्रपतिको चुनावमा एक्कैबाजी जित हासिल गरेका छन् ।

नवनिर्वाचित राष्ट्रपति पौडेललाई कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले फागुन २९ गते पद तथा गोपनियताको शपथ खुवाउनु भयो ।

## राष्ट्रपतिको निर्वाचनमा नेमकिपा सहभागी भएन

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को अध्यक्षतामा फागुन २५ गते केन्द्रीय सचिवालयको बैठक बस्यो । उक्त बैठकले राष्ट्रपतिको निर्वाचनमा पार्टी सहभागी नहुने निर्णय गऱ्यो । पार्टीको सो निर्णयबारे पार्टीका सचिव प्रेम सुवालले फागुन २५ गते एक प्रेस वक्तव्य जारी गर्नुभयो । उक्त वक्तव्यको व्यहोरा

निम्नाअनुसार रहेको छ –

'आज २०७९ फागुन २५ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म हुने राष्ट्रपतिको निर्वाचनबारे पार्टी केन्द्रीय सचिवालयको बैठकमा छलफल भयो । राष्ट्रपतिको उम्मेदवार व्यक्ति होइन, पार्टीको दृष्टिकोण हो । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विषयमा नेका र एमालेको दृष्टिकोणमा तात्त्विक अन्तर छैन ।

राष्ट्रपति पदमा उम्मेदवार दिएका नेका र एमालेले वर्तमान र भविष्यको अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेनाले नेपालको सैनिक ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, नेपाली सेनालाई भाडाको सिपाही बनाउने गोर्खा भर्ती, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल–भारत सन्धि, कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरूण तेस्रो, पश्चिम सेतीलगायत नेपालको हितविपरीतका सन्धि सम्झौताहरू खारेज गर्ने प्रतिबद्धता गरेका छैनन् ।

जन्मको आधारमा नेपाली नागरिकता लिएका विदेशीका छोराछोरीलाई वंशजको नेपाली नागरिकता दिने नागरिकता विधेयक खारेज गर्ने, ७१ भन्दा बढी ठाउँमा भारतले अतिक्रमण गरेको ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि फिर्ता ल्याउने, नेपाली भूमि कालापानीमा ७० वर्षभन्दा अगाडिदेखि कब्जा गरी बसेका भारतीय सेनालाई हटाउने लगायत विषयमा पनि ती दुवै पार्टीले प्रतिबद्धता गरेका छैनन् ।

यसकारण, राष्ट्रपतिको निर्वाचनमा पार्टी सहभागी नहुने निर्णय भयो ।'

## उपराष्ट्रपतिमा रामसहायप्रसाद यादव निर्वाचित



मुलुकको तेस्रो उपराष्ट्रपतिमा जनता समाजवादी पार्टी (जसपा) का नेता रामसहायप्रसाद यादव निर्वाचित भएका छन् ।

चैत ३ गते भएको निर्वाचनमा यादवले एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य र जनमत पार्टीकी नेतृ ममता झालाई पछि पार्दै उपराष्ट्रपतिमा निर्वाचित भएका हुन् ।

नेपाल मजदुर किसान पार्टीले पार्टी केन्द्रीय सचिवालयको बैठकको निर्णयअनुसार उपराष्ट्रपतिको निर्वाचनमा मतदान गरेन ।

## पोषण प्रवर्द्धन तथा विषादी न्यूनिकरणबारे अन्तरक्रिया



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा पोषण प्रवर्द्धन तथा विषादी न्यूनिकरणको लागि स्वास्थ्य शिक्षा, कृषि तथा भेटेनरी कृषि सहकारी, कृषक समूह, विषादी व्यवसायीलगायत अन्य सरोकारवाला समूहहरूको उपस्थितिमा चैत १ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

स्वास्थ्य कार्यालय भक्तपुरको आयोजना भएको कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले किसानहरूले औषधीकै रूपमा आफ्नो उत्पादकत्व बढाउन बालीनालीमा विषादीको प्रयोग गरिँदा जनस्वास्थ्यमा नकारात्मक असर पुगिरहेको र नसर्ने रोगको जोखिम झन् झन् बढिरहेको बताउनुभयो । नेपाल सरकारले नै विषादी नियन्त्रणमा विशेष पहल गर्नुपर्नेमा जोड दिनुपर्ने धारणा उहाँले राख्नुभयो ।

उहाँले पुँजीवादी व्यवस्थामा नाफाको लागि जे पनि गर्न व्यापारीहरू पछि हट्दैनन् भन्नुहुँदै विषादीको प्रयोगबाट हुने असरहरूबारे सर्वसाधारण जनतालाई सचेत गर्न सके केही हदसम्म नियन्त्रण हुन सक्ने धारणा राख्नुभयो ।

कुनै पनि चिजको विकल्पबिना त्यसको न्यूनिकरण सम्भव नहुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले घरघरबाट निस्कने कुहिने फोहोर संकलन गरी कम्पोष्ट मल उत्पादन गरी किसानहरूलाई वितरण समेत गरिरहेको कुरा अवगत गर्नुभयो ।

स्वास्थ्य कार्यालय भक्तपुरका कार्यालय प्रमुख **कृष्णबहादुर मिजार**ले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै विषादी प्रयोगकर्ता र बिक्री वितरण गर्नेहरूलाई सामूहिक रूपमा अभिमुखीकरण र तालिमहरू सञ्चालन गर्न सकिए विषादी प्रयोगको न्यूनिकरण हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

त्यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरणका कार्यालय प्रमुख **चुडामणि भट्टराई**ले विषादी न्यूनिकरणको विषयमा प्रस्तुतिकरण दिनुहुँदै नेपालको खेतीयोग्य जमिनमा प्रतिहेक्टर ३९७ ग्राम विषादी खपत भइरहेको र विषादीको अत्यधिक

प्रयोग तरकारी बालीमा भइरहेको बताउनुभयो । मानव शरीरमा विषादीको प्रवेश खानेकुरा, हावा, पिउनेपानीबाट हुने बताउनुहुँदै उहाँले विषादीको समुचित व्यवस्थापनको लागि सरोकारवाला निकायहरूको भूमिका अति आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा उपस्थित कृषक, विषादी व्यापारी, कृषि तथा भेटेनरी प्राविधिकले बालीमा प्रयोग गरिने विषादीको प्रयोगबारे ज्ञानको कमीले गर्दा कृषकहरूले जथाभावी प्रयोग गरिरहेको, अर्ग्यानिक खेती चुनौतीपूर्ण बन्दै गइरहेको, नाफा कमाउन व्यापारीहरूले जथाभावी विषादीको प्रयोग गर्ने गरिएको तथा उपभोक्ताको स्वास्थ्यलाई भन्दा नाफालाई प्राथमिकतामा राखी विषादीको प्रयोगमा व्यापकता भइरहेकोलगायतका धारणाहरू राख्नुभएको थियो ।

उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका रोग नियन्त्रण शाखाका दीपक अछामीले पनि बोल्नुभएको थियो ।

## खेलकुद अनुशासित समाज निर्माणको आधार




"खेलकुद भविष्यको अनुशासित समाज निर्माण गर्ने आधार हो । हरेक खेलाडीले अनुशासित भएर खेल नियमको पूर्ण पालना गरी खेल्नुपर्छ ।"

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले माउन्ट भ्याली इङ्गलिस स्कूलको आयोजनामा चैत ४ गते  आयोजित सिटेरियो कराँटे प्रतियोगिताको प्रमाणपत्र वितरण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उहाँले भक्तपुर नगरपालिकाले खेल क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै विभिन्न खेलको नियमित प्रशिक्षण, पूर्णकालीन खेलाडी नियुक्ति गरी विद्यालयहरूमा प्रशिक्षणको व्यवस्था, अन्तरनगर र अन्तरविद्यालय खेलकुद प्रतियोगिता गरी नयाँ पुस्तालाई खेलको माध्यमबाट असल नागरिक तयार गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

उहाँले खेल प्रतियोगिताहरूले खेलाडीहरूलाई आफ्नो प्रतिभा प्रस्फुटन गर्ने अवसर प्रदान गर्ने बताउनुहुँदै भनपाले हरेक युवा र विद्यार्थीलाई खेलमा सहभागी बनाउने उद्देश्यले ठाउँ ठाउँमा खेलकुदका पूर्वाधारहरू निर्माण गरिरहेको जानकारी दिनुभयो ।

भनपा वडा नं. १० का वडा अध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले खेल र शिक्षालाई सँगसँगै लानुपर्नेमा जोड दिनुहुँदै विजयी सबै खेलाडीलाई बधाई ज्ञापन गर्नुभयो ।

वडा नं. १० का वडा सदस्य तीर्थनारायण दुमरूले पनि बोल्नुभएको उक्त कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथिले मेडल तथा ट्रफी वितरण गर्नुभयो । प्रतियोगितामा विभिन्न डोजोबाट २५० भन्दा बढी खेलाडीहरूले भाग लिएका थिए ।

## वागीश्वरीमा विद्यालय-प्रहरी समिति गठन



वागीश्वरी माध्यमिक विद्यालयमा समुदाय-प्रहरी साझेदारी अन्तर्गत विद्यालय-प्रहरी सम्पर्क समिति प्रधानाध्यापक कृष्ण प्रसाद धन्छाको संयोजकत्वमा दश सदस्यीय नयाँ समिति गठन चैत ८ गते गरिएको छ ।

विद्यालयमा २०७५ सालमा पनि यस्तो समिति गठन गरिएको स्मरण गर्नुहुँदै प्रधानाध्यापक धन्छाले नयाँ गठित समितिले अझ सक्रियताका साथ काम गर्ने प्रतिवद्धता जनाउनुभयो ।

कार्यत्रममा अपराध रोकथाम, सामाजिक विकृतिविरुद्ध जनचेतना फैलाउने, सुरक्षा व्यवस्थापनमा जनसहयोग गर्ने नेपाल प्रहरी र स्थानीय संस्थागत साझेदारीको अवधारणा रहेको प्रहरी नायब निरीक्षक डिकराज प्रसाईले बताउनुभयो ।

## लिबालीमा सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.को शाखा विस्तार

सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.ले लिबालीमा सहकारी पसलको शाखा विस्तार गरेको छ । उक्त सहकारीको पसल भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले





चैत ९ गते एक कार्यक्रमबीच उद्घाटन गर्नुभएको छ।

कार्यक्रममा बोल्नुहुँदै उहाँले सहकारी संस्थाहरूले आफ्नो व्यापार व्यवसायबाट धेरै नाफा कमाउने भन्दा पनि आफ्ना सदस्यहरूलाई सुविधा दिने र नेपाली उत्पादनलाई प्राथमिकतामा दिएर पसल सञ्चालन गर्नुपर्ने बताउनुभयो। बिचौलियाहरूको अन्त्य गर्न सहकारी पसलले भूमिका खेल्ने विश्वास व्यक्त गर्नुहुँदै पसलमा सर्वसुलभ तथा गुणस्तरीय सामान बिक्री वितरण गर्नतर्फ जोड दिन प्रेरित गर्नुभयो। जनसमुदायको विश्वास कायम गर्नु पनि अर्को सफलता भएको बताउनुहुँदै उपभोक्ताहरूलाई आफ्नो अधिकारप्रति सचेत बनाएर कानुनले दिएको उपभोक्ता अधिकार प्रयोग गर्न सक्षम बनाउनु आजको आवश्यकता भएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले सर्वसुलभ सहकारीले उपभोक्ताहरूको हितलाई ध्यानमा राखेर सेवा अगाडि बढाउनु आफैमा सफलता हुने बताउनुहुँदै भनपा वडा नं. ८ ले लिबाली क्षेत्रको विकासमा वडाले गरिरहेको गतिविधिबारे प्रष्ट पार्नुभयो।

कार्यक्रममा संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद लाखा, उपाध्यक्ष बद्री लाखा, कोषाध्यक्ष नारायणमान वनमाला, सल्लाहकार कृष्णभक्त लवजू र संस्थापक अध्यक्ष कृष्णगोविन्द लाखाजूले संस्था स्थापनाको उद्देश्यबारे प्रष्ट पार्दै सहकारी पसल बिहान ७ देखि राती ९ बजेसम्म खुल्ने र पसलले स्थानीय उत्पादनहरू जस्तै ताइचिन चिउरा, भुटेको तोरीको तेल, परम्परागत नेवारी कपडा र पोशाकहरूको समेत बिक्री गरिने अवगत गराउनुभयो।

## संस्कृतिको नाउँमा हुने विदेशी हस्तक्षेप रोक्नु आवश्यक

काठमाडौँ उपत्यका विश्व सम्पदा स्थलको संरक्षण एवं व्यवस्थापन विषयमा इन्टरनेसनल साइन्टिफिक कमिटी बैठकको उद्घाटन कार्यक्रम चैत ९ गते हनुमानढोकास्थित लाँहचोकमा सम्पन्न भयो।

पुरातत्त्व विभागको आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भन्नुभयो, 'भक्तपुर नपाले मूर्त सम्पदाहरूका साथै अमूर्त सम्पदाहरूको संरक्षणमा पनि उत्तिकै ध्यान दिइरहेको छ। हरेक वर्ष विभिन्न सांस्कृतिक विधाको प्रतियोगिताको आयोजना, सांस्कृतिक गुरुहरूको सम्मान र विभिन्न सांस्कृतिक समूहहरूलाई आर्थिक अनुदानको व्यवस्था यसका उदाहरणहरू हुन्।'



महत्त्वपूर्ण सम्पदाहरूको पुनः निर्माण वा जीर्णोद्धार ठेक्कामार्फत गराइँदा त्यसको मौलिकता हराउन सक्ने खतरा रहेको धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'ठेकेदारले सम्पदाको मूल्य र महत्त्व बुझ्दैन वा बुझ्न चाहँदैन। उनीहरू नाफालाई मात्र ध्यान दिन्छन्। ठेकेदारको नाफासँग हाम्रा सम्पदाहरूको महत्त्व साट्न मिल्दैन। त्यसैले कुनै पनि सम्पदा पुनः निर्माणको काम स्थानीय जनतामार्फत गर्ने कानुनी बन्दोबस्त हुनु आवश्यक छ। अहिले प्रचलित आर्थिक ऐन, नियमहरू सम्पदा पुनः निर्माणको लागि बाधक बनिरहेका छन्।'

नगर प्रमुख प्रजापतिले अगाडि भन्नुभयो, 'पुरातात्त्विक क्षेत्रहरूको अध्ययन, अनुसन्धानलाई जारी राख्नुपर्छ। सिन्धुघाटी, हरप्पा र मोहन्जोदाडोको पुरातात्त्विक उत्खननले प्राचीन कालमा त्यहाँ कस्तो नगर योजना थियो ? तत्कालीन वास्तुकला र कलाको विकास, आर्थिक र सामाजिक जीवन तथा धार्मिक अवस्था कस्तो थियो भनी बुझ्न सजिलो भएझैँ काठमाडौँ उपत्यकाका लिच्छविकालीन र मल्लकालीन

सम्पदाहरूको अध्ययन अनुसन्धानले नयाँ नयाँ तथ्यहरू पत्ता लगाउन मद्दत गर्नेछ । हाम्रो ध्यान त्यसतर्फ केन्द्रित हुनु आवश्यक छ ।'

अहिले नेपालमा विदेशी संस्कृतिको प्रभाव बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'मौलिकताको संरक्षण गर्दै संस्कृतिको नाउँमा हुने वैदेशिक हस्तक्षेप रोक्नु हाम्रो लागि ठूलो चुनौती बनेको छ । सुधारको नाउँमा गरिएका कतिपय कामले हाम्रो मौलिकतालाई ठाडै चुनौती दिएको छ । मौलिकता हाम्रो पहिचान हो । जसको मौलिकता गुम्छ उसले सबथोक गुमाएको हुन्छ । त्यसैले, मौलिक सम्पदा र संस्कृतिको महत्त्व बोध गराउने, त्यसप्रति निष्ठा जगाउने र मौलिक संस्कृति र सभ्यताबारे विद्यालय, कलेजको पाठ्यक्रममा समावेश गर्नु आवश्यक छ ।'

कार्यक्रममा प्रतिनिधिसभाका सदस्य **विराजभक्त श्रेष्ठ**ले हरेक सम्पदाको आफ्नै कथा हुन्छ, मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण गर्नेतर्फ राज्यले ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै विकास र सम्पदा संरक्षणबीच द्वन्द्व चलिरहेको बताउनुभयो ।

प्रदेशसभा सदस्य **शैलेन्द्र बज्राचार्य**ले काठमाडौँ उपत्यकाबाट नेवारहरू दिनानुदिन विस्थापित भएर जानु चिन्ताको विषय भएको बताउनुहुँदै यो गतिलाई रोक्न सकिएन भने ५/१० वर्षभित्र उपत्यकामा नेवार संस्कृति खोज्नुपर्ने अवस्थामा पुग्ने बताउनुभयो ।

काठमाडौँ महानगरपालिकाका उपप्रमुख **सुनिता डंगोल**ले सम्पदा क्षेत्रमा सम्पदा मैत्री पसलहरू हुनुपर्ने, सम्पदाहरू सबै विदेशीले बनाइदिएमा नेपालीले बनाएको भनेर देखाउने के बाँकी रहन्छ भन्नुहुँदै आगंछैं नेपालीले नै बनाउने र त्यसको लागि हाम्रै सीप र साधन प्रयोग गर्ने जानकारी दिनुभयो ।

चाँगुनारायण नगरपालिकाका प्रमुख **जीवन खत्री**ले सम्पदा संरक्षणको लागि एकीकृत योजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै चाँगुनारायण मन्दिरलगायतका सम्पदा समयमा संरक्षण गरिएन भने भावी पुस्ताले हाम्रो कमजोरीको रूपमा देख्नेछन् भन्नुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक **दामोदर गौतम**को सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्कृति मन्त्री सुदन किराँती आउने कार्यक्रभ भए पनि संस्कृति सचिवले प्रमुख अतिथिको आतिथ्यता ग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा युनेस्कोका प्रतिनिधिहरूले बैठकको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

## सहज काठ उपलब्ध नहुँदा पनि काठमाडौँ उपत्यकाको मौलिकता हराउँदैछ : प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले डिभिजन वन कार्यालय भक्तपुरको आयोजना र भक्तपुर वन पैदावार उद्योग व्यवसायी सङ्घको सहकार्यमा भएको वन पैदावारमा आधारित सीप विकास तालिमअन्तर्गत ९० दिने फिनिसिङ एण्ड फिटिङसम्बन्धी तालिमको चैत १० गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भविष्यमा असल गुरु हुन असल शिष्य बन्नुपर्ने बताउनुहुँदै तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई भविष्यमा आफू प्रशिक्षक हुने हिसाबले प्रशिक्षणमा कडा परिश्रम गर्न प्रेरित गर्नुभयो ।

भक्तपुर नपाले परम्परागत शैलीमा घर निर्माण गर्नेलाई अनुदानको व्यवस्था गर्नुका साथै पुरानो नगरभित्र घर निर्माण गर्ने घरधनीहरूलाई घरको मोहदामा अनिवार्य काठको प्रयोग गर्नुपर्ने नीतिलाई अवलम्बन गर्दै आएको बताउनुभयो ।

सम्पदा पुनःनिर्माण र जीर्णोद्धारका लागि सहज काठ उपलब्ध नहुँदा काठमाडौँ उपत्यकाको मौलिकता हराउँदै गएको बताउनुहुँदै सम्पदा पुनःनिर्माण तथा निजी घर निर्माणमा काठको अभाव हुँदा चाहेर पनि मौलिकता संरक्षण गर्न नसकिरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नपाले नियमित रूपमा सिकर्मी, डकर्मीको तालिम सञ्चालनका साथै नगरवासीहरूलाई सीपमूलक तालिमहरूको समेत सञ्चालनलाई निरन्तरता दिँदै आएको बताउनुहुँदै उहाँले कुनै पनि व्यक्तिमा सीप हुनु भनेको उसलाई आत्मनिर्भर बन्ने आधार तयार हुनु हो भन्नुभयो ।

त्यस्तै भक्तपुर जिल्लाका प्रजिअ **खगेन्द्रप्रसाद रिजाल**ले ऐतिहासिक र सांस्कृतिक नगर भक्तपुरलाई जीवन्त

बनाउन र यहाँका कलाकृतिको जगेर्नाको लागि हस्तकलाका सीपहरूको तालिम सञ्चालनले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

वन पैदावार उद्योग व्यवसायी महासङ्घका **माधवमणि हुमागाईंले** तालिमले काष्ठकलासम्बन्धी दक्ष जनशक्ति अभाव हुन नदिनुका साथै रोजगारीसमेत सिर्जना गर्ने बताउनुहुँदै सरकारी कार्यालयहरूले स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकतामा राख्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा डिभिजन वन कार्यालयका सहायक वन अधिकृत **विनिता पाण्डे**ले तालिमको उद्देश्यमाथि प्रष्ट पार्दै ९० दिन सञ्चालन हुने तालिममा ४० जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको अवगत गराउनुभयो ।

कार्यक्रमका सभापति एवम् डिभिजन वन कार्यालयका निमित्त डिभिजनल वन अधिकृत **प्रेमप्रसाद सापकोटा**ले भक्तपुरको २ ठाउँमा तालिम सञ्चालन हुने र तालिममा महिला प्रशिक्षार्थीहरूको सहभागिता उत्साहजनक रहेको बताउनुभयो । उहाँले यस्तो तालिमहरू सञ्चालनमा स्थानीय तहहरूको अग्रसरता रहे अझ उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले सहभागी प्रशिक्षार्थीमध्येका एकजना प्रशिक्षार्थीलाई तालिमको ज्यावल हस्तान्तरण गर्नुभएको थियो ।

## भक्तपुर नपाका सेवानिवृत्त ९१ जना कर्मचारीहरुलाई कदर पत्र प्रदान




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाकामा ३० वर्ष सेवा पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरूलाई चैत १६ गते एक कार्यक्रमबीच बधाई पत्र तथा कदर पत्र वितरण गर्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिको आयोजनामा भएको बधाई तथा कदर पत्र वितरण तथा मार्गनिर्देशन कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष **बिजुक्छेँले** पैसा कमाउने उद्देश्यले काम गर्ने कर्मचारीले संस्थाको हितभन्दा व्यक्तिगत फाइदामा ध्यान दिने बताउनुभयो ।

कर्मचारीहरूमा नैतिकता र इमानदारीको खाँचो औँल्याउनुहुँदै उहाँले सेवा निवृत्त कर्मचारीहरूले स्वस्थ र सक्रिय जीवन बाँच्न अध्ययनलाई जोड दिई राजनीतिक रूपमा सक्रिय रहनुपर्ने बताउनुभयो ।

उहाँले निष्क्रिय जीवनले रोगलाई निम्त्याउने हुँदा सेवा निवृत्तहरूले आफ्नो बाँकी जीवनलाई प्रगतिशील ढङ्गले अगाडि बढाउन प्रेरित गर्नुहुँदै इमानदार र असल राजनीतिक कार्यकर्ताले आफ्नो निम्ति नभई समाजको निम्ति काम गर्ने बताउनुभयो ।

समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थाबीचको भिन्नताबारे प्रष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले समाजवादी व्यवस्थामा कर्मचारीहरूको गास, बास र आवश्यक सुविधाको व्यवस्था राज्यले गर्ने र समाजवादी देशका कर्मचारीहरू देश र समाजप्रति सचेत र समर्पित भएर लाग्छन् भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको एकताले नगरपालिकाको हरेक कार्यक्रम सफलतापूर्वक अगाडि बढिरहेको बताउनुभयो ।

वित्तीय अनुशासन, सुशासन र कर्मचारी प्रशासन राम्रो भएको संस्था दिगो र सफल हुने भन्नुहुँदै उहाँले राजनीतिक व्यवस्था राम्रो भएको देश व्यवस्थित ढङ्गले विकास हुँदै अगाडि बढ्छ भन्नुभयो ।

नेपालमा रसायनिक मल कारखाना खोल्नेतर्फ नेपाल सरकारको ध्यानाकर्षण गराउनुहुँदै उहाँले नेपाललाई आत्मनिर्भर बनाउन कृषि र पर्यटन क्षेत्रको विकास र व्यवस्थापनमा सरकारले ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

अवकाश नजिक पुगेका कर्मचारीहरूले नयाँ नयाँ



कुरा सिक्नेतर्फ प्रेरित भई स्वस्थ र सक्रिय जीवनयापनमा ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले सरकारलाई अझ बलियो पार्ने उद्देश्यले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यमा बढी प्राथमिकतामा राखी सस्तोमा गुणस्तरीय सेवा प्रदानमा जोड दिँदै आएको बताउनुभयो ।

त्यस्तै बागमती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले सेवा निवृत्त भएका कर्मचारीहरूलाई बधाईज्ञापन गर्नुहुँदै सेवा निवृत्त कर्मचारीहरूको आगामी जीवन देश र समाजको हितमा अझ सक्रियतापूर्वक लाग्नुपर्ने बताउनुभयो ।

जनताको सेवामा नि:स्वार्थ भावनाले देशैभरिका कर्मचारीहरूले काम गरे देशको अवस्थामा सुधार आउने बताउनुहुँदै उहाँले सार्वजनिक संस्थाहरूमा भइरहेको नीतिगत भ्रष्टाचारकै कारण देश पछाडि परेको हो भन्नुभयो ।

पुँजीवादी व्यवस्थाले समाजलाई भ्रष्ट बनाउँदै लगिरहेको बताउनुहुँदै उहाँले पुँजीवादी व्यवस्था आफैमा व्यक्तिवादी र नाफामुखी व्यवस्था भएको हुँदा यो व्यवस्थाले देशको हित नगर्ने बताउनुभयो ।

प्रदेश सरकारको अस्तव्यस्तता र विकृतिबारे प्रष्ट पार्नुहुँदै सांसद सैंजुले भन्नुभयो, राजनीतिमा महिला सहभागिता व्यापक गराउन नेक्रामसङ्घले निरन्तर कामदार वर्गका महिलाहरूलाई सङ्गठित पार्दै आइरहेको बताउनुभयो ।

चैत २४ र २५ गते चितवनमा हुने नेक्रामहिलासङ्घको राष्ट्रिय सम्मेलन सफल पार्न सहभागिताको लागि तथा आर्थिक, नैतिक र भौतिक सहयोगको लागि पनि उहाँले आग्रह गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले सेवा निवृत्त कर्मचारीहरूले आफूसँग भएको पेशागत ज्ञान र सीप समाज विकासको लागि उपयोग गर्दै लाने विश्वास व्यक्त गर्नुहुँदै नेपाल सरकारले ल्याएको कर्मचारीहरूको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम कर्मचारीहरूको हकहितमा भएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले २०६७ सालदेखि २०७९ सालसम्म भक्तपुर नपाका सेवानिवृत्त कर्मचारीहरूको सम्मानमा कार्यक्रम आयोजना भएको बताउनुहुँदै कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरू सञ्चालन गर्न जरुरी रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा ने.न.क.ए. भक्तपुर नगरपालिका समितिका सदस्य गणेशलाल फोंजु र रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

सोही अवसरमा कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले भक्तपुर नपा कर्मचारी एशोसिएसनले प्रकाशन गरेको २०८० सालको भित्तेपात्रो सार्वजनिकीकरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा भक्तपुर नपामा ३० वर्ष सेवा पूरा गरेका १७ जना र सेवा निवृत्त भएका ९१ जना कर्मचारीहरूलाई बधाईपत्र र कदर पत्र प्रदान गरिएको थियो ।

**भक्तपुर आदर निकेतन भवन उद्घाटन**

## आदर निकेतनबाट वृद्धवृद्धाहरूको सेवा हुने विश्वास



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर बचत तथा ऋण सहकारी संस्थाको संरक्षकत्वमा रहेको 'भक्तपुर आदर निकेतन' को भवन चैत २० गथे एक विशेष समारोहबीच उद्घाटन गर्नुभयो ।

सयौँ वृद्धवृद्धाहरूको समुपस्थितिमा बाँसुरी र वीणाको धुनमा सो समारोहमा अध्यक्ष **बिजुक्छेँ**ले भक्तपुर साकोसले थालनी गरेको राम्रो कामको अन्य सङ्घ संस्था तथा तहले पनि गरेमा नेपाली जनताकै सेवा हुने विचार व्यक्त गर्नुभयो ।




एक आपसमा मिलेर सहयोग र साथ दिएमा समाजमा आइपर्ने सङ्कट र अप्ठेरो स्थिति पनि सहज ढङ्गले हल गर्न सक्ने विचार राख्नुहुँदै उहाँले शिशुशाला, बालउद्यान, विद्यालय,

कलेज स्थापना गरेर बालबालिकाको सुरक्षा, विद्यार्थीले सस्तो र गुणस्तरीय शिक्षा तथा आमाबुबाले अन्यत्र काम गर्ने अवसर पाएको बताउनुभयो ।

प्रसूति गृहले महिलाको सेवा र आदर निकेतनले वृद्धवृद्धाहरूको सेवा हुने विश्वास अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो ।

तरकारी र चामल भारतबाट आयात भइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले देशमै कृषि उत्पादन बढाउन सके खाद्यान्नमा मुलुक आत्मनिर्भर हुने, अरूको भरमा बस्न नपर्ने र देशको रकम स्वदेशमै रहे विकासमा टेवा पुग्ने बताउनुभयो ।

कुनै पनि बेला भारतले खाद्यान्न रोकेमा या नाकाबन्दी गरेमा देशमा खाद्यान्न समस्या भएर जनताको जीवन स्तर कष्टकर हुने हुँदा कृषि उत्पादन बढाउन नयाँ पुस्तालाई पनि खेतीपाती गर्ने काममा हौसला दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

गृहिणीहरूलाई घर व्यवहार र दैनिक जीवनमा गर्नुपर्ने कामको तालिम, रोजगारीको लागि युवाहरूलाई समयअनुसारका विभिन्न रोजगारमूलक तालिम दिइरहनुपर्ने चर्चा गर्नुहुँदै उहाँले ज्येष्ठ नागरिकहरूको लागि विज्ञ डाक्टरहरूमार्फत प्रशिक्षण भइहनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले घरको बचत रकम बैङ्कमा होइन उत्पादनशील क्षेत्रमा लगानी गर्न र गराउन, रोजगारीको अवसर दिन समुदायमा आधारित सहकारी संस्थामा राख्नुपर्नेमा जोड दिनुभयो ।

मानिसको जन्मदेखि मृत्युसम्म गर्नुपर्ने आवश्यक हेरचाह र काम सहकारी संस्था र स्थानीय तहले गर्नुपर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो, 'ज्येष्ठ नागरिकले नयाँ पुस्तालाई आ–आफ्नो अनुभव, सीप, जानकारी दिएमा अनुशासित र योग्य नागरिक बनाउन टेवा पुग्छ ।'

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लामो समयसम्म समाजको योगदान गर्नेहरूलाई कदर गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै पैसा भए पनि हेरविचार, पालनपोषण, सत्कार गर्ने व्यक्तिहरूको अभावले ज्येष्ठ नागरिकहरूको जीवन दयनीय भइरहेको स्मरण गराउनुभयो ।

पहिले दत्तको रूपमा राखेका कृतिहरू अहिले चट्ट हुन थालेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो, 'हामी जति सक्रिय हुन्छौं, त्यति नै हाम्रो जीवन स्वस्थकर र आयु बढ्छ ।'

स्वस्थ समाज बनाउन भनपा र वडा कार्यालयहरूले वडा–वडामा विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले सबै नागरिकहरू शिक्षित, सचेत र सङ्गठित भए आदर्शोन्मुख या नमुना समाज स्थापनामा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

समस्यासँगै समाधानको उपाय पनि हुने स्पष्ट पार्नुहुँदै उहाँले हामीले जम्मा गरेको रकम हाम्रै जीवनपद्धतिको निम्ति उपयोग गर्नुपर्छ भन्नुभयो ।

भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी **माधव शर्मा**ले सरकारले गर्नुपर्ने काम सहकारी संस्थाले आदर निकेतन खोलेर आफ्नो सामाजिक दायित्व बहन गरी नमुना कार्य गरेको विचार व्यक्त गर्नुभयो ।

उहाँले आदर निकेतन खोलेर समाजको सेवा गरेझैं मुलुकको रूपान्तरणमा पनि स्थानीय तह र सहकारीको ध्यान पुग्नुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले आदर निकेतनको निरन्तरताको कामना गर्नुहुँदै वृद्धवृद्धाहरूको जीवन सहज बनाउन बेलाबखत रचनात्मक सुझाव दिइरहनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा सहकारी संस्थाका अध्यक्ष **कृष्णगोविन्द लाखा**ले सहकारी संस्थाको जिम्मेवारी आर्थिक कारोबार मात्र होइन सामाजिक सेवा पनि हो, आदर निकेतन सञ्चालन यसको दृष्टान्त हो भन्नुभयो ।

बैङ्क र फाइनान्सले सामाजिक सेवा नगर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले ब्याजको लोभमा नपरी सहकारी संस्थामा जिम्मेवार व्यक्तिहरूलाई चिनेरमात्र सदस्य बन्नुपर्छ भन्नुभयो ।



भक्तपुर साकोसका अध्यक्ष **बलराम प्रजापति**को सभापतित्वमा भएको सो समारोहमा सचिव **लक्ष्मीप्रसाद कुसी**ले आदर निकेतनमा रहेर पालन गर्नुपर्ने नियमहरूबारे प्रकाश पार्नुभयो भने कोषाध्यक्ष **रामप्रसाद प्रजापति**ले भक्तपुर साकोस र आदर निकेतनको आय–व्ययबारे जानकारी दिनुभयो ।

संस्थाका सदस्य **जगनाथ प्रजापति**ले आदर निकेतन स्थापना गर्नुपर्नाका कारणहरूबारे प्रकाश पार्नुभयो ।

## ६६ औं सहकारी दिवसमा प्रवचन कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ६६ औं सहकारी दिवसको अवसरमा नगरभित्र सञ्चालित सहकारी संस्थाका प्रतिनिधिहरूहरूको उपस्थितिमा चैत २० गते समसामयिक विषयमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुरमा सञ्चालित सहकारी संस्थाहरूले समुदायको हकहितमा राम्रा राम्रा कामहरू गरेको उदाहरण दिनुहुँदै समाजलाई सफा र स्वस्थ बनाउने जिम्मेवारी सहकारी संस्थाहरूको पनि भएको हुँदा समय समयमा स्वास्थ्य शिविर सञ्चालन र सरसफाइ अभियानलाई निरन्तरता दिइनुपर्नेमा जोड दिनुभयो ।

स्थानीय सरकारसँग हातेमालो गर्दै सहकारी संस्थाहरू अगाडि बढेको खण्डमा हरेक क्षेत्रमा मितव्ययी हुने बताउनुहुँदै उहाँले तल्लो वर्गका जनतालाई राजनीतिक र सांस्कृतिक रूपले सचेत र सङ्गठित पार्ने अभियानमा पनि सहकारी संस्थाहरूले ध्यान दिनुपर्ने बताउनुभयो ।

बचतकर्ताहरूको रकम लिएर सहकारी सञ्चालकहरू भाग्ने क्रम जारी रहेकोतर्फ ध्यानाकर्षण गराउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले नगरभित्र सञ्चालित सहकारीहरूबारे आएको जनताको गुनासो सम्बोधन गर्न सम्बन्धित सहकारी संस्थाका पदाधिकारीहरू र बचतकर्ताहरूको संयुक्त बैठक राखी समस्या समाधान गर्ने प्रयासहरू समेत गर्दै आइरहेको बताउनुभयो ।



उहाँले सहकारी संस्थाहरूमा जम्मा भएका बचत रकमलाई स्थानीय स्रोत र साधन परिचालन हुनेगरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै भक्तपुर नपाले समय समयमा सहकारी संस्थाहरूको अनुगमन गरी आवश्यक निर्देशनका साथै सहकारीकर्मीहरूलाई आवश्यक लेखासम्बन्धी तालिम सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले समाजमा निम्न आय भएका वर्गको उत्थान गर्ने उद्देश्यले सहकारी संस्थाहरू परिचालन हुनुपर्ने बताउनुहुँदै समाजका विकृति हटाउन र समाजसुहाउँदो गतिविधिमा जोड दिन आग्रह गर्नुभयो ।

सहकारी समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले सहकारीको मूल्य र मान्यताअनुसार चलेका समुदायमा आधारित सहकारीहरूले मात्र जनताको हितमा काम गर्ने हुँदा बचतकर्ताहरू समयमै सचेत हुनुपर्ने बताउनुभयो ।

त्यस्तै भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखा**ले सहकारी संस्थाको ऐन, नियम र सुशानबारे प्रष्ट पार्नुभयो भने भक्तपुर नपा वडा नं. ७ का वडासदस्य **हरिरत्न गोर्खाली**, भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी** र वडा सदस्य **नारायणप्रसाद त्वानाबासु**ले पनि सहकारी संस्थाको काम, कर्तव्य र अधिकारबारे प्रष्ट पार्नुभयो ।

## वैशाख १० गते उपनिर्वाचन

निर्वाचन आयोगबाट प्रतिनिधिसभामा रिक्त चितवन क्षेत्र नं.२, बारा क्षेत्र नं. २ र तनहु क्षेत्र नं. १ गरी तीन सदस्यको लागि वैशाख १० गते हुने उपनिर्वाचनको लागि चैत २२ गते कायम उम्मेदवारहरुलाई निर्वाचन चिह्न वितरण भयो ।

यस उपनिर्वाचनमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट चितवन क्षेत्र नं. २ मा शक्तिखोर निवासी नेमकिपा, चितवनका सचिव ज्ञानेन्द्र चेपाङ, बारा क्षेत्र नं. २ मा नेमकिपाका केन्द्रीय सदस्य तथा बारा जिल्ला अध्यक्ष मुक्तिप्रसाद यादव र तनहुँ क्षेत्र नं. १ मा कानुन अध्ययन समाजका अध्यक्ष अधिवक्ता रामप्रसाद प्रजापति उम्मेदवार रहेका छन् ।

## राष्ट्रपतिमा सी चिनफिङ पुन:निर्वाचित

चीनको चौधौँ राष्ट्रिय जनकंग्रेसको जारी अधिवेशनबाट फागुन २६ गते विद्युतीय मतदानमार्फत् राष्ट्रपतिमा सी चिनफिङ पुन:निर्वाचित भएको सिन्हवाले जनाएको छ । ।

ग्रेट हल अफ द पिपलमा उपस्थित राष्ट्रिय जनकंग्रेस (संसद्) का झन्डै तीन हजार सदस्यहरूले ६९ वर्षीय सीलाई सर्वसम्मत रूपमा राष्ट्रपतिमा तेस्रो कार्यकालका लागि चयन



गरेको हो । केन्द्रीय सैन्य आयोगको अध्यक्षमा पनि सर्वसम्मत रूपमा सी निर्वाचित भएका छन् ।

गत अक्टोबरमा भएको चिनियाँ कम्युनिष्ट पार्टीको अधिवेशनबाट उनी तेस्रो कार्यकालका लागि महासचिव चुनिएका थिए ।

माओ त्सेतुङपछि तेस्रो कार्यकाल राष्ट्रप्रमुख बन्ने सी पहिलो व्यक्ति हुन् ।

त्यस्तै संसदको सभामुखमा चाओ लेजी पुनः निर्वात भएका छन् भने हान चेङ उपाध्यक्षमा निर्वाचित भएका छन् ।

## सैन्य अभ्यास बन्द गर्न अमेरिकालाई चेतावनी



किम यो जोङले फागुन २३ गते आफ्नो देश अमेरिका र दक्षिण कोरियाविरुद्ध कडा र छिटो कारबाही गर्न तयार रहेको चेतावनी दिएकी छन् ।

फागुन २२ गते संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले संयुक्त सैन्य अभ्यासका क्रममा कोरियाली प्रायद्वीपमा बी-५२ बमवर्षक उडाए । दुवै देशका सेनाले यसै महिनाको अन्त्यमा सबैभन्दा ठूलो अभ्यास पुनः सुरु गर्ने तयारी पनि गरेका छन् ।

समाचार एजेन्सी एपीका अनुसार किम यो जोङले आफ्नो देशले कस्तो कारवाही गर्न सक्छ भन्ने आफ्नो बयानमा विस्तृत रूपमा बताएकी छैनन् ।

अमेरिका र दक्षिण कोरियाले पटकपटक सैन्य अभ्यासहरू गरेर प्रजग कोरियालाई तर्साउन खोजिएको जवाफमा प्रजग कोरियाले एकपछि क्षेप्यास्त्र परीक्षण गरिरहेकोछ ।

किम यो जोङले विज्ञप्तिमा भनेकी छिन्, 'हामी अमेरिकी सेना र दक्षिण कोरियाली कठपुतली सेनाको गतिविधिलाई निगरानी गर्छौं र छिटो र बलपूर्वक जवाफ दिन सधैँ तयार छौँ ।' यस्तो अभ्यासलाई नजरअन्दाज गर्न नसकिने उनको भनाइ छ ।

दक्षिण कोरियासँग अमेरिकाले संयुक्त सैन्य अभ्यास बन्द नगरेमा थप क्षेप्यास्त्र प्रक्षेपण गर्ने चेतावनी दिएकी छन् ।

उनले सन् २०१८ मा शीतकालीन ओलम्पिक खेल्न जाने प्रतिनिधिमण्डलको सदस्यको रूपमा दक्षिण कोरियाको भ्रमण गरिन् भने आफ्नो दाजुसँग अन्तर्राष्ट्रिय सम्मेलनको लागि पनि काम गरेकी छन् । जसमा दक्षिण कोरियाका राष्ट्रपति मुन जे इन, चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको भेटघाट समावेश छ ।

प्रजग कोरियाको सर्वोच्च नीति-निर्माण निकाय राष्ट्रिय मामिला परिषद् (स्टेट अफेयर्स काउन्सिल) को सदस्य किम यो जोङ प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उनकी कान्छी बहिनी हुन् ।

## अमेरिका र बेलायतमा जातीय घृणाका समान दृश्य

सन् १९९२ मा बेलायतमा कालो वर्णका पन्ध्र वर्षीय रोलान एडम्सको जघन्य हत्या भएको थियो । उनको हत्याको विरोध गर्न म ३० वर्षअघि लन्डन आएको थिएँ । उनी र उनको कान्छो भाइ बस स्टपमा पर्खिरहेका थिए । उनीहरूलाई गोरा किशोर किशोरीहरूको एउटा गिरोहले लखेट्दै लग्यो । लखेट्नेहरू धेरैले जातीय विभेदजन्य कुराहरू चिच्याइरहेका थिए । एडम्सलाई चक्कुले घाँटीमा प्रहार गरी हत्या गरिएको थियो ।

यस्ता घट्नाले हामीलाई धेरै कुरा सिकाएको छ,



सँगसँगै हामीले धेरै कुरा गुमाएका पनि छौँ। हामीले केही प्राप्त गरेका छौँ, तर प्राप्त उपलब्धिको पछाडि थुप्रै पीडा लुकेका छन्। नागरिक अधिकार, प्रहरी सुधार, समान व्यवहार र न्यायको लागि अझै पनि हाम्रो सङ्घर्ष जारी छ। अमेरिका, बेलायत वा संसारभरि हामी सबै स्वतन्त्र नभएसम्म हामी कोही पनि स्वतन्त्र हुन सक्दैनौँ।

(ब्ल्याक पावर मुभमेन्टका नेता स्टाकेली कार्मिकेल म्याग्नमको हालैको टिप्पणी)

(सीआरआई)

## नेपाल विश्व कप छनौटमा प्रथिस्पर्धा गर्न सक्षम




नेपालले आईसीसी पुरुष क्रिकेट विश्वकप लिग-२ को अन्तिम खेलमा यूएईमाथि अद्वितीय र नाटकीय जित रच्दै सन् २०२३ को एकदिवसीय विश्वकप छनोटमा सिधै प्रवेश पाएको छ। उक्त छनोट जुन-जुलाईमा जिम्बावेमा हुँदै छ। जहाँ १० टिम प्रतिस्पर्धामा हुनेछन्। १० टिमले दुई समूह रहेर प्रतिस्पर्धा गर्ने र शीर्ष ३-३ टिम सुपर लिगमा पुग्नेछन्। सुपर लिगको खेलपछि शीर्ष दुई टोलीले विश्वकपमा स्थान बनाउने छन्। छनोट खेल्ने नेपालसहित नेदरल्याण्ड्स, जिम्बावे, ओमान र स्कटल्यान्डले स्थान पक्का गरिसकेका छन्। अन्य टिम छनोट हुन बाँकी छ।

नेपाल पछिल्ला १२ खेलमध्ये अविश्वसनीय रूपमा ११ मा विजयी रहेको थियो।

# अनुभवको आदान-प्रदान

## कमलबजार नपाका प्रमुख यज्ञप्रसाद ढकाल भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग अछाम जिल्लाको कमलबजार नगरपालिकाका प्रमुख यज्ञप्रसाद ढकालले चैत्र १४ गते भेट गर्नुभएको छ। प्रमुख प्रजापतिले प्रमुख ढकाललाई खादा र भादगाउँले टोपीले सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुभयो।

भेटघाटका क्रममा प्रमुख **प्रजापति**ले नगरपालिकाका विशेषताहरूबारे अवगत गराउनुहुँदै भक्तपुर नपाले भक्तपुरवासी लगायत भक्तपुरमा बसोबास गर्नेहरूलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन १०० शय्याको ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुभयो। उहाँले युवाहरूलाई सीपयुक्त बनाउन सीपमूलक तालिमहरू सञ्चालन गर्नुका साथै भक्तपुरका विकास निर्माणहरू उपभोक्ता समितिहरूबाटै निर्माण भइरहेको अवगत गराउनुभयो।

त्यस्तै कमलबजार नपाका प्रमुख **ढकाल**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र विकास निर्माणमा गरेका गतिविधिहरूबारे अनुभव बटुल्ने क्रममा भक्तपुर भ्रमणमा आएको बताउनुहुँदै भक्तपुर अहिले देशकै सुन्दर नगरको रूपमा रहेको उल्लेख गर्नुभयो।

पहाडी क्षेत्रमा अवस्थित कमलबजार नगरपालिका पर्यटकीय, कृषि र जडिबुटीका दृष्टिले धेरै सम्भावना बोकेको नगरपालिका भएको बताउनुहुँदै प्रमुख ढकालले स्थानीय तहले शिक्षा र स्वास्थ्य क्षेत्रमा राम्रो काम गर्न सके जनतालाई धेरै सहज हुने बताउनुभयो।

भेटपश्चात नगर प्रमुख प्रजापतिले नपाका केही प्रकाशनहरू प्रमुख ढकाललाई उपहारमा दिनुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जशेी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीलगायतको उपस्थिति थियो।

# संक्षेपमा

## लिबाली करिडोर निर्माण कार्य

भक्तपुर नगरपालिका वडा नं. ८ लिबाली करिडोर निर्माण कार्यको चैत्र ३ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति निरीक्षण गर्नुभयो । निरीक्षणमा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल र वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु पनि सहभागी हुनुहुन्थ्यो ।





## टुरिष्ट बसपार्कमा ढुङ्गा बिछ्याइँदै



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको भवन अगाडिको टुरिष्ट बसपार्कमा भइरहेको ढुङ्गा बिछ्याउने कार्यको चैत ८ गते निरीक्षण गर्नुहुँदै ।

## लिबाली करिडोरमा पीच



भक्तपुर नगरपालिका वडा नं. ८ लिबाली आवास योजनाअन्तर्गत लिबाली करिडोरमा भइरहेको पीच कार्यको चैत्र १२ गते स्थलगत निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत । साथमा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुलगायत सहभागी हुनुहुन्थ्यो ।

### हार्दिक समवेदना



जन्म : २००६ फागुन ६ | **राम त्यात** | निधन : २०७९ चैत्र १९

यस भक्तपुर नगरपालिका वडा नं. ६ (साविक वडा नं. ५) वि.सं. २०४३ , २०४९ र २०५४ सालका वडा सदस्य राम त्यात को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# हाम्रो स्वास्थ्य

## भद्दा जीवनशैलीले बिगार्छ मिर्गौला

– डा. रोशन झा



### रोकथामका लागि के गर्ने ?

मिर्गौलाको मुख्य काम रगतलाई फिल्टर गरेर टक्सिन अर्थात् विषाक्त वस्तुलाई पिसाबका माध्यमबाट बाहिर निकाल्नु हो। यसले रगतमा पानी, नुन तथा अन्य खनिज पदार्थलाई सन्तुलित बनाएर राख्छ।

मिर्गौला फेल हुनुका विभिन्न कारण छन्। सहरी अस्तव्यस्त जीवनशैली, अस्वस्थ खानपानलाई मुख्य कारण मानिन्छ। कतिपय अवस्थामा थाहा नपाई मिर्गौला फेल पनि हुन सक्छ। कुनै व्यक्तिमा उच्च रक्तचाप, मधुमेह, युरिक एसिडजस्ता रोग छ भने थाहा नपाई मिर्गौलामा समस्या हुन्छ।

### रोकथामका उपाय

- विलासी र सुविधाभोगी जीवनशैलीले मोटोपनसँगै विभिन्न समस्या निम्त्याउँछ। त्यसैले सन्तुलित खाना, सरल जीवनशैली र पर्याप्त मात्रामा व्यायाम गर्नुपर्छ। पानीको मात्रा कम भयो भने मिर्गौलामा पत्थरी हुन सक्छ। दूधजन्य पदार्थ बढी खायो भने पनि पत्थरी हुन्छ। प्रोटिन भएको खानेकुरा अधिक खायो भने पनि पत्थरी हुन्छ। युरिक एसिडको समस्या छ भने पनि पत्थरी हुन्छ।
- खानपान र अस्वस्थ जीवनशैलीका कारण मधुमेहको समस्या बढ्दै गइरहेको छ। वर्षौंदेखि मधुमेहको रोग लागेको छ, सन्तुलनमा छैन भने यस्ता व्यक्तिलाई मिर्गौलाको समस्या हुने जोखिम रहन्छ। त्यसैले डाक्टरको सल्लाहअनुसार नियमित औषधि सेवन गर्नुपर्छ।
- उच्च रक्तचाप मिर्गौला फेल हुनुको अर्को कारण हो। त्यसैले रक्तचापलाई नियन्त्रणमा राख्नुपर्छ।
- धूम्रपानको आदत भएका, दुखाइ कम गर्ने औषधि लामो समयसम्म सेवन गर्ने गरेका मानिसमा पनि मिर्गौलामा समस्या देखिन सक्छ। अधिकांशमा ५० वर्ष कटेपछि यस्तो समस्या देखिने गरेको पाइन्छ। त्यसैले वर्षमा एकपटक अनिवार्य रूपमा मिर्गौला परीक्षण गर्नुपर्छ।
- अधिकांशलाई जोर्नी दुख्ने, टाउको दुख्ने, ढाड दुख्ने समस्या भइरहेको हुन्छ। त्यस्ता व्यक्तिले दुखाइ कम गर्ने औषधि सेवन गरेका हुन्छन्। कतिपयले डाक्टरलाई नजँचाई यस्ता औषधि सेवन गर्छन्। तर, दुखाइ कम गर्ने औषधि जथभावी सेवन गर्नुहुँदैन। यसले मिर्गौलामा समस्या निम्त्याउन सक्छ।
- मिर्गौला फेल भइसकेपछि उपचार महँगो भएकाले समयमै परीक्षण गरेर निदान तथा उपचार गर्नु बुद्धिमानी हुन्छ। परीक्षणमध्ये पिसाबमा प्रोटिनको जाँच, रगतमा क्रियाटिनिनको स्तर र अल्ट्रासोनोग्राफी एसजीमार्फत मिर्गौलाको अवस्था बुझ्नुपर्छ।
- बिहान वा बेलुका कम्तीमा ३० देखि ४५ मिनेट हिँडडुल गर्नु आवश्यक छ। साथै, खानामा नुनको मात्रा कम गर्नुपर्छ र शरीरको तौल नियन्त्रणमा राख्नुपर्छ। शरीरमा बोसोको मात्रा घटाउनुपर्छ।
- विशेषगरी, वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा गएका व्यक्ति यसको जोखिममा परेका छन्। पछिल्लो समय उनीहरू मिर्गौला बिग्रिएकै कारण दैनिक रूपमा नेपाल फर्किरहेका छन्। खाडीको चर्को तापक्रममा काम गर्नु, आरामको कमी हुनु, इनर्जी ड्रिंक्सको बढ्दो प्रयोग, पानी नपिउने बानी र अत्यधिक मात्रामा पेनकिलरको सेवनलगायत कारण यी युवामा मिर्गौलाको समस्या देखिने गरेको छ।
- मिर्गौलामा समस्या देखिँदा कहिलेकाहीँ पिसाबको रङ परिवर्तन हुन्छ। जस्तो पिसाब रातो, अति नै सेतो देखिने हुन्छ। यस्तो वेला जथाभावी औषधि खानुहुँदैन। पानी कम भयो होला भनेर बस्नुहुँदैन। तुरुन्तै डाक्टरको सम्पर्कमा जानुपर्छ।
- मिर्गौला फेल भइसकेपछि प्रत्यारोपण गर्नु नै एक मात्रै विकल्प हो। अन्य उपचार छैन। प्रत्यारोपणका लागि मिर्गौलादाता आफ्नो नजिकको नाताबाट हुनुपर्छ, जुन सहज होइन। नेपालमा मिर्गौला प्रत्यारोपणमा ठूलो खर्च पनि लाग्छ। प्रत्यारोपणमार्फत पूर्ण रूपमा उपचार हुने भए पनि मिर्गौला बिग्रन नदिनका लागि सचेत रहनु नै बुद्धिमतापूर्ण छ।

# विश्वमा कोभिड–१९ को स्थिति (चैत १५ गते)

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | फागुन १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ६८३,४८५,७५४ | ६५६,५०४,३५७ | ६,८२८,१९२ | |
| १ | संर- अमेरिका | १०६,१२०,६५१ | १०३,८३८,७२६ | १,१५३,९७२ | १ |
| २ | भारत | ४४,७०९,६७६ | ४४,१६६,९२५ | ५३०,८४८ | २ |
| ३ | फ्रान्स | ३९,७७१,७०४ | ३९,४७३,५३९ | १६५,५७३ | ३ |
| ४ | जर्मनी | ३८,३४३,४७२ | ३८,०६४,२०० | १७०,६२७ | ४ |
| ५ | ब्राजील | ३७,२०४,६७७ | ३६,२४९,१६१ | ६९९,९१७ | ५ |
| ६ | जापान | ३३,४३३,११७ | २१,७१६,६७३ | ७३,७९१ | ६ |
| ७ | दक्षिण कोरिया | ३०,७९८,७२३ | ३०,५९१,१५८ | ३४,२४५ | ७ |
| ८ | इटाली | २५,६७३,४४२ | २५,३४५,९१० | १८८,९३३ | ८ |
| ९ | संयुक्त अधिराज्य | २४,४४८,७२९ | २४,१९१,२९८ | २०९,३९६ | ९ |
| १० | रूस | २२,६०३,६४६ | २१,९५७,४६६ | ३९७,१४६ | १० |
| ११ | टर्की | १७,०४२,७२२ | अप्राप्त | १०१,४९२ | ११ |
| १२ | स्पेन | १३,७९०,५८० | १३,६३८,९४८ | १२०,१७० | १२ |
| १३ | भियतनाम | ११,५२७,२३६ | १०,६१४,९४६ | ४३,१८६ | १३ |
| १४ | अस्ट्रेलिया | ११,३०१,२९९ | ११,२५९,५५५ | १९,७६० | १४ |
| १५ | ताइवान | १०,२३९,९९८ | १०,११५,१९९ | १९,००५ | १६ |
| १६ | अर्जेन्टिना | १०,०४४,९५७ | ९,९१३,६५३ | १३०,४७२ | १५ |
| १७ | नेडरलान्ड | ८,६०८,९७९ | ८,५७१,१५८ | २२,९९२ | १७ |
| १८ | इरान | ७,५८०,८५८ | ७,३४२,४९० | १४५,०९१ | १८ |
| १९ | मेक्सिको | ७,५२७,८८५ | ६,७६९,१०५ | ३३३,४४९ | १९ |
| २० | इन्डोनेसिया | ६,७४४,८७३ | ६,५७९,११३ | १६१,००५ | २० |
| २१ | पोलान्ड | ६,४९१,४१७ | ५,३३५,९४० | ११९,२६५ | २१ |
| २२ | कोलम्बिया | ६,३६१,८१० | ६,१८५,३२७ | १४२,६६५ | २२ |
| २३ | अस्ट्रिया | ६,०२७,५२५ | ५,९७३,६८७ | २२,१०० | २३ |
| २४ | ग्रीस | ५,९२०,४२८ | ५,८७६,६०६ | ३६,४४७ | २४ |
| २५ | पोर्तुगल | ५,५७३,५०९ | ५,५४१,७२२ | २६,३६२ | २५ |
| २६ | युक्रेन | ५,४२७,३६० | ५,२८७,७७४ | १११,४५७ | २६ |
| २७ | चिली | ५,२५५,६२० | ५,१८५,८२५ | ६४,४९७ | २७ |
| २८ | मलेसिया | ५,०४९,२६८ | ५,००२,२४२ | ३६,९७९ | २८ |
| २९ | इजरायल | ४,८१२,८७७ | ४,७९४,६२१ | १२,३९० | २९ |
| ३० | प्रजग कोरिया | ४,७७२,८१३ | ४,७७२,७३९ | ७४ | ३० |
| ३१ | बेल्जियम | ४,७६७,७३० | ४,६८८,०११ | ३३,९८२ | ३२ |
| ३२ | थाइलान्ड | ४,७२८,६३२ | ४,६९२,६३६ | ३३,९३५ | ३१ |
| ३३ | चेक गणतन्त्र | ४,६३१,८०४ | ४,५८२,०९४ | ४२,६३५ | ३३ |
| ३४ | क्यानाडा | ४,६२५,७४३ | ४,५४०,५७१ | ५१,९३० | ३४ |
| ३५ | पेरू | ४,४९१,७७२ | ४,२६८,८६५ | २१९,७४६ | ३५ |
| ३६ | स्वित्जरलान्ड | ४,३९६,०५५ | ४,३७५,२०३ | १४,४५२ | ३६ |
| ३७ | फिलिपिन्स | ४,०८०,५६२ | ४,००५,५९६ | ६६,३५१ | ३७ |
| ३८ | दक्षिण अफ्रिका | ४,०७२,८९२ | ३,९१२,५०६ | १०२,५९५ | ३८ |
| ३९ | रोमानिया | ३,३६७,९२१ | ३,२८४,४९८ | ६७,८५८ | ३९ |
| ४० | डेनमार्क | ३,१७७,९७९ | ३,१६७,७९४ | ८,३६९ | ४० |
| ४१ | हङकङ | २,८८४,६१० | २,८६८,९४७ | १३,४७५ | ४१ |
| ४२ | स्वीडेन | २,७०१,१९२ | २,६७४,३४१ | २३,८२३ | ४२ |
| ४३ | सर्बिया | २,५१६,०४६ | २,४८३,०३७ | १७,९६४ | ४३ |
| ४४ | इराक | २,४६५,५४५ | २,४३९,४९७ | २५,३७५ | ४४ |
| ४५ | न्यु जीलान्ड | २,२६२,१८६ | २,२४८,२८७ | ४,००२ | ४६ |
| ४६ | सिंगापुर | २,२५५,८१२ | २,१४९,५८३ | १,७२२ | ४५ |
| ४७ | हङगेरी | २,१९८,४६१ | २,१४४,९४२ | ४८,७९१ | ४७ |
| ४८ | बंगलादेश | २,०३७,९७८ | १,९९८,४४८ | २९,४४५ | ४८ |
| ४९ | स्लोभाकिया | १,८६५,१८२ | १,८४३,१५५ | २१,०९२ | ४९ |
| ५० | जर्जीया | १,८३१,७७१ | १,७७६,५४८ | १७,००४ | ५० |
| ५१ | जोर्डान | १,७४६,९९७ | १,७३१,००७ | १४,१२२ | ५१ |
| ५२ | आयरलान्ड | १,७०६,१७६ | १,६९४,९२५ | ८,७५० | ५२ |
| ५३ | पाकिस्तान | १,५७९,४०५ | १,५३८,६८९ | ३०,६४९ | ५३ |
| ५४ | नर्वे | १,४८०,७६७ | १,४७४,३९५ | ५,२१३ | ५४ |
| ५५ | फिन्लान्ड | १,४६५,२५६ | १,४५४,२७६ | ९,०२८ | ५५ |
| ५६ | कजाख्स्तान | १,४०९,२२० | १,३८३,०२० | १३,८४७ | ५६ |
| ५७ | स्लोभेनिया | १,३३९,३२२ | १,३२६,५१५ | ७,०९८ | ५७ |
| ५८ | लिथुआनिया | १,३१३,४४५ | १,२९७,८५८ | ९,६३१ | ५८ |
| ५९ | बुल्गेरिया | १,२९९,७०२ | १,२५८,९६५ | ३८,२५३ | ५९ |
| ६० | मोरोक्को | १,२७२,६२२ | १,२५६,१५१ | १६,२९६ | ६० |
| ६१ | क्रोएसिया | १,२७०,५१३ | १,२५१,९४० | १८,०४४ | ६१ |
| ६२ | ग्वाटेमाला | १,२४३,९३६ | १,२२२,७५६ | २०,१८५ | ६२ |
| ६३ | लेबनान | १,२३४,४९४ | १,०८७,५८७ | १०,८६५ | ६३ |
| ६४ | कोस्टा रिका | १,२१९,०७४ | ८६०,७११ | ९,२९१ | ६४ |
| ६५ | बोलिभिया | १,१९५,६५१ | १,१६३,७२१ | २२,३७३ | ६५ |
| ६६ | ट्युनिसिया | १,१५१,८३२ | अप्राप्त | २९,३६२ | ६६ |
| ६७ | क्युबा | १,११२,७८९ | १,१०४,१६८ | ८,५३० | ६७ |
| ६८ | इक्वेडर | १,०५८,००४ | १,०२१,१०५ | ३६,०१६ | ६८ |
| ६९ | संयुक्त अरब इमिरेटस | १,०५७,०९८ | १,०३८,२०८ | २,३४९ | ६९ |
| ७० | उरूग्वे | १,०३६,१५९ | १,०२७,९३० | ७,६२१ | ७० |
| ७१ | पनामा | १,०३२,९३९ | १,०२३,४३९ | ८,६१२ | ७१ |
| ७२ | मंगोलिया | १,००७,९०७ | १,००५,७२१ | २,१७९ | ७२ |
| ७३ | नेपाल | १,००१,२६३ | ९८९,१६५ | १२,०२० | ७३ |
| ७४ | बेलारूस | ९९४,०३७ | ९८५,५९२ | ७,११८ | ७४ |
| ७५ | लात्भिया | ९७६,७६८ | ९७०,०७५ | ६,२७८ | ७५ |
| ७६ | साउदी अरेबिया | ८३२,९७५ | ८१८,७९५ | ९,६३० | ७६ |
| ७७ | अजरबैजान | ८२९,४९४ | ८१९,११५ | १०,१७५ | ७७ |
| ७८ | पारागुए | ८०८,६४३ | अप्राप्त | १९,८८१ | ७८ |
| ७९ | बहराइन | ७१६,२१८ | ७१३,७३३ | १,५५९ | ७९ |
| ८० | श्री लंका | ६७२,०६८ | ६५५,२२५ | १६,८३४ | ८० |
| ८१ | कुवेत | ६६४,७७२ | ६६०,२३७ | २,५७० | ८१ |
| ८२ | डोमिनिकन गणतन्त्र | ६६०,८४८ | ६४४,७८५ | ४,३८४ | ८२ |
| ८३ | साइप्रस | ६५४,७१४ | ६४९,३४० | १,३४५ | ८३ |
| ८४ | म्यानमार | ६३४,०७५ | ६१४,४९६ | १९,४९० | ८४ |
| ८५ | प्यालेस्टिन | ६२१,००८ | ६१५,४४५ | ५,४०४ | ८५ |
| ८६ | मोल्डोभा | ६१७,८३६ | ५०४,१४२ | १२,०६९ | ८७ |
| ८७ | इस्टोनिया | ६१६,४४७ | ५२४,९९० | २,९६५ | ८६ |
| ८८ | भेनेजुयला | ५५२,३५१ | ५४६,२११ | ५,८५४ | ८८ |
| ८९ | मीश्र | ५१५,८५२ | ४४२,१८२ | २४,६१३ | ८९ |
| ९० | लिबिया | ५०७,२०६ | ५००,७६४ | ६,४३७ | ९० |
| ९१ | चीन | ५०३,३०२ | ३७९,०५३ | ५,२७२ | ९१ |
| ९२ | इथियोपिया | ५००,४७२ | ४८७,५५४ | ७,५७३ | ९२ |
| ९३ | कतार | ४९८,८२७ | ४९७,०३९ | ६८८ | ९३ |
| ९४ | रियुनियन | ४८६,५८८ | ४१८,५७२ | ९२१ | ९४ |
| ९५ | होन्डुरस | ४७२,४३९ | अप्राप्त | ११,१११ | ९५ |
| ९६ | आर्मेनिया | ४४७,७७८ | ४३५,१६२ | ८,७३३ | ९६ |
| ९७ | बोस्निया र हर्जगोभिना | ४०१,९७३ | ३७९,०८४ | १६,२९६ | ९७ |
| ९८ | ओमान | ३९९,४४९ | ३८४,६६९ | ४,६२८ | ९८ |
| ९९ | उत्तर मेसेडोनिया | ३४७,३२७ | ३३७,०६८ | ९,६६५ | ९९ |
| १०० | जाम्बिया | ३४३,५६६ | ३३९,३२० | ४,०५७ | १०१ |
| १०१ | केन्या | ३४२,९५८ | ३३७,२४३ | ५,६८८ | १०० |
| १०२ | अल्बानिया | ३३४,५९९ | ३२९,३११ | ३,६०१ | १०२ |
| १०३ | बोत्स्वाना | ३२९,७८५ | ३२६,९६९ | २,८०१ | १०३ |
| १०४ | लक्जम्बर्ग | २९७,७५७ | २८८,९९१ | १,१३३ | १०४ |
| १०५ | मोन्टेनेग्रो | २८९,८६९ | २८६,३२५ | २,८१४ | १०५ |
| १०६ | ब्रुनइ | २८०,७९० | २४३,६०१ | २२५ | १०६ |
| १०७ | अल्जेरिया | २७१,५७८ | १८२,८९३ | ६,८८१ | १०७ |
| १०८ | नाइजेरिया | २६६,६४१ | २५९,९३८ | ३,१५५ | १०८ |
| १०९ | जिम्बाबे | २६४,४५६ | २५८,४८४ | ५,६७८ | १०९ |
| ११० | उज्बेकिस्तान | २५१,६६० | २४१,४८६ | १,६३७ | ११० |
| १११ | मोजाम्बिक | २३३,२१४ | २२८,८०५ | २,२४२ | १११ |
| ११२ | मार्टिनक्यू | २२९,८०७ | अप्राप्त | १,०९८ | ११२ |
| ११३ | लावस | २१८,०३४ | अप्राप्त | ७५८ | ११३ |
| ११४ | अफगानिस्तान | २१०,२५४ | १९२,२१० | ७,८९६ | ११४ |
| ११५ | आइसलान्ड | २०९,१९१ | अप्राप्त | २२९ | ११५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | उज्बेकिस्तान | २५१,६६० | २४१,४८६ | १,६३७ | ११० |
| १११ | मोजाम्बिक | २३३,२१४ | २२८,८०५ | २,२४२ | १११ |
| ११२ | मार्टिनक्यू | २२९,८०७ | अप्राप्त | १,०९८ | ११२ |
| ११३ | लावस | २१८,०३४ | अप्राप्त | ७५८ | ११३ |
| ११४ | अफगानिस्तान | २१०,२५४ | १९२,२१० | ७,८९६ | ११४ |
| ११५ | आइसलाण्ड | २०९,१९१ | अप्राप्त | २२९ | ११५ |
| ११६ | कीर्गीज्स्तान | २०६,७४० | १९६,४०६ | २,९९१ | ११६ |
| ११७ | ग्वाडेलौप | २०२,००४ | अप्राप्त | १,०१० | ११७ |
| ११८ | एल साल्भाडोर | २०१,७८५ | १७९,४१० | ४,२३० | ११८ |
| ११९ | ट्रिनिडाड एन्ड टोबागो | १९१,००७ | १८६,५५४ | ४,३७२ | ११९ |
| १२० | माल्दिभ्स | १८५,७७१ | १६३,६८७ | ३११ | १२० |
| १२१ | घाना | १७१,४१२ | १६९,८९६ | १,४६२ | १२१ |
| १२२ | नामिबिया | १७१,२२२ | १६७,०९९ | ४,०९० | १२२ |
| १२३ | उगान्डा | १७०,५७० | १००,४३१ | ३,६३० | १२३ |
| १२४ | जमैका | १५४,५३८ | १०२,५७२ | ३,५२८ | १२४ |
| १२५ | कम्बोडिया | १३८,७२५ | १३५,६६५ | ३,०५६ | १२५ |
| १२६ | र्वान्डा | १३३,१९४ | १३१,६४७ | १,४६८ | १२६ |
| १२७ | क्यामरून | १२४,७४१ | १२२,६४० | १,९६८ | १२७ |
| १२८ | माल्टा | ११८,००४ | ११६,४८८ | ८३२ | १२८ |
| १२९ | बार्बाडोस | १०६,७९८ | १०६,२११ | ५७९ | १२९ |
| १३० | अंगोला | १०५,२९८ | १०३,३४२ | १,९३३ | १३० |
| १३१ | च्यानल टापू | १०१,७१७ | १०१,३२१ | २२८ | १३१ |
| १३२ | फ्रेन्च गीयाना | ९८,०४१ | ११,२५४ | ४२० | १३२ |
| १३३ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ९५,८६२ | ८४,३९५ | १,४६४ | १३३ |
| १३४ | सेनेगल | ८८,९५१ | ८६,९६७ | १,९७१ | १३४ |
| १३५ | मलावी | ८८,७११ | ८५,६१९ | २,६८६ | १३५ |
| १३६ | आइभोरि कोस्ट | ८८,३०० | ८७,४५८ | ८३४ | १३६ |
| १३७ | सुरिनाम | ८२,४६७ | अप्राप्त | १,४०४ | १३७ |
| १३८ | न्यू क्यालेडोनिया | ७९,८९६ | ७९,५६७ | ३१४ | १३८ |
| १३९ | फ्रेन्च पोलीनेसिया | ७८,१०१ | अप्राप्त | ६४९ | १३९ |
| १४० | इस्वाटिनी | ७४,३२३ | ७२,८२४ | १,४२५ | १४० |
| १४१ | गुयाना | ७३,११४ | ७१,७९६ | १,२९८ | १४१ |
| १४२ | बेलिज | ७०,७८२ | ७०,०८५ | ६८८ | १४२ |
| १४३ | फिजी | ६८,९११ | ६७,०१४ | ८८३ | १४३ |
| १४४ | मडागास्कर | ६८,०४९ | ६६,५४५ | १,४२४ | १४४ |
| १४५ | सुडान | ६३,८९९ | ५८,५९९ | ५,०२६ | १४५ |
| १४६ | मौरितानिया | ६३,६६८ | ६२,४४१ | ९९७ | १४६ |
| १४७ | क्याबो भर्ड | ६३,२६० | ६२,७८६ | ४१३ | १४७ |
| १४८ | भुटान | ६२,६४७ | ६१,५६४ | २१ | १४८ |
| १४९ | सिरिया | ५७,४८९ | ५४,३२५ | ३,१६४ | १४९ |
| १५० | बुरून्डि | ५३,६६१ | ५३,५६९ | ३८ | १५० |
| १५१ | सेशेल्स | ५०,९३७ | ५०,७५० | १७२ | १५१ |
| १५२ | ग्याबोन | ४८,९८१ | ४८,६७४ | ३०६ | १५२ |
| १५३ | अन्डोरा | ४७,९०८ | ४७,५६३ | १६५ | १५३ |
| १५४ | पपुआ न्यू गिनी | ४६,८२६ | ४३,९८२ | ६७० | १५४ |
| १५५ | कुरासाओ | ४५,९८६ | ४४,७२० | २९५ | १५५ |
| १५६ | अरूबा | ४४,०८२ | ४२,४३८ | २३६ | १५६ |
| १५७ | तान्जानिया | ४२,९४२ | अप्राप्त | ८४६ | १५७ |
| १५८ | मायोत्ते | ४२,००४ | अप्राप्त | १८८ | १५८ |
| १५९ | मौरिसियस | ४१,८२१ | ४०,१०६ | १,०४३ | १५९ |
| १६० | टोगो | ३९,४४५ | ३९,१२७ | २९० | १६० |
| १६१ | गिनी | ३८,२८० | ३७,७५७ | ४६७ | १६१ |
| १६२ | आइल अफ मान | ३८,००८ | अप्राप्त | ११६ | १६२ |
| १६३ | बहामाज | ३७,४९१ | ३६,३६६ | ८३३ | १६३ |
| १६४ | लेसोथो | ३४,७९० | २५,९८० | ७२३ | १६४ |
| १६५ | फैरोए टापू | ३४,६५८ | अप्राप्त | २८ | १६५ |
| १६६ | हैटी | ३४,२१७ | ३३,१४८ | ८६० | १६६ |
| १६७ | माली | ३३,१०८ | ३२,२७७ | ७४३ | १६७ |
| १६८ | केमान आइलान्ड | ३१,४७२ | ८,५५३ | ३७ | १६८ |
| १६९ | सेन्ट लुसिया | ३०,०२८ | २९,०९५ | ४०९ | १६९ |
| १७० | बेनिन | २७,९९९ | २७,८३० | १६३ | १७० |
| १७१ | सोमालिया | २७,३३४ | १३,१८२ | १,३६१ | १७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७५ | सान मारिनो | २३,७४७ | २३,५७४ | १२३ | १७५ |
| १७६ | टिमोर लेस्टे | २३,४२२ | २३,१०२ | १३८ | १७६ |
| १७७ | बुर्किना फासो | २२,०५६ | २१,५९६ | ३९६ | १७७ |
| १७८ | लिक्टेन्स्टाइन | २१,४३७ | २१,३४४ | ९१ | १७८ |
| १७९ | जिब्राल्टर | २०,४६२ | १६,५७९ | १११ | १७९ |
| १८० | ग्रेनाडा | १९,६८० | १९,३५८ | २३८ | १८० |
| १८१ | बर्मुडा | १८,८४९ | १८,६७३ | १६३ | १८१ |
| १८२ | निकारागुआ | १८,४९१ | ४,२२५ | २२५ | १८२ |
| १८३ | दक्षिण सुडान | १८,३६८ | १८,११५ | १३८ | १८३ |
| १८४ | ताजिकिस्तान | १७,७८६ | १७,२६४ | १२५ | १८४ |
| १८५ | इक्वेटोरियल गिनी | १७,२२९ | १६,९०७ | १८३ | १८५ |
| १८६ | टोंगा | १६,८१३ | १५,६३८ | १३ | १८६ |
| १८७ | समोआ | १६,७३५ | १,६०५ | ३१ | १८७ |
| १८८ | मोनाको | १६,१३५ | १५,९९२ | ६७ | १८८ |
| १८९ | डोमिनिका | १५,७६० | १५,६७३ | ७४ | १८९ |
| १९० | मार्शल टापू | १५,७२३ | १५,६२१ | १७ | १९१ |
| १९१ | जिबौटी | १५,६९० | १५,४२७ | १८९ | १९० |
| १९२ | केन्द्रीय अफ्रिकी गणतन्त्र | १५,३६८ | १५,२०० | ११३ | १९२ |
| १९३ | गाम्बिया | १२,५९८ | १२,१८९ | ३७२ | १९३ |
| १९४ | सेन्ट मार्टिन | १२,२७६ | १,३९९ | ६३ | १९४ |
| १९५ | भनौतु | १२,०१४ | ११,९७६ | १४ | १९५ |
| १९६ | ग्रीनलान्ड | ११,९७१ | २,७६१ | २१ | १९६ |
| १९७ | यमन | ११,९४५ | ९,१२४ | २,१५९ | १९७ |
| १९८ | क्यारिबियन नेडरलान्ड | ११,६८२ | १०,४७६ | ३८ | १९८ |
| १९९ | सिन्ट मार्टेन | ११,०२३ | १०,९०५ | ९१ | १९९ |
| २०० | इरिट्रिया | १०,१८९ | १०,०८६ | १०३ | २०० |
| २०१ | नाइजर | ९,९३१ | ८,८९० | ३१२ | २०१ |
| २०२ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ९,६०१ | ९,४७२ | १२४ | २०२ |
| २०३ | गिनी बिसाउ | ९,१३४ | ८,७२० | १७६ | २०५ |
| २०४ | एन्टिगुआ एन्ड बर्बुडा | ९,१०६ | ८,९५४ | १४६ | २०३ |
| २०५ | कोमोरोस | ९,०६७ | ८,८८५ | १६१ | २०४ |
| २०६ | लाइबेरिया | ८,०९० | ७,७८३ | २९५ | २०६ |
| २०७ | सिएरा लियोन | ७,७६२ | अप्राप्त | १२६ | २०७ |
| २०८ | चाड | ७,६८८ | ४,८७४ | १९४ | २०८ |
| २०९ | ब्रिटिस भर्जिन टापू | ७,३०५ | अप्राप्त | ६४ | २०९ |
| २१० | कूक टापू | ७,०३३ | ७,०३० | २ | २१० |
| २११ | सेन्ट किट्स एन्ड नेभिस | ६,५९८ | ६,५४९ | ४८ | २११ |
| २१२ | टर्क्स एन्ड कैकोस | ६,५६५ | ६,५०९ | ३८ | २१२ |
| २१३ | साओ टोम एन्ड प्रिन्सिप | ६,४३७ | ६,२७२ | ७८ | २१३ |
| २१४ | पलाउ | ५,९९७ | ५,९८५ | ९ | २१४ |
| २१५ | सेन्ट बार्थ | ५,४५९ | अप्राप्त | ६ | २१५ |
| २१६ | नाउरू | ५,३९३ | ५,३४७ | १ | २१६ |
| २१७ | किरिबाटी | ५,०१४ | २,७०३ | १८ | २१७ |
| २१८ | अन्गिवला | ३,९०४ | ३,८७९ | १२ | २१८ |
| २१९ | मकाओ | ३,५१५ | ३,३९२ | १२१ | २१९ |
| २२० | सेन्ट पीरे मिक्वेलोन | ३,४५२ | २,४४९ | २ | २२० |
| २२१ | वालिस एन्ड फुटुना | ३,४२७ | ४३८ | ७ | २२१ |
| २२२ | तुभालु | २,८०५ | | | २२२ |
| २२३ | सेन्ट हेलेना | २,१६६ | २ | | २२३ |
| २२४ | फकलान्ड टापू | १,९३० | १,९३० | | २२४ |
| २२५ | मोन्टसेराट | १,४०३ | १,३७६ | ८ | २२५ |
| २२६ | नियुए | ७९७ | ७९४ | | २२६ |
| २२७ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २२७ |
| २२८ | भेटिकन सिटी | २९ | २९ | | २२८ |
| २२९ | पश्चिमी सहारा | १० | ९ | १ | २२९ |
| २३० | एमएस जान्डाम | ९ | ७ | २ | २३० |
| २३१ | टोउकेलाउ | ५ | | | २३१ |
| **जम्मा** | | ६८३,४८५,७५४ | ६५६,५०४,३५७ | ६,८२८,१९२ | |
| फागुन १५ सम्म जम्मा | | ६७९,७२६,८२० | ६५२,५४०,९७० | ६,७९८,६३२ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७९।१२।१५ | | GMT : 06:00 | |

An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Fhalgun Report
## 2079

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2299 | 12.05 |
| 10-19. | 1491 | 7.81 |
| 20-59 | 11364 | 59.56 |
| ≥60 | 3926 | 20.58 |
| Total | 19080 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 575 | 3.01 |
| General | 3526 | 18.48 |
| Insurance | 14979 | 78.51 |
| Total | 19080 | 100 |

| District | Number | In Percentage |
|---|---|---|
| Mustang | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Sarlahi | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Dailekh | 1 | 0.01 |
| Kalikot | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Tanahun | 1 | 0.01 |
| Panchthar | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Dadeldhura | 1 | 0.01 |
| Udhayapur | 1 | 0.01 |
| Taplejung | 2 | 0.01 |
| Jumla | 2 | 0.01 |
| Jhapa | 2 | 0.01 |
| Dolpa | 2 | 0.01 |
| Kailali | 3 | 0.02 |
| Sindhuli | 3 | 0.02 |
| Argakhachi | 3 | 0.02 |
| Khotang | 4 | 0.02 |
| Dhading | 4 | 0.02 |
| Salyan | 6 | 0.03 |
| Surkhet | 7 | 0.04 |
| Lalitpur | 8 | 0.04 |
| Accham | 10 | 0.05 |
| Dolkha | 14 | 0.07 |
| Sindhupalchowk | 16 | 0.08 |
| Ramechap | 21 | 0.11 |
| Rolpa | 31 | 0.16 |
| Kathmandu | 31 | 0.16 |
| Kavrepalanchok | 65 | 0.34 |
| Bhaktapur | 18832 | 98.70 |
| Total | 19080 | 100.00 |
| Madhyapur Thimi | 74 | |
| Suryabinayak | 849 | |
| Changu | 2884 | |
| Bhaktapur | 15025 | |
| Total | 18832 | |

| Department | Number | Percentage |
|---|---|---|
| Psychiatric | 40 | 0.21 |
| General Ward | 64 | 0.34 |
| General Surgery OPD | 66 | 0.35 |
| Physiotherapy | 198 | 1.04 |
| Cardiologist | 178 | 0.93 |
| Laboratory | 404 | 2.12 |
| Internal Medicine | 435 | 2.28 |
| Dermatology | 505 | 2.65 |
| MDGP | 470 | 2.46 |
| Obs. & Gynaecology | 887 | 4.65 |
| Paediatric | 1258 | 6.59 |
| ENT | 1305 | 6.84 |
| Emergency Ward | 1311 | 6.87 |
| Dental | 1326 | 6.95 |
| Orthopedic | 2156 | 11.30 |
| General OPD | 8477 | 44.43 |
| Total | 19080 | 100.00 |

| Inpatient Services | Number |
|---|---|
| Patient Admitted | 71 |
| Discharge | 75 |
| LAMA | 1 |
| Refer | 1 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2364 |
| Total Cataract Surgery | 64 |

## आ.व. २०७९/८० फागुन महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २४० | १६४ | १७३ | २१३ | २७१ | २८९ | २६३ | २६७ | १३८ | ३१६ | १९१ | १९७ | ३६२ | ३३२ | २३६ |
| ■ सार्क तथा चिनियाँ | १०१ | ८६ | १०५ | २२९ | १५८ | १०३ | १३६ | १९१ | १४२ | २२२ | १८७ | १६२ | ३१९ | १८१ | १५५ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २२९ | २६५ | १८५ | ४४४ | ३७३ | ३५८ | ३२३ | २४४ | ३३३ | ३५१ | ३३० | ३९३ | ४८३ | ३३१ | ३५७ |
| ■ सार्क तथा चिनियाँ | ११२ | २४६ | १६७ | २४८ | २५४ | २४१ | २३२ | २९६ | २६० | २१६ | २२७ | २५९ | ३१० | २०१ | २३७ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७८ फागुन | १,७१५ | १,६०५ | ३,३२० |
| २०७९ फागुन | ८,६५१ | ५,९८३ | १४,६३४ |
| प्रगति | ६,९३६ | ४,३७८ | ११,३१४ |

सम्पादकको पृष्ठ

# प्रगतिशील भजन प्रतियोगिता

भक्तपुर नगरपालिकाले परम्परागत संस्कृतिलाई समयानुकूल प्रगतिशील बनाउन गएको चैत १७ गते 'प्रगतिशील भजन प्रतियोगिता' को आयोजना गऱ्यो। प्रतियोगितामा नगरका दसओटै वडाबाट ४० समूहले भाग लिएका थिए। सोही दिन विजयी प्रतियोगीहरूलाई नगद पुरस्कारसहित वाद्यवादनका सामग्री प्रदान गऱ्यो। नपाले सबै सहभागीलाई खाजा खर्च र वाद्यवादनका सामग्री पनि प्रदान गरेको थियो। यसबाट विजयी र सहभागी सबैको मिहिनेतको सम्मान र कदर भएको छ।

नगरका सबै वडामा थुप्रै भजन समूहहरू छन्, कतै बिहान, कतै साँझ र कतै साँझ बिहान दुवै समयमा भजन गर्ने परम्परा छ। तीमध्ये कतिपय भजन समय नसुहाउँदो छन् भने कतिपयका भाषा र अर्थ नबुझे पनि गाउँदै आएका छन्। यसबाट भजन केवल साँझ–बिहान बसिबियाँलोमा सीमित रहेको थियो। तर, प्रतियोगितामा सहभागीहरूले समयानुकूल, देश र जनताका भजन प्रस्तुत गरे। ती गीत गाउने र सुन्ने सबैले बुझ्ने र बुझ्नैपर्ने रहेका छन्। ती भजन देश र जनताको हित गर्ने, सामाजिक–राजनीतिक चेतनामा अभिवृद्धि गर्ने खालका छन्। अब भजन भनेको कसैको या अज्ञात वस्तुको स्तुति र प्रशंसामा होइन देश र जनताको हितमा समर्पित हुनुपर्ने सन्देश दिएको छ। त्यसैले सामाजिक र राजनीतिक चेतना फैलाएर आमूल परिवर्तनको लागि जनतालाई डोऱ्याउन सघाउ पुग्ने विश्वास गर्न सकिन्छ।

प्रतियोगितामा सहभागी र स्रोतामा महिलाहरूको उपस्थिति अर्को महत्त्वपूर्ण पक्ष रहेको छ। यसबाट महिला जागरणको अर्को उदाहरण सदृश्य प्रस्तुत भएको छ।

# भक्तपुर घरेलु उत्पादन मेला

भक्तपुर नगरपालिकाको आयोजनामा चैत १८ र १९ गते स्थानीय उत्पादनबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले दुईदिने 'भक्तपुर घरेलु उत्पादन मेला' सम्पन्न भएको छ।

भक्तपुरलाई 'जीवित सङ्ग्रहालय'मा कायम राख्न यहाँका अद्वितीय सम्पदा र संस्कृतिका साथै विभिन्न घरेलु उत्पादनले पनि सहयोग पुऱ्याएको छ। भक्तपुरका मौलिक विभिन्न परम्परागत घरेलु उत्पादन, काष्ठकला, हस्तकला, धातु र प्रस्तरकलालगायतलाई निरन्तरता दिन यस्तो मेलाले ठूलो सहयोग पुऱ्याउँछ। मेलाको आयोजना गरेर भक्तपुर नपाले स्थानीय उत्पादनमा संलग्नहरूलाई उत्साहित पारेको छ, हौसला प्रदान गरेको छ। यसले स्थानीय उत्पादन र स्वदेशी सामानको प्रचार–प्रसार हुनुका साथै देशकै अर्थतन्त्रलाई समेत सेवा पुऱ्याउने छ।






भक्तपुर नपा वडा नं. २ बाट ठूलो ब्यासीमा आयोजित समसामयिक राजनीतिक विषय तथा भक्तपुर नपाले गर्दै आइरहेको गतिविधिहरुबारे जनसभा कार्यक्रम । (चैत्र २२ गते)



भक्तपुर नपाबाट वडा सचिव एवम् कर्मचारीहरुलाई अनलाइन भुक्तानी प्रणालीसम्बन्धी तालिम (चैत्र २२ गते)

## भक्तपुर नपाको आयोजनामा ऐतिहासिक एवम् सांस्कृतिक बिस्का जात्रा शान्तिपूर्ण, मर्यादित र सुरक्षित ढङ्गले मनाउन सद्भाव र्याली तथा सभा भयो । (चैत २६ गते)




